NRNA

गैरआवासीय नेपाली संघ तथा गैरआवासीय नेपाली सम्बन्धी

वैधानिक र कानुनी दस्तावेजहरु : २००३ २०१३



गैरआवासीय नेपाली संघको सचिवालय
नेपाल उद्योग वाणिज्य महासंघको भवन
पचली शहीद शुक्र नेउवामहासंघ मिलन मार्ग, टेकु,
पो.ब. : २६९, काठमाडौ, नेपाल
फोन नं. (+९७७-१)४२१५२४७
फ्याक्स : (+९७७-१)४२६२२५५
इमेल : nrn@nrn.org.np;contact@nrn.org.np

शुभकामना सन्देश !

गैरआवासीय नेपाली संघ स्थापनाको दशौं बर्षिकोत्सवको अवसरमा यस अभियानलाई यो उचाईमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्नु हुने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय समन्वय परिषदका सदस्य साथीहरु, गैरआवासीय नेपाली संघका मित्रहरु, नेपाल सरकार तथा नेपाल उधोग वाणिज्य महासंघलाई म हार्दिक आभार व्यक्त गर्दछु। यहाँहरुबाट निरन्तर रुपमा प्राप्त सहयोग र सद्भावका कारण गैरआवासीय नेपाली संघले स्थापनाको १० वर्षमा आईपुग्दा राष्ट्र निर्माणमा सहभागिता हुने एक सशक्त शक्तीका रुपमा स्थापित भएको छ । आगामी दिनहरुमा समेत यहाँहरुबाट हामीले निरन्तर सहयोग र सद्भावको अपेक्षा गरेका छौं ।

दशौं वार्षिकोत्सवको उपलक्ष्यमा गैरआवासीय नेपाली संघ संग सम्बन्धित आधिकारिक दस्तावेजहरुलाई एकै ठाउँमा संकलन गरी प्रकाशन गर्ने लक्ष्य अनुरुप यो पुस्तिका तयार गरिएको हो । यी दस्तावेजहरुबाट गैरआवासीय नेपाली संघ सम्बन्धि जानकारी लिन चाहनेहरुले गैरआवासीय नेपाली संघको सांगठनिक स्वरुप, यस सम्बन्धि नेपाल सरकारबाट हाल सम्म जारी गरिएका ऐन तथा कानुनहरु, संघको संचालन र प्रबर्द्धनमा खटिने योद्धाहरुको विवरण, संघको उद्देश्य र कार्यक्रम आदिका बारेमा विस्तृत विवरण उपलव्ध गर्नसक्ने छन् ।

यस पुस्तिका तयार गर्न खट्नु हुने सबै महानुभावहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै यस्ता दस्तावेजहरु समयानुकुल र सांगठनिक आवश्यकता अनुसार परिमार्जन गर्दै समय सापेक्ष्य बनाउँदै जानु पर्ने भएकोले तपाईहरुको अमुल्य सुझाव तथा सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद !

जीवा लामिछाने,
अध्यक्ष,
अन्तराष्ट्रिय समन्वय परिषद्,
गैरआवासीय नेपाली संघ ।

प्रकाशकीय

विश्व भरि छरिएर रहेका गैरआवासीय नेपालीहरुलाई एकै समूहमा आवद्ध गरी उनीहरुको हकहित र आकांक्षाहरुको संवर्धन र प्रवर्धन गर्दै नेपालको समग्र विकासमा उनीहरुको ज्ञान, सीप, साधन र श्रोत परिचालन गर्ने उद्देश्य सहित नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ (नेउवामहासंघ) र गैरआवासीय नेपालीहरुको सहकार्यमा वि.सं. २०६० असोज २४ देखि २६ गते तद्अनुसार ई.सं. २००३ अक्टोवर ११ देखि १४ तारिख सम्म प्रथम गैरआवासीय नेपाली विश्व सम्मेलन सम्पन्न भएको थियो । यसै सम्मेलनबाट नै औपचारिक रुपमा गैरआवासीय नेपाली संघको स्थापना गर्ने निर्णय भएको हो । स्थापना काल देखी नै संघले **"नेपालीका लागि नेपाली"** आफ्नो मूल मन्त्रको रुपमा ग्रहण गर्दै आएको छ ।

यस अभियानलाई लिपिबद्ध गरी संघ संग सम्बन्धित दस्तावेजहरु तथा संघले संचालन गरेका कार्यक्रमहरु संग्रह गर्ने उदेश्य अनुरुप यस पुस्तिका प्रकाशनमा ल्याईएको छ । यस प्रकाशनको भाग १ अन्तर्गत गैरआवासीय नेपाली संघले गैरआवासीय नेपाली अभियानलाई संस्थागत गर्ने उद्देश्य अनुरुप तयार पारेका संघका विधानहरु समावेश गरिएको छ र यसलाई संघले समय अनुकुल परिमार्जन तथा विकास गर्दै आएको छ । यसलाई अझ परिष्कृत र प्रभावकारी बनाउन बिभन्न नियम तथा नियमावलीहरु समेत तयार गरिएका छन् । यसै गरी नेपाल सरकारले पनि गैरआवासीय नेपालीहरु तथा गैरआवासीय नेपाली संघलाई मान्यता दिन अध्यादेश २०६२, गैरआवासीय नेपाली ऐन २०६४ र त्यसलाई व्यवस्था गर्न गैरआवासीय नेपाली सम्बन्धी नियमावली २०६६ जारी गरेको छ । भाग १ मा यी बिषयहरु समावेश गरिएका छन् ।

यस प्रकाशनको भाग २ अन्तर्गत गैरआवासीय नेपाली अभियानमा होमिएका र गैरआवासीय नेपाली संघ स्थापना गर्न आफ्ना तन, मन, धन र समय खर्चिने महानुभावहरुको अभिलेख समावेश गरिएको छ । यस बाट संघको संजालको विकासका घटना क्रमको बारेमा एउटा बस्तु चित्र समेत दर्शाउँदछ ।

भाग ३ अन्तर्गत गैरआवासीय नेपाली संघले आयोजना गरेका विश्व सम्मेलनहरु र क्षेत्रीय सम्मेलनहरुका विवरणहरु पाठक माझ पस्कने प्रयास गरेको छ । यस भागमा सम्मेलनहरुका घोषणापत्रहरु, विश्व सम्मेलनमा आयोजना गएिका कार्यक्रमहरुका विवरण, विश्व सम्मेलनका सहभागीहरुका विवरण, संघका अध्यक्ष र राष्ट्र प्रमुखहरुका संवोधनहरुका अंशहरु समावेश गरिएको छ । यस प्रकाशनले गैरआवासीय नेपाली संघको विश्व तथा क्षेत्रीय सम्मेलनहरुका बारेमा जनकारी प्राप्त गर्न उपयोगी रहने छ भन्ने हाम्रो विश्वास रहेको छ ।

यस ऐतिहासिक दस्तावेज तयार गर्ने अवधारणालाई स्वीकार गरी मौका दिनु भएकोमा म संघ प्रति आभारी छु र यस्तो खालको पहिलो यस दस्तावेज तयार गर्न सहयोग गर्ने काठमाडौं सचिवालयका साथीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !

डा. हेम राज शर्मा,
प्रवक्ता तथा संयोजक,
प्रकाशन तथा संचार कार्यदल,
अन्तर्राष्ट्रिय समन्वय परिषद, गैरआवासीय नेपाली संघ ।

बिषय सूची

भाग १

बिषय	पृष्ट न.
आवरण पृष्ट	**i**
बिषय सूची	**ii**
गैरआवासीय नेपाली संघको विधान २००३ (२०१२ को संशोधन सहित)	१
अन्तर्राष्ट्रिय महाधिवेशन संचालन सम्बन्धी कार्यविधी २०१३	१५
आर्थिक प्रशासन नियमावली २०६८ (२०१३ को संशोधन सहित)	१७
संघको पदाधिकारीहरुको लागि आचारसहिंता	२२
अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य मनोनयन सम्वन्धी नियमावली २०१३	२५
अनुशासन समितिको कार्यव्यवस्था सम्बन्धी विनियमावली २०११ (२०१३ मा संशोधित)	२६
अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्वाचन सम्बन्धी नियमावली २०१३	२८
अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न निकायहरुको वैठक संचालन सम्बन्धी नियमावली २०१३	३३
राष्ट्रिय महाधिवेशन सम्वन्धी नियमावली २०१३	३५
अन्तर्राष्ट्रिय समन्वय परिषदको विधान संशोधन तथा नियमावलीहरु निर्माण सम्बन्धी नियमावली २०१३	४०
महिला फोरमको कार्यव्वस्था सम्बन्धी नियमावली २०१३	४३
युवा फोरमको कार्यव्यवस्था सम्बन्धी नियमावली २०१३	४५
गैरआवासीय नेपाली संघको विधान २००३ (२००९ को संशोधन सहित मिलाइएको रुपमा)	४७
गैरआवासीय नेपाली संघको विधान २००३ (२००७ को संशोधन सहित मिलाइएको रुपमा)	५९
गैरआवासीय नेपाली संघको विधान २००३ - २००७ अंग्रेजीमा	६९
गैरआवासीय नेपालीका सम्बन्धमा व्यवस्था गर्न बनेको नेपाल सरकारको अध्यादेश २०६२	७३
गैरआवासीय नेपालीका सम्बन्धमा व्यवस्था गर्न बनेको नेपाल सरकारको विधेयक २०६४	७५
गैरआवासीय नेपाली सम्बन्धी नियमावली, २०६६	७८

भाग २

बिषय	पृष्ट न.
विश्व सम्मेलनहरुमा सहभागी राष्ट्रहरु र सहभागीहरुको संख्या	९३
विश्व सम्मेलनहरुमा सहभागीताको रेखा चित्रको माध्यबाट प्रस्तुति	९५
विश्व सम्मेलनहरुका आय व्ययहरुको रेखा चित्रको माध्यबाट प्रस्तुति	९५
विश्व सम्मेलनहरुमा आयोजना गरिएका कार्यक्रमहरु:	
पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलन	९६
पौथो गैरआवासीय नेपाली विश्व सम्मेलन	१००
तेस्रो गैरआवासीय नेपाली विश्व सम्मेलन	१०६

बिषय	पृष्ट न.
दोस्रो गैरआवासीय नेपाली विश्व सम्मेलन	११०
प्रथम गैरआवासीय नेपाली विश्व सम्मेलन	११४
विश्व सम्मेलनहरु द्वारा जारी घोषण पत्रहरु:	
पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलन	११९
पौथो गैरआवासीय नेपाली विश्व सम्मेलन	१२१
तेस्रो गैरआवासीय नेपाली विश्व सम्मेलन	१२३
दोस्रो गैरआवासीय नेपाली विश्व सम्मेलन	१२५
प्रथम गैरआवासीय नेपाली विश्व सम्मेलन	१२६
क्षेत्रिय सम्मेलनहरु द्वारा जारी घोषण पत्रहरु:	
सातौं गैरआवासीय नेपाली क्षेत्रिय सम्मेलन	१२७
छैठौं गैरआवासीय नेपाली क्षेत्रिय सम्मेलन	१२९
पाँचौं गैरआवासीय नेपाली क्षेत्रिय सम्मेलन	१३०
चौथो गैरआवासीय नेपाली क्षेत्रिय सम्मेलन	१३२
तेस्रो गैरआवासीय नेपाली क्षेत्रिय सम्मेलन	१३४
दोस्रो गैरआवासीय नेपाली क्षेत्रिय सम्मेलन	१३६
प्रथम गैरआवासीय नेपाली क्षेत्रिय सम्मेलन	१३८
पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनको उद्घाटन सत्र दिनु भएको सम्माननीय प्रधान मन्त्री डा. बाबुराम भट्टाराईको भाषणको सारांश	१४०
पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनको उद्घाटन सत्र दिनु भएको माननीय उपप्रधान तथा परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्टको भाषणको सारांश	१४१
पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनको उद्घाटन सत्र दिनु भएको अध्यक्ष देवमान हिराचनको भाषणको सारांश	१४२
तेस्रो गैरआवासीय नेपाली विश्व सम्मेलनको उद्घाटन सत्र दिनु भएको माननीय परराष्ट्र मन्त्री सहाना प्रधानको भाषण	१४३
तेस्रो गैरआवासीय नेपाली विश्व सम्मेलनको उद्घाटन सत्र दिनु भएको अध्यक्ष डा. उपेन्द्र महतोको भाषण	१४५
दोस्रो गैरआवासीय नेपाली विश्व सम्मेलनको उद्घाटन सत्र दिनु भएको अध्यक्ष डा. उपेन्द्र महतोको भाषण	१४८
प्रथम गैरआवासीय नेपाली विश्व सम्मेलनको उद्घाटन सत्र दिनु भएको सम्माननीय प्रधान मन्त्री सूर्य बहादुर थापाको भाषण	१५१
प्रथम गैरआवासीय नेपाली विश्व सम्मेलनमा अध्यक्ष डा. उपेन्द्र महतो प्रस्तुत गर्नु भएको गैरआवासीय नेपालीका अवधारणा	१५३

भाग ३

बिषय	पृष्ट न.
विश्व सम्मेलनहरुमा सहभागीहरुको नामावली	१५६
अन्तर्राष्ट्रिय समन्वय परिषद	१८३
र्राष्ट्रिय समन्वय परिषद	१९०

गैरआवासीय नेपाली संघको विधान २००३
(२०१२ को संशोधन सहित)

प्रस्तावना

नेपालको विकास र प्रवर्द्धनमा टेवा पुऱ्याउन, विश्वका विभिन्न मुलुकहरुमा बसोवास गरिरहेका गैरआवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि इस्वी सन् २००३ मा लण्डनमा सम्पन्न गैरआवासीय नेपालीहरुको एक भेलामा व्यापक छलफल भइ आफ्नो गतिविधिहरुलाई समन्वय एवं संचालन गर्न आधारभूत मानव अधिकार प्रति प्रतिवद्ध एक जिम्मेवार संस्थाको गठन हुनु पर्ने आवश्यकतालाई मनन् गरी एक स्वतन्त्र, गैर नाफामूलक, गैर राजनीतिक, गैर सरकारी, चिरस्थायी, एक संघको स्थापना गर्नको लागि यो विधान बनाइएको छ ।

परिच्छेद - १

१. **नाम र प्रारम्भः**

१.१. यस संस्थाको नाम गैरआवासीय नेपाली संघ (यसपछि यस विधानमा संघ भनिएको छ) हुनेछ । अंग्रेजीमा यस संस्थालाई Non-Resident Nepali Association र छोटकरीमा NRNA भनिनेछ ।

१.२. यो विधान अन्तर्राष्ट्रिय महाअधिवेशनबाट पारित हुनासाथ लागू हुनेछ ।

२. यस संघको मूल मन्त्र **"नेपालीका लागि नेपाली"** हुनेछ ।

३. संघको आफ्नो छुट्टै छाप, प्रतीक चिन्ह, लेटरहेड, सदस्यता आवेदन फर्म, सदस्यता परिचयपत्र र शपथको नमूना हुनेछ ।

४. संघ नेपालमा दर्ता हुनेछ र यसको सचिवालय पनि नेपालमा स्थापना गरिनेछ ।

परिच्छेद - २

५. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

५.१. "गैरआवासीय नेपाली" भन्नाले नेपाली मुलको विदेशी नागरिक वा नेपालको चालु आर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्य देशहरुमा अध्ययन, पेशा रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउंदछ । यसै अनुच्छेदमा उल्लेखित "नेपाली मूलका विदेशी नागरिक" भन्नाले कुनै व्यक्ति साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे, वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एसियाली सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्तिलाई जनाउंदछ ।

५.२. "संघ" भन्नाले गैरआवासीय नेपाली संघ लाई जनाउने छ ।

५.३. "अन्तर्राष्ट्रिय समन्वय परिषद्" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउने छ ।

५.४. "राष्ट्रिय समन्वय परिषद" भन्नाले संघको राष्ट्रिय समन्वय परिषद्लाई जनाउने छ ।

५.५. "सम्मेलन" भन्नाले संघको विश्व सम्मेलनलाई जनाउंने छ ।

५.६. "अन्तर्राष्ट्रिय महाधिवेशन" भन्नाले संघको साधारणसभालाई जनाउने छ ।

५.७. "विशेष महाधिवेशन" भन्नाले संघको विशेष महाधिवेशनलाई जनाउंने छ ।

५.८. "राष्ट्रिय महाधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषदको अधिवेशनलाई जनाउने छ ।

५.९ "अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठित सम्बन्धित राष्ट्रका क्षेत्रीय समन्वय परिषद्हरुको अधिवेशनलाई जनाउने छ ।

५.१०. "सचिवालय" भन्नाले संघको दैनिक कार्य सञ्चालनार्थ नेपालमा स्थापना गरिएको कार्यालयलाई जनाउने छ ।

५.११. "कार्यालय पदाधिकारी" भन्नाले, अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष, प्रवक्ता, क्षेत्रीय संयोजकहरु, क्षेत्रीय उपसंयोजकहरु, महिला संयोजक, महिला उपसंयोजक, यूवा संयोजक र यूवा उपसंयोजकलाई सम्झनु पर्छ ।

५.१२. "अध्यक्ष" भन्नाले संघको अध्यक्षलाई जनाउने छ ।

५.१३ "उपाध्यक्ष" भन्नाले संघको उपाध्यक्षलाई जनाउने छ ।

५.१४. "महासचिव" भन्नाले संघको महासचिवलाई जनाउने छ ।

५.१५. "सचिव" भन्नाले संघको सचिवलाई जनाउने छ ।

५.१६. "कोषाध्यक्ष" भन्नाले संघको कोषाध्यक्षलाई जनाउने छ ।

५.१७ "प्रवक्ता" भन्नाले संघको प्रवक्तालाई जनाउने छ ।

५.१८ "महिला संयोजक" भन्नाले संघको महिला संयोजकलाई जनाउने छ ।

५.१९ "महिला उपसंयोजक" भन्नाले संघको महिला उपसंयोजकलाई जनाउने छ ।

५.२० "युवा संयोजक" भन्नाले संघको युवा संयोजकलाई जनाउने छ ।

५.२१ "युवा उपसंयोजक" भन्नाले संघको युवा उपसंयोजकलाई जनाउने छ ।

५.२२ "संरक्षक परिषद" भन्नाले संघको प्रमुख संरक्षक र संरक्षकहरु रहेको समितिलाई जनाउने छ ।

५.२३. "क्षेत्रीय संयोजक" भन्नाले संघको क्षेत्रीय संयोजकलाई जनाउने छ ।

५.२४. "क्षेत्रीय उपसंयोजक" भन्नाले संघको क्षेत्रीय उपसंयोजकलाई जनाउने छ ।

५.२५. "साधारण सदस्य" भन्नाले संघको साधारण सदस्यलाई जनाउने छ ।

५.२६. "पञ्जिकृत सदस्य" भन्नाले संघको पञ्जिकृत सदस्यलाई जनाउने छ ।

५.२७. "मानार्थ सदस्य" भन्नाले संघको मानार्थ सदस्यलाई जनाउने छ ।
५.२८ "सम्बद्ध सदस्य" भन्नाले संघको सम्बद्ध सदस्यलाई जनाउने छ ।
५.२९ "सल्लाहकार" भन्नाले संघको सल्लाहकारलाई जनाउने छ ।
५.३०. "अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय" भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषदका कामकारवाहीहरुलाई छिटो छरितो गरि सम्पन्न गर्न अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष र संघको प्रवक्ता समेत रहेको समितिलाई जनाउने छ र सोही समितिका पदाधिकारीहरुलाई "कार्यकारिणी समितिका पदाधिकारीहरु" का रुपमा बुझिने छ ।
५.३१. "छाप" भन्नाले संघको छापलाई जनाउने छ ।
५.३२. "लेटरहेड" भन्नाले संघको लेटरहेडलाई जनाउने छ ।
५.३३. "क्षेत्रीय सम्मेलन" भन्नाले संघको क्षेत्रीय सम्मेलनलाई जनाउने छ ।
५.३४. "विश्व सम्मेलन" भन्नाले संघको अन्तर्राष्ट्रिय महाअधिवेशनको मिति संगै मेल खाने गरी आयोजना हुने गैरआवासीय नेपालीहरुको विश्व सम्मेलनलाई जनाउने छ ।
५.३५. "समिति" भन्नाले संघको समितिलाई जनाउने छ ।
५.३६. "कार्यदल" वा अंग्रेजीमा "Task Force" भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषदले विधानको धारा १७.८ बमोजिम गठन गरेका कार्यदल वा अंग्रेजीमा Task Force लाई जनाउने छ ।
५.३७. "दर्ता शुल्क" भन्नाले विश्व सम्मेलन वा अन्तर्राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय महाधिवेशन वा क्षेत्रीय सम्मेलनमा भाग लिन नाम दर्ता गर्दा लाग्ने दस्तुरलाई जनाउने छ ।
५.३८. "एकबचन" शब्दले बहुवचन र बहुवचन शब्दले एकवचनलाई समेत जनाउने छ ।
५.३९. "पुलिङ्ग" शब्दले स्त्रीलिङ्ग समेतलाई जनाउने छ ।
५.४०. "व्यक्ति" शब्दले प्राकृतिक र कानूनी दुवै व्यक्तिलाई जनाउने छ ।
५.४१ "युवा" भन्नाले अन्तर्राष्ट्रिय महाधिवेशन शुरु भएको दिन सम्म ४० वर्ष उमेर नकाटेको व्यक्तिलाई जनाउने छ ।

परिच्छेद - ३

६. **उदेश्यहरु :-**

विदेशमा बस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपाल भित्र र बाहिर उनीहरूको हितलाई प्रवर्द्धन गर्ने र नेपालको हितमा उनीहरुको योगदान गर्न परिचालन गर्ने एक गैर नाफामुलक सामाजिक संस्थाको रुपमा कार्य गर्नु नै संघको मुख्य उद्देश्य रहनेछ । यी उद्देश्यहरु प्राप्त गर्नका लागि संघले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

६.१. विदेशमा बस्ने नेपालीहरुको हितलाई संरक्षण गर्ने एवं नेपालको प्रवर्द्धन गर्ने ।
६.२. संसारभरिका नेपाली संघ संगठनहरुसंग समन्वय कायम गर्ने एवं विश्व सञ्जाल स्थापना गरी गैरआवासीय नेपालीहरुको साझा संस्थाको रुपमा तिनको प्रतिनिधित्व गर्ने ।
६.३. गैरआवासीय नेपालीको पूँजी र मानव संसाधनको लगानी नेपालको चौतर्फि विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसंग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने ।
६.४. विदेशी मुलुकमा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने ।
६.५. विदेशी प्रत्यक्ष लगानीलाई नेपालभित्र आकर्षण गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने ।
६.६. गैरआवासीय नेपालीहरु बसोबास गरि रहेका मुलुकहरुमा उनीहरुको स्थायित्व र समग्र हितका लागि क्रियाशिल रहने ।

परिच्छेद - ४

७. **सदस्यता :-**

कानून बमोजिम गैरआवासीय नेपालीको हैसियत कायम रहेसम्म यस संघको सदस्यता कायम रहनेगरि विधानको अनुसुचि ५ बमोजिमको सदस्यता परिचय पत्र प्रदान गरिनेछ । संघका सदस्यता देहाय बमोजिम चार प्रकारका हुनेछन् ।

७.१. **साधारण सदस्य :-**
चालु आर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्य देशहरुमा अध्ययन पेशा रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिक यस संघका साधारण सदस्य हुनेछन् ।

७.२. **पञ्जिकृत सदस्य :-**
यस विधानमा तोकिए बमोजिम राष्ट्रिय समन्वय परिषद वा राष्ट्रिय समन्वय परिषद गठन भइ नसकेका राष्ट्रमा अन्तर्राष्ट्रिय समन्वय परिषदबाट सदस्यता प्राप्त गर्ने व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् ।

७.३. **सम्बद्ध सदस्य :-**
नेपाललाई सहयोग र प्रवर्द्धन गर्न चाहने गैर नेपाली मूलको व्यक्ति वा संस्था संघको सम्वद्ध सदस्य हुनेछ ।

७.४. **मानार्थ सदस्य :-**
गैरआवासीय नेपालीको हकहित संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नेछ ।

८. **सदस्यताको लागि योग्यता :-**

देहायको योग्यता पुगेको व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् ।

८.१. नेपालको चालु आर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एशियाली मुलुकहरु बाहेकका अन्य मुलुकहरुमा रहेको ।

८.२. नेपाली नागरिक वा नेपाली मूलको विदेशी नागरिक भएको ।

८.३. १८ वर्ष उमेर पुरा भएको ।

८.४. यस विधानको धारा ५.१ को परिभाषा बमोजिम परेको ।

९. **सदस्यता शुल्क र सदस्यको विवरण :-**

९.१ पञ्जिकृत सदस्यता जारी गर्ने अधिकार राष्ट्रिय समन्वय परिषदलाई हुनेछ । सम्बद्ध सदस्यता राष्ट्रिय समन्वय परिषदको सिफारिशमा अन्तर्राष्ट्रिय समन्वय परिषदले प्रदान गर्नेछ । तर राष्ट्रिय समन्वय परिषद गठन भइ नसकेका मुलुकहरुको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषदले प्रदान गर्नेछ ।

९.२. पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिम हुनेछ । पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदको कोषमा जम्मा गरिनेछ ।

९.३. राष्ट्रिय समन्वय परिषदले आवश्यक ठानेमा अतिरिक्त शुल्क तोक्न सक्नेछ । यसरी तोकीएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषदको कोषमा रहनेछ ।

९.४ राष्ट्रिय समन्वय परिषदले यसका सदस्यहरुको विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पठाउने छ ।

९.५. अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको सम्पूर्ण पञ्जिकृत सदस्यहरुको अभिलेख राख्नेछ ।

१०. **सदस्यताको समाप्ति एवं सदस्यहरुको अधिकार र उत्तरदायित्वहरु :-**

१०.१. प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरण योग्य हुनेछैन ।

१०.२. यस विधान र राष्ट्रिय समन्वय परिषद्को विधान सहित संघको अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरुलाई प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ ।

१०.३ पञ्जिकृत सदस्यहरुलाई सम्बन्धित राष्ट्रिय महाधिवेशनमा भाग लिने, कुनै पनि निर्वाचित हुने पदमा उम्मेदवार हुने वा मतदान गर्न पाउने तथा अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन प्रतिनिधि चुनिनका लागि उम्मेदवार बन्ने हक हुनेछ । साधारण सदस्यले सम्बन्धित राष्ट्रिय महाधिवेशनमा वा संघको कुनै पनि तहको अधिवेशनमा भाग लिन पञ्जिकृत सदस्यता लिनु पर्नेछ ।

१०.४. मानार्थ तथा सम्बद्ध सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ । तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवार खडा हुन एवं निर्वाचनमा मतदान गर्ने हक हुनेछैन ।

१०.५. देहायको अवस्थामा गैरआवासीय नेपाली संघको सदस्यता समाप्त हुनेछ ।

१०.५.१ कानून बमोजिम गैरआवासीय नेपालीको हैसियत समाप्त भएमा,

१०.५.२ सदस्यको मृत्यू भएमा,

१०.५.३ विधान बमोजिम राष्ट्रिय समन्वय परिषदले गरेको कारवाही अन्तर्राष्ट्रिय समन्वय परिषदले सदर गरेमा,

१०.५.४ कुनै पनि पञ्जिकृत सदस्यले लिखित रुपमा एक महिनाको सूचना राष्ट्रिय समन्वय परिषदका अध्यक्षलाई दिएर संघको सदस्यता परित्याग गर्नको लागि निवेदन गर्न सक्नेछ । निवेदन स्वीकृत भएमा राष्ट्रिय समन्वय परिषदले तोकेको मितिबाट निजको संघको पञ्जिकृत सदस्यता अन्त्य हुनेछ ।

परिच्छेद - ५

११. **विश्व सम्मेलन :-**

अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको विश्व सम्मेलन अन्तर्राष्ट्रिय महाधिवेशनको मिति संगै मेल खाने गरी दुई वर्षमा एक पटक आयोजना गर्ने छ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको समय, स्थान र छलफलको विषय सूची तोक्नेछ ।

१२. **क्षेत्रीय सम्मेलन :-**

कुनै क्षेत्रमा बस्ने गैरआवासीय नेपालीहरुको वस्तुस्थितिलाई राम्रोसंग बुझ्न र गैरआवासीय नेपालीको हक अधिकार संरक्षणको अभियान प्रवर्द्धन गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय परिषदले संसारका विभिन्न भागहरुमा क्षेत्रीय सम्मेलनको आयोजना गर्न सक्नेछ । क्षेत्रीय सम्मेलन प्रत्येक दुई वर्षमा एक पटक विश्व सम्मेलन सम्पन्न नभएको वर्ष आयोजना गरिनेछ ।

१३. **अन्तर्राष्ट्रिय महाधिवेशन :-**

अन्तर्राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषद् बाट पठाइएका प्रतिनिधिहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरु तथा सदस्यहरु, सल्लाहकारहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका पर्यवेक्षकहरु र सम्बद्ध सदस्यहरुले भागलिन पाउनेछन् । तर पर्यवेक्षक र सम्बद्ध सदस्यहरुलाई मतदान गर्ने वा उम्मेदवारी दिने अधिकार रहने छैन ।

१३.१. अन्तर्राष्ट्रिय महाधिवेशन संघको सर्वोच्च अंग हुनेछ । संघको अन्तर्राष्ट्रिय महाधिवेशन (साधारणसभा) कम्तिमा दुई वर्षमा एक पटक बस्नेछ ।

१३.२. अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यक देखेमा तोकिएको अन्तर्राष्ट्रिय महाधिवेशनको मितिलाई पछि सार्न वा स्थगित गर्न सक्नेछ । तर यो अवधि ६ महिना भन्दा बढी हुने छैन ।

१३.३ अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलन हुने समय, र स्थानको औपचारिक घोषणा अन्तर्राष्ट्रिय महाधिवेशन हुनु भन्दा ३ महिना अगावै गरिनु पर्नेछ ।

१३.४ पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको समय भित्र आफ्नो नाम रीतपूर्वक राष्ट्रिय समन्वय परिषदमा दर्ता गराउनु पर्नेछ । यसरी दर्ता गरिएता पनि यसै विधानको धारा १३.८ बमोजिम अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि चुनिनु पर्नेछ ।

१३.५ राष्ट्रिय समन्वय परिषद स्थापना नभएका देशका पञ्जिकृत सदस्यहरुले आफ्नो नाम तोकिएको समय भित्र रीतपूर्वक अन्तर्राष्ट्रिय समन्वय परिषदमा दर्ता गराउन सक्नेछन् ।

१३.६ पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुनका लागि राष्ट्रिय समन्वय परिषदले जारी गरेको दर्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

१३.७ बहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी एवं सदस्यहरुलाई मतदान अधिकार सहित संघको अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने हक स्वतः हुनेछ । तर यस्ता पदाधिकारीहरुको गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनु पर्नेछ ।

१३.८ अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषदले प्रत्येक १० (दश) जना पञ्जिकृत सदस्य संख्या बराबर एक जना प्रतिनिधि (१:१०) चयन गर्नेछ । यसरी चुनिने अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको संख्या वहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी एवं सदस्यहरु बाहेक अधिकतम १०० (एकसय) हुनेछ ।

१४. **अन्तर्राष्ट्रिय महाधिवेशनका कार्यहरु :-**

अन्तराष्ट्रिय महाधिवेशनको कार्यहरु देहाय बमोजिम हुनेछ :

१४.१ अन्तर्राष्ट्रिय समन्वय परिषदबाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र अन्तर्राष्ट्रिय समन्वय परिषदलाई निर्देशन दिने ।

१४.२ अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यालय पदाधिकारीहरुको निर्वाचन गर्ने ।

१४.३ संघको उद्देश्य प्राप्तिको लागि संघको नीतिहरु तय गर्ने ।

१४.४ आवश्यकतानुसार संघको विधानको संशोधन गर्ने ।

१४.५ संघको नीति तथा कार्यक्रमहरुको निर्माण र विकास गर्ने ।

१४.६ संघका विभिन्न विभागहरु, समितिहरु एवं राष्ट्रिय समन्वय परिषदका प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।

१४.७ अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न प्रतिवेदनहरु, द्वय-वार्षिक क्रियाकलापहरु र लेखा परिक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने ।

१५. **संघको विशेष महाअधिवेशन :-**

अन्तर्राष्ट्रिय समन्वय परिषदका साधारण बहुमत सदस्यहरुले विशेष अन्तर्राष्ट्रिय महाअधिवेशन बोलाउन आवश्यक भएको ठानेमा जुनसुकै बेला विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको माग गर्न सक्नेछन् । विशेष अन्तर्राष्ट्रिय महाधिवेशन माग गरिएको ३ महिनाभित्र विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बस्नु पर्नेछ । विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषदका अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय अनुसार दुई उपाध्यक्ष मध्ये एक जनाले विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता गर्नेछ । विशेष अन्तराष्ट्रिय महाधिवेशनमा धारा १३.८ बमोजिमका प्रतिनिधिहरुलाई भाग लिने हक हुनेछ । विशेष महाअधिवेशनले विशेष महाअधिवेशनको माग गर्दा दिइएको निवेदनमा औलाइएका विषयहरु उपर मात्रै निर्णय गर्नेछ ।

परिच्छेद - ६

१६. **संरक्षक परिषद :-**

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदमा रहि योगदान गरिसकेका व्यक्तित्वहरुलाई गैरआवासीय नेपाली संघको बृहततर दायरा भित्र रही निरन्तर गैरआवासीय नेपाली संघ र गैरआवासीय नेपालीहरुको हितका लागि योगदान गर्न र गैरआवासीय नेपाली संघको विश्वव्यापी स्वरुपलाई मजबुत पार्दै गैरआवासीय नेपालीहरुको एकताका लागि योगदान गर्न एक प्रमूख संरक्षक सहित बढिमा ५ (पाँच) जना संरक्षक रहेको संरक्षक परिषदको व्यवस्था हुनेछ । संरक्षक परिषद सदस्यहरुको चयन अन्तर्राष्ट्रिय समन्वय परिषदले २ वर्षकालागि गर्नेछ ।

१६.१ **अधिकार :-**

१६.१.१ गैरआवासीय नेपाली संघको हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने ।

१६.१.२ गैरआवासीय नेपाली संघको हरेक सूचनाहरु प्राप्त गर्न पाउने ।

१६.१.३ अन्तर्राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिन पाउने तर मतदान गर्न नपाउने र कोरमका लागि गणना नहुने ।

१६.१.४ अन्तर्राष्ट्रिय समन्वय परिषद निश्क्रिय रहन गएमा वा अत्यन्तै विवादित भइ संस्था विभाजित हुने अवस्थाको सृजना भएमा संरक्षक परिषदले अन्तर्राष्ट्रिय समन्वय परिषदलाई बैठक बस्न निर्देशन दिने र बैठक बस्न नसके वा निर्देशनको पालना नभए सम्पूर्ण राष्ट्रिय समन्वय परिषदको अध्यक्षहरुको भेला आयोजना गर्ने र संस्थाको संरक्षण गर्ने ।

१६.२. **काम कर्तव्य :-**

१६.२.१ संघले अवलम्बन गर्ने हरेक नीति बमोजिम कार्य सम्पादन गर्ने ।

१६.२.२ संघले अघि सारेका कार्यक्रमहरु सम्पन्न गर्न आफ्नो तर्फबाट योगदान गर्ने ।

१६.२.३ संघको अनुरोध बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकायहरुमा वा फोरमहरुमा विविध विषयहरुका लागि संघको प्रतिनिधित्व गर्ने ।

१६.२.४ संघले तोकेका अन्य कामहरु गर्ने ।

१७. **अन्तर्राष्ट्रिय समन्वय परिषद :-**

१७.१. अन्तर्राष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्नको लागि संघको अन्तर्राष्ट्रिय समन्वय परिषद नामक एक कार्यकारी अंग हुनेछ ।

१७.२. अन्तर्राष्ट्रिय समन्वय परिषदमा अध्यक्ष, २ जना उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र एसियाप्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, अफ्रिका तथा आशिनिया क्षेत्रबाट गरि जम्मा ६ जना क्षेत्रीय संयोजकहरु र ६ जना उप संयोजकहरु, एक जना महिला संयोजक, एक जना महिला उपसंयोजक, एक जना युवा संयोजक, एक जना युवा उपसंयोजक, प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट निर्वाचित सदस्यहरु, विधानको धारा २२.१४.१ बमोजिम मनोनित १५ जना सदस्यहरु तथा विधानको धारा १७.१० बमोजिम मनोनित एक प्रवक्ता रहने छन् ।

१७.३ राष्ट्रिय समन्वय परिषद गठन भइ सकेका मुलुकबाट पञ्जिकृत सदस्य संख्या निम्नतम १० (दश) देखि १००० (एक हजार) सम्ममा १ जना र सो भन्दा बढि पञ्जिकृत सदस्य संख्या रहेमा सदस्य संख्याको अनुपात प्रत्येक एक हजार पञ्जिकृत सदस्य बराबर १ जना अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य पदमा सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशनबाट निर्वाचित हुनेछन् । तर यसरी निर्वाचित सदस्य संख्या बढिमा ५(पाच) जना सम्म मात्र हुनु पर्नेछ ।

१७.४ विधानको धारा १७.३ बमोजिम कुनै राष्ट्रबाट अन्तर्राष्ट्रिय समन्वय परिषदकालागि २ (दुई) वा सो भन्दा बढि संख्यामा सदस्य निर्वाचित हुने भएमा ती मध्येबाट १ (एक)जना सदस्यलाई सम्बन्धित राष्ट्रिय समन्वय परिषदका गतिविधिहरुको नियमित विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष पेश गर्न, अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णय तथा निर्देशनहरु राष्ट्रिय समन्वय परिषदमा कार्यान्वयन गराउन, अन्तर्राष्ट्रिय समन्वय परिषदका नियमित सुचनाहरु राष्ट्रिय समन्वय परिषदमा प्रवाह गर्न राष्ट्रिय महाधिवेशनले तोक्ने छ । बांकी अन्य अन्तर्राष्ट्रिय समन्वय परिषदका लागि निर्वाचित सदस्यहरुका हकमा भने यसै धारामा उल्लेख गरिएका काम वाहेकका सम्पूर्ण जिम्मेवारी निर्वाह गर्नु पर्नेछ ।

१७.५ अन्तर्राष्ट्रिय समन्वय परिषद् अध्यक्ष, पदाधिकारी र सदस्यहरुको उम्मेदवार बन्न चाहिने योग्यता ।

१७.५.१ अध्यक्ष पदका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य वा अन्तर्राष्ट्रिय समन्वय परिषदको सल्लाहकार वा कुनै पनि राष्ट्रिय समन्वय परिषदको अध्यक्ष पदमा एक कार्य काल पुरा गरेको हुनु पर्नेछ ।

१७.५.२ अध्यक्ष बाहेकका अन्य पदाधिकारीहरुका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य वा अन्तर्राष्ट्रिय समन्वय परिषदको सल्लाहकार वा कुनै पनि राष्ट्रिय समन्वय परिषदको पदाधिकारी पदमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ ।

१७.५.३ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य वा अन्तर्राष्ट्रिय समन्वय परिषदको सल्लाहकार वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को सदस्य वा अन्तर्राष्ट्रिय वा राष्ट्रिय समन्वय परिषदका विभिन्न निकायमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ । धारा २२.१४.१ अनुसार मनोनित सदस्यहरुको हकमा भने यो धारा लागु हुने छैन ।

१७.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई यस विधानको अधिनमा रहि आवश्यकता अनुसार नियमावली बनाउने अधिकार हुनेछ ।

१७.७ आवश्यकता अनुसार राष्ट्रिय समन्वय परिषदको गठन र देहायको अवस्थामा विघटन गर्न वा मान्यता (Recognize) फिर्ता गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषदलाई हुनेछ ।

१७.७.१. स्थानीय कानूनले वर्जित गरेको हद बाहेक यस संघको उदेश्य अनुरुप अगाडि वढ्न अस्वीकार गरेमा ।

१७.७.२ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्देशनहरु पालना नगरेमा ।

१७.७.३ तदर्थ समिति गठन भएको बढिमा १ वर्ष भित्र राष्ट्रिय अधिवेशनको आयोजना गर्न नसकेमा ।

१७.८. आवश्यकता अनुसार विभिन्न विभागहरुको गठन गर्ने, विभागहरुको नामाकरण गर्ने, विभागहरुका लागि आवश्यक नियमावली निर्माण गर्ने, आवश्यकता बमोजिम विभिन्न समितिहरुको गठन गर्ने, पारिश्रमिक दिने वा नदिने गरी कर्मचारी नियुक्त गर्ने र तिनीहरुको तलब, एवं सेवाका शर्तहरुको निर्धारण गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषदलाई हुनेछ ।

१७.९. गैरआवासीय नेपाली संघलाई नेपाल र नेपालीको सर्वाङ्गिण हितमा अधिकतम योगदान पुऱ्याउन आवश्यक सल्लाह दिन सक्ने विभिन्न क्षेत्रमा विशिष्ट ज्ञान हासिल गरि सकेका नेपाली वा गैर नेपाली विशिष्ट व्यक्तित्वहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको सल्लाहकारको रुपमा नियुक्त गर्न सक्नेछ ।

१७.१०. अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको चालु काम कारवाहीका सम्बन्धमा संघको दृष्टिकोण धारणाहरु सार्वजनिक रुपले अभिव्यक्त गर्न एक जना प्रवक्ता नियुक्ती गर्न सक्नेछ ।

१७.११. अन्तर्राष्ट्रिय समन्वय परिषदलाई संघको राष्ट्रिय समन्वय परिषद, सचिवालय, विभागहरु वा अन्य स्थापित निकायहरु, एवं राष्ट्रिय समन्वय परिषदको क्रियाकलापहरुलाई अनुगमन गर्ने र निर्देशनहरु जारी गर्ने अधिकार हुनेछ । तर राष्ट्रिय समन्वय

परिषदलाई आफूले प्रतिनिधित्व गरेको देशसग सम्बन्धित विशेष परिस्थितिको उल्लेख गरेर पूर्नविचारको लागि आग्रह गर्ने अधिकार हुनेछ ।

१७.१२. अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यकता अनुसार विशेष समितिहरु गठन गर्न एवं तिनीहरुको अधिकार र कर्तव्यहरु तोक्न सक्नेछ । तर यस्ता समितिहरुले संघका अन्य अंग वा अन्तर्राष्ट्रिय समन्वय परिषदलाई विशेष रुपमा सुम्पिएका कुनै पनि कामहरु गर्ने अधिकार हुनेछैन ।

१७.१३. अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको अन्तराष्ट्रिय महाधिवेशन, क्षेत्रीय सम्मेलन र विश्व सम्मेलनको आयोजना गर्नेछ ।

१७.१४ अन्तर्राष्ट्रिय समन्वय परिषदको पदावधि २ वर्षको हुनेछ ।

१८. **अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठक :-**

१८.१. अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठक सामान्यतया तीन महिनामा एक पटक सम्पन्न हुनेछ । बैठक आवश्यकता अनुसार व्यक्तिहरु भेला भएर वा साइवर वा भिडियो सम्मेलन मार्फत सम्पन्न गरिनेछ ।

१८.२. संघको कार्यालय पदाधिकारीहरुले बैठक सञ्चालनको कार्यविधि निर्धारण गर्नेछन् ।

१८.३ वैठकमा प्रत्येक राष्ट्रिय समन्वय परिषदका अध्यक्षहरुले पर्यवेक्षकको रुपमा भाग लिन पाउनेछन् ।

१९. **अन्तर्राष्ट्रिय कार्यकारी :-**

१९.१. अन्तर्राष्ट्रिय समन्वय परिषदका कामहरुलाई छिटो छरितो गरि सम्पन्न गर्न संघको एक अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय हुनेछ ।

१९.२. अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयमा अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष र संघको प्रवक्ता रहनेछन् ।

१९.३. तत्काल अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठक वस्न संभव नभएको तर कुनै निर्णय गर्न आवश्यक परेको अवस्थामा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले अन्तर्राष्ट्रिय महाधिवेशनबाट प्राप्त म्याण्डेट बमोजिम निर्णयहरु गर्न र सोको कार्यान्वयन गर्न सक्ने छ । अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका निर्णयहरु अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु सो सरह हुनेछन् तर त्यस्ता निर्णयहरु आशन्न अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन गराउनु पर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन हुन नसकेको विषयको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकको निर्णय बमोजिम हुनेछ ।

२०. **सचिवालय :-**

२०.१. संघको दैनिक कार्यहरु सञ्चालन गर्न संघको सचिवायलय नेपालको काठमाडौंमा रहनेछ ।

२०.२. सचिवालयमा एकजना कार्यकारी निर्देशक, एकजना सञ्चार तथा प्रकाशन अधिकृत, एकजना लेखा अधिकृत र संघको अन्तर्राष्ट्रिय समन्वय परिषदले नियुक्ती गरेका अन्य कर्मचारीहरु रहनेछन् ।

२०.३. संघको सचिवालय अन्तर्राष्ट्रिय समन्वय परिषदको नीति तथा निर्देशन अनुरुप चल्नेछ ।

२०.४. कार्यकारी निर्देशकले अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिन सक्ने छ । तर उसलाई मताधिकार हुने छैन ।

२१. **निर्वाचन कार्यविधि :-**

२१.१. देहाय बमोजिम निर्वाचन सम्पन्न गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एकजना आयुक्त सहित आवश्यकता अनुसारका सदस्यहरु रहने गरि निर्वाचन आयोगको गठन गर्न सक्नेछ ।

२१.२. अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुको निर्वाचन महाधिवेशनमा उपस्थित सम्पूर्ण अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरुबाट हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु सम्बन्धित राष्ट्रको राष्ट्रिय महाधिवेशनले निर्वाचित गर्नेछ । क्षेत्रीय संयोजक तथा उपसंयोजकहरुको निर्वाचन सम्बन्धित क्षेत्रका महाधिवेशन प्रतिनिधिहरुबाट मात्रै हुनेछ । संघको प्रवक्ता धारा १७.१० अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्ले नियुक्ती गर्नेछ ।

२१.३. संघको अध्यक्ष उही पदमा लगातार दुई पदावधि भन्दा बढी पदावधिको लागि पूनः निर्वाचित हुन योग्य हुने छैन ।

२१.४. अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको पद आकस्मिक रुपमा रिक्त भएमा सो रिक्त पदमा अन्तर्राष्ट्रिय समन्वय परिषदले अर्को बाकी कार्य अवधिका लागि पदपुर्ति गर्न सक्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुको हकमा भने सम्बन्धित राष्ट्रिय समन्वय परिषदको निर्णय बमोजिम हुनेछ ।

२१.५. संघको विधानको धारा २१.४ बमोजिम पद पुर्ती गर्दा अध्यक्षको हकमा २ जना उपाध्यक्ष मध्येबाट र अन्य पदाधिकारीको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय बमोजिम हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदको कुनै पनि पदमा निर्वाचित भएमा राष्ट्रिय समन्वय परिषदमा निजको पद रिक्त हुनेछ । यसरी रिक्त हुन आएको पदपुर्ति राष्ट्रिय समन्वय परिषदले गर्नेछ ।

२२. **अन्तर्राष्ट्रिय परिषदका पदाधिकारीहरु र कार्यकारी सदस्यहरुको काम कर्तव्य र अधिकारहरु :-**

२२.१. **अध्यक्ष :-**

२२.१.१. संघको प्रंमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्ने ।

२२.१.२. अन्तर्राष्ट्रिय समन्वय परिषद्, विश्व सम्मेलन र महाधिवेशनको खुला सत्रको अध्यक्षता गर्ने ।

२२.१.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले अन्यथा व्यवस्था गरेकोमा बाहेक विभिन्न विभाग तथा समितिका सदस्यहरुको नियुक्ति गर्ने ।

२२.१.४ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकिएका अन्य काम कर्तव्यहरु पूरा गर्ने । अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.१.५ कुनै विषयमा मत बराबर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने ।

२२.१.६ अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुको जिम्मेवारी तोक्ने ।

२२.१.७ क्षेत्रीय संयोजकहरु मार्फत सम्बन्धित क्षेत्रको आवधिक कार्य विवरण तथा समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने ।

२२.२. **उपाध्यक्ष :-**

२२.२.१ संघको नेतृत्वका लागि आवश्यकता अनुसार अध्यक्षलाई सहयोग गर्ने ।

२२.२.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका कार्यहरु गर्ने ।

२२.२.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकिएका अन्य काम कर्तव्यहरु पूरा गर्ने ।

२२.२.४ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.३. **महासचिव :-**

२२.३.१ संघ र अन्तर्राष्ट्रिय समन्वय परिषदको सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने ।

२२.३.२ अन्तर्राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन वा अन्तर्राष्ट्रिय समन्वय परिषदका वैठकहरुको सन्चालन गर्ने र वैठकका निर्णयहरुको अभिलेख राख्ने ।

२२.३.३ संघको अभिलेख राख्ने र क्षेत्रीय संयोजकहरु मार्फत राष्ट्रिय समन्वय परिषदहरुलाई पत्राचार गर्ने ।

२२.३.४ महासचिवको सांगठनीक प्रगति प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषद्मा छलफलका लागि पठाउने ।

२२.३.५ संघ वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले वा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने । अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.३.६ संघका सचिवालयका कर्मचारीहरुको कार्य अनुगमन गर्ने ।

२२.४. **सचिव :-**

२२.४.१ आवश्यकता अनुसार महासचिवलाई सहयोग गर्ने ।

२२.४.२ महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने ।

२२.४.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.५. **कोषाध्यक्ष :-**

२२.५.१ संघको कोष प्राप्त गर्ने र जिम्मामा लिने ।

२२.५.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्देशन र संघको नियम बमोजिम कोषको निकासा गर्ने एवं लगानी गर्ने ।

२२.५.३ संघको विविध कोष अभिबृद्धिका लागि विभिन्न उपायहरुको प्रस्ताव गर्ने ।

२२.५.४ अन्तर्राष्ट्रिय महाधिवेशन र अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमहरुका लागि आवश्यक रकम तथा परियोजनकालागि श्रोत साधनको परिचालन सम्बन्धि विवरण तयार गरि प्रस्ताव गर्ने ।

२२.५.५ अन्तर्राष्ट्रिय महाधिवेशनमा वा क्षेत्रीय सम्मेलनमा वा अन्तर्राष्ट्रिय समन्वय परिषदका वैठकहरुमा अन्तर्राष्ट्रिय समन्वय परिषदले पारित गरेका कार्यक्रमहरुको आधारमा अनुमानित वजेट तयार गरि प्रस्तुत गर्ने ।

२२.५.६ राष्ट्रिय समन्वय परिषदको कोष व्यवस्थापन र अभिलेख रखाइमा अन्तर्राष्ट्रिय समन्वय परिषद संग एक रुपता कायम गर्न आवश्यक सहयोग गर्ने ।

२२.५.७ सचिवालयमा नियुक्त लेखा अधिकृतलाई आवश्यकता अनुसार नीति निर्देशन गर्ने, आवश्यकता बमोजिम मासिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, वार्षिक लेखा प्रतिवेदन तयार गर्ने एवं धारा २७ बमोजिम नियुक्त लेखापरिक्षक द्वारा लेखापरिक्षण गराउने ।

२२.५.८ अर्ध वार्षिक विवरण सम्पूर्ण अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई तथा राष्ट्रिय समन्वय परिषदहरुलाई उपलब्ध गराउने ।

२२.५.९ अन्तर्राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषदहरुमा पठाउने ।

२२.५.१० अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.६ **प्रवक्ता :-**

२२.६.१ अन्तर्राष्ट्रिय समन्वय परिषदको काम कारवाहीका सम्बन्धमा संघको दृष्टिकोण सार्वजनिक गर्ने ।

२२.६.२ अन्तर्राष्ट्रिय समन्वय परिषद र सञ्चार माध्यम विच समन्वय गर्ने ।

२२.६.३ संघको गतिविधि बारे समय समयमा विभिन्न माध्यमबाट सूचना प्रवाह गर्ने ।

२२.६.४ संघको अध्यक्ष वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले वा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.६.५ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.७ **क्षेत्रीय संयोजक :-**

२२.७.१ विधानको धारा १७.२ बमोजिम निर्वाचित क्षेत्रीय संयोजक सम्बन्धित क्षेत्रको प्रमुखको हैसियतले कार्य गर्ने ।

२२.७.२ सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषदका गतिविधिहरु सम्बन्धित मुलुकबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुबाट जानकारी लिने ।

२२.७.३ आवश्यकता अनुसार क्षेत्रीय वैठक बोलाउने । त्यस्ता वैठकहरुको अध्यक्षता गर्ने ।

२२.७.४ सम्बन्धित क्षेत्रको गतिविधिहरुको अर्ध वार्षिक विवरण अध्यक्ष समक्ष पेश गर्ने ।

२२.७.५ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु कार्यान्वयन गर्न गराउन सम्बन्धित सदस्यहरुलाई निर्देशन जारी गर्ने ।

२२.७.६ संघको क्षेत्रीय सम्मेलनको आयोजनाका लागि तथा अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकबाट पारित गरिनु पर्ने विभिन्न विषयसंग सम्बन्धित प्रस्तावहरु पेश गर्ने ।

२२.७.७ सम्बन्धित क्षेत्रमा राष्ट्रिय समन्वय परिषदहरु गठन गर्ने र राष्ट्रिय समन्वय परिषदहरु बीच संयोजन गर्ने ।

२२.७.८ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.८. **क्षेत्रीय उप संयोजक :-**

२२.८.१ आवश्यकता बमोजिम क्षेत्रीय संयोजकलाई सहयोग गर्ने ।

२२.८.२ संयोजकको अनुपस्थितिमा नीजले तोके बमोजिमको कार्य गर्ने ।

२२.८.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.९. **महिला संयोजक :-**

२२.९.१ विश्व भरिका गैरआवासीय महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि उनीहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

२२.९.२ राष्ट्रिय समन्वय परिषदमा मनोनित महिला संयोजकहरुलाई संयोजन गर्ने, आवधिक विवरण लिने, महिलाहरु संग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्न आवश्यक सहयोग गर्ने ।

२२.९.३ राष्ट्रिय समन्वय परिषदको मातहतमा रहि सम्बन्धित राष्ट्रिय समन्वय परिषदको महिला संयोजकको अगुवाइमा विभिन्न मुलुकहरुमा गैरआवासीय नेपाली महिलाको साझा सञ्जाल स्थापना गर्न सहयोग गर्ने ।

२२.९.४ अन्तर्राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, आइसिसि समक्ष महिला गतिविधि सम्बन्धित आवधिक विवरण प्रस्तुत गर्ने ।

२२.९.५ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु विभिन्न राष्ट्रिय समन्वय परिषद मातहत गठित महिला सञ्जालमा कार्यान्वयन गराउने ।

२२.९.६ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने । अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.१० **महिला उपसंयोजक :-**

२२.१०.१ आवश्यकता बमोजिम महिला संयोजकलाई सहयोग गर्ने ।

२२.१०.२ महिला संयोजकको अनुपस्थितिमा नीजले तोके बमोजिमको कार्य गर्ने ।

२२.१०.३ तोकिएका अन्य कार्यहरु गर्ने । अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.११ **युवा संयोजक :-**

२२.११.१ विश्व भरिका गैरआवासीय युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि युवाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

२२.११.२ राष्ट्रिय समन्वय परिषदमा मनोनित युवा संयोजकहरुलाई संयोजन गर्ने, आवधिक विवरण लिने, युवासंग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्न आवश्यक सहयोग गर्ने ।

२२.११.३ अन्तर्राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, आइसिसि समक्ष युवा गतिविधिहरुको आवधिक विवरण प्रस्तुत गर्ने ।

२२.११.४ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु सम्बन्धित क्षेत्रमा कार्यान्वयन गराउने ।

२२.११.५ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.१२ **युवा उपसंयोजक :-**

२२.१२.१ आवश्यकता बमोजिम युवा संयोजकलाई सहयोग गर्ने ।

२२.१२.२ युवा संयोजकको अनुपस्थितिमा नीजले तोके बमोजिमको कार्य गर्ने ।

२२.१२.३ तोकिएका अन्य कार्यहरु गर्ने । अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

२२.१३. **सदस्य :-**

२२.१३.१ अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यले आफुले प्रतिनिधित्व गरेको देशको राष्ट्रिय समन्वय परिषदको प्रतिनिधित्व गर्ने ।

२२.१३.२ राष्ट्रिय समन्वय परिषदबाट सञ्चालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका सम्बन्धमा आफ्नो राय सहित सम्बन्धित क्षेत्रीय संयोजक समक्ष अर्ध वार्षिक कार्य विवरण पेश गर्ने ।

२२.१३.३. सम्बन्धित क्षेत्रीय संयोजको निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

२२.१३.४ सम्बन्धित मुलुकमा सम्पन्न गरिनु पर्ने कार्यहरुको संयोजन सहित विभिन्न प्रस्ताव गर्ने ।

२२.१३.५ राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने ।

२२.१३.६ अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने ।

२२.१३.७ अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

२२.१३.८ अन्तर्राष्ट्रिय समन्वय परिषदले लागु गरेको विनियम र आचारसंहिताको पालना गर्ने ।

२२.१४ **मनोनित सदस्य :-**

२२.१४.१ अन्तर्राष्ट्रिय समन्वय परिषदले कम्तिमा ५जना महिला प्रतिनिधि सहित बढीमा १५ जना सम्म मनोनित सदस्यहरु निश्चित समयावधिको लागि मनोनित गर्न सक्नेछ । यी सदस्यहरुको पदावधि परिषदको पदावधि समाप्त भए पछि स्वतः समाप्त हुनेछ ।

२२.१४.२ विधानको धारा २२.१३ बमोजिम विभिन्न विषयहरुमा संघको केन्द्रीय तहमा रहि योगदान गर्न सक्ने व्यक्तिहरुको रुपमा मनोनित अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरुले अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका जिम्मेवारीहरु पुरा गर्ने ।

परिच्छेद - ७

२३. **राष्ट्रिय समन्वय परिषद :-**

२३.१. एउटा देश भित्र बसोबास गर्ने घटीमा १० जना गैरआवासीय नेपालीहरु मिलेर राष्ट्रिय समन्वय परिषद स्थापना गर्न सक्नेछन् ।

२३.२. यो विधानको वृहत संरचना भित्र रहेर आफू बसोबास गर्ने मुलुकको स्थानीय कानून बमोजिम राष्ट्रिय समन्वय परिषदको दर्ता गरिनेछ ।

२३.३. राष्ट्रिय समन्वय परिषदको गठन तथा कार्यसमितिको ढांचा देहाय बमोजिमको हुनु पर्नेछ ।

अध्यक्ष - १

उपाध्यक्ष

महासचिव

सचिव

कोषाध्यक्ष

सदस्यहरु

सम्वन्धीत राष्ट्रिय समन्वय परिषद भएको मुलुकको भु-राजनैतिक अवस्था तथा आवश्यकता अनुसार पदाधिकारी तथा सदस्यहरुको सँख्या राष्ट्रिय समन्वय परिषदले निर्धारण गर्ने छ । राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको सदस्य सँख्या मध्ये आवश्यकता अनुसार मनोनित सदस्यहरुको सँख्या तोक्न सक्नेछ । राष्ट्रिय समन्वय परिषद सदस्यहरुबाट एक महिला र एक युवा प्रतिनिधी अनिवार्य रुपमा छनोट गर्नु पर्नेछ । यस्ता प्रतिनिधी सदस्यहरुको हैसियत राष्ट्रिय समन्वय परिषद सदस्यहरु सरह हुनेछ । आवश्यकता अनुसार राष्ट्रिय समन्वय परिषदले प्रवक्ताको नियुक्ती गर्न सक्नेछ ।

२३.४. यो विधानको अधीनमा रही समस्त संघको उद्देश्यहरु र लक्ष्य अनुरुप सम्बन्धित मुलुकसंग सम्बद्ध रहेका विषयमा राष्ट्रिय समन्वय परिषदले अधिकतम स्वायत्तताको उपभोग गर्नेछ ।

२३.५. यो विधानका धाराहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदसंग सम्बन्धित नियमहरु र तिनीहरुमा आवश्यकता अनुसार बेला बेलामा गरिएका परिवर्तनहरु राष्ट्रिय समन्वय परिषदको क्रियाकलापमा लागू हुनेछन् ।

२३.६. राष्ट्रिय समन्वय परिषदको लेटरहेड, शपथ, कार्यालयको छाप, सदस्यता आवेदन फाराम, सदस्यको परिचय पत्र र प्रतिक चिन्ह यस विधानको अनुसूचीमा तोकिए बमोजिम हुनेछ ।

२३.७ राष्ट्रिय समन्वय परिषदको राष्ट्रिय अधिवेशनबाट पारित आफ्नो छुट्टै विधान हुनेछ तर राष्ट्रिय समन्वय परिषदको विधान संघको विधानसंग बांझिएमा संघको यो विधान बमोजिम हुनेछ ।

२३.८. राष्ट्रिय समन्वय परिषदका कार्यकारी समितिको पदावधि २ वर्षको हुनेछ ।

२३.९ राष्ट्रिय अधिवेशन अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको नियमावली र आचारसंहिता अनुसार सम्पन्न हुनु पर्नेछ ।

२४. **राष्ट्रिय महाधिवेशन :-**

२४.१. प्रत्येक राष्ट्रिय समन्वय परिषदको राष्ट्रिय अधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको मिति बढिमा ६ महिना बांकी रहने गरि राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु पर्नेछ । सोही राष्ट्रिय महाधिवेशनले नै धारा १७.३ अनुसारको अन्तर्राष्ट्रिय समन्वय परिषदका लागि देशको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यको निर्वाचन गर्नेछ ।

२४.२. राष्ट्रिय महाधिवेशन दुई वर्षमा एक पटक सम्पन्न हुनेछ ।

२४.३. संघका पञ्जिकृत सदस्यहरुलाई आफू बसोबास गर्ने देशको राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ ।

२४.४. राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषदमा सम्बन्धित देशको प्रतिनिधित्व गर्नका लागि अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुने गरि पञ्जिकृत सदस्यहरु मध्येबाट अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकारी सदस्यको निर्वाचन गर्नेछ ।

२५. **राष्ट्रिय समन्वय परिषदको अधिकार र कर्तव्य :-**

२५.१. राष्ट्रिय समन्वय परिषदले संघको पञ्जिकृत सदस्यता सम्बन्धित मुलुक भित्रका गैरआवासीय नेपालीहरुलाई जारी गर्ने अधिकार हुनेछ ।

२५.२. राष्ट्रिय समन्वय परिषदलाई संघको विधानको वृहत संरचना भित्र रही क्षेत्रीय वा शाखा समितिहरु गठन गर्ने, विघटन गर्ने र तिनीहरुलाई निर्देशन जारी गर्ने अधिकार हुनेछ ।

२५.३. राष्ट्रिय समन्वय परिषदलाई संघको भावना विपरित कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषदको विधानको उल्लंघन गर्ने सम्बन्धित राष्ट्रिय समन्वय परिषदमा पञ्जिकृत कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन वा निस्काशन गर्ने अधिकार हुनेछ । यस प्रकार निस्काशन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनवाइको अवसर दिइनेछ र राष्ट्रिय परिषदको निर्णय उपर निर्णय भएको मितिले ३० दिन भित्र सम्बन्धित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषदमा उजुरी गर्न सक्नेछन् र अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय अन्तिम हुनेछ ।

२५.४. राष्ट्रिय समन्वय परिषदले आफुले सञ्चालन गरेका सम्पूर्ण क्रियाकलापहरुको अर्धवार्षिक विवरण क्षेत्रीय संयोजक समक्ष पेश गर्नु पर्नेछ ।

२५.५. राष्ट्रिय समन्वय परिषदलाई राष्ट्रिय अधिवेशनका लागि दर्ता शुल्क तोक्ने अधिकार हुनेछ ।

२५.६. राष्ट्रिय समन्वय परिषदले पञ्जिकृत सदस्यहरुको विवरण र सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको मिति भित्र संघको सचिवालयमा पठाउनु पर्नेछ ।

२५.७. राष्ट्रिय समन्वय परिषदले संघको अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनका लागि दर्ता भएका पञ्जिकृत सदस्यहरुको अभिलेख कायम गर्नेछ र दर्ता विवरण संघको सचिवालयलाई पठाउनु पर्नेछ ।

परिच्छेद - ८

२६. **संघका कोषहरु :-**

२६.१. संघको कोषमा पञ्जिकृत सदस्यता शुल्क विभिन्न व्यक्तिहरुबाट प्राप्त अनुदान, राष्ट्रिय समन्वय परिषदबाट प्राप्त अनुदान रकम र संघको विभिन्न क्रियाकलाप मार्फत प्राप्त हुने रकमहरु सामेल हुनेछन् ।

२६.२. संघको लागि प्राप्त हुने सम्पूर्ण कोषको रकमहरुको व्यवस्थापन कोषाध्यक्षले अन्तर्राष्ट्रिय समन्वय परिषदको निगरानीमा गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदलाई संघको हित हुने गरी कोषको रकमहरुको खर्चलाई नियन्त्रण गर्ने वा स्वीकृति दिने अधिकार हुनेछ ।

२६.३. अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको आफ्नो नामको बैंक खातामा रकमहरु राख्नेछ र अध्यक्ष तथा कोषाध्यक्ष वा अध्यक्ष र कोषाध्यक्षले मनोनित गरेका आ-आफ्ना प्रतिनिधिहरु २ (दुइ) जनाको हस्ताक्षरबाट सञ्चालन हुनेछ । अध्यक्ष वा कोषाध्यक्ष आफ्ना प्रतिनिधिहरुले गरेका सम्पूर्ण कामका लागी जिम्मेवार हुनेछन् ।

२६.४ अन्तर्राष्ट्रिय समन्वय परिषदले विभिन्न उद्देश्यहरुका लागि देहाय बमोजिमका कोषहरु स्थापना गर्न सक्नेछ ।

२६.४.१ **साधारण कोष** :- अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको सम्पूर्ण खर्च पूर्ति गर्नको लागि एक साधारण कोष स्थापना गर्नेछ । यस कोष अन्तर्गत पञ्जिकृत सदस्यता शुल्क, संघको प्रकाशनबाट प्राप्त हुने रकम, अन्तर्राष्ट्रिय समन्वय परिषद वा राष्ट्रिय समन्वय परिषदले विभिन्न क्रियाकलाप आयोजना गरी उठाएको रकम र अनुदान रकमहरु पर्नेछन् ।

२६.४.२ **सामाजिक कल्याण कोष** :- अन्तर्राष्ट्रिय समन्वय परिषदले विशेष प्रकारका मानविय कल्याणका परियोजना सञ्चालन गर्नको लागि एउटा सामाजिक कल्याण कोष स्थापना गर्न सक्नेछ । कुनै संघ, संस्था, कम्पनी वा अन्य निकाय र व्यक्तिगत रुपबाट प्राप्त अनुदान रकम नै यस कोषको श्रोत हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदले परियोजनाको अनुगमन गर्न एक विशेष समिति गठन गर्न सक्नेछ ।

२६.४.३ **अन्य कोषहरु** :- संघको उद्देश्य प्राप्त गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यक ठानेमा अन्य विभिन्न कोषहरु स्थापना गर्न सक्नेछ ।

२७. **संघको लेखा र लेखा परिक्षण :-**

संघको आय व्ययको विवरण नेपाल सरकारले अपनाएको लेखा प्रणली बमोजिम राखिने छ। यो धाराको प्रयोजनकालागि संघको लेखाको लेखापरीक्षण संघको साधारण सभाले नियुक्त गरेको इजाजत प्राप्त लेखपरिक्षकबाट गरिनेछ। संघको लेखापरीक्षकको नियुक्ति तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ। लेखापरिक्षण भए पश्चात लेखापरीक्षकले प्रत्येक वर्ष संघको लेखाको लेखापरिक्षण गरिदिएको प्रतिवेदन संघले एक प्रति परराष्ट्र मन्त्रालयमा पेश गर्ने छ।
संघको लेखा तथा काम कारवाहीको सम्बन्धमा परराष्ट्र मन्त्रालयले अनुगमन गर्न सक्नुका साथै अनुगमन गर्दा संघको काम कारवाहीमा कुनै सुधार गर्न आवश्यक देखिएमा परराष्ट्र मन्त्रालयले आवश्यक निर्देशन दिनसक्ने छ। सो बमोजिम दिइएको निर्देशनको पालना गर्नु संघको कर्तव्य हुनेछ।

२८. **बैंक खाता :-**
संघको बैंक खाता संघको नाउमा अन्तर्राष्ट्रिय समन्वय परिषदले सञ्चालन गर्नेछ। खाताबाट सबै प्रकारका चेकहरु वा आदेशहरुको भुक्तानीका लागि विधानको धारा २६.३ मा तोकिए बमोजिमका दुई जना पदाधिकारी वा निजहरुले तोकिएको दुइ जना व्यक्तिबाट सही गरिनेछ।

परिच्छेद-९

२९. **विधानको संशोधन :-**
२९.१. यस विधानको कुनै पनि धारा, उपधाराको संशोधन खारेजी थप घट वा परिवर्तन गर्ने प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी सदस्यहरु मध्ये २५ (पच्चिस) प्रतिशतले पेश गर्न सक्नेछन्। यसरी पेश गरिएको प्रस्ताव अन्तर्राष्ट्रिय महाधिवेशन उपस्थित दुई तिहाई बहुमतबाट पारित गर्न सकिनेछ।
२९.२. विधानको कुनै धाराहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा सो प्रस्ताव तत्कालै लागू हुनेछ।

३०. **निष्काशन :-**
अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी वा सदस्यहरुले संघलाई नोक्सानी पुऱ्याउने कुनै खराब आचरण गरेको ठहर भएमा राजिनामा दिन लगाइनेछ। यदि सो व्यक्तिले राजिनामा दिन इन्कार गरेमा अन्तर्राष्ट्रिय समन्वय परिषदको बैंठकमा उपस्थित सदस्यहरुको सामान्य बहुमतबाट निजलाई निष्काशन गर्न सकिनेछ। यसरी निष्काशन गर्नु पूर्व निजले गरेको आचरणको बारेमा ३० दिन भित्र स्पष्ट गर्ने उचित अवसर दिइनेछ। यस धाराको प्रयोजनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषदले एक अनुशासन समितिको गठन गर्न सक्नेछ।

३१. **विधानको व्याख्या :-**
यो विधानको व्याख्या गर्ने अधिकार अन्तर्राष्ट्रिय परिषदबाट स्थापित विधान सम्बन्धी समितिमा अन्तर्निहित हुनेछ। अन्तर्राष्ट्रिय परिषदले एक तीन सदस्यीय विधान सम्बन्धी समिति गठन गर्नेछ। विधान सम्बन्धी समितिले गरेको व्याख्या अन्तिम मानिनेछ।

३२. **अन्य संघ संस्थाहरुसंगको सहकारिता :-**
संघले यस विधानमा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि नेपाली एवं गैर नेपाली संघ संस्थाहरुसंग समन्वय गर्न सक्नेछ।

३३. **अन्तर्राष्ट्रिय समन्वय परिषदको विघटन :-**
सम्पूर्ण पञ्जिकृत सदस्यहरुको साधारण बहुमतले चाहेमा अन्तर्राष्ट्रिय समन्वय परिषद विघटन हुनेछ। अन्तर्राष्ट्रिय समन्वय परिषद विघटन भएको मितिले बढिमा ३ महिना भित्र विशेष महाधिवेशनको बैठक बसी नयां अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्वाचन सम्पन्न गर्नु पर्नेछ।

३४. **संघको खारेजी :-**
विश्वभरका कुल राष्ट्रिय समन्वय परिषदहरु मध्ये पचहत्तर प्रतिशत राष्ट्रिय समन्वय परिषदहरुको राष्ट्रिय महाधिवेशनहरुमा राष्ट्रिय समन्वय परिषदहरुका सदस्यहरु मध्ये पचहत्तर प्रतिशत सदस्यहरुले संघको विघटन प्रस्ताव पारित गर्ने निर्णय गरेमा वा विधान बमोजिम संघले कार्य संचालन गर्न नसकेमा संघको विघटन हुनेछ। उपरोक्त कुनै कारणले संघ विघटन भएमा संघको सम्पत्ति नेपाल सरकारको स्वामित्वमा सर्ने छ। र उक्त सम्पत्तिले थामेसम्मको संघको दायित्व नेपाल सरकारले व्यहोर्ने छ। संघ विघटनको यस्तो निर्णय अन्तर्राष्ट्रिय समन्वय परिषदले अनुमोदन गरेको मितिले ६ महिना पछि लागु हुने छ।

३५. **लागू हुने कानून :-**
यो विधानको कुनै प्रावधान प्रचलित नेपाल कानून संग बाझिएमा बाझिएको हदसम्म नेपाल सरकारको कानून बमोजिम हुनेछ।

अनुसूची-१

संघको प्रतिक चिन्ह :-

दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRN लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल्लो अर्ध वृत्तमा अंग्रेजी भाषाको ठूलो अक्षरमा Non-Resident Nepali Association लेखिएको चिन्ह नै संघको प्रतिक चिन्हको नमुना हुनेछ।

प्रतिक चिन्हको नमुना :-

उदाउँदै गरेको सूर्यले गैरआवासीय नेपालीहरुको अभिलाषा, दुई हिमालयहरुले नेपाल, NRNA ले गैरआवासीय नेपालीहरु, Non-Resident Nepali Association ले गैरआवासीय नेपाली संघको र दुई अर्थ वृत्तहरुको घेराले पुथ्वीको प्रतिनिधित्व गर्छ।

अनुसूची-२

कार्यालयको छाप :-

संघको अन्तर्राष्ट्रिय समन्वय परिषद र राष्ट्रिय समन्वय परिषदको कार्यालयको छाप गोलाकार, गोलाकार भित्र नेपाली र अंग्रेजी भाषामा संघको "नाम गैरआवासीय नेपाली संघ", "Non-Resident Nepali Association" लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRN / NCC – (सम्बन्धित देशको नाम) लेखिएको अंग्रेजी ठूलो अक्षरको माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउँदै गरेको सूर्य हुनेछ।

अन्तर्राष्ट्रिय समन्वय परिषद

राष्ट्रिय समन्वय परिषद

अनुसुची - ३

कार्यालयको लेटर हेडको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :


FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

Non-Resident Nepali Association (NRNA)

गैरआवासीय नेपाली संघ

Ref:

NRNA Secretariat, FNCCI Building Pashupati Sharada Shukra FNCCI Milan Marga Teku, P.O Box 269, Kathmandu Nepal
Tel: (+977-1) 4215247 / 4262255, Fax: (+977-1) 4262255, Website: www.nrn.org.np

अनुसुची - ४

आवेदन फारमको नमुना

अनुसुची - ५

संघको परिचय पत्रको नमुना देहाय बमोजिम हुनेछ :



अनुसुची - ६

शपथ :-

म सत्यनिष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम, उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म गैर आवासीय नेपाली संघको मुल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताका साथ आत्मासात गर्ने मेरो प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु ।

॥समाप्त॥

गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय महाधिवेशन संचालन सम्बन्धि कार्यविधी २०१३

प्रस्तावना:
गैरआवासीय नेपाली संघको विधानको धारा १३ मा उल्लेखित अन्तर्राष्ट्रिय महाधिवेशनलाई व्यवस्थित र मर्यादित बनाउनको लागि यो कार्यविधि जारी गरिएको छ ।

१. **नाम र प्रारम्भ**

यो कार्यविधिको नाम **"अन्तर्राष्ट्रिय महाधिवेशन संचालन सम्बन्धि कार्यविधि २०१३"** रहने छ । यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषदबाट अनुमोदन भएको दिन देखि तत्काल लागु हुने छ ।

२. **महाधिवेशन प्रतिनिधि र दस्तावेजको तयारी**

२.१ महाधिवेशन प्रतिनिधीहरुको छनोट विधानको धारा १३.८ अनुसार हुनेछ ।

२.२ अन्तर्राष्ट्रिय समन्वय परिषदले महाधिवेशनमा छलफल गरि पारित गरिने वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, विधान संशोधनका प्रस्तावहरु महाधिवेशन पूर्व तयार गर्ने छ । यस्ता प्रस्तावहरुको दस्ताबेज तयार गरी महाधिवेशन प्रतिनिधीहरुलाई उपलब्ध गराईनेछ ।

३. **महाधिवेशनको स्थान समय, अध्यक्षता, सञ्चालन, आसन ग्रहण**

३.१ अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्दिष्ट गरेको मिति समय र स्थानमा महाधिवेशन संचालन हुनेछ ।

३.२ अन्तर्राष्ट्रिय समन्वय परिषदका वर्तमान पदाधिकारी तथा सदस्यहरु, पूर्व अध्यक्षहरु, संरक्षक र सल्लाहाकारहरु, महाधिवेशन प्रतिनिधीहरु र संघको विधानले व्यवस्था गरेका पर्यवेक्षकहरुलाई मात्र सभा हलमा प्रवेश गराईने छ र यिनीहरुलाई सभाहलमा छुट्टा छुट्टै स्थानमा आसन ग्रहण गराईनेछ । महाधिवेशनमा प्रवेश गर्न अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको परिचयपत्र देखाउनु पर्नेछ ।

३.३ महाधिवेशन प्रतिनिधीहरुको उपस्थिति र हस्ताक्षरको अभिलेख राखिनेछ ।

३.४ महाधिवेशनको अध्यक्षता संघको अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा दुई उपाध्यक्षहरु मध्ये एक उपाध्यक्षले गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदले अध्यक्षता गर्ने उपाध्यक्षको चयन गर्नेछ । अध्यक्ष वा उपाध्यक्षको अनुपस्थितिमा सभाले चयन गरेको व्यक्तिले गर्ने छ ।

३.५ महाधिवेशनको संचालन संघको महासचिवले गर्नेछ । निजको अनुपस्थितिमा सचिव वा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको व्यक्तिले गर्नेछ।

३.६ अध्यक्षता ग्रहण पछि सभा संचालकले अन्तर्राष्ट्रिय समन्वय परिषदका वर्तमान पदाधिकारीहरु तथा सदस्यहरु, पूर्व अध्यक्षहरु, संरक्षक र सल्लाहकारहरुको आसन ग्रहण गराउनेछ ।

३.७ महाधिवेशनको उद्घाटन लगायत सभाका अन्य औपचारिक प्रकृया पछि अध्यक्षको उद्घाटन भाषण (opening statement) पछी महाधिवेशन औपचारिकरुपमा शुरु हुनेछ ।

४. **अध्यक्षता मण्डल**

महाधिवेशन र निर्वाचन प्रकृयालाई निष्पक्ष र स्वतन्त्र रुपमा सञ्चालन भए नभएको अनुगमन गर्न एक ३ सदस्यीय अध्यक्षता मण्डलको गठन गरिनेछ । उक्त समितिको प्रस्ताव अध्यक्षले सभाहलमा गर्नेछ र प्रतिनिधीहरुले यसको अनुमोदन गर्नेछ । यस नियमावलीको धारा ८ अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद निस्कृय भएको समयमा परिषदको कार्यकारी अधिकार यस समितिमा रहनेछ । समितिको संयोजक सदस्यहरु आफैले छान्ने छन् । यस समितिका सदस्यहरु निर्वाचनमा कुनै पदमा उमेद्वार हुन पाउने छैनन् । यस समितिको कार्य अवधी नयाँ निर्वाचित समितिले शपथ ग्रहण गरे पुन समाप्त हुनेछ ।

५. **कोरम, मत र अनुमोदन वा स्वीकृति** :

५.१ महाधिवेशनको कोरमको लागी ५१ प्रतिशत महाधिवेशन प्रतिनिधीहरु सभाहलमा उपस्थित हुनु पर्नेछ । पहिलो पटक कोरम नपुगेमा अध्यक्षले केही समयको लागि महाधिवेशन स्थगन गर्न सक्नेछ । तद् पश्चात सभाहलमा उपस्थित प्रतिनिधीहरुलाई नै कोरम मानि महाधिवेशनको प्रकृया अगाडि बढाईने छ ।

५.२ महाधिवेशनमा प्रस्ताव गरिएको बिषय वस्तुको गम्भिरता र अवस्थालाई विचार गरेर हात उठाएर वा गोप्य मतदान बाट निर्णयमा पुगिने छ ।

५.३ आर्थिक र वार्षिक प्रतिवेदनको अनुमोदनका लागी महाधिवेशनमा उपस्थित ५० प्रतिशत भन्दा बढी प्रतिनिधीहरुले मत प्राप्त हुनु पर्ने छ । विधान संशोधनको लागी भने कम्तिमा दुई तिहाई मतको आवश्यक पर्नेछ ।

६. **वार्षिक प्रतिवेदन**

चालु कार्यकालमा संघले गरेको विविध कार्यक्रमको प्रगति, उपलब्धी र भावी कार्यदिशाको वार्षिक प्रतिवेदन महासचिवले प्रस्तुत गर्नेछ । यस प्रतिवेदनमा सभाहलमा छलफल गरि माथी उल्लेखित मतदान प्रकृयाबाट पारित गरिनेछ ।

७. **आर्थिक प्रतिवेदन**

७.१ चालु कार्यकालमा भएका संघका आर्थिक कृयाकलाप, आम्दानी खर्चको विवरण सहितको आर्थिक प्रतिवेदन कोषाध्यक्षले प्रस्तुत गर्नेछ । कोषाध्यक्षले आगामी वर्षको अनुमानित -बजेट प्रस्तुत गर्न सक्नेछ । यस प्रतिवेदनमा छलफल गरि माथी उल्लेखित मतदान प्रकृयाबाट पारित गरिनेछ ।

७.२ विधानको धारा २७ अनुसार आय व्ययको विवरण नेपाल सरकारको लेखा प्रणाली वमोजिम तयार हुनेछ । यस प्रायोजनका लागि अर्को महाधिवेशनले एक लेखा परिक्षकको नियुक्ती गर्नेछ ।

८. **विधान संशोधन**

संघको **'विधान संशोधन तथा नियमावली निर्माण सम्वन्धी'** नियमवाली अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषदले तयार पारेको संशोधनको प्रस्ताव छलफलका लागी प्रस्ताव गरिनेछ । उक्त प्रस्ताव अन्तर्राष्ट्रिय सम्वय परिषदको तर्फबाट विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिको संयोजकले पेश गर्नेछ । यस प्रस्ताव माथी छलफल गरि माथी उल्लेखित मतदान प्रकृयाबाट विधान संशोधन गरिनेछ । विधान संशोधनका अन्य प्रकृया **'विधान संशोधन तथा नियमावली निर्माण सम्वन्धी'** नियमावली अनुसार हुनेछन।

९. **अन्तर्राष्ट्रिय समन्वय परिषदको निस्कृयता**

वार्षिक तथा आर्थिक प्रतिवेदन अनुमोदन तथा विधान संशोधन पश्चात पछि हुने निर्वाचनलाई निश्पक्ष र स्वतन्त्ररुपमा सञ्चालन गर्न निर्वाचन अवधी भर (यस नियमावलीको धारा ९ अनुसार निर्वाचन प्रकृया शुरु भए पछि र निर्वाचन आयुक्तले निर्वाचनको औपचारिक घोषणा नगरे सम्म) अन्तर्राष्ट्रिय समन्वय परिषद निस्कृय रहनेछ । यस अवधीमा अन्तर्राष्ट्रिय) समन्वय परिषदको कार्यकारी अधिकार यस नियमावलीको धारा ३ अन्तर्गत बन्ने अध्यक्ष मण्डलमा रहनेछ ।

१०. **निर्वाचन**

१०.१ अध्यक्ष मण्डलको संयोजकले अन्तर्राष्ट्रिय समन्वय परिषदद्वारा प्रस्तावित निर्वाचन आयोगका सदस्यहरुको परिचय सभाहलमा गराउनेछ र सभाले आयोगको अनुमोदन गर्नेछ ।

१०.२ निर्वाचन आयोगले संघको **'निर्वाचन सम्वन्धी नियमावली'** अनुसार निर्वाचन गर्नेछ ।

१०.३ निर्वाचन प्रमुख निर्वाचन आयुक्तले निर्वाचन सम्वर्नधि विविध जानकारी र प्रकृया सभाहलमा गराउने छ र निर्वाचन कार्य प्रारम्भ हुनेछ ।

१०.४ निर्वाचनको परिणाम निर्वाचन आयोगले सभाहलमा घोषणा गरे पछि अन्तर्राष्ट्रिय समन्वय परिषद पुन : सकृय हुनेछ ।

१०.५ **समापन, सपथ ग्रहण, चालु समिति भंग**

आर्थिक वार्षिक प्रतिवेदन, विधान संशोधन तथा निर्वाचन प्रकृया सम्पन्न भए पछि संघको अध्यक्षले महाधिवेशनको समापनको घोषणा गर्नेछ । नयाँ निर्वाचित परिषदको सपथ ग्रहण प्रमुख निर्वाचन आयुक्तले विश्व सम्मेलनको समापन कार्यक्रममा गर्नेछ। नयाँ निर्वाचित परिषदले सपथ लिए पछी पुरानो परिषद स्वत भंग हुनेछ ।

(समाप्त)

गैरआवासीय नेपाली संघ
(२०१३ को संशोधन सहित)
आर्थिक प्रशासन नियमावली २०६८

प्रस्तावना:
विधानको धारा २६ अनुसार गैरआवासीय नेपाली संघको आर्थिक कृयाकलाप नियमबद्ध एवम् संस्थागत रुपमा संचालन गर्न बनेको आर्थिक नियमावली २०६६ लाई संशोधित गरिएकोछ । यो नियामावली गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदले अनुमोदन गरेपछि लागू हुनेछ ।

परिच्छेद - १
हिसाब किताब

१.१ संघको हिसाब किताब, श्रेस्ता तथा आर्थिक कारोवारको रेकर्डको जिम्मा कोषाध्यक्षको अधिनमा रहने गरी सचिवालयमा रहने छ । आर्थिक हिसाव कितावको संपूर्ण अभिलेख (रेकर्ड) सचिवालयमा रहनेछ । अभिलेख कोषाध्यक्षको रेखदेखमा लेखा अधिकृतले राख्नेछ ।

१.२ लेखा आधिकृतले हिसावकितावको विवरण नियमित रुपमा कार्यकारी निर्देशक मार्फत कोषाध्यक्ष र अध्यक्षलाई दिनेछ ।

१.३ संघको हिसाब किताव नेपालको कानून एवम् अन्तर्राष्ट्रिय र नेपाली लेखा मापक (Accounting Standards) को परिधिमा विधान अनुसार दोहोरो लेखा प्रणाली अपनाई राखिने छ ।

१.४ संघको आय र व्ययमा सन्तुलन मिलाउनु कोषाध्यक्ष र अन्तर्राष्ट्रिय समन्वय परिषदको कर्तव्य हुनेछ ।

परिच्छेद - २
कोष व्यवस्था

संघको निम्न प्रकारका कोष हुनेछ;

२.१ **अक्षय कोष**

संघको दीर्घकालीन Sustainability (स्थायित्व) को लागि संघको पूंजीका रुपमा काम गर्नका लागि एक अक्षय कोष रहनेछ । यस कोषमा यसै कोषको प्रयोजनका लागि जम्मा गरिएको रकम राखिनेछ । यस कोषमा अरु प्रयोजनका लागि जम्मा भएको तर खर्च नभएको रकम अन्तर्राष्ट्रिय समनवय परिषदको निर्णयवाट जम्मा गर्न सकिनेछ । यो कोषको रकम संघको नियमित काममा खर्च गर्न पाइने छैन । तर संघको आय वृद्धिका लागि र संघको दीर्घकालीन पूंजी वृद्धिका लागि परिषदको निर्णयवाट लगानिका रुपमा यस कोषको रकम खर्च गर्न सकिनेछ ।

२.२ **साधारण कोष**

संघको नियमित कार्य संचालनकालागि एक साधारण कोष रहनेछ । सदस्यता शुल्क, संघलाई प्राप्त अनुदान, संघको अन्य विविध आम्दानी यस कोषमा जम्मा गरिनेछ । यस कोषको रकम सचिवालय संचालन र संघको अन्य नियमित कामका लगि खर्च गरिनेछ ।

२.३ **विशेष कोष**

खास परियोजना वा कुनै खास कामका लागि परिषदको निर्णयमा विशेष कोषको स्थापना गर्न सकिने छ । यस्तो कोषमा त्यही कामकालागि जम्मा भएको रकम राखिनेछ । बिशेष कोषको संचालन संघको विधान अनुसार अध्यक्ष तथा कोषाध्यक्ष को संयुक्त हस्ताक्षरबाट हुनेछ भने विशेष कोष सम्बन्धित टास्क फोर्सले तोकेको व्यक्ति वा समूहलाई अध्यक्ष तथा कोषाध्यक्षको मनोनितको रुपमा समेत सहभागी गराउन सकिने छ ।

संघको कोष संचालन:
संघलाई प्राप्त सवै रकम संघको उपयुक्त कोषमा आम्दानी जनाई बैकको उपयुक्त खातामा दाखिला गरिनेछ । संघमा प्राप्त हुन आएका नगद वा चेकका रकम सामन्यतया सकभर सोही दिन वा आगामी कार्यालय खुल्ने दिनमा बैंक दाखिला गराउनु पर्नेछ ।
संघको कोषहरुको व्यवस्थापन अध्यक्षको सहमतिमा कोषाध्यक्षले गर्नेछ । तर कुनै खास कामका लागि खडा भएको कोषको हकमा भने सो कार्यकालागि कार्यालय पदाधिकारी समितिले तोकेको व्यक्ति वा समुहले संचालन गर्न सक्नेछ । यसरी खास कोष संचालन भएमा कोषाध्यक्षलाई नियमित रुपमा विवरण दिनु पर्नेछ । (कम्तिमा महिनामा एक पटक)

परिच्छेद ३

बैक खाता

३.१ संघको कोष संचालनका लागि नेपालमा मान्यता प्राप्त क र ख वर्गका वित्तिय संस्थाहरुमा वैक खाता खोलिने छ ।

३.२ कुन वैकमा कस्तो खाता खोल्न भन्ने निर्णय कोषाध्यक्षको सिफारिसमा कार्यालय पदाधिकारी समितिले गर्नेछ ।

३.३ कोषको सवै बैक खाताको संचालन संघको विधानले तोके बमोजिम हुनेछ ।

परिच्छेद - ४
बजेट र बजेट खर्च गर्ने तरिका

४.१ संघको खर्च वजेट वनाई सोही वजेट अनुसार गर्नु पर्नेछ ।

४.२ प्रत्येक आर्थिक वर्ष शुरु हुनु कम्तिमा २ महिना पुर्व संघको कार्यकारी निर्देशकले कोषाध्यक्षको निर्देशानुसार संघको बार्षिक बजेट बनाई कोषाध्यक्षलाई पेश गर्ने छ । कोषाध्यक्षले सो बजेट कार्यालय पदाधिकारी समितिमा छलफल गरी अन्तर्राष्ट्रिय समन्वय परिषदमा छलफल तथा स्वीकृतिको लागि पेश गर्ने छ ।

४.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले पारित गरे बमोजिम सो बजेट लगू हुने छ ।

४.४ वजेट परित नभइसकेको कुनै अवस्था भएमा सचिवालय संचालनकालागि गत वर्षको सचिवालयको खर्चको मासिक परिमाणमा नबढ्ने गरी अध्यक्षको अनुमतिले कोषाध्यक्षले खर्च गर्न सक्ने छ ।

४.५ तर यसै अवधिमा कुनै विशेष कार्य गर्नु पर्ने भएमा कार्यालय पदाधिकारीले अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पछि स्वीकृति भए र गरे बमोजिम हुनेगरी खर्च गर्न स्वीकृति दिन सक्नेछ ।

४.६ बजेट बनाउँदा अघिल्लो आर्थिक वर्षको यथार्थ खर्च र चालू आर्थिक वर्षको अनुमानित खर्चको आधारमा आगामी वर्ष संचालन गरिने वार्षिक कार्यक्रमलाई समेत आधार मानी तयार गर्नु पर्नेछ ।

४.७ **रकमान्तर** : संघको स्वीकृत बजेटको एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने अधिकार कोषाध्यक्षको सिफारिसमा कार्यालय पदाधिकारी समितिलाई मात्र हुनेछ ।

४.८ **पुरक बजेट** : संघको स्वीकृत बार्षिक कार्यक्रम सहितको बजेटको कार्यन्वयनको सिलसिलामा विशेष कारण परी स्वीकृत बजेटबाट रकमान्तर गर्दा समेत बजेट नपुग हुन गएमा नपुग वजेटको व्यवस्था गरी पुरक बजेटका रुपमा अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गरी स्वीकृति लिनु पर्नेछ ।

परिच्छेद - ५
खर्च गर्ने तरिका

५.१ वजेटमा उल्लेख भएको हद सम्मको रकम सेवा वा वस्तु खरिद गर्न वा वजेटमा उल्लेख भएको कार्यमा खर्च गर्न सकिनेछ । खर्च गर्दा संभव भएसम्म संघलाइ कम व्ययभार पर्ने गरी खर्च गर्नु पर्ने छ ।

५.२ **खर्चको स्वीकृति**

सचिवालयका कर्मचारीको तलव भत्ता मसलन्द, टेलिफोन, विजुली इन्टरनेट महशुल जस्ता मासिक रुपमा गर्नुपर्ने खर्चको स्वीकृति बार्षिक बजेटमा व्यवस्था भएको रकमको अधिनमा रही लेखा अधिकृतको सिफारिसमा कार्यकारी निर्देशकले दिनेछ ।

५.३ अन्य खर्चको हकमा वजेटको परिधिमा रही रु. १०,००० (दश हजार) सम्म को खर्च कार्यकारी निर्देशकले, त्यो भन्दा माथि रु. १००,००० (एक लाख) सम्म कार्यकारी निर्देशकको सिफारिसमा कोषाध्यक्षले र सो भन्दा माथि रु ५००,०००(पाँच लाख) सम्म कोषाध्यक्षको सिफारिसमा अध्यक्षले गर्न सक्नेछन । यो भन्दा माथिको रकम खर्च गर्नु परेमा कार्यालय पदाधिकारी समितिबाट र्सविकृति लिनु पर्नेछ ।

५.४ खर्च भएका बिल भरपाई अनुमति दिनेले जांच गरी त्यसमा सही गरी प्रमाणित गरि दिनु पर्दछ । तर नेपाल वाहिर रहेका व्यक्तिले विद्युतिय माध्यम वाट दिएको अनुमति नत्थि गरी कार्यकारी निर्देशकले प्रमाणित गरिदिनेछ ।

५.५ लेखाको तोकिएका अधिकृतले आर्थिक कारोवारको आम्दानी वा खर्च हिसाब श्रेस्तामा प्रविष्ट गराउनु पर्दछ ।

परिच्छेद - ६
खरीद सम्बन्धी व्यवस्था

६.१ **सामान खरिदको व्यवस्था** :

संघको कार्यालयमा आवश्यक सामान सेवा र अन्य कुनै खरिद गर्दा परिच्छेद ६ मा भएको व्यवस्था अनुसार खर्च गर्न पाउने व्यक्तिको स्वीकृति प्राप्त गरी किफायती किसिमले खरिद गर्नु पर्छ । मालसामान खरिद गर्दा आदेश (अनुसुची १) बमोजिम लिएर मात्र खरिद गर्नु पर्छ ।

६.२ **सामान खरिद गर्दा :**

एक पटकमा रु. २५,००० (पच्चिस हजार) सम्मको सोझै बजारबाट खरिद गर्न सकिने छ । रु. २५,००० (पच्चिस हजार) माथि ५००,००० (पाँच लाख) सम्मको खरिद कोटेशनद्वारा गर्नु पर्ने छ । रु. ५००,००० (पाँच लाख) माथिको खरिद बोलपत्र मार्फत गर्नु पर्ने छ ।

द्रष्टव्य:

माथि नियम २ बमोजिम कोटेशनद्वारा सामान खरिद गर्दा कम्तिमा ३ वटा छुट्टा छुट्टै फर्म वा कंपनीको कोटेशन लिई सवभन्दा सस्तो दिने वाट खरिद गर्नु पर्ने छ ।

तर खास "ब्राण्ड नेम" एवं "एजेन्सी" लिएका फर्म/कम्पनी वाट खरिद गर्दा वा कला, डिजाइनमा आधारित सेवा, वस्तु खरिद गर्दा परामर्ष सेवा लिंदा वा सहजै रुपमा विभिन्न आपूर्तिकर्ता वाट हुने आपूर्तिमा स्तर एकै नहुने सेवा वा वस्तुको खरिद गर्नु परेमा आपसी संझौता (Negotiation) वाट खरिद गर्न सकिनेछ । यसरी आपसी संझौता (Negotiation) बाट खरिद गर्नु परेको अवस्थामा परिच्टछेद ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषाध्यक्षको स्वीकृति लिनु अपरिहार्य हुने छ ।

६.३ **सामान खरिद सम्बन्धी पेश्की:**

आवश्यक सामान तत्काल खरिद गर्नु पर्ने स्थिति आएमा कोषाध्यक्षको स्वीकृति लिई सचिवालयको कर्मचारीलाई पेश्की दिई खरिद गर्न लगाउन सकिने छ । सामान खरिद गर्न लिएको पेश्की सामान्यतया १५ दिन भित्र फरछयौट गर्नु/गराउनु पर्ने दायित्व पेश्की स्वीकृत गर्ने एवं पेश्की लिने कर्मचारीको हुने छ । विवरण पेश गरको ७ दिन भित्र पेश्की फरछयौट गर्नु पर्ने छ । पेश्की रकम अनुमानित रकम भन्दा बढी दिन पाईने छैन् ।

६.४ **व्यक्ति वा फर्मलाई दिइने पेश्की:**

कुनै कार्यको सिलसिलामा मालसामान खरिद गर्न वा सेवा उपलब्ध गर्न वा निर्माण सम्बन्धी कामको लागि कुनै व्यक्ति वा फर्मलाई आवश्यकता अनुसार सम्झौताबाट कोटेशनको आधारमा पेश्की दिन सकिने छ । उक्त पेश्की जुन कार्यको लागि लिएको हो सो कार्य पूरा गरे पछि अन्तिम भुक्तानी दिने बखतमा फरछयौट गरिने छ ।

परिच्छेद - ७
सम्पत्ति र त्यसको संरक्षण

७.१ **सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण:**

संघको कार्यालयमा रहेको नगद मौजदात, चेक, पूँजिगत दायित्व सम्बन्धी कागजात र त्यसको श्रेस्ता लेखा आधिकृतमा रहने छ । जिन्सी मालसमान तथा तत् सम्बन्धी श्रेस्ता तोकिएको कर्मचारीको जिम्मामा रहने छ।

कार्यालयको कामका लागि खरिद गरी वा नगरी प्राप्त भएका (दान, बकस वा सहयोगको रुपमा प्राप्त) जिन्सी मालसामान सर्वप्रथम स्टोर (भण्डार) मा दाखिला गर्नु पर्छ र सो सामानको संवन्धित कर्मचारीले (भण्डारको रेखदेख गर्ने) लगत खडा गरी आफ्नो जिम्मामा लिनु पर्छ ।

लगत खडा गरी राखिएको जिन्सी मालसमानको हानी नोक्सानी नहुने गरी संरक्षण र सम्भार गर्ने उत्तरदायित्व उक्त कर्मचारीको हुने छ ।

७.२ **निरीक्षण गर्ने :**

कोषाध्यक्ष आफैले वा कार्यकारी निर्देशकले समय समयमा जिन्सी, नगद र सम्पत्तिको निरीक्षण गर्नु पर्छ । यसरी निरीक्षण गर्दा हिसाब किताब लगत श्रेस्ता आदि स्पष्ट नभएको र जिन्सी मालसामान हानी नोक्सानी वा हिनामिना भएको देखिएमा सो कस्को लापरवाही बाट हिनामिना हुन गएको हो सो छानविन गरी दोषी कर्मचारी माथि विभागीय कारवाही गर्नु पर्छ । तर कुनै मालसामान कर्मचारीको लापरवाही बाट टुटफुट वा नोक्सानी हुन गएको नभई अन्य कुनै कारणबाट हुन गएको रहेछ भने कार्यकारी निर्देशकले मिन्हाको लागि कोषाध्यक्ष समक्ष पेश गर्नु पर्ने छ ।

परिच्छेद ८
बुझ बुझारथ

८.१ संघको नगद वा जिन्सी जिम्मा लिने वा हिसाब किताब वा वही खाता लगत श्रेस्ता आदिको जिम्मा लिने कर्मचारीले सो कामबाट अलग हुँदा तोकी दिएको कर्मचारीलाई बुझबुझारथ गर्नु पर्ने छ ।

८.२ माथिको नियम बमोजिम बुझ बुझारथ नगद, जिन्सी मालसामान, हरहिसाबको लगत श्रेस्ता आदिको हानी नोक्सानी वा हिनामिना भएको देखिएमा त्यस्ता हानी नोक्सानी वा हिनामिना जसको लापरवाहीबाट हुन गएको हो सो कर्मचारी माथि विभागीय कारवाही गरिने छ ।

८.३ **बुझ बुझारथको प्रमाण :**

बुझ बुझारथको काम सकेपछि कार्यकारी निर्देशकले दिएको अधिकार प्राप्त अधिकृतले बुझ बुझारथको प्रमाण पत्र दिनु पर्ने छ ।

परिच्छेद - ९

विविध

९.१ संघको आर्थिक वर्ष : सामान्यतया संघको आर्थिक वर्ष अंग्रेजी क्यालेण्डर अनुसार (जनवरी-डिसेम्वर) हुने छ ।

९.२ संघको सम्पूर्ण आर्थिक कारेवारको लेखापरीक्षण संघको अन्तर्राष्ट्रिय समन्वय परिषदले नियुक्ति गरेको नेपाल सरकारको संवन्धित निकायमा दर्ता भएको रजिष्टर्ड लेखापरीक्षकद्वारा गराईने छ । यस्तो लेखा परीक्षण आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र गराईसक्नु पर्नेछ र ३ महिना भित्र लेखा परीक्षण हुन नसके कोषाध्यक्षको सिफारिशमा कार्यालय पदाधिकारी समितिले अर्को तिन महिना म्याद थप्न सक्नेछ । यसरी तीन महिना म्याद थप्दा पनि लेखा परीक्षण सम्पन्न हुन नसके कोषाध्यक्षले सो को जानकारी अन्तर्राष्ट्रिय समन्वय परिषदलाई गराउनु पर्ने छ र अन्य म्याद थप अन्तर्राष्ट्रिय समन्वय परिषदले भने गरे बमोजिम हुनेछ ।

९.३ लेखापरीक्षकले हेर्न चाहेको आर्थिक कारोवार, कोषको स्थिति एवं विवरण, श्रेस्ता सबै लेखापालले देखाउनु पर्ने छ ।

९.४ **लिलामः**

रु. पांच लाख भन्दा बढीको संघको स्थिर सम्पत्तिको प्राप्ति, बेच बिखन वा लिलाम गर्नु परेमा अन्तर्राष्ट्रिय समन्वय परिषदको स्वीकृति लिनु पर्ने छ । सो भन्दा कम मूल्य पर्ने सम्पत्तिको हकमा पदाधिकारी समितिको स्विकृतमा सचिवालयले गर्न सक्ने छ । लिलाम विक्रि भएको सामानहरु जिन्सीबाट लगत कट्टा गर्नु पर्दछ ।

९.५ **मिन्हाः**

सुखन चुहन या जर्ती जाने सामानमा र टुटफुट भई खेर जाने सामानमा कोषाध्यक्षले मिन्हा दिन सक्नेछ । मिन्हा दिने निर्णय भएपछि उक्त सामान श्रेस्ताबाट लगत कट्टा गर्नु पर्दछ ।

९.६ **चन्दाः**

स्वीकृत बजेट भित्र रही संघले कुनै व्यक्ति/फर्म या संस्थालाई चन्दा दिन पर्ने भएमा स्वीकृत बजेट बाट कोषाध्यक्षले रु. ३, ००० र अध्यक्षले रु. ५,००० सम्ममाको चन्दा प्रदान गर्न सक्नेछन् । रु. ५,००० भन्दा बढीको हकमा स्वीकृत बजेट भित्र रही कार्यालय पदाधिकारी समितिले निर्णय गर्न सक्नेछ ।

९.७ **आयः**

संघको आय बढाउन अन्तर्राष्ट्रिय समन्वय परिषदको स्वीकृतमा कोषाध्यक्षले सचिवालयलाई आय आर्जन गर्ने कार्य गराउन सक्ने छ ।

९.८ **सानो नगदी कोषः**

दैनिक कार्यमा हुने खर्चको लागी रु. १०,००० (दश हजार) सम्मको सानो नगदी कोषको व्यवस्था गर्न सकिने छ । सो सानो नगदी कोष संघको लेखा अधिकृत वा कोषाध्यक्षले तोके बमोजिमको व्यक्तिको जिम्मामा रहने छ ।

९.९ **विशेष सेवा प्राप्त गर्नेः**

संघले कुनै विषयमा अध्ययन, सर्भेक्षण तथा अनुसन्धान गराउन लेख, किताब तथा पुस्तिका लेखाउन, प्रवचन गराउन, तालिम दिलाउन वा परामर्श सेवा प्राप्त गर्न परेमा सो विषयमा ज्ञान र दक्षता भएका व्यक्ति, कम्पनी वा फर्मबाट स्वीकृत बजेट भित्र रही रु. १००,००० (एक लाख) सम्म कोषाध्यक्षको स्वीकृती लिएर खर्च सकिने छ । यो भन्दा माथिको रकमकालागि स्विकृत बजेट भित्र रहने गरी कार्यालय पदाधिकारी र बजेट बाहिर रकमको हकमा अन्तर्राष्ट्रिय समन्वय परिषदको स्विकृति आवस्यक हुनेछ ।

९.१० **अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी समितको अधिकारः**

यो नियमावली व्याख्या गर्ने सम्पूर्ण अधिकार विधान समितिमा सुरिक्षित हुनेछ र आवश्यकता अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषदले विधानसंग नबाझीने गरी यो नियमावलीमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको सम्पत्ति र आय व्यय को जाँच गर्न समितिका सदस्यहरु मध्ये वाट कुनै व्यक्तिलाई तोक्न सक्नेछ । यस्ता व्यक्तिलाई संघको सम्पत्ति र आय व्ययको सबै विवरण दिनु सबै लेखा अधिकृत लगायत सबै कर्मचारीको दयित्व हुनेछ ।

अनुसुची - १
गैरआवासीय नेपाली संघ
खरीद आदेश

श्री .....
तपशिलमा उल्लेखित मालसामानहरु आवश्यक परेकोले सो खरिद गर्न स्वीकृतिका लागी पेश गरेको छु ।

क्र.सं	सामानको विवरण	प्रति सामा मुल्य	ईकाइ (गोटा)	अनुमानित दर	जम्मा लाग्ने औसत मुल्य	मौजाद सामान
		जम्मा:				

.....
माग गर्नेको दस्तखत

नाम:
पद :

मौज्दात भए मौज्दातबाट दिने । सकभर किफायति किसिमले सामान खरिद गर्ने स्वीकृती गरिन्छ ।

सिफारिश गर्ने अधिकृत
नाम:
पद

स्वीकृत दिने प्रमुख
नाम:
पद:

संघका पदाधिकारीहरुको लागि आचारसंहिता

Code of Conduct for the
Non-Resident Nepali Association
(Approved at the Third Global Conference, Kathmandu)

I. Introduction:

The Non-Resident Nepali (NRN) Association is a **non-political**, non-profit and voluntary international organization. It was established in October 2003 during the First NRN Global Conference held in Kathmandu. The purpose of its establishment is the promotion and protection of the interest of NRN community worldwide and to support the overall development of Nepal.

The Mission of the NRNA is to make Nepal a peaceful, prosperous and a developed country. The NRNA is guided by the motto **For Nepali By Nepali.**

The main objectives of the Association are to:

1) Promote Nepal and protect the interest of NRN community worldwide;
2) Establish global networking and coordinate with all Nepali Associations worldwide;
3) Establish and develop partnership with the Government of Nepal and Nepali business community for investing NRN human and capital resources for socio-economic development of Nepal;
4) Promote Nepali culture, art, literature and tourism in foreign countries; and
5) Be catalyst for attracting direct foreign investment in Nepal.

II. NRN- A Global Movement

Since its establishment in October 2003, NRN has progressed as a Global Movement. NRN's national chapters, which are called as "National Coordination Council (NCC)" have been established in many countries, outside of SAARC.

Realizing its rapid progress in worldwide networking and to better coordinate among the NCCs, the International Coordination Council (ICC) of the NRN Association felt it necessary to adopt the **"NRN Code of Conduct".**

The Code of Conduct aims to make the NRN community united, stronger and disciplined, and to transform the NRN from movement to a Global Organization.

III. Code of Conduct

The NRN Code of Conduct should read as follows:

1. Title and Commencement:

a. This Code of Conduct shall be called "**Code of Conduct**" for the Non-Resident Nepali Association.

b. It shall be applicable to all the members of the International Coordination Council (ICC) and National Coordination Councils (NCCs) of the NRN Association globally.

2. Definition:

Unless and otherwise stated differently, in this code of conduct, the following shall mean:

a. "Association" means the Non-Resident Nepali Association established in October 2003 with its headquarters in Kathmandu, Nepal.

b. "ICC" means International Coordination Council, which is executive body of the NRN Association.

c. "NCC" means National Coordination Councils of the NRN Association established in foreign countries, which may be registered in accordance with the local laws of the resident country.

d. "Officials" mean the office bearers of the ICC and NCCs.

e. "Members" mean the official members of the ICC and NCCs.

f. "General Members" mean those NRNs, who have been residing in foreign countries for more than 182 days in a given year, except for SAARC countries. This also includes People of Nepali Origin who have obtained foreign citizenship.

g. "Registered Members" mean those NRNs, who have been registered with any NCC in foreign countries.

3. Purpose of the Code of Conduct:

a. NRN is a non-political, voluntary and non-profit international organization representing all the Non-resident Nepalis living in foreign countries, except in SAARC countries, for more than 182 days in a given year. The 'people of Nepali origin' (PNO), who have obtained foreign citizenship, is also called as NRN.

b. This Code of Conduct aims to provide an ethical framework for all the 'Officials' and 'Members' of the ICC and NCCs. It is preferable that 'Registered as well as General Members' of the NRN Association also follow this Code of Conduct.

4. Responsibility and Obligation:

a. Officials and Members of the ICC and NCCs shall be fully responsible individually and collectively for implementing all the decisions and activities undertaken by the NRN Association.

b. No Officials or Members shall speak, write or conduct against the interest of the NRN Association.

c. The Officials and Members shall refrain from making any political statement and involving themselves in political activities during their tenure in ICC and NCCs.

d. They shall also be responsible to the Registered and General Members of the NRN Association.

5. Spirit of Volunteerism:

a. Officials and Members of the Association shall be directed by inherent spirit of volunteerism.

b. They shall not be paid any kind of salaries or allowances for the time they have devoted or for the works they have undertaken for the Association during the term of their office. They can, however, claim the reimbursement of the expenses incurred for official purposes.

c. The above Clause will not be, however, applicable to the full/part time officials of the NRN Secretariat of the ICC and NCCs.

6. Impartiality, Neutrality and Independence:

a. The ICC and NCCs shall disburse its financial resources only for the official purposes and activities, as decided and agreed upon by the ICC and respective NCCs.

b. Officials and Members shall uphold the principle of impartiality, neutrality and independence in their activities, as per the international norms and standards.

7. Ethics:

a. Officials and Members shall act to achieve the objectives and interest of the NRN Association. Any act against this shall be considered as unethical.

b. Property and resources of the Association shall be used only for its official purposes. Private use of property and resources shall be considered unethical.

c. Officials and Members shall refrain from any personal criticism (either in person or in writing) against other Members/General and Registered Members.

d. They shall not be involved in direct political criticism against the country of residence as well as of Nepal.

e. Due respect and courtesy shall be offered to officials/members, registered and general members of the Association. They shall not disseminate false information against any individual, agency, association or government.

8. Partnership:

a. The NRN Association is committed to working in partnership, in collaboration and complementarily with individuals, associations/agencies, governments, international organizations and financial institutions, aiming to contribute to the financial investment as well as for overall development of Nepal.

b. The Association is also committed to learning and working together with other Diaspora, such as, Non-Resident Indian (NRI), Overseas Pakistains, Non-Resident Bangladeshi (NOB), Non-Resident Sri Lanka (NRSL), etc.

9. Confidentiality:

Whilst endeavoring to open and transparent, the Officials and Members of the ICC and NCCs shall be committed to maintaining confidentiality of the respective Association.

10. Accountability:

Officials and Members shall be morally responsible to the General Assembly of the respective Association. Whilst the NRN Association shall be bound by the law of Nepal, the NCCs shall be bound by the Constitution of NRNA and the local laws of the country, where it is registered.

अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य मनोनयन सम्वन्धि नियमावली २०१३

१. **प्रस्तावना**

गैरआवासीय नेपाली संघको विधानको धारा २२.१४.१ अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषदले मनोनयन गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुको मनोनयन प्रकृया, मनोनित सदस्यहरुको काम, कर्तव्य र अधिकार यस नियमावली अनुसार हुनेछ ।

२. **नाम र प्रारम्भ**

यस नियमावलीको नाम **"अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य मनोनयन सम्वन्धी नियमावली २०१३"** रहने छ । यस नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषदले पारित गरे पछि लागु हुन्छ ।

३. **मनोनयन प्रकृया र योग्यता**

३.१ विधानको धारा धारा २२.१४.१ मा उल्लेख भए वमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषदले कम्तिमा ५ जना महिला सहित बढीमा १५ जना सम्म सदस्यहरु मनोनित गर्न सक्नेछ । यी सदस्यहरुको पदावधि मनोनयन गर्ने चालू अन्तर्राष्ट्रिय समन्वय परिषदको पदावधि समाप्त भएपछि स्वतः समाप्त हुनेछ ।

३.२ अन्तर्राष्ट्रिय समन्वय परिषदले कुन कुन भौगोलिक क्षेत्रबाट कतिजनाको मनोनयन गर्ने तत्कालिन विज्ञहरुको आवश्यकता अनुसार निर्णय गर्नेछ ।

३.३ विधानको धारा २२.१४.१ बमोजिम विभिन्न विषयहरुमा संघको केन्द्रीय तहमा रही योगदान गर्न सक्ने जुन सुकै गैरआवासीय नेपालीलाई मनोनित गर्न सक्नेछ । तर मनोनित हुने सदस्य निज बसेको देशको राष्ट्रिय समन्वय परिषदको पर्ञ्जिकृत सदस्य रहेको अनिवार्य हुनु पर्नेछ । राष्ट्रिय समन्वय परिषद स्थापित नभएका देशमा बस्नेको हकमा निजले विधानको धारा ९.१ अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पञ्जिकृत सदस्यता प्राप्त गरेको हुनु पर्नेछ ।

३.४ रीष्ट्रिय अधिवेशनको निर्वाचनमा पराजित, अन्तर्राष्ट्रिय समन्वय परिषदको सदस्य वा पदाधिकारी पदमा पराजित व्यक्ति सोही पदमा सोही कार्यकालका लागि मनोनित हुन सक्ने छैन ।

३.५ अन्तर्राष्ट्रिय समन्वय परिषद अध्यक्षले मनोनयनकालागि सदस्यहरुको प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा प्रस्तावित गर्नेछ । मनोनयनलाई पारदर्शी बनाउन प्रस्तावित सदस्यहरुको व्यक्तिगत विवरण, अनुभव, विशेषज्ञता र उनीहरुले अन्तर्राष्ट्रिय समन्वय परिषदमा पुऱ्याउन सक्ने योगदानको विवरण बैठक भन्दा कम्तिमा सात दिन पूर्व अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नु पर्ने छ ।

३.६ मनोनयको लागि अध्यक्षले सम्वन्धित क्षेत्रिय संयोजक मार्फत राष्ट्रिय समन्वय परिषदसंग परामर्श गर्न सक्नेछ तर उनीहरुबाट आएको राय स्वीकार गर्नु बाध्यता हुने छैन् ।

५. **मनोनित सदस्यको काम र कर्तव्य**

५.१ मनोनित सदस्यको हैसियत निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य बराबर हुनेछ तर उनीहरुको कार्यक्षेत्र भने फरक हुनेछ ।

५.२ विधानको धारा २२.१४.२ मा उल्लेख भए अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषदले मनोनित सदस्यहरुको जिम्मेवारी तोक्नेछ भने निर्वाचित सदस्यको काम र कर्तव्य विधानको धारा २२.१३ अनुसार हुनेछ ।

५.३ मनोनित सदस्य सम्वन्धित राष्ट्रिय समन्वय परिषदको वैठकमा आमन्त्रित सदस्यको रुपमा भाग लिन पाउने छ तर मतदानको अधिकार रहने छैन् । राष्ट्रिय समन्वय परिषदले निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुलाई जस्तै मनोनित सदस्यहरुलाई बैठकको सूचना अनिवार्य रुपमा गराउनु पर्ने छ ।

५.४ सदस्यहरुको मर्यादाक्रम निजहरुले पहिले संघमा वहन गरेको पदिय दायित्व र निजको संघमा आवद्ध समयको आधारमा निर्धारण गरिने छ ।

॥समाप्त॥

गैरआवासीय नेपाली संघ
अनुशासन समितिको कार्यव्यवस्था सम्बन्धि विनियमावली २०११ (२०१३ मा संशोधित)

प्रस्तावना :

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरु, सदस्यहरु, विभिन्न मुलुकहरुमा रहेका राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु एवं सदस्यहरु एवं संघसंग आवद्ध अन्य व्यक्तिहरुलाई गैरआवासीय नेपाली संघको विधान, नियमावली, आचारसंहिताको पालना गर्न गराउन, सदस्यहरुको मर्यादा बढाउन वाञ्छनिय भएकोले गैरआवासीय नेपाली संघको विधानको परिच्छेद ९ को धारा ३० बमोजिम अनुशासन समितिले तपसील अनुसार समितिको बैठक प्रकृया एवं कार्य प्रणाली बनाई जारी गरेको छ ।

१. **नाम र प्रारम्भ :**

यस नियमावलीको नाम **"गैरआवासीय नेपाली संघ अनुशासन समितिको कार्यव्यवस्था सम्बन्धी विनियमावली २०११"** रहने छ । यस विनियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट अनुमोदन भएको दिन देखी लागु हुनेछ ।

२. **समितिको निर्माण** : संघको विधानको धारा ३० अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषदले एक अनुशासन समितिको गठन गर्नेछ । समितिमा एक सभापति सहित आवश्यक अनुसार सदस्यहरु रहने छन् । सदस्यहरुको चयन अन्तर्राष्ट्रिय समन्वय परिषदले गर्ने छ वा चयन गर्न समितिको संयोजकलाई आग्रह गर्न सक्नेछ ।

३. **बैठक** : समितिलाई कुनै व्यक्ति मार्फत वा सचिवालय मार्फत उजुरी प्राप्त भएको मितिबाट ३० दिन भित्र सभापतिले अनिवार्य रुपमा समितिको वैठक आव्हान गर्नुपर्ने छ ।

४. **बैठकको निर्णय** : सामान्यतया बैठकको निर्णय सहमतिमा गरिने छ । कारणबश सहमति हुन नसकेमा निम्न बमोजिमको प्रकृया अपनाइने छ :

४.१ कार्यविधि सम्बन्धमा उपस्थित समितिको सदस्यहरुको सामान्य बहुमतले छनोट गर्नेछ ।

४.२ सभापतिले समितिको निर्णय आवश्यक पर्ने समय भन्दा ढिलो नगरिकन सामान्य बहुमतबाट पारीत भएमा सो निर्णयको कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषदका अध्यक्ष समक्ष स्वीकृतीको लागि पेश गर्ने छ ।

४.३ यदि समितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष माथि नै उजुरी पर्न आएमा र निर्णय गर्नु पर्ने भएमा सो निर्णय माथि स्वीकृतीदिने व्यक्ति संघको प्रमुख संरक्षक हुनेछ ।

५. समितिले कुनै पनि उजुरी सम्बन्धमा थप छानविन गर्न पर्ने देखिएमा सभापति स्वंयले, कुनै विज्ञ अथवा समितिका कुनै सदस्यलाई अनुसंधान अधिकृत तोक्न सक्नेछ । त्यस्तो अनुसंधानको प्रतिवेदन प्राप्त भएपछि समितिले धारा ५ को उपधारा ५.२ बमोजिम प्रकृया अगाडी बढाउने छ ।

६. **गोप्यता कायम** :

समितिमा परेको उजुरी, त्यस सम्बन्धि निर्णय लगायत अन्य कार्यहरुमा प्रकृयागत रुपमा टुंगो नलागे सम्म सबै कार्यहरु गोप्य रहने छ । उजुरीको निर्णय नभए सम्म उजुरीको बारेमा कुनै पनि टिप्पणी र छलफल सार्वजनिक रुपमा गरिने छैन ।

७. **बैठक सम्बनधि प्रकृया** :

७.१ यस विनियममा नपरेका कुराहरु गैरआवासीय नेपाली संघको विधान, नियमावली तथा आचार संहिताको आधारमा समितिले निर्णय गरे बमोजिम हुने छ ।

७.२ समितिका कुनै सदस्यहरुको पद रिक्त भएमा बांकी अवधिको लागि रिक्त पदमा सभापतिले मनोनयन गर्न सक्नेछ ।

७.३ समितिको बैठकको अध्यक्षता सभापतिले गर्ने छ । सभापतिको अनुपस्थितिमा जेष्ठताको आधारमा सदस्यहरु मध्येबाट सभापतिको चयन गरिने छ ।

७.४ समितिको एउटा निर्णय पुस्तिका अथवा विद्युतिय पुस्तिका हुने छ । जसको प्रमाणित सभापतिले गर्नु पर्ने छ ।

७.५ समितिको राय, प्रतिवेदन र निर्णय कम्प्युटरको वर्ड फायलमा लेखिने छ । उक्त फायलको प्रतिलिपि इमेल अथवा हुलाक मार्फत जानकारी गराइने छ । जानकारी गराउँदा उजुरी सम्बन्धी गोप्यता कायम रहनु पर्ने छ । समितिको कुनै पनि सदस्यले वा सम्बन्धीत व्यक्तिहरुले गोप्यता भंग गर्न पाउने छैन ।

८. **उजुरी सम्बन्धमा देहायको कार्य प्रणाली अपनाइने छ** :

८.१ उजुरीकर्ताले समितिको सभापति वा सदस्यहरुलाई इमेल मार्फत वा आफूलाई सजिलो लाग्ने उपयुक्त माध्यमबाट उजुरी दर्ता गर्न गराउन सक्ने छ । उजुरीकर्ताले आफ्नो नाम, ठेगाना, परिचय संलग्न गर्नु पर्ने छ ।

८.२ उजुरकर्ताले उजुरी गर्दा ठोस प्रमाणहरु पेश गर्नु पर्ने छ । आवश्यक परेमा उजुरकर्तासंग समितिले थप अनुसंधानका निम्ति कुनै कुरा बुझ्न, पेश गर्न गराउन एवं प्रमाणित गर्न लगाउन सक्ने छ ।

८.३ उजुरी परेको एक हप्ता भित्र समितिका सभापतिले अन्य सदस्यहरुलाई उजुरीको प्रतिलिपि संलग्न गरी जानकारी पठाउनु पर्ने छ ।

८.४ उजुरकर्ताले गरेको उजुरी उपर समितिले सो उजुरी सान्दर्भिक, जायज वा उपयुक्त छ, छैन, त्यसले संस्थाको छविमा आँच आउने हो, होइन आदिमा पुनरविचार गरी कारवाही अघि बढाउने वा नबढाउने निर्णय गर्न सक्नेछ ।

८.५ म्याद सूचना जारी गर्दा इलेक्ट्रोनिक सञ्चार माध्यम ईमेल, फ्याक्स वा अन्य छिटो हुने उपयुक्त साधनको प्रयोग सुरक्षित रुपमा गर्न सकिने छ ।

८.६ समितिमा पर्न आएको उजुरी सम्बन्धमा सम्बन्धित व्यक्ति, संस्था तथा आवश्यक निकायसंग समितिले यथार्थ बस्तुस्थिति बुझ्न सक्ने छ ।

८.७ उजुरी परेको व्यक्ति वा संस्था स्वयंले अथवा आधिकारिक प्रतिनिधि मार्फत समिति समक्ष आफ्नो प्रतिवाद प्रमाण सहित पेश गर्न सक्नेछ ।

८.८ उजुरकर्ता र उजुरी परेको व्यक्तिको भनाईको सुनवाई समितिले तोके बमोजिम हुनेछ र समितिले माध्यम तोक्दा सबै पक्षलाई सहज रुपमा पहुँच हुनसक्ने माध्यम तोक्न सक्ने छ ।

८.९ सुनुवाई हुने दिन सभापतिको निर्देशन अनुसार सदस्य सचिवले तोक्ने छ ।

८.१० सुनुवाई हुने दिनका सम्वन्धमा समितिका सदस्यहरुलाई सात दिन अगावै इमेल मार्फत जानकारी गराईने छ ।

८.११ सुनुवाई सकिए पछि समितिले ठोस राय सहितको निर्णय गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका अध्यक्ष समक्ष हस्ताक्षरका लागि पठाउनु पर्नेछ ।

८.१२ समितिले पठाएको राय प्राप्त भएको १५ दिन भित्र अन्तर्राष्ट्रिय समन्वय परिषदको अध्यक्षले निर्णय माथि स्वीकृती प्रदान गर्न सक्ने छ वा पुर्नविचारको लागि एक पटक सम्म समितिमा फिर्ता पठाउन सक्ने छ ।

८.१३ उजुरीकर्ताले बदनियत पूर्वक उजूरी गरेको ठहर भएमा निजलाई मुद्दाको प्रकृति अनुसन्धानमा लागेको आर्थिक खर्चको क्षतिपूर्ती गर्ने वा निलम्वन र निष्कासन समेत गर्न सक्ने छ ।

८.१४ अनुशासन समितिले गरेको निर्णय अन्तिम हुने छ । सो निर्णय सम्बन्धि जानकारी सरोकारवालालाई सभापति वा सदस्य सचिव मार्फत यथाशीघ्र गराईने छ ।

९. **कार्वाही सम्बन्धि व्यवस्था** :

समितिले दोषीलाई आचारसंहिताको कसुरको प्रकृति हेरेर जरीवाना, केही समयकोलागि निलम्वन र निष्कासन समेत गर्न सक्ने छ ।

॥समाप्त॥

गैरआवासीय नेपाली संघ
निर्वाचन सम्बन्धि नियमावली २०१३
(संशोधन सहित)

प्रस्तावना :

गैरआवासीय नेपाली संघको विभिन्न तहमा हुने निर्वाचन प्रकृयालाई सुव्यवस्थित, मर्यादित र समय सापेक्ष बनाउन वाञ्छनिय भएकोले गैरआवासीय नेपाली संघको विधानको दफा २१ बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचन एवं मतदान सम्बन्धि कार्य सम्पादन प्रणाली बनाई जारी गरेको छ ।

१. **नाम र प्रारम्भ :**

यस नियमावलीको नाम "**गैरआवासीय नेपाली संघ निर्वाचन सम्बन्धी नियमावली २०१३ (२०१५ को संशोधन सहित)**" रहने छ । यस नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले पारित गरे पछि लागु हुनेछ ।

२. **निर्वाचन समितिको गठन**

निर्वाचन सम्पन्न गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विधानको उपदफा २१.१ मा उल्लेख भए बमोजिम निर्वाचन हुनु भन्दा कम्तिमा ३ महिना पहिले एक जना निर्वाचन आयुक्त सहित बढिमा ५ जना सदस्यहरु रहेको निर्वाचन समिति गठन गर्नेछ । निर्वाचन समितिले आवश्यकता अनुसार निर्वाचन समितिको सल्लाहकार वा अन्य प्राविधिक सहयोग गर्नका लागि सदस्यहरुको मनोनयन गर्न सक्ने छ । तर सल्लाहकार र यस्ता सदस्यहरुको समितिको निर्णय प्रकृयामा मताधिकार रहने छैन ।

३. **निर्वाचन समितिको काम कर्तव्य र अधिकार:**

निर्वाचन समितिलाई निर्वाचन सम्पन्न गर्नका लागि देहायका कार्यहरु सम्पन्न गर्ने अधिकार रहेको छ :

३.१ निर्वाचनलाई व्यवस्थित बनाउनको लागि विधान र नियमावलीको अधिनमा रही आवश्यक्ता अनुसार निर्वाचन आचारसंहिता, नियमहरु, कार्यविधि बनाउने ।

३.२ निर्वाचानको कार्यतालिका बनाई सचिवालयको कार्यालय तथा सञ्जालमा सूचना प्रवाह गर्ने ।

३.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले उपलव्ध गराएको मतदाता नामावली रुजु गर्ने र यसलाई वैधता दिने ।

३.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्को परामर्शमा मनोनयन शुल्क तोक्ने ।

३.५ मतदान सकिए पछि मतदानको गणना गर्नको लागि आवश्यक कर्मचारीहरु तथा उम्मेद्वारका प्रतिनिधिहरुलाई सहभागी गराउन सक्ने छ ।

३.६ आवश्यक परे कुनै पदहरुमा मतगणना दोहोऱ्याउन सक्ने छ ।

३.७ निर्वाचन सम्वन्धी कुनै विवाद आएमा वा अस्पष्टता भएमा निर्वाचन समितिको निर्णय नै अन्तिम मानिनेछ ।

३.८ निर्वाचन समितिका आयुक्त वा सदस्यहरु निर्वाचनमा उम्मेद्वार हुन योग्य हुने छैनन् ।

३.९ निर्वाचनको परिणाम घोषणा भए पछि पदाधिकारीले शपथ गरे ~~पछि~~ लगत्तै निर्वाचन समिति भंग हुनेछ । भंग भएको घोषणा आयुक्तले गर्नेछ ।

४. **मतदाता नामावली र परिचयपत्र**

४.१ अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भागलिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्हरुले विधानको दफा १३.८ बमोजिम आफ्ना प्रतिनिधिहरु चयन गर्ने छन् । विधानमा प्रावधान भए अनुसार कुनै एक राष्ट्रिय समन्वय

परिषद्हरुबाट छानिने प्रतिनिधिहरुको संख्या त्यस देशमा बसोबास गर्ने वहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी एवं सदस्यहरु बाहेक अधिकतम १०० हुनेछ ।

४.२ राष्ट्रिय समन्वय परिषद्हरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको समय भित्र तोकेको सदस्यता शुल्क सहित पञ्जिकृत सदस्यहरुको नामावली र महाधिवेशनको निर्वाचनमा भागलिने प्रतिनिधिहरुको नामावली गैरआवासीय नेपाली संघको सचिवालयमा अन्तर्राष्ट्रिय महाधिवेशन हुनु भन्दा १ महिना पहिले पठाइसक्नु पर्ने छ ।

४.३ अन्तर्राष्ट्रिय महाधिवेशन र मतादानमा सहभागी हुनकोलागि नीजले माथिको दफा ४.२ मा उल्लेख भएबमोजिमको पंजिकृत सदस्यता शुल्कका साथै अन्तर्राष्ट्रिय समन्वय परिषद्ले महाधिवेशनको लागि तोकेको दर्ता शुल्क अनिवार्य रुपमा बुझाएको हुनुपर्नेछ ।

४.४ राष्ट्रिय समन्वय परिषद् गठन नभएका मुलुकहरुका व्यक्तिले माथिको दफा ४.३ बमोजिम दर्ता शुल्क तिरी पर्यवेक्षकको रुपमा महाधिवेशनमा भाग लिन पाउने छन् तर उनीहरुले निर्वाचनमा मतदान गर्न वा कुनै पनि पदमा उम्मेदवार बन्न पाउने छैनन् ।

४.५ गैरआवासीय नेपाली संघको सचिवालयले विभिन्न राष्ट्रिय समन्वय परिषद्बाट आएको मतदान अधिकार सहितका प्रतिनिधीहरुको नामावली निर्वाचन समितिलाई निर्वाचन हुने मिति भन्दा १४ दिन अगाडि उपलब्ध गराइसक्नु पर्ने छ । उक्त नामावली निर्वाचन समितीले रुजु गरी दावा विरोधको प्रकृयामा लैजानेछ र वैधता दिनेछ ।

४.६ विधानको दफा १३.८ अनुसार वहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरुको मतदानको अधिकार स्वत : रहने छ । तर उनीहरुको गैरआवासीय नेपालीको हैसियत विधानको उपदफा ५.१ अनुसार कायम रहेको हुनु पर्नेछ र उनीहरुले पंजिकृत सदस्यता नविकरण गरी तोकेको सदस्यता शुल्क तिरेको हुनु पर्ने छ ।

४.७ योग्य मतदाताहरुलाई निर्वाचन समितिले एक मतदाता परिचयपत्रको व्यवस्था गर्ने छ । पर्यवेक्षकहरुलाई मतदाता परिचयपत्र भन्दा भिन्न खालको परिचयपत्रको व्यवस्था गर्नु पर्ने छ । महाधिवेशन हलमा प्रवेश गर्न परिचयपत्र वा मतदानपत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ । मतदानमा भाग लिन यस परिचयपत्रको साथमा सम्वन्धित देशमा विधानको उपदफा ५.१ अनुसार बसोबास गरेको प्रमाणित हुने कागजात देखाउनु पर्ने छ । यस्ता कागजातहरुमा राहदानी, त्यस देशको चालक अनुमतीपत्र, स्थायी बसोबास पत्र वा निर्वाचन समितिले तोकेको अन्य परिचयपत्रलाई मान्न सकिनेछ ।

५. निर्वाचित हुने पदहरु:

५.१ अन्तर्राष्ट्रिय महाधिवेशनमा संघको विधानको दफा २१.२ मा उल्लेख भए बमोजिम देहायका कूल ११ पदहरुमा २२ जना कार्यालय पदाधिकारीहरुको निर्वाचन सम्पन्न हुनेछ:

सि.नं.	पद	पद संख्या
१.	अध्यक्ष	१
२.	उपाध्यक्ष	२
३.	महासचिव	१
४.	सचिव	१
५.	कोषाध्यक्ष	१
६.	महिला संयोजक	१
७.	युवा संयोजक	१
८.	महिला उपसंयोजक	१
९	युवा उपसंयोजक	१
१०.	क्षेत्रीय संयोजक	६
११.	क्षेत्रीय उपसंयोजक	कम्तिमा ६ (दश भन्दा कम एनसिसि भएका क्षेत्रमा १ जना र दश वा दश भन्दा बढी एनसिसि भएका क्षेत्रमा २ जना)
	कूल संख्या	**२२**

५.२ राष्ट्रिय समन्वय परिषद्हरुले अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुनु भन्दा बढिमा ६ महिना र घटिमा एक महिना अगाडि आफ्नो मुलुकहरुमा राष्ट्रिय महाधिवेशन सम्पन्न गरी सोही महाधिवेशनबाट अन्तर्राष्ट्रिय समन्वय परिरषद्का सदस्यहरु चयन गर्नु पर्ने छ ।

५.३ राष्ट्रिय समन्वय परिषद्बाट निर्वाचित भएका अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुले निर्वाचित भइसके पछि ~~अनिवार्य रुपमा~~ अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिई निर्वाचन आयुक्तबाट शपथ ग्रहण गर्नु पर्नेछ । ~~विशेष कारणवश (दुर्घटना आदि) उपस्थित हुन नसकेमा निर्वाचित सदस्य वा राष्ट्रिय समन्वय परिषदले कारण सहित अधिवेशन हुनु भन्दा पहिले सचिवालयलाई जानाकारी गराउनु पर्नेछ । अवस्था हेरी यसको निर्णय तत्कालिन अन्तर्राष्ट्रिय समन्वय परिषदले गर्नेछ ।~~ तर काबु बाहिरको परिस्थिति परी उपस्थित हुन नसकेमा उपस्थित हुन नसकेको कारण यथाशक्या चाँडो सचिवालयलाई जानकारी गराउनु पर्नेछ । सो कारण अन्तराष्ट्रि समन्यव परिषद्लाई उचित एवं मनासिव लागेमा संघको अध्यक्षबाट संघको औपचारिक कार्यक्रममा वा टेलिफोन वा अन्य विद्युतिय माध्यमबाट शपथ ग्रहण गराउन सकिनेछ । शपथ ग्रहणमा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरु तथा सम्बन्धित राष्ट्रिय समन्वय परिषद्का अध्यक्षलाई आमन्त्रित गर्नु पर्नेछ । अध्यक्षको अक्तियारीमा संघका अन्य पदाधिकारीहरुले पनि यस्ता सदस्यहरुलाई शपथ ग्रहण गराउन सक्नेछन् । मनोनित अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य र पदाधिकारीको शपथ ग्रहण पनि यसै प्रकृयाबाट हुनेछ ।

५.४ निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुले अनिवार्य रुपमा निर्वाचन समितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको नयाँ शुरु हुने कार्यकालको सदस्यता शुल्क ५०० अमेरीकी डलर बुझाइ आफ्नो नाम दर्ता गराउनु पर्ने छ । सो प्रकृया पछि महाधिवेशनले सदस्यहरुलाई वरण गर्ने छ । अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीका उम्मेद्वारहरुले उम्मेदवार मनोनयन शुल्ककासथ नयाँ कार्यकालको सदस्यता शुल्क ५०० अमेरिकी डलर निर्वाचन समितिलाई बुझाउनु पर्ने छ । निर्वाचित हुन नसक्ने उम्मेद्वारहरुले बुझाएको ५०० अमेरिकी डलर फिर्ता गरिने छ ।

५.५ क्षेत्रीय संयोजक तथा क्षेत्रीय उपसंयोजकहरुको निर्वाचन संघको विधानको उपदफा २१.२ मा उल्लेख भए बमोजिम सम्बन्धित क्षेत्रका महाधिवेशन प्रतिनिधिहरुबाट मात्रै हुने छ । अन्य पदहरु सबै महाधिवेशन प्रतिनिधीबाट निर्वाचित हुने छन् ।

६. **उम्मेद्वार बन्न चाहिने योग्यताः**

६.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष पदको लागि विधानको उपदफा १७.५.१ वमोजिम हुन पर्नेछ ।

६.२ अध्यक्ष पद बाहेक अन्य पदाधिकारीहरुका लागि विधानको उपदफा १७.५.२ बमोजिम हुनु पर्नेछ ।

६.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य पदको हकमा विधानको उपदफा १७.५.३ बमोजिम हुनु पर्नेछ ।

६.४ अन्तर्राष्ट्रिय समन्वय परिषदको कुनै पनि पदमा उम्मेद्वार बन्न गैरआवासीय नेपाली संघको विधान (२०१३ को संशोधन सहित) को उपदफा ५.१ बमोजिम गैरआवासीय नेपालीको हैसियत कायम गरेको हुनु पर्ने छ । विधानको उपदफा १७.३ मा उल्लेख भए बमोजिम मनोनयन फारमका साथ सम्बन्धित देशमा दुई वर्ष भन्दा बढी बसोबास गरेको प्रमाणित हुने कागजात पेश गर्नु पर्ने छ । यस्तो कागजात पेश नगरेमा निजको उम्मेद्वारी स्वतः खारेज हुने छ । निर्वाचित सदस्य वा पदाधिकारीहरुको विधान (२०१३ को संशोधन सहित) को उपदफा ५.१ बमोजिम गैरआवासीय नेपालीको हैसियत नरहेमा नीजको पद स्वतः खारेज हुनेछ ।

६.५ उम्मेदवार बन्नकोलागि राष्ट्रिय समन्वय परिषदबाट महाधिवेशन प्रतिनिधि छानिएको हुनु पर्ने छ । चालू आईसिसिका सदस्यहरु वा पदाधीकारीहरु स्वतः महाधिवेशन प्रतिनिधी हुने भएकोले उनीहरु राष्ट्रिय समन्वय परिषदबाट मनोनित १०० जना प्रतिनिधि भित्र छानिएको हुनु पर्ने छैन् तर यस्ता पदाधिकारी वा सदस्यहरुको गैरआवासीय नेपाली संघको विधान २०१३ को संशोधन सहित) का उपदफा ५.१ बमोजिम गैरआवासीय नेपालीको हैसियत कायम रहेको भने हुनु पर्नेछ ।

६.६ उम्मेद्वारहरुले संघको आचारसंहितामा लिखित प्रतिबद्धता गरी उम्मेद्वारी मनोनयन फारमका साथमा पेश गर्नुपर्ने छ । कुनै उम्मेद्वार राजनैतिक, जातिय वा धार्मिक संस्थाको कार्यकारी समितिको पदाधिकारी वा सदस्य पद धारण गरेको भए सो पद त्याग गरेको प्रमाण (राजिनामा वा स्विकृत) मनोनयन फारमका साथ पेश गर्नु पर्ने छ । अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको आचारसंहिता पालना नगरी प्राप्त भएका मनोनयनका उपर प्रमाण सहित लिखित उजुरी परेमा

निर्वाचन समितिले मनोनयन रद्द गर्न सक्नेछ । निर्वाचन भएपछि पनि माथी उल्लेखित पदहरु ग्रहण गरेको प्रमाणित भएमा अनुशासन समितिको सिफारिशमा निजलाई पदमुक्त गर्न सकिनेछ ।

७. निर्वाचन कार्य सम्पादन

७.१ निर्वाचन आयुक्तले निर्वाचनको निमित्त मतदानकोलागि मिति, समय र स्थान तोक्ने छ ।

७.२ निर्वाचन समितिले गैरआवासीय नेपाली संघको सचिवालयबाट मात्र मतदाता नामावली रुजु गरी उक्त नामावली उपर दावा विरोधको मौका दिई अन्तिम नामावली प्रकाशन गर्नेछ ।

७.३ नाम दर्ता गर्न चाहने उम्मेद्वारहरुले निर्वाचन समितिले तोकेको दस्तुर सहित मनोनयन पत्र दाखिला गर्नु पर्ने छ । यस्ता व्यक्ति अन्तिम मतदाता नामावलीमा समावेश भएको हुनु पर्नेछ ।

७.४ निर्वाचन समितिले तोकेको दस्तुर सहित मनोनयन पत्र दाखिला गरेका उम्मेद्वारहरुले उम्मेद्वारी फिर्ता लिएमा निजले तिरेको मनोनयन दस्तुर फिर्ता हुने छैन ।

७.५ नाम फिर्ता लिन चाहने उम्मेद्वारहरुले निर्वाचन आयुक्तद्वारा तोकिएको समयमा तोकिए बमोजिम सूचना दिइ आफ्नो नाम फिर्ता लिन सक्ने छन् ।

७.६ निर्वाचन आयुक्तले तोकिएको समयमा मतपत्र वितरण गर्ने छन् र मतदाताहरुले तोकिएको समय भित्र मतदान गरिसक्नु पर्ने छ ।

७.७ मतपत्रमा अनिवार्य रुपले निर्वाचन आयुक्तको हस्ताक्षर भएको हुनु पर्दछ । मतपत्र र मनोनयन पत्रको वैधताको निर्णय निर्वाचन आयुक्तबाट हुनेछ ।

७.८ अध्यक्ष तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी पदमा सबै भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको घोषणा गरिने छ ।

७.९ निर्वाचन गोप्य मतदान प्रणालीबाट गरिने छ ।

७.१० मत बराबर भएमा गोला प्रथाबाट निर्णय गरिने छ ।

८. निर्वाचन सम्बन्धी आचार संहिताः

८.१ निर्वाचन सम्बन्धि जुनसुकै विषयमा देखिएको विवाद तथा अस्पष्टताको बारेमा निर्वाचन समितिको आयुक्तले दिएको निर्णय नै अन्तिम हुनेछ ।

८.२ कुनै समूह वा प्यानलको आधारमा चुनाव लड्न वा समूहगत रुपमा मतको आव्हान गर्न वा प्रचारप्रसार गर्न पाइने छैन ।

८.३ निर्वाचन समितिले तोकेको आचारसंहिता र नियमावलीको उल्लङघन गर्ने उम्मेदवारको उम्मेद्वारी रद्द गर्न सकिनेछ ।

८.४ निर्वाचन हुने स्थानमा निर्वाचनलाई प्रभाव पार्ने खालका प्रचार प्रसारका सामग्रीहरुको प्रयोग तथा भाषण आदि जस्ता कृयाकलापहरु गर्न पाइने छैन ।

८.५ निर्वाचनलाई प्रभाव पार्ने अन्य गतिविधि गर्न पाईने छैन ।

॥समाप्त॥

निर्वाचन पत्र नमूना

गैरआवासीय नेपाली संघ (Non–Resident Nepali Association)
पाँचौ विश्व सम्मेलन निर्वाचन २०११ (5th Global Conference 2011)
पदाधिकारी निर्वाचन – २७ असोज २०६८ (१४ अक्टोवर २०११)
आफूले छानेको उम्मेदवारको नामको अगाडिको ☐ कोठामा (✓) रेजा चिन्ह प्रयोग गर्नु होस् ।

Choose One कुनै एकलाई मत दिनु होस

अध्यक्ष (President) ☐
एबिसि नेपाल (ABC Nepal)
बिबिसी थर (BBC Thar) ☐
(उम्मेदवारको पहिलो नामको अग्रेजजी अल्फावेट अनुसार क्रमबद्ध गर्ने)

Choose Two कुनै दुईलाई मत दिनु होस

उपाध्यक्ष (Vice President) ☐
☐

महासचिव (General Secretary) Choose One कुनै एकलाई मत दिनु होस
☐
☐

सचिव (Secretary) Choose One कुनै एकलाई मत दिनु होस
☐
☐

कोषाध्यक्ष (Treasurer) Choose One कुनै एकलाई मत दिनु होस
☐
☐

महिला संयोजक (Women Coordinator) Choose One कुनै एकलाई मत दिनु होस
☐
☐

युवा संयोजक (Youth Coordinator) Choose One कुनै एकलाई मत दिनु होस
☐
☐

महिला उपसंयोजक (Women Deputy Coordinator) Choose One कुनै एकलाई मत दिनु होस
☐
☐

युवा उपसंयोजक (Youth Deputy Coordinator) Choose One कुनै एकलाई मत दिनु होस
☐
☐

_____
निर्वाचन समिति संयोजकको नाम र हस्ताक्षर

गैरआवासीय नेपाली संघ (Non–Resident Nepali Association)
पाँचौ विश्व सम्मेलन निर्वाचन २०११ (5th Global Conference 2011)
पदाधिकारी निर्वाचन – २७ असोज २०६८ (१४ अक्टोवर २०११)

मतपत्र (Ballot Paper)

आफूले छानेको उम्मेदवारको नामको अगाडिको ☐ कोठामा (✓) रेजा चिन्ह प्रयोग गर्नु होस्
एशिया प्रशान्त क्षेत्र (Asia Pacific Region)
क्षेत्रीय संयोजक (Regional Coordinator) Choose One कुनै एकलाई मत दिनु होस
☐
☐

क्षेत्रीय उपसंयोजक (Regional Deputy Coordinator) Choose One कुनै एकलाई मत दिनु होस
☐
☐

_____
निर्वाचन समिति संयोजकको नाम, मिति र हस्ताक्षर

गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न निकायहरुको वैठक संचालन सम्बन्धि नियमावली २०१३

प्रस्तावना:
गैरआवासीय नेपाली संघको विधानको धारा १८.१ र १८.२ र १९ मा उल्लेखित अन्तर्राष्ट्रिय समन्वय परिषद, पदाधिकारी समिति र अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठकलाई प्रभावकारी बनाउन यस नियमावली जारी गरिएको छ ।

१. **नाम र प्रारम्भ:**
यस नियमावलीको नाम "**अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न निकायहरुको वैठक संचालन सम्बन्धी नियमावली २०१३**" रहने छ । यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषदबाट अनुमोदन भएको दिन देखि तत्काल लागू हुनेछ ।

२. **अन्तर्राष्ट्रिय समन्वय परिषदको वैठकको तयारी**

२.१ संघको विधानको धारा १८.१ मा उल्लेख भए बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषदको वैठक कम्तिमा तीन महिनामा एक पटक सम्पन्न हुने छ ।

२.२ महासचिवले अध्यक्ष र अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको परामर्शमा वैठकको मिति, स्थान र तरिका तोकी बैठक सम्पन्न हुनु भन्दा कम्तिमा ३ हप्ता पहिले इमेल मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदलाई सूचित गर्नु पर्नेछ । संरक्षक, सल्लाहकार, अन्तर्राष्ट्रिय समन्वय परिषद पदाधिकारी, सदस्य तथा राष्ट्रिय समन्वय परिषदका अध्यक्षलाई बैठकमा उपस्थित हुनका लागि सूचित गर्नु पर्नेछ ।

२.३ वैठकमा प्रस्तुत गरिने विषयहरुको सूची तयार गर्न र वैठकको निर्णय प्रकृयालाई सहजीकरण गर्न अन्तर्राष्ट्रिय समन्वय परिषदको वैठक भन्दा पहिला कार्यालय पदाधिकारी समितिको वैठक सम्पन्न हुनेछ ।

२.४ बैठकको विषयसूची र संभावित निर्णयहरुको विवरण महासचिवले आवश्यक कागजातको साथमा बैठक भन्दा कम्तिमा एक हप्ता पहिले अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नु पर्नेछ ।

२.५ अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुले महासचिव मार्फत बैठकमा कुनै पनि बिषयमा छलफल गर्ने प्रस्ताव सभामा गराउन सक्नेछन् । तर यसको सूचना बैठकको मिति भन्दा कम्तिमा एक हप्ता पहिले महासचिवलाई दिनु पर्नेछ ।

२.६ बैठकको विषयसूची हेरी आवश्यक अनुसार विशिष्ट व्यक्तिहरुलाई बैठकमा आमन्त्रित गर्न सकिनेछ । यस्तो निर्णय अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले गर्नेछ ।

२.७ अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु मध्ये २५ प्रतिशत सदस्यहरुले विषय खुलाई परिषदको वैठक बोलाउने मांग गरेमा बढीमा १५ दिन भित्र परिषदको वैठक बोलाउनु अध्यक्षको कर्तव्य हुनेछ ।

३. **बैठकको सञ्चालन**

३.१ वैठक आवश्यकता अनुसार व्यक्तिहरु भेला भएर वा साइवर वा भिडियो सम्मेलन मार्फत सम्पन गरिने छ ।

३.२ वैठकको अध्यक्षता संघको अध्यक्षले गर्ने छ । यदि अध्यक्ष कुनै कारणबश वैठकमा सहभागी हुन नसकेमा अध्यक्ष स्वयंम वा अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यालय पदाधिकारी समितिले दुई उपाध्यक्ष मध्ये एक जनालाई वैठकको अध्यक्षताको लागि मनोनयन गर्ने छ ।

३.३ वैठकको संचालन, माइनुट तथा वैठकको मिति तोक्ने काम संघका महासचिवले गर्ने छ । कुनै कारणबश महासचिव वैठकमा उपस्थिति नभएमा सचिव वा अध्यक्ष वा अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यालय पदाधिकारी समितले तोकेको व्यक्तिले गर्नेछ ।

३.४ बैठकको आचार संहिता महासचिवले तयार गर्ने छ ।

३.५ बैठकलाई वाधा पुऱ्याउने सदस्यलाई अध्यक्षको अनुमतीमा महासचिवले चेतावनी दिनेछ । दुई पटक चेतावनी दिंदा पनि निजको कृयाकलापमा सुधार नआएमा त्यस्ता सदस्यलाई अध्यक्षको अनुमतीमा महासचिवले बैठक कक्षबाट निष्कासित गर्न सक्नेछ ।

४. **बैठकको कोरम तथा निर्णय प्रकृया**

४.१ माथि धारा १ मा उल्लेखित प्रकृया पुरा गरी महासचिवले बैठकको आव्हान गरे पछि अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरुको सँख्याको ५० प्रतिशत भन्दा बढीले बैठकमा अनुपस्थित हुने जानकारी गराएको खण्डमा बाहेक अन्य अवस्थामा वैठकको कोरम पुगेको मानिनेछ ।

४.२ वैठकमा उपस्थित अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरु तथा पदाधिकारीहरुको बहुमतको निर्णय मान्य हुने छ ।

४.३ सदस्यहरुले ईमेल मार्फत पनि आफ्नो मत जाहेर गर्न सक्ने छन् । बैठकको कार्यसूची प्राप्त भएको दिन देखि बैठक पछि एक हप्ता सम्म ईमेल मार्फत मत जाहेर गर्न सकिनेछ ।

४.४ मत बराबर भएमा बैठकको अध्यक्षता गर्नेले निर्णायक मत दिनेछ ।

४.५ वैठकमा संरक्षक, सल्लाहकार, राष्ट्रिय समन्वय परिषदका अध्यक्षहरु र सचिवालयका कार्यकारी निर्देशकले पर्यवेक्षकको रुपमा भाग लिन मात्र पाउने छन् । तर उनीहरुलाई वैठकको निर्णयमा मतदान गर्ने अधिकार हुने छैन ।

४.६ महासचिवले बैठकको निर्णयहरुको अभिलेख (माईनुट) नेपाली वा अंग्रेजीमा तयार गरी बैठक सम्पन्न भएको दुई हप्ता भित्र अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नु पर्नेछ । पेश गर्नु पूर्व माईनुट उपर कार्यकारी सचिवालयमा छलफल गर्न सकिनेछ ।

५. **कार्यालय पदाधिकारी समितिको वैठक:**

गैरआवासीय नेपाली संघको विधानको धारा १८.२ मा उल्लेख भए बमोजिम संघको दैनिक कार्य सम्पादन, निर्देशन तथा नियन्त्रण गर्नको लागि अध्यक्षको अध्यक्षतामा उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष, प्रवक्ता, क्षेत्रीय संयोजक तथा उपसंयोजकहरु, महिला तथा युवा संयोजक तथा उपसंयोजकहरु रहेको एक कार्यालय पदाधिकारी समिति रहने छ । कार्यालय पदाधिकारीको वैठक सामान्यतया अन्तर्राष्ट्रिय समन्वय परिषदको वैठक भन्दा पहिले सम्पन्न हुनेछ । यसै नियमावलीको धारा १.३ मा उल्लेख भए बमोजिम यस बैठकले अन्तर्राष्ट्रिय समन्वय परिषदको वैठकमा प्रस्तुत गरिने विषयहरुको सूची तयार गरी वैठकमा निर्णय प्रकृयालाई सहजीकरण गर्नेछ । बैठकका अन्य प्रकृया धारा १ मा उल्लेख भए वमोजिम हुनेछ ।

६. **अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको वैठक:**

गैरआवासीय नेपाली संघको विधानको धारा १९ मा अन्तर्राष्ट्रिय समन्वय परिषदका कामहरुलाई छिटो छरितो गरि सम्पन्न गर्न एक अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको व्यवस्था गरिएको छ । यस सचिवालयमा अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र प्रवक्ता रहने छन् । अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण वैठक बस्न सम्भव नभएको तर कुनै निर्णय गर्न आवश्यक परेको अवस्थामा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक बस्नेछ । अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका निर्णयहरु अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णय सरह हुनेछन् तर त्यस्ता निर्णयहरु आशन्न अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण वैठकमा अनुमोदन गराउनु पर्ने छ । अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण वैठकमा अनुमोदन हुन नसकेको विषयको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण वैठकको निर्णय बमोजिम हुने छ ।

७. **क्षेत्रीय बैठकहरु**

विधानको धारा २२.७.३ मा उल्लेख भए वमोजिम क्षेत्रीय संयोजकले आ-आफ्नो क्षेत्रका अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु तथा पदाधिकारी तथा राष्ट्रिय समन्वय परिषदका अध्यक्षहरुको क्षेत्रीय बैठकको आव्हान गर्न सक्नेछ । यस बैठक बारे आयोजकले अन्तर्राष्ट्रिय समन्वय परिषदलाई सूचित गर्नु पर्नेछ । बैठकमा क्षेत्रीय बिषयहरुमा छलफल हुनेछन् । बैठकले अन्तर्राष्ट्रिय समन्वय परिषदलाई विभिन्न विषयहरुमा सुझाव दिन सक्नेछ ।

८. **महिला तथा युवा फोरम बैठक**

महिला तथा युवाहरुको विषयमा छलफल गर्न महिला तथा युवा संयोजकले राष्ट्रिय समन्वय परिषदका महिला तथा युवा प्रतिनिधीहरुको बैठक बोलाउन सक्नेछ । बैठकको व्यवस्थापना महिला तथा युवाको कार्य व्यवस्थापन सम्वन्धि नियमावली अनुसार हुनेछ ।

९. **स्थायी समिति तथा कार्यदलको बैठक**

स्थायी समिति तथा कार्यदलहरुको बैठक सम्वन्धित समिति वा कार्यदलको संयोजकले बोलाउन सक्नेछ । बैठकको व्यवस्थापना समिति वा कार्यदलको नियमावली वा निर्देशिका सूची अनुसार हुनेछ।

॥समाप्त॥

गैरआवासीय नेपाली संघ
राष्ट्रिय महाधिवेशन सम्वन्धि नियमावली २०१३
(संशोधन सहित)

प्रस्तावना:

गैरआवासीय नेपाली संघको विधानको दफा २४ मा उल्लेखित राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशनलाई व्यवस्थित गर्नको लागि यो नियमावलीको निर्माण गरिएको छ ।

१. **नाम र प्रारम्भ:**

यस नियमावलीको नाम **"राष्ट्रिय महाधिवेशन संचालन सम्बन्धी नियमावली २०१३ (२०१५ को संशोधन सहित)"** रहने छ । यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट अनुमोदन भएको दिन देखि लागू हुनेछ ।

२. **महाधिवेशनको तयारी:**

२.१ गैरआवासीय नेपाली संघको विधानको उपदफा २४.१ अनुसार राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन विश्व सम्मेलन भन्दा बढिमा ६ महिना पहिले गर्नु पर्ने छ ।

२.२ राष्ट्रिय समन्वय परिषद्ले महाधिवेशनको मिति तोकी कम्तिमा एक महिना पहिले क्षेत्रीय संयोजक मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जानाकरी गराउने । अधिवेशनमा अन्तर्राष्ट्रिय समन्वय परिषद् प्रतिनिधिको उपस्थिति सुनिश्चित गर्न क्षेत्रीय संयोजकको परामर्शमा मिति तय गर्न सकिने छ । वढि भन्दा वढि अन्तर्राष्ट्रिय प्रतिनिधिहरुको सहभागितालाई सुनिश्चित गर्न अरु राष्ट्रिय समन्वय परिषद्का कार्यक्रमहरुसँग नबाझ्ने गरी मिति तय गर्न सहयोगी होस् भनेर गैरआवासीय नेपाली संघले आफ्नो वेव साइटमा इभेण्ट क्यालेण्डरको व्यवस्था गर्ने छ ।

२.३ महाधिवेशनमा बढि भन्दा बढि गैरआवासीय नेपालीको सहभागिता तथा महाधिवेशनको पारदर्शिको लागि कम्तिमा एक महिना पहिले देखि व्यापक रुपमा महाधिवेशन बारे सञ्चार माध्यमबाट सार्वजनिक सूचना प्रवाह गर्नु पर्ने छ ।

२.४ महाधिवेशनको सुपरिवेक्षण गर्नको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले क्षेत्रीय संयोजकको परामर्शमा एक प्रतिनिधि तोक्ने छ । पर्यवेक्षकले यस नियमावलीको अनुसूचीमा दिईएको अनुगमन फारम भरेर अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पठाउनु पर्नेछ ।

३. **सदस्यता:**

३.१ संघको विधानको उपदफा ५.१ अनुसार नेपाली मुलको विदेशी नागरिक वा दुई वर्ष भन्दा बढी नेपाल सरकारबाट खटिई विदेश स्थित नेपाली नियोगमा वहाल रहेको विदेश स्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक र दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु बाहेक अन्य देशहरुमा पेशा, रोजगारी वा व्यवसाय गरी बसोबास गर्ने नेपाली नागरिकले सम्वन्धित देशमा बसोबास गर्दै आएका नेपाली नागरिक वा नेपाली मूलका विदेशी नागरिकले राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको सदस्यता शुल्क तिरि पञ्जिकृत सदस्य बन्न सक्ने छ । यस्ता पञ्जिकृत सदस्यहरुले मात्र राष्ट्रिय महाधिवेशनमा मतदान गर्ने वा उमेद्वार बन्ने अधिकार हुने छ । राष्ट्रिय समन्वय परिषद्मा दर्ता भएका प्रारम्भिक सदस्यहरुले राष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने छन् तर उनीहरुको मतदान गर्ने र उम्मेदवार बन्ने अधिकार रहने छैन ।

३.२ राष्ट्रिय महाधिवेशन भन्दा निश्चित समय (एक महिना) पहिले सम्म पञ्जिकृत सदस्य भएकालाई मात्र उम्मेदवार र मतदानमा सहभागी बनाउने ।

३.३ पञ्जिकृत सदस्यता हरेक दुई बर्षमा अनिवार्य रुपमा नविकरण गर्नु पर्नेछ ।

३.४ पञ्जिकृत सदस्यहरुको विवरण तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको पञ्जिकृत सदस्य शुल्क (५ अमेरिकी डलर) राष्ट्रिय समन्वय परिषदले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई बुझाउनु पर्नेछ । पञ्जिकृत सदस्यहरुको विवरण राष्ट्रिय महाधिवेशन भन्दा दुई हप्ता पहिले क्षेत्रीय संयोजक मार्फत केन्द्रिय सचिवालयमा पठाउनु पर्ने छ । विवरणको फर्म्याट सचिवालयले उपलब्ध गराउने छ ।

३.५ कुनै समूह वा व्यक्तिले समुहगत रुपमा शुल्क तिरी निर्वाचनलाई प्रभाव पार्ने किसिमले पञ्जिकृत सदस्य बनाउन पाउने छैनन् ।

४. निर्वाचन

४.१ राष्ट्रिय महाधिवेशनमा पञ्जिकृत सदस्यहरुले लोकतान्त्रीक पद्दति तथा निर्वाचनमा प्रयोग हुने विश्वव्यापी मान्यताको आधारमा राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु निर्वाचित गर्ने छन् ।

४.२ निर्वाचन सम्पन्न गर्न राष्ट्रिय समन्वय परिषदले निर्वाचन समिती गठन गर्नेछ ।

४.३ निर्वाचन प्रकृया सम्वन्धित राष्ट्रिय समन्वय परिषदले निर्धारण गर्ने छ ।

४.४ राष्ट्रिय समन्वय परिषद्मा निर्वाचित हुने पदाधिकारीहरुको योग्यता सम्वन्धीत राष्ट्रिय समन्वय परिषदको विधान अनुसार हुने छन् । तर अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको उमेद्वारको योग्यता संघको विधानको दफा १७.५.३ ले तोकेबमोजिम हुनेछ ।

४.५ राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्ने छ । यसरी चयन हुने सदस्य काठमाडौमा सम्पन्न हुने अन्तर्राष्ट्रिय महाधिवेशनमा ~~अनिवार्य रुपमा~~ उपस्थित हुनु पर्नेछ । अन्तर्राष्ट्रिय महाधिवेशनले निजलाई अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको रुपमा अनुमोदन (Endorse) गर्ने छ । निजको कार्यकाल यसै महाधिवेशन देखि अर्को महाधिवेशन सम्पन्न नहुने बेलासम्म हुने छ । तर काबु बाहिरको परिस्थिति परी उपस्थित हुन नसकेमा उपस्थित हुन नसकेको कारण यथाशिघ्र चाँडो सचिवालयलाई जानकारी गराउनु पर्नेछ । सो कारण उचित एवं मनासिव देखिए अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निजलाई सदस्यको रुपमा अनुमोदन (Endorse) गर्नेछ । यस्ता सदस्यहरुको शपथ ग्रहण संघको निर्वाचन सम्बन्धी नियमावलीको दफा ५.३ अनुसार हुनेछ ।

४.६ विधानको धारा १७.३ अनुसार १ (एक) हजार जनासम्म पञ्जीकृत सदस्य बराबर १ (एक) अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यको निर्वाचन गर्नेछ । एक भन्दा बढी अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरु निर्वाचित हुने भएमा विधानको धारा १७.४ मा उल्लेख भए अनुसार नीजहरुको जिम्मेवारी रहने छ ।

४.७ राष्ट्रिय महाधिवेशनले गैरआवासीय नेपालीको महिला सञ्जाल र युवा सञ्जालको प्रतिनिधित्व गर्न एक महिला र एक युवा प्रतिनिधी छान्नु पर्ने छ । यसरी छानिएका प्रतिनिधिहरुको हैसियत राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सरह हुने छ ।

४.८ राजनैतिक, क्षेत्रिय, जातिय वा धार्मिक आधारमा कुनै समूह वा प्यानलको आधारमा चुनाव लड्न वा समूहगत रुपमा मतको आव्हान गर्न वा प्रचार प्रसार गर्न पाइने छैन ।

४.९ महाधिवेशनमा गणपुरकको संख्याको परिभाषा राष्ट्रिय समन्वय परिषदको विधानमा उल्लेख भए बमोजिम हुने छ ।

४.१० अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको उम्मेदवार तथा राष्ट्रिय समन्वय परिषदका सबै उमेद्वारहरुले संघको आचार संहितामा लिखित प्रतिबद्धता गरी उमेद्वारी मनोनयन फारमका साथमा पेश गर्नु पर्ने छ । कुनै उमेद्वार राजनैतिक, जातिय वा धार्मिक संस्थाको कार्यकारी समितिको पदाधिकारी वा सदस्य पद धारण गरेको भए सो पद त्याग गरेको लिखित जानकारी पनि मनोनयन फारमका साथ पेश गर्नुपर्ने छ । अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको आचारसंहिता पालना नगरी प्राप्त भएका मनोनयनका उपर प्रमाण सहित लिखित उजुरी परेमा निर्वाचन समितिले मनोनयन रद्द गर्न सक्नेछ ।

५. राष्ट्रिय समन्वय परिषदको मान्यतामा आईपर्ने विवादः

५.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट खटाइएको महाधिवेशन प्रतिनिधिले नवनिर्वाचित राष्ट्रिय समन्वय परिषद पदाधिकारीको नामावली क्षेत्रीय संयोजक मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जानाकारी दिने छ। काठमाडौ स्थित सचिवालयले वेभसाईटबाट नामावली प्रकाशित गरी नवनिर्वाचित राष्ट्रिय समन्वय परिषद्को विधिवत रुपमा मान्यता दिने छ।

५.२ महाधिवेशन सम्वन्धी केही विवाद आएमा सो को छानबिन गरी प्रतिवेदन पेश गर्न क्षेत्रीय संयोजक वा उपसंयोजक रहने गरी अन्तर्राष्ट्रिय समन्वय परिषदले एक समिति गठन गर्न सक्ने छ। छानविन समितिले पेश गरेको प्रतिवेदनको आधारमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अन्तिम निर्णय लिने छ।

५.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको यस राष्ट्रिय महाधिवेशन नियमावली वा राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानको पालना नगरी निर्वाचित भएका राष्ट्रिय समन्वय परिषदलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले मान्यता दिने छैन।

६. निर्वाचित राष्ट्रिय समन्वय परिषद्ले तत्काल गर्नु पर्ने कामः

६.१ निवर्तमान राष्ट्रिय समन्वय परिषदले पञ्जिकृत सदस्यको विवरण तथा आवश्यक शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पठाएको छैन भने यथाशीघ्र पठाउने।

६.२ विधानको धारा १३.८ अनुसार राष्ट्रिय समन्वय परिषदले १० जना पञ्जिकृत सदस्य बराबर एक अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको छनोट गर्ने छ तर यसरी चुनिने अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको संख्या वहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी एवं सदस्यहरु बाहेक अधिकतम एकसय हुनेछ।

राष्ट्रिय समन्वय परिषदले (गैरआवासीय नेपाली संघको विधान २०१३ को दफा ५ को उपदफा ५.१ मा उल्लेख भए बमोजिम) मनोनयन गरेका यस्ता प्रतिनिधिहरुलाई मात्र अन्तर्राष्ट्रिय समन्वय परिषदमा उमेद्वार हुन पाउने छन् र अन्तर्राष्ट्रिय महाधिवेशनमा मताधिकार रहने छ। तर यस्ता प्रतिनिधिहरुले महाधिवेशन दर्ता शुल्क तिर्नु पर्नेछ। अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको छनोट गर्न सार्वजनिक सूचना मार्फत काठमाडौ जान अनुकुल हुने सबै पञ्जीकृत सदस्यहरुलाई खुला रुपमा आमन्त्रण गर्नु पर्ने छ। प्रतिनिधि छनोटमा सर्व सम्मत भएन भने प्राथमिकताको आधारमा निम्न बमोजिम प्रतिनिधिको चयन गर्ने। तर यसरी छानिने प्रतिनिधिको गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्ने छ।

(क) अन्तर्राष्ट्रिय समन्वय परिषदका बहालबाला संरक्षक तथा सल्लाहकारहरु।

(ख) अन्तर्राष्ट्रिय समन्वय परिषदका पूर्व पदाधिकारी, सदस्य, संरक्षक तथा सल्लाहकारहरु।

(ग) राष्ट्रिय समन्वय परिषदका बहालबाला पदाधिकारी तथा सदस्यहरु।

(घ) अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न समिति तथा कार्यदलका बहालबाला सदस्यहरु।

(ङ) राष्ट्रिय समन्वय परिषद्का निवर्तमान पदाधिकारी तथा सदस्यहरु।

(च) राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारी तथा सदस्यहरु।

(छ) अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न उपसमिति तथा कार्यदलका वर्तमान र पूर्व सदस्यहरु।

(ज) पंजीकृत सदस्य भई राष्ट्रिय समन्वय परिषद्को विभिन्न समितिका काम गरेका व्यक्तिहरु।

(झ) लामो समय पंजीकृत सदस्य भएका।

(ञ) बाँकि प्रतिनिधि राष्ट्रिय समन्वय परिषद्का बहुमत सदस्यले चयन गर्ने।

६.३ राष्ट्रिय समन्वय परिषद्ले कुनै पुर्वाग्रहले कुनै पञ्जिकृत सदस्यहरुलाई प्रतिनिधि बन्न निषेध गर्न पाउने छैन् । यस्तो अवस्थामा निषेधित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषद्मा उजुरी गर्न सक्ने छ। यस्तो परिस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गरेको निर्णयलाई अन्तिम मानिने छ।

६.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको यस नियमावलीको परिधि भन्दा बाहिर रहेर निर्वाचित भएका राष्ट्रिय समन्वय परिषदलाई अन्तर्राष्ट्रिय समन्वय परिषदले मान्यता दिने छैन् ।

॥समाप्त॥

गैरआवासीय नेपाली संघ
राष्ट्रिय समन्वय परिषदको निर्वाचन अनुगमन फारम
(अन्तर्राष्ट्रिय समन्वय परिषदद्वारा मनोनित अनुगमनकर्ताले भर्नु पर्ने फाराम-पेज १)

१. **निर्वाचनको सारंश** :

- मुलुकको नाम :
- निर्वाचन भएको शहर :
- निर्वाचन मिती :
- कुल मतदाता सँख्या :
- निर्वाचित सदस्यहरुको विवरण (नाम र ईमेल) :
- अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य (ICC Member) :
- अध्यक्ष :
- उपाध्यक्ष :
- महासचिव :
- सचिव :
- कोषाध्यक्ष :
- महिला संयोजक :
- युवा संयोजक :
- सदस्यहरु :

२. **राष्ट्रिय महाधिवेशन सम्वन्धी नियमावली अनुसार**

- महाधिवेशन हुने सार्वजनिक सूचनाको प्रवाह भएको थियो ( ) वा थिएन ( )।
- सदस्यता वितरण भएको थियो ( ) वा थिएन ( )।
- निर्वाचन समिति गठन भएको थियो ( ) वा थिएन ( )।
- नियमावलीका अन्य प्रावधानहरु पूर्णरुपमा ( ), आंशिक रुपमा ( ) पालना भएका थिए ( ) वा थिएनन् ( )

३. निर्वाचन सहमती ( ) वा मतदानवाट ( ) भएको थियो। मतदाबाट भएको भए पेज २ भर्नु होला।

४. निर्वाचन राष्ट्रिय महाधिवेशन सम्वन्धी नियमावली अनुसार सम्पन्न भएको थियो ( ) थिएन। थिएन भने पेज ३ भर्नु होला।

अनुगमनकर्ताको नाम :
पद :
हस्ताक्षर :
मिती :

(अनुगमनकर्ताले निर्वाचनको पूर्ण अवधीभर देखे भोगेका र संकलन गरेका गतिविधिहरु राष्ट्रिय महाधिवेशन सम्बन्धी नियमावली र निर्वाचन आचारसंहिताको आधारमा निर्वाचन प्रकृया भएको वा नभएको सुझाव सहित अन्तर्राष्ट्रिय समन्वय परिषदमा जानकारी गर्नेछ, अनुगमन अवधीमा संकलित सबै प्रमाणहरु नथ्थी गर्नु पर्नेछ।)

गैरआवासीय नेपाली संघ
राष्ट्रिय समन्वय परिषदको निर्वाचन अनुगमन फारम
(अन्तर्राष्ट्रिय समन्वय परिषदद्वारा मनोनित अनुगमनकर्ताले भर्नु पर्ने फाराम-पेज २)

राष्ट्रिय समन्वय परिषद मतदान प्रकृयाबाट निर्वाचित भएको भए, अनुगमनकर्ताले यो पेज पनि भर्नु पर्नेछ ।

- निर्वाचन समिती सकृय भएको मिती :
- निर्वाचन कार्यक्रम सार्वजनिक भएको मिती :
- उम्मेदवार सँख्या :

विवरण	**निर्वाचित हुने पद संख्या**	**उम्मेदवारको संख्या**
अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य :		
अध्यक्ष :		
उपाध्यक्ष :		
महासचिव :		
सचिव :		
कोषध्यक्ष :		
महिला संयोजक :		
युवा संयोजक		
सदस्य :		

- मतदान शुरु भएको समय :
- मतदान समाप्त भएको समय :
- मतदान प्रकृया (गोप्य मतदान, विधुतिय, हुलाक)
- निर्वाचन आचारसंहिता र राष्ट्रिय महाधिबेशन सम्बन्धी नियमावली अनुसार प्रचार प्रसार सामग्री प्रयोग भएको थियो ( ) थिएन ( ) ।
- कुनै समूह वा प्यानलको आधारमा चुनाव लड्न वा समूहगत रुपमा मतको आव्हान गर्न वा प्रचार प्रसार भएको थियो ( ) थिएन ( ) ।
- मतगणना शुरु भएको मिति र समय :
- मतगणना सर्वपक्षिय प्रतिनिधिहरुको रोहवरमा भएको थियो ( ) थिएन ( ) ।
- मतगणनामा निर्वाचन आचारसंहिता लागु भएको थियो ( ) थिएन ( ) ।
- मतगणना सम्पन्न भए पछि अन्तिम परिणाम सार्वजनिक हुनु अगावै सबै पक्षका प्रतिनिधिहरुको मुचुल्कामा हस्ताक्षर भएको थियो ( ) थिएन ( ) ।
- मतगणना समापन भएको मिति र समय :
- अन्य कुनै विवरण भएमा

अनुगमनकर्ताको नाम :
पद :
हस्ताक्षर :
मिति :

गैरआवासीय नेपाली संघ
राष्ट्रिय समन्वय परिषदको निर्वाचन अनुगमन फारम
(अन्तर्राष्ट्रिय समन्वय परिषदद्वारा मनोनित अनुगमनकर्ताले भर्नु पर्ने फाराम-पेज ३)

राष्ट्रिय महाधिवेशन सम्बन्धी निर्वाचन नियमावली र निर्वाचन आचारसंहिताको आधारमा निर्वाचन प्रकृया सम्पन्न भएको नदेखिएमा अनुगमनकर्ताले निम्न बुंदाहरुका आधारमा आफ्नो राय सहित अन्तर्राष्ट्रिय समन्वय परिषदमा सिफारिस गर्नु पर्नेछ। तलका सबै वुदाँहरुमा प्राप्त भए सम्मका सबै प्रमाण उपलब्ध गराउनु पर्नेछ।

- मतदान प्रकृयामा भएको अनियमितता बारे
- निर्वाचन पूर्व प्रयोग गरिएका प्रचार प्रसार अनियमितता देखिएको
- निर्वाचन सामग्रीको प्रयोगको अनियमितता गरेको बारे
- मतगणना अबधिभर अपनाइएका बिधि र तौर तरिकामा अनियमितता भएको भए
- निर्वाचन परिणाम सार्वजनिक गर्नमा भए गरिएका अनियमितता बारे (उपलब्ध प्रमाण संलग्न भए सम्म) संलग्न
- समस्या समाधान वारे सुझाव
- अन्य कुनै बिषयमा थप उल्लेख गर्ने

अनुगमनकर्ताको नाम :
पद :
हस्ताक्षर :
मिति :

गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय परिषदको विधान संशोधन तथा नियमावलीहरु निर्माण सम्बन्धि नियमावली २०१३

प्रस्तावना:

गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको विधानलाई समय सापेक्ष परिमार्जन गर्न, संघको विधान अन्तर्गत विभिन्न नियमावलीहरु निर्माण गर्न, विधानको व्याख्या गर्न तथा विधान सम्वन्धी अन्य निर्णय प्रकृयाका सम्वन्धमा यस नियमावली निर्माण गरेको छ। विधान संशोधन र नियमावली निर्माण प्रकृया यस नियमावली अन्तर्गत हुनेछ।

१. **नाम र प्रारम्भ:**

यो नियमावलीको नाम **"गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको विधान संशोधन तथा नियमावली निर्माण सम्बनधि नियमावली २०१३"** रहनेछ।। यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषदबाट अनुमोदन भएको दिन देखि लागू हुनेछ।

२. **विधान संशोधन, विधानको व्याख्या तथा नियमावली निर्माण**

२.१ विधानको धारा २९.१ अनुसार संघको विधान अन्तर्राष्ट्रिय महाधिवेसनले मात्र संशोधन गर्न सक्नेछ।

२.२ विधानको धारा १७.६ अनुसार अन्तर्राष्ट्रिय समन्वय पदिषदले संघको विधान अन्तर्गत विभिन्न नियमावली निर्माण गर्न सक्नेछ।

२.३ विधान तथा नियमावलीको व्यख्या गर्ने अधिकार विधानको धारा ३१ अन्तर्गत बनेको ३ सदस्यीय विधान स्थायी समितिमा रहनेछ।

२.४ विधान कार्यान्वयन भए नभएको अनुगमन गर्न अन्तर्राष्ट्रिय समन्वय पदिषदले एक समितिको निर्माण गर्न वा यसको जिम्मेवारी विधान समितिलाई दिन सक्नेछ।

२.५ विधानको धारा १७.६ अनुसार विधान संशोधन सुझाव तथा नियमावलीको निर्माण गर्न अन्तर्राष्ट्रिय समन्वय पदिषदले विधानको धारा अन्तर्गत एक 'विधान संशोधन सुझाव तथा नियमावली निर्माण समिति' को गठन गर्नेछ। यस समितिको गठन प्रकृया, काम कर्तव्य र अधिकार यस नियमावलीको धारा ५ वमोजिम हुनेछ।

३. **विधान समिति गठन प्रकृया, काम र कर्तब्य**

३.१ अन्तर्राष्ट्रिय समन्वय परिषदले आफ्नो नयाँ कार्यकाल शुरु गरेको एक महिना भित्रमा विधानको धारा ३१ अनुसार एक संयोजक सहित एक ३ सदस्यीय विधान समिति गठन गर्नेछ।

३.२ यस समितिको संयोजक चालु अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी, सदस्य, सल्लाहकार वा संरक्षकहरु मध्ये एक हुनु पर्नेछ। सदस्यहरु चालु वा पूर्व अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी, सदस्य, सल्लाहकार वा संरक्षक रहेको हुनु पर्नेछ।

३.३ विधानमा कुनै अस्पष्टता भएमा संघको अध्यक्ष वा महासचिवले समितिको संयोजकलाई स्पष्ट पार्न अनुरोध गर्नेछ। संयोजकले अन्य सदस्यहरुसँग परामर्श गरी यसको स्पष्टताका बारे लिखित रुपमा संघको अध्यक्ष वा महासचिवलाई दिनेछ। विधान स्थायी समितिले गरेको व्याख्या अन्तिम हुनेछ।

३.४ विधान कार्वान्यन भए नभएको अनुगमन गर्न अन्तर्राष्ट्रिय समन्वय पदिषदले एक समितिको निर्माण गर्न वा यसको जिम्मेवारी विधान समितिलाई दिन सक्नेछ।

३.५ यस समितिलाई अन्तर्राष्ट्रिय समन्वय पदिषदले स्थानीय सरकारको नियम कानुनको आधारमा बनेको राष्ट्रिय समन्वय परिषदहरुको विधान अन्तर्राष्ट्रिय समन्वय परिषदको विधान तथा नियमावली सम्मत छ छैन् अनुगमन गर्ने जिम्मेवारी दिन सक्नेछ। स्थानीय सरकारको बाध्यात्मक नियम-कानुन बाहेक अन्तर्राष्ट्रिय समन्वय परिषदको विधान एवं नियमावली अनुसार बनाउन - समायोजन गर्न राष्ट्रिय समन्वय परिषदलाई सुझाव - सल्लाह दिने तथा आवश्यक परेमा सहयोग गर्नेछ।

३.६ यस समितिले आफ्नो निर्देशिका सूची (terms of reference) निर्माण गर्नेछ र अन्तर्राष्ट्रिय समन्वय परिषदबाट यसको स्वीकृत लिए पछि लागु हुनेछ।

३.७ यस समितिको कार्यावधी नयाँ निर्वाचित अन्तर्राष्ट्रिय समन्वय पदिषदले नयाँ विधान समिति निर्माण गरे पछी स्वत सकिनेछ।

४. **विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिहरुको गठन प्रकृया, काम र कर्तब्य**

४.१ **गठन प्रकृया**

४.१.१ अन्तर्राष्ट्रिय समन्वय परिषदले विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिको संयोजकको मनोनयन गर्नेछ। संयोजक संघ - संगठनको विधान नियमावली तथा साधारणतया नियम कानुनको अनुभवी तथा ज्ञाता हुनु पर्ने छ। नीज चालु अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी, सदस्य, सल्लाहकार वा संरक्षक रहेको हुनु पर्नेछ।

४.१.२ विधानको धारा ३१ अनुसार बनेको विधान स्थायी समितिको संयोजकलाई नै यस समितिको पनि संयोजकका रुपमा मनोनयन गर्न वाञ्छनिय हुनेछ ।

४.१.३ विधानको धारा ३१ अनुसार बनेको विधान स्थायी समितिका तिनै जना सदस्यहरु यस समितिको सदस्य रहने छन् ।

४.१.४ मनोनित संयोजकले अन्य सदस्यहरुको नाम र आफ्नो समितिको निर्देशिकासूची (terms of reference) अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नु पर्ने छ र स्वीकृत भएपछि कार्य संचालन गर्नु पर्ने छ ।

४.१.५ यस समितिमा संयोजक सहित बढीमा १५ सदस्य रहने छन् । आवश्यक्ता अनुसार संयोजकले सदस्यहरु मध्ये कसैलाई सह-संयोजक तोक्न सक्नेछ र सल्लाहकारहरु मनोनयन गर्न सक्ने छ ।

४.१.६ यो कार्यदलको समयावधि अन्तर्राष्ट्रिय समन्वय परिषदले तोक्ने छ ।

४.२ **काम, कर्तब्य र अधिकार**

यो कार्यदलको काम, कर्तव्य र अधिकार कार्यदल सम्बन्धी नियमावली तथा निर्देशिका सूचीमा तोकिए अनुसार हुने छ । यसका साथै विशेषत: यो कार्यदलको निम्न अनुसारको काम, कर्तव्य र अधिकार हुने छ ।

४.२.१ समय र समाजको परिवर्तित अवस्था अनुसार परिवर्तन हुँदै जाने संघको कार्य शैली तथा उद्देश्य एवं परिवर्तन हुँदै जाने सरकारको नियम कानुन अनुसार संघको विधान तथा नियमावलीलाई अध्यावधिक राख्न विधानमा संशोधन तथा थप घट गर्नु पर्ने हुनाले सो संशोधनको अध्ययन तथा तयारी गरी सोको प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्ने र स्वीकृत भएको बुँदाहरु विधानमा तथा नियमावलीमा समायोजन गर्ने ।

४.२.२ संघको अन्तर्राष्ट्रिय समन्वय परिषदको विद्यमान विधान अन्तर्गत विभिन्न निकायहरु वा कार्य पद्दतीको व्याख्यात्मक तथा व्यवहारिक एवं विस्तारित रुपमा नियमावलीहरु बनाउने वा नियमावलीमा संशोधनको आवश्यक्ता देखिएमा अन्तर्राष्ट्रिय समन्वय परिषदमा प्रस्ताव गर्ने ।

४.२.३ कार्यदलको वैठक घटीमा ३/३ महिनामा बस्नेछ । वैठकको आह्वान, छलफलको विषय संयोजकले गर्नेछ । संयोजकको अनुपस्थितिमा वैठकको अध्यक्षता सहसंयोजक वा निजको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले गर्ने छ ।

४.२.४ वैठकमा उपस्थित सदस्यहरुको बहुमतको आधारमा निर्णय गरिनेछ । वैठकमा छलफल भई अन्तर्राष्ट्रिय समन्वय परिषदमा प्रस्ताव गरिएका विषयहरु परिषदले स्वीकृत गरी सार्वजनिक नगरेसम्म गोप्य रहने छ ।

४.२.५ समितिले अन्तर्राष्ट्रिय समन्वय परिषदको वैठक बस्नु भन्दा ७ दिन अघि आफ्नो कार्य प्रगति विवरण पठाउनु पर्ने छ । अन्तिम कार्य विवरण भने अन्तर्राष्ट्रिय महाधिवेशन हुनुभन्दा एक महिना अघि पेश गर्नु पर्नेछ ।

४.२.६ समितिले विभिन्न श्रोतबाट सुझावहरु संकलन गरी संशोधन प्रस्ताव तयार गर्नेछ । यी श्रोतहरुमा पूर्व विधान संशोधन समितिले दिएका सुझावहरु, विश्व सम्मेलन, क्षेत्रीय सम्मेलनमा प्रतिनिधीहरुले राखेका सुझावहरु, राष्ट्रिय समन्वय परिषद, अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी र सदस्यहरुबाट तथा गैरआवासीय नेपाली संघका शुभचिन्तकहरुबाट लिईने सुझावहरु-आदिलाई लिन सकिनेछ ।

४.२.७ समितिले आफ्नो कार्य सम्पादन गर्न संघका कुनै पनि सदस्य, पदाधिकारी, व्यक्ति वा राष्ट्रिय समन्वय परिषदसंग सहयोग माग्न सक्ने छ ।

४.२.८ समितिका सदस्यहरुको (कार्यदलमा काम गरेको नाताले मात्र) राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय परिषदमा कुनै कार्यकारिणी हैसियत हुने छैन ।

५. **नियमावली लागु हुनेबारे**

६.१ विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिहरुले माथिको धारा ५.२ मा उल्लेख भए बमोजिम नियमावलीहरुको निर्माण गरी वा संशोधनको प्रस्ताव तयार गरी अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नेछ ।

६.२ अन्तर्राष्ट्रिय समन्वय परिषदले यस उपर छलफल गरी बहुमतको निर्णयबाट नियमावलीहरु पारित गर्नेछ ।

६.३ पारित नियमावलीमा विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिको संयोजक, स्थायी विधान समितिका तिन जना सदस्यहरु मध्येबाट एकजना र अन्तर्राष्ट्रिय समन्वय परिषदको महासचिव वा अध्यक्ष (महासचिव स्थायी विधान समितिको सदस्य वा विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिको संयोजक रहेको अवस्थामा) मध्ये एकजना गरी तिनजनाले हस्ताक्षर गरे पछि लागु हुनेछ ।

६. **विधान संशोधन प्रकृया बारे**

६.१ विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिहरुले माथीको धारा ५.२ मा उल्लेख भए बमोजिम विधान संशोधन सुझाव अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नेछ ।

६.२ अन्तर्राष्ट्रिय समन्वय परिषदले यस उपर छलफल गरी संशोधन प्रस्तावलाई अन्तिम रुप दिई अन्तर्राष्ट्रिय महाधिवेशनमा पेश गर्ने छ । उक्त संशोधन प्रस्तावमा विधानको धारा २९.१ मा उल्लेख भए वमोजिम कम्तिमा २५ प्रतिशत अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी र सदस्यहरुको हस्ताक्षर भएको हुनु पर्नेछ ।

६.३ अन्तर्राष्ट्रिय समन्वय परिषदको तर्फबाट विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिको संयोजकले विधान संशोधन प्रस्ताव अन्तर्राष्ट्रिय महाधिवेशनमा छलफलको लागि पेश गर्नेछ ।

६.४ अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित प्रतिनिधीहरुको दुई तिहाई बहुमतले संशोधनको प्रस्ताव पारित गर्नेछ ।

६.५ पारित नियमावलीमा विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिको संयोजक, विधान स्थायी समितिका तीन जना सदस्यहरु मध्यबाट एकजना र अन्तर्राष्ट्रिय समन्वय परिषदको महासचिव वा अध्यक्ष (महासचिव स्थायी विधान समितिको सदस्य वा विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिको संयोजक रहेको अवस्थामा) मध्ये एकजना गरी तीन जनाले हस्ताक्षर गरे पछि लागू हुनेछ ।

॥समाप्त॥

गैरआवासीय नेपाली संघ
महिला फोरमको कार्य व्वस्था सम्बन्धी नियमावली २०१३

प्रस्तावना :

गैरआवासीय नेपाली संघ महिला फोरमले विभिन्न मुलुकहरुमा रहेका राष्ट्रिय समन्वय परिषदहरुमा आबद्ध महिला प्रतिनिधि मार्फत विश्वभरीका गैरआवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितकोलागि महिलाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न संजाल विस्तार गर्नको लागि गैरआवासीय नेपाली संघको विधानको परिच्छेद ६ को धारा २२.९ बमोजिम महिला फोरमले तपसील अनुसार फोरमको कार्य प्रणाली बनाई जारी गरेको छ ।

१. **नाम र प्रारम्भ :**

यस नियमावलीको नाम **"गैरआवासीय नेपाली संघ महिला फोरम कार्यव्यवस्था सम्बन्धी नियमावली २०१३"** रहने छ । यस नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषदबाट अनुमोदन भएको दिन देखी लागू हुनेछ ।

२. **फोरम गठनको उद्देश्य :**

विश्वभरी छरिएर रहेका गैरआवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितको लागि महिलाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी बनाउन संजाल विस्तार गर्ने । नेपालका पिछिडिएका महिलाहरुको जीवनस्तर उकास्न सकृय भूमिका निर्वाह गर्ने ।

३. **काम र कर्तव्य**

३.१ विधानको धारा २३.३ अनुसार राष्ट्रिय समन्वय परिषदका महिला संयोजकहरुलाई संयोजन गर्ने, आवधिक विवरण लिने, महिलासँग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्ने ।

३.२ प्रत्येक राष्ट्रिय समन्वय परिषदका महिला प्रतिनिधिहरुले आ-आफ्नो मुलुकमा रहेका महिलाहरुलाई एकिकृत गरेर महिला सम्बर्न्धि कार्यक्रमरु संचालन गर्ने ।

३.३ नेपालमा रहेका पिछिडिएका महिलाहरुलाई सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य र उद्यमशीलतामा उनीहरुको पहुँच पुऱ्याउनका लागि नेपाल सरकार, सरोकारवाला संघ संस्थाहरुसंग सहकार्य गरी उनीहरुको तालिमको लागि आवश्यक साधन श्रोत उपलव्ध गराउन क्रियाशील रहने ।

३.४ नेपालमा रहेका निम्न आय भएका महिलाहरुको शिक्षा र उद्यमशीलताको विकासको लागि छात्रबृद्धि प्रदान गर्न आर्थिक श्रोत जुटाउने कार्य गर्ने ।

३.५ महिला शसक्तिकरणको लागि कार्यहरु संचालन गर्ने ।

३.६ महिलाहरुलाई आफ्नो हक अधिकारको लागि जागरण गराउने खालका कार्यहरु संचालन गर्न सहकार्य र सहयोग गर्ने ।

३.७ नेपालको हरेक तह र क्षेत्रहरुमा उनीहरुको पहुँच र सहभागीताको लागि नेपाल सरकार र सरोकारवालाहरुसंग सहकार्य र समन्वय गर्ने ।

३.८ फोरमले प्रयेक ३ महिनामा एक पल्ट नियमित रुपमा अन्तर्राष्ट्रिय समन्वय परिषदमा फोरमले गरेका कार्यहरुको प्रगति विवरण पेश गर्ने ।

३.९ विश्वमा रहेका नेपाली महिलाहरुको संजाललाई एकताबद्ध र सकृय बनाउनको लागि महिला सम्मेलन तथा गोष्ठीहरु संचालन गर्ने ।

३.१० हरेक राष्ट्रिय समन्वय परिषदले आफ्नो मुलुकमा महिला प्रतिनिधिको चयन गर्दा कम्तिमा पूरा कार्यकाल अथवा २ वर्षको लागि चयन गर्नको लागि महिला फोरमले अनुरोध गर्ने छ । कुनै सदस्यहरुको पद रिक्त भएमा बांकी अवधिको लागि रिक्त पदमा महिला फोरमका संयोजकले राष्ट्रिय समन्वय परिषदहरुसंग समन्वय गरेर मनोनयनको लागि आवश्यक पहल गर्ने छ ।

३.११ गैरआवसीय नेपाली संघ र दोश्रो पक्ष बीच महिलाहरुसँग सम्वन्धि समझदारीपत्रमा हस्ताक्षर गर्नु परेमा समझदारी पत्रको प्रकृति हेरी अन्तर्राष्ट्रिय समन्वय परिषदका महिला संयोजक वा राष्ट्रिय समन्वय परिषदबाट मनोनित महिला संयोजकलाई सहभागी गराईनेछ ।

३.१२ स्थानीय स्तरका संघसंस्थासंग समझदारीपत्रमा हस्ताक्षर गर्नु परेमा सो देशको राष्ट्रिय समन्वय परिषदको अध्यक्ष वा अन्तर्राष्ट्रिय समन्वय परिषद महिला संयोजकसंग परामर्श लिनु पर्नेछ । यस्ता समझदारी पत्रमा राष्ट्रिय समन्वय परिषदबाट मनोनित महिला संयोजकहरुलाई पनि हस्ताक्षर गर्न सहभागी गराईनेछ ।

३.१३ नेपालका वा अन्तर्राष्ट्रिय स्तरका संघसंस्थासंग समझदारी पत्रमा हस्ताक्षर गर्नु परेमा अन्तर्राष्ट्रिय समन्वय परिषद महिला संयोजकले अन्तर्राष्ट्रिय समन्वय परिषदको अध्यक्षसंग परामर्श लिनु पर्नेछ । यस्ता समझदारी पत्रमा अन्तर्राष्ट्रिय समन्वय परिषद महिला संयोजकलाई पनि हस्ताक्षर गर्न सहभागी गराईनेछ।

३.१४ विधानको धारा २२.९.३ अनुसार राष्ट्रिय समन्वय परिषदको मातहतमा रही सम्वन्धित देशको महिला संयोजकको अगुवाईमा बन्ने महिलाहरुको संजालको व्यवस्थापन गर्न सदस्य सचिव र कोषाध्यक्षको मनोनयन गर्न सकिने छ ।

३.१५ राष्ट्रिय समन्वय परिषदको स्तरमा आयोजना गरिने महिला सम्वर्न्धि कार्यक्रमको संयोजन राष्ट्रिय समन्वय परिषदबाट मनोनित महिला संयोजकले गर्ने छन् ।

४. **बैठक** :

विभिन्न राष्ट्रिय समन्वय परिषदका महिला संयोजक तथा महिला प्रतिनिधिहरुसंग समन्वय, सहकार्य गरी संचालन भएका गतिविधिहरु बारे अध्यावधिक हुनको लागि महिनको कम्तिमा एक पटक स्काइप वा संचारका अन्य माध्यमबाट अन्तर्राष्ट्रिय समन्वय परिषदका महिला संयोजकले अनिवार्य रुपमा फोरमको वैठक आव्हान गर्नुपर्ने प्रावधान गरिएको छ ।

५. **बैठकको निर्णय** :

वैठकमा भएका निर्णयहरुको माइनुट वैठक सकिएको मितिले दुई हप्ता भित्र अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नु पर्ने छ ।

६. **बैठक सम्बनधि प्रक्रिया** :

६.१ फोरमको बैठकको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषदको महिला संयोजकले गर्ने छ । संयोजकको अनुपस्थितिमा उपसंयोजकल गर्ने छ ।

६.२ बैठकको प्रतिवेदन र निर्णय विद्युतिय अभिलेखमा राखिने छ ।

॥समाप्त॥

गैरआवासीय नेपाली संघ
युवा फोरमको कार्यव्यवस्था सम्बन्धि नियमावली २०१३

प्रस्तावना :

गैरआवासीय नेपाली संघ युवा फोरमले विभिन्न मुलुकहरुमा रहेका राष्ट्रिय समन्वय परिषदहरुमा आबद्ध युवा संयोजक मार्फत विश्वभरीका गैरआवासीय नेपाली युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितको लागि उनीहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न संजाल विस्तार गर्नको लागि गैरआवासीय नेपाली संघको विधानको धारा २२.११ बमोजिम तपसील अनुसार फोरमको कार्य प्रणाली बनाई यो नियमावली जारी गरेको छ ।

१. **नाम र प्रारम्भ :**

यस नियमावलीको नाम "गैरआवासीय नेपाली संघ युवा फोरम कार्यव्यवस्था सम्बन्धी नियमावली २०१३" रहने छ । यस नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषदबाट अनुमोदन भएको दिन देखी लागू हुनेछ ।

२. **फोरम गठनको उद्देश्य** :

विश्वभरी छरिएर रहेका गैरआवासीय नेपाली युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितको लागि युवाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी बनाउन संजाल विस्तार गर्ने तथा देशमा सक्षम युवाहरुको उत्पादनमा सकृय भूमिका निर्वाह गर्ने । गैरआवासीय नेपाली युवाहरुलाई नेपाल र नेपाली प्रति सामिप्यता बढाउन सहयोग गर्ने ।

३. **काम र कर्तव्य**

३.१ विधानको धारा २२.११ अनुसार राष्ट्रिय समन्वय परिषदमा मनोनित युवा संयोजकहरुलाई संयोजन गर्ने, आवधिक विवरण लिने, युवासंग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्ने ।

३.२ प्रत्येक राष्ट्रिय समन्वय परिषदका युवा संयोजक तथा युवा प्रतिनिधिहरुले आ-आफ्नो मुलुकमा रहेका युवाहरुलाई एकिकृत गरेर युवा सम्बर्न्धि कार्यक्रमरु संचालन गर्ने ।

३.३ नेपालमा रहेका युवा र गैरआवासीय नेपाली युवाहरु वीच शिक्षा, खेलकुद र उद्यमशीलताको विकासमा नेपाल सरकार, सरोकारवाला संघ संस्थाहरुसंग सहकार्य गरी उनीहरुको तालिमको लागि आवश्यक साधन श्रोत उपलब्ध गराउन क्रियाशिल रहने ।

३.४ नेपालमा रहेका युवाहरुमा शिक्षा, खेलकूद र उद्यमशीलताको विकासको लागि छात्रबृद्धि प्रदान गर्न आर्थिक श्रोत जुटाउने कार्य गर्ने ।

३.५ गैरआवासीय बाल बालिकाहरुलाई नेपाली भाषा, साहित्य, कला संस्कृति पहिचान गर्ने विभिन्न कार्यक्रम गर्ने।

३.६ प्रयेक ३ महिनामा एक पल्ट नियमित रुपमा अन्तर्राष्ट्रिय समन्वय परिषदमा फोरमले गरेका कार्यहरुको प्रगती विवरण पेश गर्ने छ ।

३.७ गैरआवसीय नेपाली संघ र दोश्रो पक्ष बीच युवासंग सम्वर्न्धि समझदारीपत्रमा हस्ताक्षर गर्नु परेमा समझदारी पत्रको प्रकृति हेरी अन्तर्राष्ट्रिय समन्वय परिषदका युवा संयोजक वा राष्ट्रिय समन्वय परिषदबाट मनोनित युवा संयोजकलाई सहभागी गराईने छ ।

३.८ राष्ट्रिय समन्वय परिषदको स्तरमा आयोजना गरिने युवा सम्वन्धि कार्यक्रमको संयोजन राष्ट्रिय समन्वय परिषदबाट मनोनित युवा संयोजकले गर्ने छ ।

४. **बैठक :**

विभिन्न राष्ट्रिय समन्वय परिषदका युवा संयोजक तथा युवा प्रतिनिधिहरुसंग समन्वय, सहकार्य गरी संचालन भएका गतिविधिहरु बारे अध्यावधिक हुनको लागि महिनको कम्तिमा एक पटक स्काइप वा संचारका अन्य माध्यमबाट संयोजकले अनिवार्य रुपमा फोरमको वैठक आव्हान गर्नुपर्ने छ ।

५. **बैठकको निर्णय** :

वैठकमा भएका निर्णयहरुको माइनुट वैठक सकिएको मितिले दुई हप्ता भित्र अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गर्नु पर्ने छ ।

६. **बैठक सम्बन्धी प्रक्रिया** :

६.१ यस नियमावलीमा नपरेका कुराहरु गैरआवासीय नेपाली संघको विधानको आधारमा फोरमले निर्णय गरे बमोजिम हुने छ ।

६.२ हरेक राष्ट्रिय समन्वय परिषदले आफ्नो मुलुकमा युवा प्रतिनिधिको चयन गर्दा कम्तिमा पुरा कार्यकाल अथवा २ वर्षको लागि चयन गर्नको लागि युवा फोरमले अनुरोध गर्ने छ । कुनै सदस्यहरुको पद रिक्त भएमा बांकी अवधिको लागि रिक्त पदमा युवा फोरमका संयोजकले राष्ट्रिय समन्वय परिषदहरुसंग समन्वय गरेर मनोनयनको लागि आवश्यक पहल गर्न सक्नेछ ।

६.३ फोरमको बैठकको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषदका युवा संयोजकले गर्नेछ । संयोजकको अनुपस्थितिमा उपसंयोजकले अध्यक्षता गर्ने छ ।

६.४ वैठकको प्रतिवेदन र निर्णय विधुतीय अभिलेखमा राखिने छ ।

गैर आवासीय नेपाली संघको विधान २००३
(२००९ को संशोधन सहित मिलाइएको रुपमा)

प्रस्तावना

नेपालको विकास र प्रवर्द्धनमा टेवा पुऱ्याउन, विश्वका विभिन्न मुलुकहरुमा बसोवास गरिरहेका गैर आवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि इस्वी सन् २००३ मा लण्डनमा सम्पन्न गैर आवासीय नेपालीहरुको एक भेलामा व्यापक छलफल भइ आफ्नो गतिविधिहरुलाई समन्वय एवं संचालन गर्न आधारभूत मानव अधिकारप्रति प्रतिवद्ध एक जिम्मेवार संस्थाको गठन हुनु पर्ने आवश्यकतालाई मनन् गरी एक स्वतन्त्र, गैर नाफामूलक, गैर राजनीतिक, गैर सरकारी, चिरस्थायी, एक संघको स्थापना गर्नको लागि यो विधान बनाइएको छ ।

परिच्छेद - १

१. **नाम र प्रारम्भ**

१.१. यस संस्थाको नाम गैर आवासीय नेपाली संघ (यसपछि यस विधानमा संघ भनिएको छ) हुनेछ । अंग्रेजीमा यस संस्थालाई Non-Resident Nepali Association र छोटकरीमा NRNA भनिनेछ ।

१.२. यो विधान अन्तर्राष्ट्रिय महाअधिवेशनबाट पारित हुनासाथ लागू हुनेछ ।

२. यस संघको मूल मन्त्र "नेपालीका लागि नेपाली" हुनेछ ।

३. संघको आफ्नो छुट्टै छाप, प्रतीक चिन्ह, लेटरहेड, सदस्यता आवेदन फर्म, सदस्यता परिचयपत्र र शपथको नमूना हुनेछ ।

४. संघ नेपालमा दर्ता हुनेछ र यसको सचिवालय पनि नेपालमा स्थापना गरिनेछ ।

परिच्छेद - २

५. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

५.१. "गैर आवासीय नेपाली" भन्नाले नेपाली मुलको विदेशी नागरिक वा नेपालको चालु आर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्य देशहरुमा अध्ययन, पेशा रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउंदछ । यसै अनुच्छेदमा उल्लेखित "नेपाली मूलका विदेशी नागरिक" भन्नाले कुनै व्यक्ति साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे, वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एसियाली सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्तिलाई जनाउंदछ । (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

५.२. "संघ" भन्नाले गैर आवासीय नेपाली संघ लाई जनाउनेछ ।

५.३. "अन्तर्राष्ट्रिय समन्वय परिषद्" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

५.४. "राष्ट्रिय समन्वय परिषद" भन्नाले संघको राष्ट्रिय समन्वय परिषद्लाई जनाउनेछ ।

५.५. "सम्मेलन" भन्नाले संघको विश्व सम्मेलनलाई जनाउनेछ ।

५.६. "अन्तर्राष्ट्रिय महाधिवेशन" भन्नाले संघको अन्तर्राष्ट्रिय महाधिवेशनलाई जनाउनेछ ।

५.७. "विशेष महाधिवेशन" भन्नाले संघको विशेष महाधिवेशनलाई जनाउनेछ ।

५.८. "राष्ट्रिय महाधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषदको अधिवेशनलाई जनाउने छ ।

५.९ "अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठित सम्बन्धित राष्ट्रका क्षेत्रीय समन्वय परिषद्हरुको अधिवेशनलाई जनाउने छ ।

५.१०. "सचिवालय" भन्नाले संघको दैनिक कार्य सञ्चालनार्थ नेपालमा स्थापना गरिएको कार्यालयलाई जनाउनेछ ।

५.११. "कार्यालय पदाधिकारी" भन्नाले, अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष, प्रवक्ता, (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) ~~तथा~~ क्षेत्रीय संयोजकहरु, ~~तथा~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) क्षेत्रीय उपसंयोजकहरु, महिला संयोजक, महिला उपसंयोजक, युवा संयोजक र युवा उप संयोजक (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) लाई सम्झनु पर्छ ।

५.१२. "अध्यक्ष" भन्नाले संघको अध्यक्षलाई जनाउने छ ।

५.१३ "उपाध्यक्ष" भन्नाले संघको उपाध्यक्षलाई जनाउनेछ ।

५.१४. "महासचिव" भन्नाले संघको महासचिवलाई जनाउने छ ।

५.१५. "सचिव" भन्नाले संघको सचिवलाई जनाउनेछ ।

५.१६. "कोषाध्यक्ष" भन्नाले संघको कोषाध्यक्षलाई जनाउनेछ ।

५.१७. "क्षेत्रीय संयोजक" भन्नाले संघको क्षेत्रीय संयोजकलाई जनाउनेछ ।

५.१८. "उपसंयोजक" भन्नाले संघको क्षेत्रीय उपसंयोजकलाई जनाउनेछ ।

५.१९. "साधारण सदस्य" भन्नाले संघको साधारण सदस्यलाई जनाउने छ ।

५.२०. "पञ्जिकृत सदस्य" भन्नाले संघको पञ्जिकृत सदस्यलाई जनाउनेछ ।

५.२१. "मानार्थ सदस्य" भन्नाले संघको मानार्थ सदस्यलाई जनाउनेछ ।
५.२२ "सम्बद्ध सदस्य" भन्नाले संघको सम्बद्ध सदस्यलाई जनाउनेछ ।
५.२३ "सल्लाहकार" भन्नाले संघको सल्लाहकारलाई जनाउनेछ ।
५.२४. "अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय" भन्नाले अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष, क्षेत्रीय संयोजकहरु, क्षेत्रीय उपसंयोजकहरु, महिला संयोजक, महिला उप संयोजक, युवा संयोजक, युवा उप संयोजक (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) तथा संघको प्रवक्ता रहेको कार्यकारी समितिलाई जनाउनेछ ।
५.२५. "छाप" भन्नाले संघको छापलाई जनाउनेछ ।
५.२६. "लेटरहेड" भन्नाले संघको लेटरहेडलाई जनाउनेछ ।
५.२७. "क्षेत्रीय सम्मेलन" भन्नाले संघको क्षेत्रीय सम्मेलनलाई जनाउनेछ ।
५.२८. "विश्व सम्मेलन" भन्नाले संघको विश्व सम्मेलनलाई जनाउनेछ ।
५.२९. "समिति" भन्नाले संघको समितिलाई जनाउनेछ ।
५.३०. "कार्यदल" वा अंग्रेजीमा "Task Force" भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषदले विधानको धारा १७.८ बमोजिम गठन गरेका कार्यदल वा अंग्रेजीमा Task Force लाई जनाउने छ । (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)
५.३१. "दर्ता शुल्क" भन्नाले विश्व सम्मेलन वा अन्तर्राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय महाधिवेशन वा क्षेत्रीय सम्मेलनमा भाग लिन नाम दर्ता गर्दा लाग्ने दस्तुरलाई जनाउनेछ ।
५.३२. "एकबचन" शब्दले बहुवचन र बहुवचन शब्दले एकवचनलाई समेत जनाउनेछ ।
५.३३. "पुलिङ्ग" शब्दले स्त्रीलिङ्ग समेतलाई जनाउनेछ ।
५.३४. "व्यक्ति" शब्दले प्राकृतिक र कानूनी दुवै व्यक्तिलाई जनाउनेछ ।

परिच्छेद - ३

६. **उदेश्यहरु :-**

विदेशमा बस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपाल भित्र र बाहिर उनीहरूको उद्देश्यलाई प्रवर्द्धन गर्ने र उनीहरुलाई नेपालको हितमा योगदान गर्न परिचालन गर्नु नै संघको मुख्य उद्देश्य रहनेछ । यी उद्देश्यहरु प्राप्त गर्नका लागि संघले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

६.१. विदेशमा बस्ने नेपालीहरुको हितलाई संरक्षण गर्ने एवं नेपालको प्रवर्द्धन गर्ने ।
६.२. संसारभरिका नेपाली संघ संगठनहरुसंग समन्वय कायम गर्ने एवं विश्व सञ्जाल स्थापना गरी गैर आवासीय नेपालीहरुको साझा संस्थाको रुपमा तिनको प्रतिनिधित्व गर्ने ।
६.३. गैर आवासीय नेपालीको पूँजी र मानव संसाधनको लगानी नेपालको चौतर्फि विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसंग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने ।
६.४. विदेशी मुलुकमा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने ।
६.५. विदेशी प्रत्यक्ष लगानीलाई नेपालभित्र आकर्षण गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने ।
६.६. गैर आवासीय नेपालीहरु बसोवास गरि रहेका मुलुकहरुमा उनीहरुको स्थायित्व र समग्र हितका लागि क्रियाशिल रहने । (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

परिच्छेद - ४

७. **सदस्यता :-**

कानून बमोजिम गैर आवासीय नेपालीको हैसियत कायम रहेसम्म यस संघको सदस्यता कायम रहनेगरि विधानको अनुसुचि ५ बमोजिमको सदस्यता परिचय पत्र प्रदान गरिनेछ । संघका सदस्यता देहाय बमोजिम चार प्रकारका हुनेछन् ।

७.१. **साधारण सदस्य :-**

चालु आर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्य देशहरुमा अध्ययन पेशा रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिक यस संघका साधारण सदस्य हुनेछन् ।

७.२. **पञ्जिकृत सदस्य :-**

यस विधानमा तोकिए बमोजिम राष्ट्रिय समन्वय परिषद वा राष्ट्रिय समन्वय परिषद गठन भइ नसकेका राष्ट्रमा अन्तर्राष्ट्रिय समन्वय परिषदबाट सदस्यता प्राप्त गर्ने व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् ।

७.३. **सम्बद्ध सदस्य :-**

नेपाललाई सहयोग र प्रवर्द्धन गर्न चाहने गैरनेपाली मूलको व्यक्ति वा संस्था संघको सम्वद्ध सदस्य हुनेछ ।

७.४. **मानार्थ सदस्य :-**

गैर आवासीय नेपालीको हकहित संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नेछ ।

८. **सदस्यताको लागि योग्यता :-**

देहायको योग्यता पुगेको व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् ।

८.१. नेपालको चालु आर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एशियाली मुलुकहरु बाहेकका अन्य मुलुकहरुमा रहेको ।

८.२. नेपाली नागरिक वा नेपाली मूलको विदेशी नागरिक भएको ।

८.३. १८ वर्ष उमेर पुरा भएको ।

८.४. यस विधानको धारा ५.१ को परिभाषा बमोजिम परेको । (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

९. **सदस्यता शुल्क र सदस्यको विवरण :-**

९.१ पञ्जिकृत सदस्यता जारी गर्ने अधिकार राष्ट्रिय समन्वय परिषदलाई हुनेछ । सम्बद्ध सदस्यता राष्ट्रिय समन्वय परिषदको सिफारिशमा अन्तर्राष्ट्रिय समन्वय परिषदले प्रदान गर्नेछ । तर राष्ट्रिय समन्वय परिषद गठन भइ नसकेका मुलुकहरुको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषदले प्रदान गर्नेछ ।

९.२. पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिम हुनेछ । पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदको कोषमा जम्मा गरिनेछ ।

९.३. राष्ट्रिय समन्वय परिषदले आवश्यक ठानेमा अतिरिक्त शुल्क तोक्न सक्नेछ । यसरी तोकीएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषदको कोषमा रहनेछ ।

९.४ राष्ट्रिय समन्वय परिषदले यसका सदस्यहरुको विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पठाउने छ ।

९.५. अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको सम्पूर्ण पञ्जिकृत सदस्यहरुको अभिलेख राख्नेछ ।

१०. **सदस्यताको समाप्ति एवं सदस्यहरुको अधिकार र उत्तरदायित्वहरु :-**

१०.१. प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरणयोग्य हुनेछैन ।

१०.२. यस विधान र राष्ट्रिय समन्वय परिषद्को विधान सहित (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) संघको अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरुलाई प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ ।

१०.३ पञ्जिकृत सदस्यहरुलाई सम्बन्धित राष्ट्रिय महाधिवेशनमा भाग लिने, कुनै पनि निर्वाचित हुने पदमा उम्मेदवार हुने वा मतदान गर्न पाउने तथा अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन प्रतिनिधि चुनिनका लागि उम्मेदवार बन्ने हक हुनेछ । साधारण सदस्यले सम्बन्धित राष्ट्रिय महाधिवेशनमा वा संघको कुनै पनि तहको अधिवेशनमा भाग लिन पञ्जिकृत सदस्यता लिनु पर्नेछ ।

१०.४. मानार्थ तथा सम्बद्ध सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ । तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवार खडा हुन एवं निर्वाचनमा मतदान गर्ने हक हुनेछैन ।

१०.५. देहायको अवस्थामा गैर आवासीय नेपाली संघको सदस्यता समाप्त हुनेछ ।

१०.५.१ कानून बमोजिम गैर आवासीय नेपालीको हैसियत समाप्त भएमा,

१०.५.२ सदस्यको मृत्यू भएमा,

१०.५.३ विधान बमोजिम राष्ट्रिय समन्वय परिषदले गरेको कारवाही अन्तर्राष्ट्रिय समन्वय परिषदले सदर गरेमा,

१०.५.४ कुनै पनि पञ्जिकृत सदस्यले लिखित रुपमा एक महिनाको सूचना राष्ट्रिय समन्वय परिषदका अध्यक्षलाई दिएर संघको सदस्यता परित्याग गर्नको लागि निवेदन गर्न सक्नेछ । निवेदन स्वीकृत भएमा राष्ट्रिय समन्वय परिषदले तोकेको मितिबाट निजको संघको पञ्जिकृत सदस्यता अन्त्य हुनेछ ।

परिच्छेद - ५

११. **विश्व सम्मेलन :-**

अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको विश्व सम्मेलन अन्तर्राष्ट्रिय महाधिवेशनको मिति सगै मेल खाने गरी दुई वर्षमा घटिमा एक पटक आयोजना गर्ने छ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको समय, स्थान र छलफलको विषय सूची तोक्नेछ ।

१२. **क्षेत्रीय सम्मेलन :-**

कुनै क्षेत्रमा बस्ने गैर आवासीय नेपालीहरुको वस्तुस्थितिलाई राम्रोसंग बुझ्न र गैर आवासीय नेपालीको हक अधिकार संरक्षणको अभियान प्रवर्द्धन गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय परिषदले समय-समयमा संसारका विभिन्न भागहरुमा क्षेत्रीय सम्मेलनको आयोजना गर्न सक्नेछ ।

१३. **अन्तर्राष्ट्रिय महाधिवेशन :-**

अन्तर्राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषद्बाट पठाइएका प्रतिनिधिहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी सदस्यहरु, सल्लाहकारहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका पर्यवेक्षकहरु र सम्बद्ध सदस्यहरुले भाग लिन पाउनेछन् । तर

~~सल्लाहकार~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) पर्यवेक्षक र सम्बद्ध सदस्यहरुलाई मतदान गर्ने वा उम्मेदवारी दिने अधिकार रहने छैन ।

१३.१. अन्तर्राष्ट्रिय महाधिवेशन संघको सर्वोच्च अंग हुनेछ । अन्तर्राष्ट्रिय महाधिवेशन दुई वर्षमा एक पटक सम्पन्न हुनेछ ।

१३.२. अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यक देखेमा तोकिएको अन्तर्राष्ट्रिय महाधिवेशनको मितिलाई पछि सार्न वा स्थगित गर्न सक्नेछ । तर यो अवधि ६ महिना भन्दा बढी हुनेछैन ।

१३.३ अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलन हुने समय, र स्थानको औपचारिक घोषणा अन्तर्राष्ट्रिय महाधिवेशन हुनु भन्दा ३ महिना अगावै गरिनु पर्नेछ ।

१३.४ पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको समय भित्र आफ्नो नाम रीतपूर्वक राष्ट्रिय समन्वय परिषदमा दर्ता गराउनु पर्नेछ । यसरी दर्ता गरिएता पनि यसै विधानको धारा १३.८ बमोजिम अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि चुनिनु पर्नेछ ।

१३.५ राष्ट्रिय समन्वय परिषद स्थापना नभएका देशका पञ्जिकृत सदस्यहरुले आफ्नो नाम तोकिएको समय भित्र रीतपूर्वक अन्तर्राष्ट्रिय समन्वय परिषदमा दर्ता गराउन सक्नेछन् ।

१३.६ पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुनका लागि राष्ट्रिय समन्वय परिषदले जारी गरेको दर्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

१३.७ बहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी एवं सदस्यहरुलाई संघको अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने हक स्वतः हुनेछ ।

१३.८ अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषदले प्रत्येक १० (दश) जना पञ्जिकृत सदस्य संख्या बराबर एक जना प्रतिनिधि (१:१०) चयन गर्नेछ । राष्ट्रिय समन्वय परिषदले अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरु चयन गर्दा सर्व सम्मत नभएमा निर्वाचन प्रक्रियाको माध्यमबाट चयन गर्नु पर्ने छ । यसरी चुनिने अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको संख्या अधिकतम १०० (एकसय) हुनेछ । (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

१४. **अन्तर्राष्ट्रिय महाधिवेशनका कार्यहरु :-**

अन्तराष्ट्रिय महाधिवेशनको कार्यहरु देहाय बमोजिम हुनेछ :

१४.१ अन्तर्राष्ट्रिय समन्वय परिषद~~को कार्यकारी समिति~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) बाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र अन्तर्राष्ट्रिय समन्वय परिषदलाई निर्देशन दिने ।

१४.२ अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिको निर्वाचन गर्ने ।

१४.३ संघको उद्देश्य प्राप्तिको लागि संघको नीतिहरु तय गर्ने ।

१४.४ आवश्यक्तानुसार संघको विधानको संशोधन गर्ने ।

१४.५ संघको नीति तथा कार्यक्रमहरुको निर्माण र विकास गर्ने ।

१४.६ संघका विभिन्न विभागहरु, समितिहरु एवं राष्ट्रिय समन्वय परिषदका प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।

१४.७ अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न प्रतिवेदनहरु, द्वय-वार्षिक क्रियाकलापहरु र लेखा परिक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने ।

१५. **संघको विशेष महा** (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) **अधिवेशन :-**

अन्तर्राष्ट्रिय समन्वय परिषदका साधारण बहुमत सदस्यहरुले विशेष अन्तर्राष्ट्रिय महाअधिवेशन बोलाउन आवश्यक भएको ठानेमा जुनसुकै बेला विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको माग गर्न सक्नेछन् । विशेष अन्तर्राष्ट्रिय महाधिवेशन माग गरिएको ३ महिनाभित्र विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बस्नु पर्नेछ । विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषदका अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय अनुसार दुई उपाध्यक्ष मध्ये ~~अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) एक जनाले विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता गर्नेछ । विशेष अन्तराष्ट्रिय महाधिवेशनमा धारा १३ बमोजिमका प्रतिनिधिहरुलाई भाग लिने हक हुनेछ । विशेष महा (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) अधिवेशनले विशेष महा (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) अधिवेशनको माग गर्दा दिइएको निवेदनमा औलाइएका विषयहरु उपर मात्रै निर्णय गर्नेछ ।

परिच्छेद - ६

१६. **संरक्षक परिषद** :-(चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

गैर आवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदमा रहि योगदान गरिसकेका व्यक्तित्वहरुलाई गैर आवासीय नेपाली संघको बृहततर दायरा भित्र रही निरन्तर गैर आवासीय नेपाली संघ र गैर आवासीय नेपालीहरुको हितका लागि योगदान गर्न र गैर आवासीय नेपाली संघको विश्वव्यापी स्वरुपलाई मजबुत पार्दै गैर आवासीय नेपालीहरुको एकताका लागि योगदान गर्न एक प्रमूख संरक्षक सहित बढिमा ४ (चार) जना संरक्षक रहेको संरक्षक परिषदको व्यवस्था हुनेछ । संरक्षक परिषद सदस्यहरुको चयन अन्तर्राष्ट्रिय समन्वय परिषदले २ वर्षकालागि गर्नेछ ।

१६.१ **अधिकार** :-

१६.२ गैर आवासीय नेपाली संघको हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने

१६.३ गैर आवासीय नेपाली संघको हरेक सूचनाहरु प्राप्त गर्न पाउने

१६.४ अन्तर्राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिन पाउने तर मतदान गर्न नपाउने र कोरमका लागि गणना नहुने ।

१६.५ अन्तर्राष्ट्रिय समन्वय परिषद निश्क्रिय रहन गएमा वा अत्यन्तै विवादित भइ संस्था विभाजित हुने अवस्थाको सृजना भएमा संरक्षक परिषदले अन्तर्राष्ट्रिय समन्वय परिषदलाई बैठक बस्न निर्देशन दिने र बैठक बस्न नसके वा निर्देशनको पालना नभए सम्पूर्ण राष्ट्रिय समन्वय परिषदको अध्यक्षहरुको भेला आयोजना गर्ने र संस्थाको संरक्षण गर्ने ।

१६.६. **काम कर्तव्य :-**

१६.७ संघले अवलम्बन गर्ने हरेक नीति बमोजिम कार्य सम्पादन गर्ने

१६.८ संघले अघि सारेका कार्यक्रमहरु सम्पन्न गर्न आफ्नो तर्फबाट योगदान गर्ने

१६.९ संघको अनुरोध बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकायहरुमा वा फोरमहरुमा विविध विषयहरुकालागि संघको प्रतिनिधित्व गर्नु ।

१६.१० संघले तोकेका अन्य कामहरु गर्ने

१७. **अन्तर्राष्ट्रिय समन्वय परिषद :-**

१७.१. अन्तर्राष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्नको लागि संघको अन्तर्राष्ट्रिय समन्वय परिषद नामक एक कार्यकारी अंग हुनेछ ।

१७.२. अन्तर्राष्ट्रिय समन्वय परिषदमा अध्यक्ष, २ जना उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र एसियाप्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, अफ्रिका (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) तथा आशिनिया क्षेत्रबाट गरि जम्मा ~~५~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) ६ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) जना क्षेत्रीय संयोजकहरु र ~~५~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) ६ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) जना उप संयोजकहरु, एक जना महिला संयोजक, एक जना महिला उपसंयोजक, एक जना युवा संयोजक, एक जना युवा उप संयोजक (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट निर्वाचित सदस्यहरु, विधानको धारा २२.१३ बमोजिम मनोनित सदस्यहरु तथा विधानको धारा १७.१० बमोजिम मनोनित प्रवक्ता (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) रहने छन् ।

१७.३ राष्ट्रिय समन्वय परिषद गठन भइ सकेका मुलुकबाट पञ्जिकृत सदस्य संख्या निम्नतम १० (दश) देखि १००० (एक हजार) सम्ममा १ जना र सो भन्दा बढि पञ्जिकृत सदस्य संख्या रहेमा सदस्य संख्याको अनुपात प्रत्येक एक हजार पञ्जिकृत सदस्य बराबर १ जना अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य पदमा सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशनबाट निर्वाचित हुनेछन् । तर यसरी निर्वाचित सदस्य संख्या बढिमा ५(पाच) जना सम्म मात्र हुनु पर्नेछ । (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

१७.४ विधानको धारा १७.३ बमोजिम कुनै राष्ट्रबाट अन्तर्राष्ट्रिय समन्वय परिषदकालागि २ (दुई) वा सो भन्दा बढि संख्यामा सदस्य निर्वाचित हुने भएमा ती मध्येबाट १ (एक)जना सदस्यलाई सम्बन्धित राष्ट्रिय समन्वय परिषदका गतिविधिहरुको नियमित विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष पेश गर्न, अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णय तथा निर्देशनहरु राष्ट्रिय समन्वय परिषदमा कार्यान्वयन गराउन, अन्तर्राष्ट्रिय समन्वय परिषदका नियमित सुचनाहरु राष्ट्रिय समन्वय परिषदमा प्रवाह गर्न राष्ट्रिय महाधिवेशनले तोक्ने छ । बांकी अन्य अन्तर्राष्ट्रिय समन्वय परिषदका लागि निर्वाचित सदस्यहरुका हकमा भने यसै धारामा उल्लेख गरिएका काम वाहेकका सम्पूर्ण जिम्मेवारी निर्वाह गर्नु पर्नेछ । (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

१७.५ यस विधानमा तोकिए बमोजिमको रीत पूरा गरी अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने प्रतिनिधिहरु अन्तर्राष्ट्रिय समन्वय परिषदको अध्यक्ष पद बाहेकका अन्य पदाधिकारीहरुको पदका लागि उम्मेदवार खडा हुन योग्य हुनेछन् । अध्यक्ष पदकालागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा अन्तर्राष्ट्रिय समन्वय परिषदको सल्लाहाकार वा कुनै पनि राष्ट्रिय समन्वय परिषदको अध्यक्ष पदमा एक कार्यकाल पूरा गरेको हुनु पर्नेछ ।

१७.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई यस विधानको अधिनमा रहि आवश्यकता अनुसार नियमावली बनाउने अधिकार हुनेछ ।

१७.७ आवश्यकता अनुसार राष्ट्रिय समन्वय परिषदको गठन र देहायको अवस्थामा विघटन गर्न वा मान्यता (Recognition) फिर्ता गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषदलाई हुनेछ ।

१७.७.१. स्थानीय कानूनले वर्जित गरेको हद बाहेक यस संघको उदेश्य अनुरुप अगाडि वढ्न अस्वीकार गरेमा

१७.७.२ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्देशनहरु पालना नगरेमा

१७.७.३ तदर्थ समिति गठन भएको बढिमा १ वर्षभित्र राष्ट्रिय अधिवेशनको आयोजना गर्न नसकेमा

१७.८. आवश्यकता अनुसार विभिन्न विभागहरुको गठन गर्ने, विभागहरुको नामाकरण गर्ने, विभागहरुका लागि आवश्यक नियमावली निर्माण गर्ने, आवश्यकता बमोजिम विभिन्न समितिहरुको गठन गर्ने, पारिश्रमिक दिने वा नदिने गरी कर्मचारी नियुक्त गर्ने र तिनीहरुको तलब, एवं सेवाका शर्तहरुको निर्धारण गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषदलाई हुनेछ ।

१७.९. गैर आवासीय नेपाली संघलाई नेपाल र नेपालीको सर्वाङ्गिण हितमा अधिकतम योगदान पुऱ्याउन आवश्यक सल्लाह दिन सक्ने विभिन्न क्षेत्रमा विशिष्ट ज्ञान हासिल गरि सकेका नेपाली वा गैर नेपाली विशिष्ट व्यक्तित्वहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको सल्लाहकारको रुपमा नियुक्त गर्न सक्नेछ ।

१७.१०. अन्तर्राष्ट्रिय समन्वय परिषदले ~~कार्यालय पदाधिकारी वा सदस्यहरु मध्येबाट~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) संघको चालु काम कारवाहीका सम्बन्धमा संघको दृष्टिकोण धारणाहरु सार्वजनिक रुपले अभिव्यक्त गर्न एक जना प्रवक्ता नियुक्ती गर्न सक्नेछ ।

१७.११. अन्तर्राष्ट्रिय समन्वय परिषदलाई संघको राष्ट्रिय समन्वय परिषद, सचिवालय, विभागहरु वा अन्य स्थापित निकायहरु, एवं राष्ट्रिय समन्वय परिषदको क्रियाकलापहरुलाई अनुगमन गर्ने र निर्देशनहरु जारी गर्ने अधिकार हुनेछ। तर राष्ट्रिय समन्वय परिषदलाई आफूले प्रतिनिधित्व गरेको देशसग सम्बन्धित विशेष परिस्थितिको उल्लेख गरेर पूर्नविचारको लागि आग्रह गर्ने अधिकार हुनेछ।

१७.१२. अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यकता अनुसार विशेष समितिहरु गठन गर्न एवं तिनीहरुको अधिकार र कर्तव्यहरु तोक्न सक्नेछ। तर यस्ता समितिहरुले संघका अन्य अंग वा अन्तर्राष्ट्रिय समन्वय परिषदलाई विशेष रुपमा सुम्पिएका कुनै पनि कामहरु गर्ने अधिकार हुनेछैन।

१७.१३. अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको अन्तराष्ट्रिय महाधिवेशन, क्षेत्रीय सम्मेलन र विश्व सम्मेलनको आयोजना गर्नेछ।

१७.१४ अन्तर्राष्ट्रिय समन्वय परिषदको पदावधि २ वर्षको हुनेछ।

१८. **अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठक :-**

१८.१. अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठक सामान्यतया तीन महिनामा एक पटक सम्पन्न हुनेछ। बैठक आवश्यकता अनुसार व्यक्तिहरु भेला भएर वा साइवर वा भिडियो सम्मेलन मार्फत सम्पन्न गरिनेछ।

१८.२. संघको कार्यालय पदाधिकारीहरुले बैठक सञ्चालनको कार्यविधि निर्धारण गर्नेछन्।

१८.३ वैठकमा प्रत्येक राष्ट्रिय समन्वय परिषदका अध्यक्षहरुले भाग लिन पाउनेछन्। (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

१९. **अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय :-**

१९.१. अन्तर्राष्ट्रिय समन्वय परिषदका कामहरुलाई छिटो छरितो गरि सम्पन्न गर्न संघको एक अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय हुनेछ।

१९.२. अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयमा अन्तर्राष्ट्रिय समन्वय परिषदका सम्पूर्ण पदाधिकारीहरु ~~तथा संघका प्रवक्ता~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) रहनेछन्।

१९.३. तत्काल अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठक वस्न संभव नभएको तर कुनै निर्णय गर्न आवश्यक परेको अवस्थामा (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले अन्तर्राष्ट्रिय महाधिवेशनबाट प्राप्त म्याण्डेट बमोजिम निर्णयहरु गर्न र सोको कार्यान्वयन गर्न सक्ने छ। अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका निर्णयहरु अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु सो सरह हुनेछन् तर त्यस्ता निर्णयहरु आशन्न अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन गराउनु पर्नेछ। अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन हुन नसकेको विषयको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकको निर्णय बमोजिम हुनेछ।

२०. **सचिवालय :-**

२०.१. संघको दैनिक कार्यहरु सञ्चालन गर्न संघको सचिवायलय नेपालको काठमाडौंमा रहनेछ।

२०.२. सचिवालयमा एकजना कार्यकारी निर्देशक, एकजना सञ्चार तथा प्रकाशन अधिकृत, एकजना लेखा अधिकृत र संघको अन्तर्राष्ट्रिय समन्वय (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) परिषदले नियुक्ती गरेका अन्य कर्मचारीहरु रहनेछन्।

२०.३. संघको सचिवालय अन्तर्राष्ट्रिय समन्वय परिषदको (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) ~~कार्यकारी सचिवालयको~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) नीति तथा निर्देशन अनुरुप चल्नेछ।

२०.४. कार्यकारी निर्देशक ~~वा उसको प्रतिनिधि~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) ले अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिन सक्ने छ। तर उसलाई मताधिकार हुने छैन।

२१. **निर्वाचन कार्यविधि :-**

२१.१. देहाय बमोजिम निर्वाचन सम्पन्न गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एकजना आयुक्त सहित आवश्यकता अनुसारका सदस्यहरु रहने गरि निर्वाचन आयोगको गठन गर्न सक्नेछ। ~~तर यसरी निर्वाचन आयोगमा अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा निर्वाचित आयुक्त एवं सदस्यहरु अधिवेशन प्रतिनिधिहरुबाट अनुमोदित हुनु पर्नेछ~~। (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको)

२१.२. अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको निर्वाचन महाधिवेशनमा उपस्थित सम्पूर्ण अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरु (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) ~~अन्तर्राष्ट्रिय पञ्जिकृत सदस्यहरु~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) बाट हुनेछ। महिला संयोजक तथा महिला उप संयोजकको निर्वाचन अन्तर्राष्ट्रिय महाधिवेशनका महिला प्रतिनिधिहरुबाट हुनेछ। (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु सम्बन्धित राष्ट्रको राष्ट्रिय महाधिवेशनले निर्वाचित (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) गर्नेछ। क्षेत्रीय संयोजक तथा उप संयोजकहरुको निर्वाचन सम्बन्धित क्षेत्रका महाधिवेशन प्रतिनिधिहरुबाट मात्रै हुनेछ। तर युवा संयोजक तथा उपसंयोजकको हकमा भने अन्तराष्ट्रिय समन्वय परिषदले मनोनयन गर्नेछ। (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

२१.३. संघको अध्यक्ष उही पदमा लगातार तीन पदावधि भन्दा बढी पदावधिको लागि पूनः निर्वाचित हुन योग्य हुने छैन।

२१.४. अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी र कार्यकारी सदस्यहरुको पद आकस्मिक रुपमा रिक्त भएमा सो रिक्त पदमा अन्तर्राष्ट्रिय समन्वय परिषदले अर्को बाकी कार्य अवधिका लागि पदपुर्ति गर्न सक्नेछ। अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुको हकमा भने सम्बन्धित राष्ट्रिय समन्वय परिषदको निर्णय बमोजिम हुनेछ।

२१.५. ~~अन्तर्राष्ट्रिय समन्वय परिषदको~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) संघको विधानको (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) धारा २१.४ बमोजिम पद पुर्ती गर्दा अध्यक्षको हकमा २ जना उपाध्यक्ष मध्येबाट र अन्य पदाधिकारीको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय बमोजिम हुनेछ। अन्तर्राष्ट्रिय समन्वय परिषदको कुनै पनि पदमा निर्वाचित भएमा राष्ट्रिय समन्वय परिषदमा निजको पद रिक्त हुनेछ। यसरी रिक्त हुन आएको पदपुर्ति राष्ट्रिय समन्वय परिषदले गर्नेछ।

२२. **अन्तर्राष्ट्रिय परिषदका पदाधिकारीहरु र कार्यकारी सदस्यहरुको काम कर्तव्य र अधिकारहरु :-**

२२.१. **अध्यक्ष :-**

२२.१.१. संघको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्ने।

२२.१.२. अन्तर्राष्ट्रिय समन्वय परिषद्, विश्व सम्मेलन र महाधिवेशनको खुला सत्रको अध्यक्षता गर्ने।

२२.१.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले अन्यथा व्यवस्था गरेकोमा बाहेक विभिन्न विभाग तथा समितिका सदस्यहरुको नियुक्ति गर्ने।

२२.१.४ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकिएका अन्य काम कर्तव्यहरु पूरा गर्ने।

२२.१.५ कुनै विषयमा मत बराबर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने।

२२.१.६ अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरु~~लाई~~(चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) को (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) जिम्मेवारी तोक्ने।

२२.१.७ क्षेत्रीय संयोजकहरु मार्फत सम्बन्धित क्षेत्रको आवधिक कार्य विवरण तथा समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने।

२२.२. **उपाध्यक्ष :-**

२२.२.१ संघको नेतृत्वका लागि आवश्यकता अनुसार अध्यक्षलाई सहयोग गर्ने।

२२.२.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका कार्यहरु गर्ने।

२२.२.३ तोकिएका अन्य कार्यहरु गर्ने।

२२.३. **महासचिव :-**

२२.३.१ संघ र अन्तर्राष्ट्रिय समन्वय परिषदको सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने।

२२.३.२ अन्तर्राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन वा अन्तर्राष्ट्रिय समन्वय परिषदका बैठकहरुको सन्चालन गर्ने र बैठकका निर्णयहरुको अभिलेख राख्ने।

२२.३.३ संघको अभिलेख राख्ने र क्षेत्रीय संयोजकहरु मार्फत राष्ट्रिय समन्वय परिषदहरुलाई पत्राचार गर्ने।

२२.३.४ महासचिवको सांगठनीक प्रगति प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषदमा छलफलका लागि पठाउने।

२२.३.५ संघ वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले वा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने।

२१.३.६ संघका सचिवालयका कर्मचारीहरुको कार्य अनुगमन गर्ने। (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

२२.४. **सचिव :-**

२२.४.१ आवश्यकता अनुसार महासचिवलाई सहयोग गर्ने।

२२.४.२ महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने।

२२.४.३ तोकिएका अन्य कार्यहरु गर्ने।

२२.५. **कोषाध्यक्ष :-**

२२.५.१ संघको कोष प्राप्त गर्ने र जिम्मामा लिने।

२२.५.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्देशन र संघको नियम बमोजिम कोषको निकासा गर्ने एवं लगानी गर्ने।

२२.५.३ संघको विविध कोष अभिबृद्धिका लागि विभिन्न उपायहरुको प्रस्ताव गर्ने।

२२.५.४ अन्तर्राष्ट्रिय महाधिवेशन र अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमहरुका लागि आवश्यक रकम तथा परियोजनकालागि श्रोत साधनको परिचालन सम्बन्धि विवरण तयार गरि प्रस्ताव गर्ने।

२२.५.५ अन्तर्राष्ट्रिय महाधिवेशनमा वा क्षेत्रीय सम्मेलनमा वा अन्तर्राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा अन्तर्राष्ट्रिय समन्वय परिषदले पारित गरेका कार्यक्रमहरुको आधारमा अनुमानित बजेट तयार गरि प्रस्तुत गर्ने।

२२.५.६ राष्ट्रिय समन्वय परिषदको कोष व्यवस्थापन र अभिलेख रखाइमा अन्तर्राष्ट्रिय समन्वय परिषद संग एक रुपता कायम गर्न आवश्यक सहयोग गर्ने।

२२.५.७ सचिवालयमा नियुक्त लेखा अधिकृतलाई आवश्यकता अनुसार नीति निर्देशन गर्ने, आवश्यकता बमोजिम मासिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, वार्षिक लेखा प्रतिवेदन तयार गर्ने एवं धारा २७ बमोजिम नियुक्त लेखापरिक्षक द्वारा लेखापरिक्षण गराउने।

२२.५.८ अर्ध वार्षिक विवरण सम्पूर्ण अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई तथा राष्ट्रिय समन्वय परिषदहरुलाई उपलब्ध गराउने ।

२२.५.९ अन्तर्राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषदहरुमा पठाउने ।

२२.५.१० विधानमा तोकिएका अन्य कार्यहरु गर्ने ।

२२.६. **क्षेत्रीय संयोजक :-**

२२.६.१ विधानको धारा १७.२ बमोजिम निर्वाचित क्षेत्रीय संयोजक सम्बन्धित क्षेत्रको प्रमुखको हैसियतले कार्य गर्ने ।

२२.६.२ सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषदका गतिविधिहरु सम्बन्धित मुलुकबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुबाट जानकारी लिने ।

२२.६.३ आवश्यकता अनुसार क्षेत्रीय वैठक बोलाउने । त्यस्ता वैठकहरुको अध्यक्षता गर्ने ।

२२.६.४ सम्बन्धित क्षेत्रको गतिविधिहरुको अर्ध वार्षिक विवरण अध्यक्ष समक्ष पेश गर्ने ।

२२.६.५ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु कार्यान्वयन गर्न गराउन सम्बन्धित सदस्यहरुलाई निर्देशन जारी गर्ने ।

२२.६.६ संघको क्षेत्रीय सम्मेलनको आयोजनाका लागि तथा अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकबाट पारित गरिनु पर्ने विभिन्न विषयसंग सम्बन्धित प्रस्तावहरु पेश गर्ने ।

२२.६.७ सम्बन्धित क्षेत्रमा राष्ट्रिय समन्वय परिषदहरु गठन गर्ने र राष्ट्रिय समन्वय परिषदहरु बीच संयोजन गर्ने ।

२२.७. **क्षेत्रीय उप संयोजक :-**

२२.७.१ आवश्यकता बमोजिम क्षेत्रीय संयोजकलाई सहयोग गर्ने ।

२२.७.२ संयोजकको अनुपस्थितिमा नीजले तोके बमोजिमको कार्य गर्ने ।

२२.७.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

२२.८. **महिला संयोजक :-** (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

२२.८.१ विश्व भरिका गैर आवासीय महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि उनीहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

२२.८.२ राष्ट्रिय समन्वय परिषदमा मनोनित महिला संयोजकहरुलाई संयोजन गर्ने, आवधिक विवरण लिने, महिलाहरु संग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्न आवश्यक सहयोग गर्ने ।

२२.८.३ राष्ट्रिय समन्वय परिषदको मातहतमा रहि सम्बन्धित राष्ट्रिय समन्वय परिषदको महिला संयोजकको अगुवाइमा विभिन्न मुलुकहरुमा नारी निकुञ्ज नामक महिलाहरुको साझा सञ्जाल स्थापना गर्न सहयोग गर्ने ।

२२.८.४ अन्तर्राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, आइसिसि समक्ष नारी निकुञ्ज सम्बन्धित आवधिक विवरण प्रस्तुत गर्ने ।

२२.८.५ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु विभिन्न राष्ट्रिय समन्वय परिषद मातहत गठित नारी निकुञ्जहरुमा कार्यान्वयन गराउने ।

२२.८.६ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.९ **महिला उपसंयोजक :-** (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

२२.९.१ आवश्यकता बमोजिम महिला संयोजकलाई सहयोग गर्ने ।

२२.९.२ महिला संयोजकको अनुपस्थितिमा नीजले तोके बमोजिमको कार्य गर्ने ।

२२.९.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

२२.१० **युवा संयोजक :-** (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप)

२२.१०.१ विश्व भरिका गैर आवासीय युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि युवाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

२२.१०.२ राष्ट्रिय समन्वय परिषदमा मनोनित युवा संयोजकहरुलाई संयोजन गर्ने, आवधिक विवरण लिने, युवासंग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्न आवश्यक सहयोग गर्ने ।

२२.१०.३ अन्तर्राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, आइसिसि समक्ष युवा गतिविधिहरुको आवधिक विवरण प्रस्तुत गर्ने ।

२२.१०.४ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु सम्बन्धित क्षेत्रमा कार्यान्वयन गराउने ।

२२.१०.५ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

२२.११ **यूवा उपसंयोजक :-**

२२.११.१ आवश्यकता बमोजिम यूवा संयोजकलाई सहयोग गर्ने ।

२२.११.२ यूवा संयोजकको अनुपस्थितिमा नीजले तोके बमोजिमको कार्य गर्ने ।

२२.११.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

२२.१२. **सदस्य :-**

२२.१२.१ अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यले आफुले प्रतिनिधित्व गरेको देशको राष्ट्रिय समन्वय परिषदको प्रतिनिधित्व गर्ने ।

२२.१२.२ राष्ट्रिय समन्वय परिषदबाट सञ्चालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका सम्बन्धमा आफ्नो राय सहित सम्बन्धित क्षेत्रीय संयोजक समक्ष अर्ध वार्षिक कार्य विवरण पेश गर्ने

२२.१२.३. सम्बन्धित क्षेत्रीय संयोजकको निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

२२.१२.४ सम्बन्धित मुलुकमा सम्पन्न गरिनु पर्ने कार्यहरुको संयोजन सहित विभिन्न प्रस्ताव गर्ने ।

२२.१२.५ राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने ।

२२.१२.६ अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने ।

२२.१२.७ अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

२२.१३ **मनोनित सदस्य :-**

२२.१३.१ अन्तर्राष्ट्रिय समन्वय परिषदले कम्तिमा ५जना महिला प्रतिनिधि सहित बढीमा १५ जना सम्म मनोनित सदस्यहरु निश्चित समयावधिको लागि मनोनित गर्न सक्नेछ । ~~यसरी मनोनित सदस्यहरुमा युवाहरुको प्रतिनिधित्व समेत रहनु पर्नेछ~~ । (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) यी सदस्यहरुको पदावधि परिषदको पदावधि समाप्त भए पछि स्वतः समाप्त हुनेछ ।

२२.१३.२ विधानको धारा २२.९.१ बमोजिम विभिन्न विषयहरुमा संघको केण्द्रन्द्रीय तहमा रहि योगदान गर्न सक्ने व्यक्तिहरुको रुपमा मनोनित अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरुले अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका जिम्मेवारीहरु पुरा गर्ने ।

परिच्छेद - ७

२३. **राष्ट्रिय समन्वय परिषद :-**

२३.१. एउटा देश भित्र बसोबास गर्ने घटीमा १० जना गैर आवासीय नेपालीहरु मिलेर राष्ट्रिय समन्वय परिषद स्थापना गर्न सक्नेछन् ।

२३.२. यो विधानको वृहत संरचना भित्र रहेर आफू बसोबास गर्ने मुलुकको स्थानीय कानून बमोजिम राष्ट्रिय समन्वय परिषदको दर्ता गरिनेछ ।

२३.३. राष्ट्रिय समन्वय परिषदको गठन तथा कार्यसमितिको ढांचा देहाय बमोजिमको हुनु पर्नेछ ।

अध्यक्ष	१
उपाध्यक्ष	२
संयोजक (सचिव)	१
सह संयोजक (सहसचिव)	१
कोषाध्यक्ष	१

सदस्यहरु न्यूनतम ४ देखि अधिकतम २१ जना रहने छन् । राष्ट्रिय समन्वय परिषदले २१ जना सदस्यहरु मध्ये आवश्यकता अनुसार मनोनित सदस्यहरुको संख्या तोक्न सक्नेछ ।

२३.४. यो विधानको अधीनमा रही समस्त संघको उद्देश्यहरु र लक्ष्य अनुरुप सम्बन्धित मुलुकसंग सम्बद्ध रहेका विषयमा राष्ट्रिय समन्वय परिषदले अधिकतम स्वायत्तताको उपभोग गर्नेछ ।

२३.५. यो विधानका धाराहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदसंग सम्बन्धित नियमहरु र तिनीहरुमा आवश्यकता अनुसार बेला बेलामा गरिएका परिवर्तनहरु राष्ट्रिय समन्वय परिषदको क्रियाकलापमा लागू हुनेछन् ।

२३.६. राष्ट्रिय समन्वय परिषदको लेटरहेड, शपथ, कार्यालयको छाप, सदस्यता आवेदन फारम, सदस्यको परिचय पत्र र प्रतिक चिन्ह यस विधानको अनुसूचीमा तोकिए बमोजिम हुनेछ ।

२३.७ राष्ट्रिय समन्वय परिषदको राष्ट्रिय अधिवेशनबाट पारित आफ्नो छुट्टै विधान हुनेछ तर राष्ट्रिय समन्वय परिषदको विधान संघको विधानसंग बांझिने गरी बनाइने छैन ।

२३.८. राष्ट्रिय समन्वय परिषदका कार्यकारी समितिको पदावधि २ वर्षको हुनेछ ।

२४. **राष्ट्रिय महाधिवेशन :-**

२४.१. प्रत्येक राष्ट्रिय समन्वय परिषदको राष्ट्रिय अधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको मिति बढिमा ६ महिना बांकी रहने गरि राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु पर्नेछ। सोही राष्ट्रिय महाधिवेशनले नै अन्तर्राष्ट्रिय समन्वय परिषदका लागि देशको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचन गर्नेछ।

२४.२. राष्ट्रिय महाधिवेशन ~~राष्ट्रिय समन्वय परिषदको सर्वोच्च अंग हुनेछ र राष्ट्रिय महाधिवेशन~~(चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) दुई वर्षमा एक पटक सम्पन्न हुनेछ।

२४.३. संघका पञ्जिकृत सदस्यहरुलाई आफू बसोबास गर्ने देशको राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ।

२४.४. राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषदमा सम्बन्धित देशको प्रतिनिधित्व गर्नका लागि अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुने गरि पञ्जिकृत सदस्यहरु मध्येबाट अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकारी सदस्यको निर्वाचन गर्नेछ।

२५. **राष्ट्रिय समन्वय परिषदको अधिकार र कर्तव्य :-**

२५.१. राष्ट्रिय समन्वय परिषदले संघको पञ्जिकृत सदस्यता सम्बन्धित मुलुक भित्रका गैर आवासीय नेपालीहरुलाई जारी गर्ने अधिकार हुनेछ।

२५.२. राष्ट्रिय समन्वय परिषदलाई संघको विधानको वृहत संरचना भित्र रही क्षेत्रीय वा शाखा समितिहरु गठन गर्ने, विघटन गर्ने र तिनीहरुलाई निर्देशन जारी गर्ने अधिकार हुनेछ।

२५.३. राष्ट्रिय समन्वय परिषदलाई संघको भावना विपरित कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषदको विधानको उल्लंघन गर्ने सम्बन्धित राष्ट्रिय समन्वय परिषदमा पञ्जिकृत (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) ~~परिषदको~~(चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन वा निस्काशन गर्ने अधिकार हुनेछ। यस प्रकार निस्काशन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनवाइको अवसर दिइनेछ र राष्ट्रिय परिषदको निर्णय उपर निर्णय भएको मितिले ३० दिन भित्र सम्बन्धित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषदमा उजुरी गर्न सक्नेछन् र अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय अन्तिम हुनेछ।

२५.४. राष्ट्रिय समन्वय परिषदले आफुले सञ्चालन गरेका सम्पूर्ण क्रियाकलापहरुको अर्धवार्षिक विवरण क्षेत्रीय संयोजक समक्ष पेश गर्नु पर्नेछ।

२५.५. राष्ट्रिय समन्वय परिषदलाई राष्ट्रिय अधिवेशनका लागि दर्ता शुल्क तोक्ने अधिकार हुनेछ।

२५.६. राष्ट्रिय समन्वय परिषदले पञ्जिकृत सदस्यता शुल्क सदस्यता वितरण गरेको मितिले ३० दिन भित्र अन्तर्राष्ट्रिय परिषदलाई पठाउनु पर्नेछ। र सदस्यता शूल्क प्रत्येक ६ महिनामा एकमुष्ट अन्तर्राष्ट्रिय परिषदलाई पठाउनु पर्नेछ।

२५.७. राष्ट्रिय समन्वय परिषदले संघको अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनका लागि दर्ता भएका पञ्जिकृत सदस्यहरुको अभिलेख कायम गर्नेछ र दर्ता विवरण संघको सचिवालयलाई पठाउनु पर्नेछ।

परिच्छेद - ८

२६. **संघका कोषहरु :-**

२६.१. संघको कोषमा पञ्जिकृत सदस्यता शुल्क, विभिन्न व्यक्तिहरुबाट प्राप्त अनुदान, राष्ट्रिय समन्वय परिषदबाट प्राप्त अनुदान रकम र संघको विभिन्न क्रियाकलाप मार्फत प्राप्त हुने रकमहरु ~~सामेल~~ हुनेछन्।

२६.२. संघको लागि प्राप्त हुने सम्पूर्ण कोषको रकमहरुको व्यवस्थापन कोषाध्यक्षले अन्तर्राष्ट्रिय समन्वय परिषदको निगरानीमा गर्नेछ। अन्तर्राष्ट्रिय समन्वय परिषदलाई संघको हित हुने गरी कोषको रकमहरुको खर्चलाई नियन्त्रण गर्ने वा स्वीकृति दिने अधिकार हुनेछ।

२६.३. अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको आफ्नो नामको बैंक खातामा रकमहरु राख्नेछ र अध्यक्ष तथा कोषाध्यक्ष वा अध्यक्ष र कोषाध्यक्षले मनोनित गरेका आ-आफ्ना प्रतिनिधिहरु २ (दुइ) जनाको हस्ताक्षरबाट सञ्चालन हुनेछ। अध्यक्ष वा कोषाध्यक्ष आफ्ना प्रतिनिधिहरुले गरेका सम्पूर्ण कामका लागी जिम्मेवार हुनेछन्। (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) ~~ले गरेका निजहरुले कोषाध्यक्ष तथा अध्यक्षबाट मनोनित एक एक सदस्यलाई संयुक्तरुपमा संघको लेखाको व्यवस्थापन गर्न एवं चेकमा हस्ताक्षर गर्न अधिकार प्रदान गर्ने छ~~। (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको)

२६.४ अन्तर्राष्ट्रिय समन्वय परिषदले विभिन्न उद्देश्यहरुका लागि देहाय बमोजिमका कोषहरु स्थापना गर्न सक्नेछ।

२६.४.१ **साधारण कोष** :- अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको सम्पूर्ण खर्च पूर्ति गर्नको लागि एक साधारण कोष स्थापना गर्नेछ। यस कोष अन्तर्गत पञ्जिकृत सदस्यता शुल्क, संघको प्रकाशनबाट प्राप्त हुने रकम, अन्तर्राष्ट्रिय समन्वय परिषद वा राष्ट्रिय समन्वय परिषदले विभिन्न क्रियाकलाप आयोजना गरी उठाएको रकम र अनुदान रकमहरु पर्नेछन्।

२६.४.२ **सामाजिक कल्याण कोष** :- अन्तर्राष्ट्रिय समन्वय परिषदले विशेष प्रकारका मानविय कल्याणका परियोजना सञ्चालन गर्नको लागि एउटा सामाजिक कल्याण कोष स्थापना गर्न सक्नेछ। कुनै संघ, संस्था, कम्पनी वा अन्य निकाय र व्यक्तिगत रुपबाट प्राप्त अनुदान रकम नै यस कोषको श्रोत हुनेछ। अन्तर्राष्ट्रिय समन्वय परिषदले परियोजनाको अनुगमन गर्न एक विशेष समिति गठन गर्न सक्नेछ।

२६.४.३ **अन्य कोषहरु** :- संघको उद्देश्य प्राप्त गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) परिषदले आवश्यक ठानेमा अन्य विभिन्न कोषहरु स्थापना गर्न सक्नेछ।

२७. **संघको लेखा :-**

कार्यालयका पदाधिकारीहरुले संघको आय व्ययसंग सम्बन्धित देहायका कुराहरु नेपालको तथा लेखा परीक्षण मापदण्ड अनुसार राख्नु पर्नेछ। यो धाराको प्रयोजनकालागि अन्तर्राष्ट्रिय समन्वय परिषदले लेखा परिक्षकको नियुक्ति तथा लेखापरिक्षकको पारिश्रमिक तोक्नेछ ।

२८. **बैंक खाता :-**

संघको बैंक खाता संघको नाउमा अन्तर्राष्ट्रिय समन्वय परिषदले सञ्चालन गर्नेछ। खाताबाट सबै प्रकारका चेकहरु वा आदेशहरुको भुक्तानीका लागि विधानको धारा २६.३ मा तोकिए बमोजिमका दुई जना पदाधिकारी वा निजहरुले तोकिएको दुइ जना व्यक्ति (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) बाट सही गरिनेछ।

परिच्छेद-९

२९. **विधानको संशोधन :-**

२९.१. यस विधानको कुनै पनि धारा, उपधाराको संशोधन खारेजी थप घट वा परिवर्तन गर्ने प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी सदस्यहरु मध्ये २५ (पच्चिस) प्रतिशत (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) ले पेश गर्न सक्नेछन् । यसरी पेश गरिएको प्रस्ताव अन्तर्राष्ट्रिय (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) महाधिवेशन ~~वा विशेष महाधिवेशनमा~~ (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) उपस्थित दुई तिहाई बहुमतबाट पारित गर्न सकिनेछ।

२९.२. विधानको कुनै धाराहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा सो प्रस्ताव तत्कालै लागू हुनेछ।

३०. **निष्काशन :-**

अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी वा कार्यकारी सदस्यहरुले संघलाई नोक्सानी पुऱ्याउने कुनै खराब आचरण गरेको ठहर भएमा राजिनामा दिन लगाइनेछ। यदि सो व्यक्तिले राजिनामा दिन इन्कार गरेमा अन्तर्राष्ट्रिय समन्वय परिषदको बैंठकमा उपस्थित सदस्यहरुको सामान्य बहुमतबाट निजलाई निष्काशन गर्न सकिनेछ। यसरी निष्काशन गर्नु पूर्व निजले गरेको आचरणको बारेमा ३० दिन भित्र स्पष्ट गर्ने उचित अवसर दिइनेछ। यस धाराको प्रयोजनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषदले एक अनुशासन समितिको गठन गर्न सक्नेछ।

३१. **विधानको व्याख्या :-**

यो विधानको व्याख्या गर्ने अधिकार अन्तर्राष्ट्रिय परिषदबाट स्थापित विधान सम्बन्धी समितिमा अन्तर्निहित हुनेछ । अन्तर्राष्ट्रिय परिषदले एक तीन सदस्यीय विधान सम्बन्धी समिति गठन गर्नेछ र ती सदस्यहरुले आफू मध्येबाट समितिको अध्यक्ष चयन गर्नेछन् ।

३२. **अन्य संघ संस्थाहरुसंगको सहकारिता :-**

संघले यस विधानमा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि नेपाली एवं गैर नेपाली संघ संस्थाहरुसंग समन्वय गर्न सक्नेछ।

३३. **अन्तर्राष्ट्रिय समन्वय परिषदको विघटन :-**

सम्पूर्ण पञ्जिकृत सदस्यहरुको साधारण बहुमतले चाहेमा अन्तर्राष्ट्रिय समन्वय परिषद विघटन हुनेछ। अन्तराष्ट्रिय समन्वय परिषद विघटन भएको मितिले बढिमा ३ महिना भित्र विशेष महाधिवेशनको बैठक बसी नयां अन्तराष्ट्रिय समन्वय परिषदको निर्वाचन सम्पन्न गर्नु पर्नेछ।

३४. **संघको खारेजी :-**

विश्वभरका कुल पञ्जिकृत सदस्यहरु मध्ये पचहत्तर प्रतिशत सदस्यहरुले संघको राष्ट्रिय समन्वय परिषदहरुको राष्ट्रिय महाधिवेशनहरुमा (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) ~~अन्तर्राष्ट्रिय महाधिवेशन वा विशेष अन्तर्राष्ट्रिय महाधिवेशनहरुमा~~(चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा हटाइएको) संघको खारेजी गर्ने निर्णय गरेमा संघको खारेजी हुनेछ। यस्तो खारेजी निर्णय भएको मितिले ६ महिना पछि प्रभावित हुनेछ। खारेजी गर्ने सदस्यहरुको निर्णय बमोजिम संघको सम्पूर्ण सम्पत्ति नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ।

३५. **लागू हुने कानून :-**

यो विधान र संघको हकमा नेपालको कानून लागू हुनेछ।

अनुसूची-१

संघको प्रतिक चिन्ह :-

दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल्लो अर्ध वृत्तमा अंग्रेजी भाषाको ठूलो अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको चिन्ह नै संघको प्रतिक चिन्हको नमुना हुनेछ ।

प्रतिक चिन्हको नमुना :-

उदाउँदै गरेको सूर्यले गैरआवासीय नेपालीहरुको अभिलाषा, दुई हिमालयहरुले नेपाल, NRNA ले गैर आवासीय नेपालीहरु, FOR NEPALI BY NEPALI ले संघको मन्त्र र दुई अर्थ वृत्तहरुको घेराले पुथ्वीको प्रतिनिधित्व गर्छ ।

अनुसूची-२

कार्यालयको छाप :-

संघको अन्तर्राष्ट्रिय समन्वय (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) परिषद र राष्ट्रिय समन्वय (चौथो अन्तर्राष्ट्रिय महाधिवेशनद्वारा थप) परिषदको कार्यालयको छाप गोलाकार, गोलाकार भित्र नेपाली र अंग्रेजी भाषामा संघको "नाम गैर आवासीय नेपाली संघ", "Non-Resident Nepali Association" लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA-ICC र NRNA NCC – (सम्बन्धित देशको नाम) लेखिएको अंग्रेजी ठूलो अक्षरको माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल अंग्रजी अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको वाक्य हुनेछ ।

अनुसुची - ३

कार्यालयको लेटर हेडको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

अनुसुची - ४

आवेदन फारमको नमुना

अनुसुची - ५

संघको परिचय पत्रको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

अनुसुची - ६

शपथ :-

म सत्यनिष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम, उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म गैर आवासीय नेपाली संघको मुल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताका साथ आत्मासात गर्ने मेरो प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु ।

समाप्त

गैर आवासीय नेपाली संघको विधान २००३
(२००७ को संशोधन सहित मिलाइएको रुपमा)

प्रस्तावना

नेपालको विकास र प्रवर्द्धनमा टेवा पुऱ्याउन, विश्वका विभिन्न मुलुकहरुमा बसोवास गरिरहेका गैर आवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि इस्वी सन् २००३ मा लण्डनमा सम्पन्न गैर आवासीय नेपालीहरुको एक भेलामा व्यापक छलफल भइ आफ्नो गतिविधिहरुलाई समन्वय एवं संचालन गर्न आधारभूत मानव अधिकारप्रति प्रतिवद्ध एक जिम्मेवार संस्थाको गठन हुनु पर्ने आवश्यकतालाई मनन् गरी एक स्वतन्त्र, गैर नाफामूलक, गैर राजनीतिक, गैर सरकारी, चिरस्थायी, एक संघको स्थापना गर्नको लागि यो विधान बनाइएको छ ।

परिच्छेद - १

१. **नाम र प्रारम्भ**

१.१. यस संस्थाको नाम गैर आवासीय नेपाली संघ (यसपछि यस विधानमा संघ भनिएको छ) हुनेछ । अंग्रेजीमा यस संस्थालाई Non-Resident Nepali Association र छोटकरीमा NRNA भनिनेछ ।

१.२. यो विधान अन्तर्राष्ट्रिय महाअधिवेशनबाट पारित हुनासाथ लागू हुनेछ ।

२. यस संघको मूल मन्त्र "नेपालीका लागि नेपाली" हुनेछ ।

३. संघको आफ्नो छुट्टै छाप, प्रतीक चिन्ह, लेटरहेड, सदस्यता आवेदन फर्म, सदस्यता परिचयपत्र र शपथको नमूना हुनेछ ।

४. संघ नेपालमा दर्ता हुनेछ र यसको सचिवालय पनि नेपालमा स्थापना गरिनेछ ।

परिच्छेद - २

५. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

५.१. "गैर आवासीय नेपाली" भन्नाले नेपाली मुलको विदेशी नागरिक वा नेपालको चालु आर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्य देशहरुमा अध्ययन, पेशा रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउंदछ ।

५.२. "संघ" भन्नाले गैर आवासीय नेपाली संघ लाई जनाउनेछ ।

५.३. "अन्तर्राष्ट्रिय समन्वय परिषद्" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषदलाई जनाउनेछ ।

५.४. "राष्ट्रिय समन्वय परिषद" भन्नाले संघको राष्ट्रिय समन्वय परिषदलाई जनाउनेछ ।

५.५. "सम्मेलन" भन्नाले संघको विश्व सम्मेलनलाई जनाउनेछ ।

५.६. "अन्तर्राष्ट्रिय महाधिवेशन" भन्नाले संघको अन्तर्राष्ट्रिय महाधिवेशनलाई जनाउनेछ ।

५.७. "विशेष महाधिवेशन" भन्नाले संघको विशेष महाधिवेशनलाई जनाउनेछ ।

५.८. "राष्ट्रिय महाधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषदको अधिवेशनलाई जनाउने छ ।

५.९ "अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठित सम्बन्धित राष्ट्रका क्षेत्रीय समन्वय परिषद्हरुको अधिवेशनलाई जनाउने छ ।

५.१०. "सचिवालय" भन्नाले संघको दैनिक कार्य सञ्चालनार्थ नेपालमा स्थापना गरिएको कार्यालयलाई जनाउनेछ ।

५.११. "कार्यालय पदाधिकारी" भन्नाले, अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष, क्षेत्रीय संयोजकहरु तथा क्षेत्रीय उपसंयोजकहरुलाई जनउनेछ ।

५.१२. "अध्यक्ष" भन्नाले संघको अध्यक्षलाई जनाउने छ ।

५.१३ "उपाध्यक्ष" भन्नाले संघको उपाध्यक्षलाई जनाउनेछ ।

५.१४. "महासचिव" भन्नाले संघको महासचिवलाई जनाउने छ ।

५.१५. "सचिव" भन्नाले संघको सचिवलाई जनाउनेछ ।

५.१६. "कोषाध्यक्ष" भन्नाले संघको कोषाध्यक्षलाई जनाउनेछ ।

५.१७. "क्षेत्रीय संयोजक" भन्नाले संघको क्षेत्रीय संयोजकलाई जनाउनेछ ।

५.१८. "उपसंयोजक" भन्नाले संघको क्षेत्रीय उपसंयोजकलाई जनाउनेछ ।

५.१९. "साधारण सदस्य" भन्नाले संघको साधारण सदस्यलाई जनाउने छ ।

५.२०. "पञ्जिकृत सदस्य" भन्नाले संघको पञ्जिकृत सदस्यलाई जनाउनेछ ।

५.२१. "मानार्थ सदस्य" भन्नाले संघको मानार्थ सदस्यलाई जनाउनेछ ।

५.२२ "सम्बद्ध सदस्य" भन्नाले संघको सम्बद्ध सदस्यलाई जनाउनेछ ।

५.२३ "सल्लाहकार" भन्नाले संघको सल्लाहकारलाई जनाउनेछ ।

५.२४. "कार्यकारी सचिवालय" भन्नाले अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिव, कोषाध्यक्ष, क्षेत्रीय संयोजकहरु, क्षेत्रीय उपसंयोजकहरु तथा संघको प्रवक्ता रहेको कार्यकारी समितिलाई जनाउनेछ ।

५.२५. "छाप" भन्नाले संघको छापलाई जनाउनेछ ।

५.२६. "लेटरहेड" भन्नाले संघको लेटरहेडलाई जनाउनेछ ।

५.२७. "क्षेत्रीय सम्मेलन" भन्नाले संघको क्षेत्रीय सम्मेलनलाई जनाउनेछ ।

५.२८. "विश्व सम्मेलन" भन्नाले संघको विश्व सम्मेलनलाई जनाउनेछ ।
५.२९. "समिति" भन्नाले संघको समितिलाई जनाउनेछ ।
५.३०. "दर्ता शुल्क" भन्नाले विश्व सम्मेलन वा अन्तर्राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय महाधिवेशन वा क्षेत्रीय सम्मेलनमा भाग लिन नाम दर्ता गर्दा लाग्ने दस्तुरलाई जनाउनेछ ।
५.३१. "एकबचन" शब्दले बहुवचन र बहुवचन शब्दले एकवचनलाई समेत जनाउनेछ ।
५.३२. "पुलिङ्ग" शब्दले स्त्रीलिङ्ग समेतलाई जनाउनेछ ।
५.३३. "व्यक्ति" शब्दले प्राकृतिक र कानूनी दुवै व्यक्तिलाई जनाउनेछ ।

परिच्छेद - ३

६. **उदेश्यहरु :-**

विदेशमा बस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपाल भित्र र बाहिर उनीहरूको उद्देश्यलाई प्रवर्द्धन गर्ने र उनीहरुलाई नेपालको हितमा योगदान गर्न परिचालन गर्नु नै संघको मुख्य उद्देश्य रहनेछ । यी उद्देश्यहरु प्राप्त गर्नका लागि संघले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

६.१. विदेशमा बस्ने नेपालीहरुको हितलाई संरक्षण गर्ने एवं नेपालको प्रवर्द्धन गर्ने ।
६.२. संसारभरिका नेपाली संघ संगठनहरुसंग समन्वय कायम गर्ने एवं विश्व सञ्जाल स्थापना गरी गैर आवासीय नेपालीहरुको साझा संस्थाको रुपमा तिनको प्रतिनिधित्व गर्ने ।
६.३. गैर आवासीय नेपालीको पूँजी र मानव संसाधनलाई नेपालको चौतर्फि विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसंग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने ।
६.४. विदेशी मुलुकमा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने ।
६.५. विदेशी प्रत्यक्ष लगानीलाई नेपालभित्र आकर्षण गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने ।

परिच्छेद - ४

७. **सदस्यता :-**

कानून बमोजिम गैर आवासीय नेपालीको हैसियत कायम रहेसम्म यस संघको सदस्यता कायम रहनेगरि विधानको अनुसुचि ५ बमोजिमको सदस्यता परिचय पत्र प्रदान गरिनेछ । संघका सदस्यता देहाय बमोजिम चार प्रकारका हुनेछन् ।

७.१. **साधारण सदस्य :-**
नेपालको चालु आर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्य देशहरुमा अध्ययन पेशा रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिक यस संघका साधारण सदस्य हुनेछन् ।

७.२. **पञ्जिकृत सदस्य :-**
यस विधानमा तोकिए बमोजिम राष्ट्रिय समन्वय परिषद वा राष्ट्रिय समन्वय परिषद गठन भइ नसकेका राष्ट्रमा अन्तर्राष्ट्रिय समन्वय परिषदबाट सदस्यता प्राप्त गर्ने व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् ।

७.३. **सम्बद्ध सदस्य :-**
नेपाललाई सहयोग र प्रवर्द्धन गर्न चाहने गैरनेपाली मूलको व्यक्ति वा संस्था संघको सम्वद्ध सदस्य हुनेछ ।

७.४. **मानार्थ सदस्य :-**
गैर आवासीय नेपालीको हकहित संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नेछ ।

८. **सदस्यताको लागि योग्यता :-**

देहायको योग्यता पुगेको व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् ।

८.१. नेपालको चालु आर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एशियाली मुलुकहरु बाहेकका अन्य मुलुकहरुमा रहेको ।
८.२. नेपाली नागरिक वा नेपाली मूलको विदेशी नागरिक भएको ।
८.३. १८ वर्ष उमेर पुरा भएको ।

९. **सदस्यता शुल्क र सदस्यको विवरण :-**

९.१ पञ्जिकृत सदस्यता जारी गर्ने अधिकार राष्ट्रिय समन्वय परिषदलाई हुनेछ । सम्बद्ध सदस्यता राष्ट्रिय समन्वय परिषदको सिफारिशमा अन्तर्राष्ट्रिय समन्वय परिषदले प्रदान गर्नेछ । तर राष्ट्रिय समन्वय परिषद गठन भइ नसकेका मुलुकहरुको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषदले प्रदान गर्नेछ ।

९.२. पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिम हुनेछ। पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदको कोषमा जम्मा गरिनेछ।

९.३. राष्ट्रिय समन्वय परिषदले आवश्यक ठानेमा अतिरिक्त शुल्क तोक्न सक्नेछ। यसरी तोकीएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषदको कोषमा रहनेछ।

९.४ राष्ट्रिय समन्वय परिषदले यसका सदस्यहरुको विवरण अन्तर्राष्ट्रिय समन्वय परिषदलाई पठाउने छ।

९.५. अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको सम्पूर्ण पञ्जिकृत सदस्यहरुको अभिलेख राख्नेछ।

१०. **सदस्यताको समाप्ति एवं सदस्यहरुको अधिकार र उत्तरदायित्वहरु :-**

१०.१. प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरणयोग्य हुनेछैन।

१०.२. यस विधान र संघको अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरु प्राप्तिकालागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ।

१०.३ पञ्जिकृत सदस्यहरुलाई सम्बन्धित राष्ट्रिय महाधिवेशनमा भाग लिने, कुनै पनि निर्वाचित हुने पदमा उम्मेदवार हुने वा मतदान गर्न पाउने तथा अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन प्रतिनिधि चुनिनका लागि उम्मेदवार बन्न पाउने हक हुनेछ। साधारण सदस्यले सम्बन्धित राष्ट्रिय महाधिवेशनमा वा संघको कुनै पनि तहको अधिवेशनमा भाग लिन पञ्जिकृत सदस्यता लिनु पर्नेछ।

१०.४. मानार्थ तथा सम्बद्ध सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ। तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवार खडा हुन एवं निर्वाचनमा मतदान गर्ने हक हुनेछैन।

१०.५. देहायको अवस्थामा गैर आवासीय नेपाली संघको सदस्यता समाप्त हुनेछ।

१०.५.१ कानून बमोजिम गैर आवासीय नेपालीको हैसियत समाप्त भएमा,

१०.५.२ सदस्यको मृत्यू भएमा,

१०.५.३ विधान बमोजिम राष्ट्रिय समन्वय परिषदले गरेको कारवाही अन्तर्राष्ट्रिय समन्वय परिषदले सदर गरेमा,

१०.५.४ कुनै पनि पञ्जिकृत सदस्यले लिखित रुपमा एक महिनाको सूचना राष्ट्रिय समन्वय परिषदका अध्यक्षलाई दिएर संघको सदस्यता परित्याग गर्नको लागि निवेदन गर्न सक्नेछ। निवेदन स्वीकृत भएमा राष्ट्रिय समन्वय परिषदले तोकेको मितिबाट निजको संघको पञ्जिकृत सदस्यता अन्त्य हुनेछ।

परिच्छेद - ५

११. **विश्व सम्मेलन :-**

अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको विश्व सम्मेलन अन्तर्राष्ट्रिय महाधिवेशनको मिति संगै मेल खाने गरी दुई वर्षमा घटिमा एक पटक आयोजना गर्ने छ। अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको समय, स्थान र छलफलको विषय सूची तोक्नेछ।

१२. **क्षेत्रीय सम्मेलन :-**

कुनै क्षेत्रमा बस्ने गैर आवासीय नेपालीहरुको वस्तुस्थितिलाई राम्रोसंग बुझ्न र गैर आवासीय नेपालीको हक अधिकार संरक्षणको अभियान प्रवर्द्धन गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय परिषदले समय-समयमा संसारका विभिन्न भागहरुमा क्षेत्रीय सम्मेलनको आयोजना गर्न सक्नेछ।

१३. **अन्तर्राष्ट्रिय महाधिवेशन :-**

अन्तर्राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषद्बाट पठाइएका प्रतिनिधिहरु, अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी सदस्यहरु, सल्लाहकारहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका पर्यवेक्षकहरु र सम्बद्ध सदस्यहरुले भाग लिन पाउनेछन्। तर सल्लाहकार, पर्यवेक्षक र सम्बद्ध सदस्यहरुलाई मतदान गर्ने वा उम्मेदवारी दिने अधिकार रहने छैन।

१३.१. अन्तर्राष्ट्रिय महाधिवेशन संघको सर्वोच्च अंग हुनेछ। अन्तर्राष्ट्रिय महाधिवेशन दुई वर्षमा एक पटक सम्पन्न हुनेछ।

१३.२. अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यक देखेमा तोकिएको अन्तर्राष्ट्रिय महाधिवेशनको मितिलाई पछि सार्न वा स्थगित गर्न सक्नेछ। तर यो अवधि ६ महिना भन्दा बढी हुनेछैन।

१३.३ अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलन हुने समय, र स्थानको औपचारिक घोषणा अन्तर्राष्ट्रिय महाधिवेशन हुनु भन्दा ३ महिना अगावै गरिनु पर्नेछ।

१३.४ पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको समय भित्र आफ्नो नाम रीतपूर्वक राष्ट्रिय समन्वय परिषदमा दर्ता गराउनु पर्नेछ। यसरी दर्ता गरिएता पनि यसै विधानको धारा १३.८ बमोजिम अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि चुनिनु पर्नेछ।

१३.५ राष्ट्रिय समन्वय परिषद स्थापना नभएका देशका पञ्जिकृत सदस्यहरुले आफ्नो नाम तोकिएको समय भित्र रीतपूर्वक अन्तर्राष्ट्रिय समन्वय परिषदमा दर्ता गराउन सक्नेछन्।

१३.६ पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुनका लागि राष्ट्रिय समन्वय परिषदले जारी गरेको दर्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ।

१३.७ बहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी एवं सदस्यहरुलाई संघको अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने हक स्वतः हुनेछ ।

१३.८ अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषदले प्रत्येक १० (दश) जना पञ्जिकृत सदस्य संख्या बराबर एक जना प्रतिनिधि (१:१०) चयन गर्नेछ । राष्ट्रिय समन्वय परिषदले अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरु चयन गर्दा सर्व सम्मत नभएमा निर्वाचन प्रक्रियाको माध्यमबाट चयन गर्नु पर्ने छ ।

१४. **अन्तर्राष्ट्रिय महाधिवेशनका कार्यहरु :-**

अन्तर्राष्ट्रिय महाधिवेशनको कार्यहरु देहाय बमोजिम हुनेछ :

१४.१ अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिबाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र अन्तर्राष्ट्रिय समन्वय परिषदलाई निर्देशन दिने ।

१४.२ अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिको निर्वाचन गर्ने ।

१४.३ संघको उद्देश्य प्राप्तिको लागि संघको नीतिहरु तय गर्ने ।

१४.४ आवश्यक्तानुसार संघको विधानको संशोधन गर्ने ।

१४.५ संघको नीति तथा कार्यक्रमहरुको निर्माण र विकास गर्ने ।

१४.६ संघका विभिन्न विभागहरु, समितिहरु एवं राष्ट्रिय समन्वय परिषदका प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।

१४.७ अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न प्रतिवेदनहरु, द्वय-वार्षिक क्रियाकलापहरु र लेखा परिक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने ।

१५. **संघको विशेष अधिवेशन :-**

अन्तर्राष्ट्रिय समन्वय परिषदका साधारण बहुमत सदस्यहरुले विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बोलाउन आवश्यक भएको ठानेमा जुनसुकै बेला विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको माग गर्न सक्नेछन् । विशेष अन्तर्राष्ट्रिय महाधिवेशन माग गरिएको ३ महिनाभित्र विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बस्नु पर्नेछ । विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषदका अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय अनुसार दुई उपाध्यक्ष मध्ये अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका एक जनाले विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता गर्नेछ । विशेष अन्तराष्ट्रिय महाधिवेशनमा धारा १३ बमोजिमका प्रतिनिधिहरुलाई भाग लिने हक हुनेछ । विशेष अधिवेशनले अधिवेशनको माग गर्दा दिइएको निवेदनमा औलाइएका विषयहरु उपर मात्रै निर्णय गर्नेछ ।

परिच्छेद - ६

१६. **अन्तर्राष्ट्रिय समन्वय परिषद :-**

१६.१. अन्तर्राष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्नको लागि संघको अन्तर्राष्ट्रिय समन्वय परिषद नामक एक कार्यकारी अंग हुनेछ ।

१६.२. अन्तर्राष्ट्रिय समन्वय परिषदमा अध्यक्ष, २(दुई) जना उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र एसियाप्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका तथा आशिनिया क्षेत्रबाट गरि जम्मा ५(पांच) जना क्षेत्रीय संयोजकहरु र ५ जना उप संयोजकहरु तथा प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट निर्वाचित सदस्यहरु रहने छन् ।

१६.३ राष्ट्रिय समन्वय परिषद गठन भइ सकेका मुलुकबाट पञ्जिकृत सदस्य संख्या निम्नतम १० (दश) देखि १००० (एक हजार) सम्ममा १ जना र सो भन्दा बढि पञ्जिकृत सदस्य संख्या रहेमा सदस्य संख्याको अनुपात प्रत्येक एक हजार पञ्जिकृत सदस्य बराबर १ जना अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य पदमा सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशनबाट निर्वाचित हुनेछन् ।

१६.४ विधानको धारा १६.३ बमोजिम कुनै राष्ट्रबाट अन्तर्राष्ट्रिय समन्वय परिषदकालागि २ (दुई) वा सो भन्दा बढि संख्यामा सदस्य निर्वाचित हुने भएमा ती मध्येबाट १ (एक)जना सदस्यलाई सम्बन्धित राष्ट्रिय समन्वय परिषदका गतिविधिहरुको नियमित विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष पेश गर्न, अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णय तथा निर्देशनहरु राष्ट्रिय समन्वय परिषदमा कार्यान्वयन गराउन, अन्तर्राष्ट्रिय समन्वय परिषदका नियमित सुचनाहरु राष्ट्रिय समन्वय परिषदमा प्रवाह गर्न राष्ट्रिय महाधिवेशनले तोक्ने छ ।

१६.५ यस विधानमा तोकिए बमोजिमको रीत पूरा गरी अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने प्रतिनिधिहरु अन्तर्राष्ट्रिय समन्वय परिषदको अध्यक्ष पद बाहेकका अन्य पदाधिकारीहरुको पदका लागि उम्मेदवार खडा हुन योग्य हुनेछन् । अध्यक्ष पदकालागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्य वा अन्तर्राष्ट्रिय समन्वय परिषदको सल्लाहाकार वा कुनै पनि राष्ट्रिय समन्वय परिषदको अध्यक्ष पदमा एक कार्यकाल पूरा गरेको हुनु पर्नेछ ।

१६.६ अन्तर्राष्ट्रिय समन्वय परिषदलाई यस विधानको अधिनमा रहि आवश्यकता अनुसार नियमावली बनाउने अधिकार हुनेछ ।

१६.७ आवश्यकता अनुसार राष्ट्रिय समन्वय परिषदको गठन र देहायको अवस्थामा विघटन गर्न वा मान्यता (Recognition) फिर्ता गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषदलाई हुनेछ ।

१६.७.१. स्थानीय कानूनले वर्जित गरेको हद बाहेक यस संघको उदेश्य अनुरुप अगाडि वढ्न अस्वीकार गरेमा

१६.७.२ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्देशनहरु पालना नगरेमा

१६.७.३ तदर्थ समिति गठन भएको बढिमा १ वर्षभित्र राष्ट्रिय अधिवेशनको आयोजना गर्न नसकेमा

१६.८. आवश्यकता अनुसार विभिन्न विभागहरुको गठन गर्ने, विभागहरुको नामाकरण गर्ने, विभागहरुका लागि आवश्यक नियमावली निर्माण गर्ने, आवश्यकता बमोजिम विभिन्न समितिहरुको गठन गर्ने, पारिश्रमिक दिने वा नदिने गरी कर्मचारी नियुक्त गर्ने र तिनीहरुको तलब, एवं सेवाका शर्तहरुको निर्धारण गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषदलाई हुनेछ ।

१६.९. गैर आवासीय नेपाली संघलाई नेपाल र नेपालीको सर्वाङ्गिण हितमा अधिकतम योगदान पुऱ्याउन आवश्यक सल्लाह दिन सक्ने विभिन्न क्षेत्रमा विशिष्ट ज्ञान हासिल गरि सकेका नेपाली वा गैर नेपाली विशिष्ट व्यक्तित्वहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको सल्लाहकारको रुपमा नियुक्त गर्न सक्नेछ ।

१७.१०. अन्तर्राष्ट्रिय समन्वय परिषदले कार्यालय पदाधिकारी वा सदस्यहरु मध्येबाट संघको चालु काम कारवाहीका सम्बन्धमा संघको दृष्टिकोण धारणाहरु सार्वजनिक रुपले अभिव्यक्त गर्न एक जना प्रवक्ता नियुक्ती गर्न सक्नेछ ।

१६.११. अन्तर्राष्ट्रिय समन्वय परिषदलाई संघको राष्ट्रिय समन्वय परिषद, सचिवालय, विभागहरु वा अन्य स्थापित निकायहरु, एवं राष्ट्रिय समन्वय परिषदको क्रियाकलापहरुलाई अनुगमन गर्ने र निर्देशनहरु जारी गर्ने अधिकार हुनेछ । तर राष्ट्रिय समन्वय परिषदलाई आफूले प्रतिनिधित्व गरेको देशसग सम्बन्धित विशेष परिस्थितिको उल्लेख गरेर पूर्नविचारको लागि आग्रह गर्ने अधिकार हुनेछ ।

१६.१२. अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यकता अनुसार विशेष समितिहरु गठन गर्न एवं तिनीहरुको अधिकार र कर्तव्यहरु तोक्न सक्नेछ । तर यस्ता समितिहरुले संघका अन्य अंग वा अन्तर्राष्ट्रिय समन्वय परिषदलाई विशेष रुपमा सुम्पिएका कुनै पनि कामहरु गर्ने अधिकार हुनेछैन ।

१६.१३. अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको अन्तराष्ट्रिय महाधिवेशन, क्षेत्रीय सम्मेलन र विश्व सम्मेलनको आयोजना गर्नेछ ।

१६.१४ अन्तर्राष्ट्रिय समन्वय परिषदको पदावधि २ वर्षको हुनेछ ।

१७. **अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठक :-**

१७.१. अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठक सामान्यतया तीन महिनामा एक पटक सम्पन्न हुनेछ । बैठक आवश्यकता अनुसार व्यक्तिहरु भेला भएर वा साइवर वा भिडियो सम्मेलन मार्फत सम्पन्न गरिनेछ ।

१७.२. संघको कार्यालय पदाधिकारीहरुले बैठक सञ्चालनको कार्यविधि निर्धारण गर्नेछन् ।

१८. **अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय :-**

१८.१. अन्तर्राष्ट्रिय समन्वय परिषदका कामहरुलाई छिटो छरितो गरि सम्पन्न गर्न संघको एक अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय हुनेछ ।

१८.२. अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयमा अन्तर्राष्ट्रिय समन्वय परिषदका सम्पूर्ण पदाधिकारीहरु तथा संघका प्रवक्ता रहनेछन् ।

१८.३. अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले अन्तर्राष्ट्रिय महाधिवेशनबाट प्राप्त म्याण्डेट बमोजिम निर्णयहरु गर्न र सोको कार्यान्वयन गर्न सक्ने छ । अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका निर्णयहरु अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु सो सरह हुनेछन् तर त्यस्ता निर्णयहरु आशन्न अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन गराउनु पर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकमा अनुमोदन हुन नसकेको विषयको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषदको पूर्ण बैठकको निर्णय बमोजिम हुनेछ ।

१९. **सचिवालय :-**

१९.१. संघको दैनिक कार्यहरु सञ्चालन गर्न संघको सचिवायलय नेपालको काठमाडौंमा रहनेछ ।

१९.२. सचिवालयमा एकजना कार्यकारी निर्देशक, एकजना सञ्चार तथा प्रकाशन अधिकृत, एकजना लेखा अधिकृत र संघको अन्तर्राष्ट्रिय परिषदले नियुक्ती गरेका अन्य कर्मचारीहरु रहनेछन् ।

१९.३. संघको सचिवालय अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको नीति तथा निर्देशन अनुरुप चल्नेछ ।

१९.४. कार्यकारी निर्देशक वा उसको प्रतिनिधिले अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिन सक्ने छ । तर उसलाई मताधिकार हुने छैन ।

२०. **निर्वाचन कार्यविधि :-**

२०.१. देहाय बमोजिम निर्वाचन सम्पन्न गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एकजना आयुक्त सहित आवश्यकता अनुसारका सदस्यहरु रहने गरि निर्वाचन आयोगको गठन गर्न सक्नेछ । तर यसरी निर्वाचन आयोगमा अन्तार्राष्ट्रिय समन्वय परिषदद्वारा निर्वाचित आयुक्त एवं सदस्यहरु अधिवेशन प्रतिनिधिहरुबाट अनुमोदित हुनु पर्नेछ ।

२०.२. अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको निर्वाचन अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित सम्पूर्ण प्रतिनिधिहरुबाट हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु सम्बन्धित राष्ट्रको राष्ट्रिय महाधिवेशनले गर्नेछ । तर क्षेत्रीय संयोजक तथा उप संयोजकहरुको निर्वाचन सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिहरुबाट मात्रै हुनेछ ।

२०.३. संघको अध्यक्ष उही पदमा लगातार तीन पदावधि भन्दा बढी पदावधिको लागि पूनः निर्वाचित हुन योग्य हुने छैन ।

२०.४. अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको पद आकस्मिक रुपमा रिक्त भएमा सो रिक्त पदमा अन्तर्राष्ट्रिय समन्वय परिषदले अर्को बाकी कार्य अवधिका लागि पदपुर्ति गर्न सक्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुको हकमा भने सम्बन्धित राष्ट्रिय समन्वय परिषदको निर्णय बमोजिम हुनेछ ।

२०.५. अन्तर्राष्ट्रिय समन्वय परिषदको धारा २०.४ बमोजिम पद पुर्ती गर्दा अध्यक्षको हकमा २ जना उपाध्यक्ष मध्येबाट र अन्य पदाधिकारीको हकमा भने अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय बमोजिम हुनेछ। राष्ट्रिय समन्वय परिषदका पदाधिकारी वा सदस्य अन्तर्राष्ट्रिय समन्वय परिषदको कुनै पनि पदमा निर्वाचित भएमा राष्ट्रिय समन्वय परिषदमा निजको पद रिक्त हुनेछ। यसरी रिक्त हुन आएको पदपुर्ति राष्ट्रिय समन्वय परिषदले गर्नेछ।

२१. **अन्तर्राष्ट्रिय परिषदका पदाधिकारीहरु र कार्यकारी सदस्यहरुको काम कर्तव्य र अधिकारहरु :-**

२१.१. **अध्यक्ष :-**

२१.१.१. संघको प्रंमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्ने।

२१.१.२. अन्तर्राष्ट्रिय समन्वय परिषदको, अन्ताराष्ट्रिय महाधिवेशनको खुलासत्रको अध्यक्षता गर्ने।

२१.१.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले अन्यथा व्यवस्था गरेकोमा बाहेक विभिन्न विभाग तथा समितिका सदस्यहरुको नियुक्ति गर्ने।

२१.१.४ अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकिएका अन्य काम कर्तव्य पूरा गर्ने।

२१.१.५ कुनै विषयमा मत बराबर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने।

२२.१.६ अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई जिम्मेवारी तोक्ने।

२१.१.७ क्षेत्रीय संयोजकहरु मार्फत सम्बन्धित क्षेत्रको आवधिक कार्य विवरण तथा समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने।

२१.२. **उपाध्यक्ष :-**

२२.२.१ संघको नेतृत्वका लागि आवश्यकता अनुसार अध्यक्षलाई सहयोग गर्ने।

२१.२.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका कार्यहरु गर्ने।

२१.२.३ तोकिएका अन्य कार्यहरु गर्ने।

२१.३. **महासचिव :-**

२१.३.१ संघ र अन्तर्राष्ट्रिय समन्वय परिषदको सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने।

२१.३.२ अन्तर्राष्ट्रिय महाधिवेशन वा अन्तर्राष्ट्रिय समन्वय परिषदका वैठकहरुको सन्चालन गर्ने र वैठकका निर्णयहरुको अभिलेख राख्ने।

२१.३.३ संघको अभिलेख राख्ने र क्षेत्रीय संयोजकहरु मार्फत राष्ट्रिय समन्वय परिषदहरुलाई पत्राचार गर्ने।

२१.३.४ महासचिवको सांगठनीक प्रगति प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषदमा छलफलका लागि पठाउने।

२१.३.५ संघ वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले वा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने।

२१.४. **सचिव :-**

२१.४.१ आवश्यकता अनुसार महासचिवलाई सहयोग गर्ने।

२१.४.२ महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने।

२१.४.३ तोकिएका अन्य कार्यहरु गर्ने।

२१.५. **कोषाध्यक्ष :-**

२१.५.१ संघको कोष प्राप्त गर्ने र जिम्मामा लिने।

२१.५.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्देशन र संघको नियम बमोजिम कोषको निकासा गर्ने एवं लगानी गर्ने।

२१.५.३ संघको विविध कोष अभिवृद्धिका लागि विभिन्न उपायहरुको प्रस्ताव गर्ने।

२१.५.४ अन्तर्राष्ट्रिय महाधिवेशन र अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमहरुका लागि आवश्यक रकम तथा परियोजनकालागि श्रोत साधनको परिचालन सम्वन्धि विवरण तयार गरि प्रस्ताव गर्ने।

२१.५.५ अन्तर्राष्ट्रिय महाधिवेशनमा वा क्षेत्रीय सम्मेलनमा वा अन्तर्राष्ट्रिय समन्वय परिषदका वैठकहरुमा अन्तर्राष्ट्रिय समन्वय परिषदले पारित गरेका कार्यक्रमहरुको आधारमा अनुमानित वजेट तयार गरि प्रस्तुत गर्ने।

२१.५.६ राष्ट्रिय समन्वय परिषदको कोष व्यवस्थापन र अभिलेख रखाइमा अन्तर्राष्ट्रिय समन्वय परिषद संग एक रुपता कायम गर्न आवश्यक सहयोग गर्ने।

२१.५.७ सचिवालयमा नियुक्त लेखा अधिकृतलाई आवश्यकता अनुसार नीति निर्देशन गर्ने, आवश्यकता बमोजिम मासिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, वार्षिक लेखा प्रतिवेदन तयार गर्ने एवं धारा २६ बमोजिम नियुक्त लेखापरिक्षक द्वारा लेखापरिक्षण गराउने।

२१.५.८ अर्ध वार्षिक विवरण सम्पूर्ण अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई तथा राष्ट्रिय समन्वय परिषदहरुलाई उपलव्ध गराउने।

२१.५.९ अन्तर्राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय समितिहरुमा पठाउने।

२१.५.१० विधानमा तोकिएका अन्य कार्यहरु गर्ने।

२१.६. **क्षेत्रीय संयोजक :-**

२१.६.१ विधानको धारा १६.२ बमोजिम निर्वाचित क्षेत्रीय संयोजक सम्बन्धित क्षेत्रको प्रमुखको हैसियतले कार्य गर्ने ।

२१.६.२ सम्बन्धित क्षेत्रका राष्ट्रिय समन्वय परिषदका गतिविधिहरु सम्बन्धित मुलुकबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुबाट जानकारी लिने ।

२१.६.३ आवश्यकता अनुसार क्षेत्रीय वैठक बोलाउने । त्यस्ता वैठकहरुको अध्यक्षता गर्ने ।

२१.६.४ सम्बन्धित क्षेत्रको गतिविधिहरुको अर्ध वार्षिक विवरण अध्यक्ष समक्ष पेश गर्ने ।

२१.६.५ अन्तर्राष्ट्रिय समन्वय परिषदका निर्णयहरु कार्यान्वयन गर्न गराउन सम्बन्धित राष्ट्रिय समन्वय परिषद सदस्यहरुलाई निर्देशन जारी गर्ने ।

२१.६.६ संघको क्षेत्रीय सम्मेलनको आयोजनाका लागि तथा अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकबाट पारित गरिनु पर्ने विभिन्न विषयसंग सम्बन्धित प्रस्तावहरु पेश गर्ने ।

२१.६.७ सम्बन्धित क्षेत्रमा राष्ट्रिय समन्वय परिषदहरु गठन गर्ने र राष्ट्रिय समन्वय परिषदहरु बीच संयोजन गर्ने ।

२१.७. **क्षेत्रीय उप संयोजक :-**

२१.७.१ आवश्यकता बमोजिम क्षेत्रीय संयोजकलाई सहयोग गर्ने ।

२१.७.२ संयोजकको अनुपस्थितिमा नीजले तोके बमोजिमको कार्य गर्ने ।

२१.७.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

२१.८. **सदस्य :-**

२१.८.१ अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यले आफुले प्रतिनिधित्व गरेको देशको राष्ट्रिय समन्वय परिषदको प्रतिनिधित्व गर्ने ।

२१.८.२ राष्ट्रिय समन्वय परिषदबाट सञ्चालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका सम्बन्धमा आफ्नो राय सहित सम्बन्धित क्षेत्रीय संयोजक समक्ष अर्ध वार्षिक कार्य विवरण पेश गर्ने ।

२१.८.३. सम्बन्धित क्षेत्रीय संयोजकको निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

२१.८.४ सम्बन्धित मुलुकमा सम्पन्न गरिनु पर्ने कार्यहरुको संयोजन सहित विभिन्न प्रस्ताव गर्ने ।

२१.८.५ राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने ।

२१.८.६ अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने ।

२१.८.७ अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

२१.९ **मनोनित सदस्य :-**

२१.९.१ अन्तर्राष्ट्रिय समन्वय परिषदले कम्तिमा ५जना महिला प्रतिनिधि सहित बढीमा १५ जना सम्म मनोनित सदस्यहरु निश्चित समयावधिको लागि मनोनित गर्न सक्नेछ । यसरी मनोनित सदस्यहरुमा युवाहरुको प्रतिनिधित्व समेत रहनु पर्नेछ । यी सदस्यहरुको पदावधि परिषदको पदावधि समाप्त भए पछि स्वतः समाप्त हुनेछ ।

२१.९.२ विधानको धारा २१.९.१ बमोजिम विभिन्न विषयहरुमा संघको केन्द्रीय तहमा रहि योगदान गर्न सक्ने व्यक्तिहरुको रुपमा मनोनित अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरुले अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका जिम्मेवारीहरु पुरा गर्ने ।

परिच्छेद - ७

२२. **राष्ट्रिय समन्वय परिषद :-**

२२.१. एउटा देश भित्र बसोबास गर्ने घटीमा १० जना गैर आवासीय नेपालीहरु मिलेर राष्ट्रिय समन्वय परिषद स्थापना गर्न सक्नेछन् ।

२२.२. यो विधानको वृहत संरचना भित्र रहेर आफू बसोबास गर्ने मुलुकको स्थानीय कानून बमोजिम राष्ट्रिय समन्वय परिषदको दर्ता गरिनेछ ।

२२.३. राष्ट्रिय समन्वय परिषदको गठन तथा कार्यसमितिको ढांचा देहाय बमोजिमको हुनु पर्नेछ ।

अध्यक्ष	१
उपाध्यक्ष	२
संयोजक (सचिव)	१
सह संयोजक (सहसचिव)	१
कोषाध्यक्ष	१

सदस्यहरु न्यूनतम ४ देखि अधिकतम २१ जना रहने छन्। राष्ट्रिय समन्वय परिषदले २१ जना सदस्यहरु मध्ये आवश्यकता अनुसार मनोनित सदस्यहरुको संख्या तोक्न सक्नेछ।

२२.४. यो विधानको अधीनमा रही समस्त संघको उद्देश्यहरु र लक्ष्य अनुरुप सम्बन्धित मुलुकसंग सम्बद्ध रहेका विषयमा राष्ट्रिय समन्वय परिषदले अधिकतम स्वायत्तताको उपभोग गर्नेछ।

२२.५. यो विधानका धाराहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदसंग सम्बन्धित नियमहरु र तिनीहरुमा आवश्यकता अनुसार बेला बेलामा गरिएका परिवर्तनहरु राष्ट्रिय समन्वय परिषदको क्रियाकलापमा लागू हुनेछन्।

२२.६. राष्ट्रिय समन्वय परिषदको लेटरहेड, शपथ, कार्यालयको छाप, सदस्यता आवेदन फारम, सदस्यको परिचय पत्र र प्रतिक चिन्ह यस विधानको अनुसूचीमा तोकिए बमोजिम हुनेछ।

२२.७ राष्ट्रिय समन्वय परिषदको राष्ट्रिय अधिवेशनबाट पारित आफ्नो छुट्टै विधान हुनेछ तर राष्ट्रिय समन्वय परिषदको विधान संघको विधानसंग बांझिने गरी बनाइने छैन।

२२.८. राष्ट्रिय समन्वय परिषदका कार्यकारी समितिको पदावधि २ वर्षको हुनेछ।

२३. **राष्ट्रिय महाधिवेशन :-**

२३.१. प्रत्येक राष्ट्रिय समन्वय परिषदको राष्ट्रिय अधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको मिति बढिमा ६ महिना बांकी रहने गरि राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु पर्नेछ। सोही राष्ट्रिय महाधिवेशनले नै अन्तर्राष्ट्रिय समन्वय परिषदका लागि देशको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचन गर्नेछ।

२३.२. राष्ट्रिय महाधिवेशन राष्ट्रिय समन्वय परिषदको सर्वोच्च अंग हुनेछ र राष्ट्रिय महाधिवेशन दुई वर्षमा एक पटक सम्पन्न हुनेछ।

२३.३. संघका पञ्जिकृत सदस्यहरुलाई आफू बसोबास गर्ने देशको राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ।

२३.४. राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषदमा सम्बन्धित देशको प्रतिनिधित्व गर्नका लागि अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित हुने गरि पञ्जिकृत सदस्यहरु मध्येबाट अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकारी सदस्यको निर्वाचन गर्नेछ।

२४. **राष्ट्रिय समन्वय परिषदको अधिकार र कर्तव्य :-**

२४.१. राष्ट्रिय समन्वय परिषदले संघको पञ्जिकृत सदस्यता सम्बन्धित मुलुक भित्रका गैर आवासीय नेपालीहरुलाई जारी गर्ने अधिकार हुनेछ।

२४.२. राष्ट्रिय समन्वय परिषदलाई संघको विधानको वृहत संरचना भित्र रही क्षेत्रीय वा शाखा समितिहरु गठन गर्ने, विघटन गर्ने र तिनीहरुलाई निर्देशन जारी गर्ने अधिकार हुनेछ।

२४.३. राष्ट्रिय समन्वय परिषदलाई संघको भावना विपरित कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषदको विधानको उल्लंघन गर्ने परिषदको कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन वा निस्काशन गर्ने अधिकार हुनेछ। यस प्रकार निस्काशन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनवाइको अवसर दिइनेछ र राष्ट्रिय परिषदको निर्णय उपर निर्णय भएको मितिले ३० दिन भित्र सम्बन्धित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषदमा उजुरी गर्न सक्नेछन् र अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय अन्तिम हुनेछ।

२४.४. राष्ट्रिय समन्वय परिषदले आफुले सञ्चालन गरेका सम्पूर्ण क्रियाकलापहरुको अर्धवार्षिक विवरण क्षेत्रीय संयोजक समक्ष पेश गर्नु पर्नेछ।

२४.५. राष्ट्रिय समन्वय परिषदलाई राष्ट्रिय अधिवेशनका लागि दर्ता शुल्क तोक्ने अधिकार हुनेछ।

२४.६. राष्ट्रिय समन्वय परिषदले पञ्जिकृत सदस्यता शुल्क सदस्यता वितरण गरेको मितिले ३० दिन भित्र अन्तर्राष्ट्रिय परिषदलाई पठाउनु पर्नेछ। र सदस्यता शूल्क प्रत्येक ६ महिनामा एकमुष्ट अन्तर्राष्ट्रिय परिषदलाई पठाउनु पर्नेछ।

२४.७. राष्ट्रिय समन्वय परिषदले संघको अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनका लागि दर्ता भएका पञ्जिकृत सदस्यहरुको अभिलेख कायम गर्नेछ र दर्ता विवरण संघको सचिवालयलाई पठाउनु पर्नेछ।

परिच्छेद - ८

२५. **संघका कोषहरु :-**

२५.१. संघको कोषमा पञ्जिकृत सदस्यता शुल्क, विभिन्न व्यक्तिहरुबाट प्राप्त अनुदान, राष्ट्रिय समन्वय परिषदबाट प्राप्त अनुदान रकम र संघको विभिन्न क्रियाकलाप मार्फत प्राप्त हुने रकमहरु सामेल हुनेछन्।

२५.२. संघको लागि प्राप्त हुने सम्पूर्ण कोषको रकमहरुको व्यवस्थापन कोषाध्यक्षले अन्तर्राष्ट्रिय समन्वय परिषदको निगरानीमा गर्नेछ। अन्तर्राष्ट्रिय समन्वय परिषदलाई संघको हित हुने गरी कोषको रकमहरुको खर्चलाई नियन्त्रण गर्ने वा स्वीकृति दिने अधिकार हुनेछ।

२५.३. अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको आफ्नो नामको बैंक खातामा रकमहरु राख्नेछ र अध्यक्ष तथा कोषाध्यक्ष वा कोषाध्यक्ष तथा अध्यक्षबाट मनोनित एक सदस्यलाई संयुक्तरुपमा संघको लेखाको व्यवस्थापन गर्न एवं चेकमा हस्ताक्षर गर्न अधिकार प्रदान गर्ने छ।

२५.४ अन्तर्राष्ट्रिय समन्वय परिषदले विभिन्न उद्देश्यहरुका लागि देहाय बमोजिमका कोषहरु स्थापना गर्न सक्नेछ।

२५.४.१ **साधारण कोष** :- अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको सम्पूर्ण खर्च पूर्ति गर्नको लागि एक साधारण कोष स्थापना गर्नेछ । यस कोष अन्तर्गत पञ्जिकृत सदस्यता शुल्क, संघको प्रकाशनबाट प्राप्त हुने रकम, अन्तर्राष्ट्रिय समन्वय परिषद वा राष्ट्रिय समन्वय परिषदले विभिन्न क्रियाकलाप आयोजना गरी उठाएको रकम र अनुदान रकमहरु पर्नेछन् ।

२५.४.२ **सामाजिक कल्याण कोष** :- अन्तर्राष्ट्रिय समन्वय परिषदले विशेष प्रकारका मानविय कल्याणका परियोजना सञ्चालन गर्नको लागि एउटा सामाजिक कल्याण कोष स्थापना गर्न सक्नेछ । कुनै संघ, संस्था, कम्पनी वा अन्य निकाय र व्यक्तिगत रुपबाट प्राप्त अनुदान रकम नै यस कोषको श्रोत हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदले परियोजनाको अनुगमन गर्न एक विशेष समिति गठन गर्न सक्नेछ ।

२५.४.३ **अन्य कोषहरु** :- संघको उद्देश्य प्राप्त गर्नका लागि अन्तर्राष्ट्रिय परिषदले आवश्यक ठानेमा अन्य विभिन्न कोषहरु स्थापना गर्न सक्नेछ ।

२६. **संघको लेखा :-**

कार्यालयका पदाधिकारीहरुले संघको आय व्ययसंग सम्बन्धित कुराहरु नेपालको प्रचलित कानुन तथा लेखा परीक्षण मापदण्ड अनुसार राख्नु पर्नेछ । यो धाराको प्रयोजनकालागि अन्तर्राष्ट्रिय समन्वय परिषदले लेखा परिक्षकको नियुक्ति तथा लेखापरिक्षकको पारिश्रमिक तोक्नेछ ।

२७. **बैंक खाता :-**

संघको बैंक खाता संघको नाउमा अन्तर्राष्ट्रिय समन्वय परिषदले सञ्चालन गर्नेछ । खाताबाट सबै प्रकारका चेकहरु वा आदेशहरुको भुक्तानीका लागि विधानको धारा २५.३ मा तोकिए बमोजिमका दुई जना पदाधिकारीबाट सही गरिनेछ ।

परिच्छेद-९

२८. **विधानको संशोधन :-**

२८.१. यस विधानको कुनै पनि धारा, उपधाराको संशोधन खारेजी थप घट वा परिवर्तन गर्ने प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी सदस्यहरु मध्ये २५% ले पेश गर्न सक्नेछन् । यसरी पेश गरिएको प्रस्ताव विशेष अन्तर्राष्ट्रिय महाधिवेशन वा विशेष विशेष अन्तर्राष्ट्रिय महाधिवेशनमा उपस्थित दुई तिहाई बहुमतबाट पारित गर्न सकिनेछ ।

२८.२. विधानको कुनै धाराहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा सो प्रस्ताव तत्कालै लागू हुनेछ ।

२९. **निष्काशन :-**

अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी वा कार्यकारी सदस्यहरुले संघलाई नोक्सानी पुऱ्याउने कुनै खराब आचरण गरेको ठहर भएमा राजिनामा दिन लगाइनेछ । यदि सो व्यक्तिले राजिनामा दिन इन्कार गरेमा अन्तर्राष्ट्रिय समन्वय परिषदको बैंठकमा उपस्थित सदस्यहरुको सामान्य बहुमतबाट निजलाई निष्काशन गर्न सकिनेछ । यसरी निष्काशन गर्नु पूर्व निजले गरेको आचरणको बारेमा ३० दिन भित्र स्पष्ट गर्ने उचित अवसर दिइनेछ । यस धाराको प्रयोजनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषदले एक अनुशासन समितिको गठन गर्न सक्नेछ ।

३०. **विधानको व्याख्या :-**

यो विधानको व्याख्या गर्ने अधिकार अन्तर्राष्ट्रिय परिषदबाट स्थापित विधान सम्बन्धी समितिमा अन्तर्निहित हुनेछ । अन्तर्राष्ट्रिय परिषदले एक तीन सदस्यीय विधान सम्बन्धी समिति गठन गर्नेछ र ती सदस्यहरुले आफू मध्येबाट समितिको अध्यक्ष चयन गर्नेछन् ।

३१. **अन्य संघ संस्थाहरुसंगको सहकारिता :-**

संघले यस विधानमा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि नेपाली एवं गैर नेपाली संघ संस्थाहरुसंग समन्वय गर्न सक्नेछ ।

३२. **अन्तर्राष्ट्रिय समन्वय परिषदको विघटन :-**

सम्पूर्ण पञ्जिकृत सदस्यहरुको साधारण बहुमतले चाहेमा अन्तर्राष्ट्रिय समन्वय परिषद विघटन हुनेछ । अन्तराष्ट्रिय समन्वय परिषद विघटन भएको मितिले बढिमा ३ महिना भित्र विशेष महाधिवेशनको बैठक बसी नयां अन्तराष्ट्रिय समन्वय परिषदको निर्वाचन सम्पन्न गर्नु पर्नेछ ।

३३. **संघको खारेजी :-**

विश्वभरका कुल पञ्जिकृत सदस्यहरु मध्ये पचहत्तर प्रतिशत सदस्यहरुले संघको अन्तर्राष्ट्रिय महाधिवेशन वा विशेष अन्तर्राष्ट्रिय महाधिवेशनमा संघको खारेजी गर्ने निर्णय गरेमा संघको खारेजी हुनेछ । यस्तो खारेजी निर्णय भएको मितिले ६ महिना पछि प्रभावित हुनेछ । खारेजी गर्ने सदस्यहरुको निर्णय बमोजिम संघको सम्पूर्ण सम्पत्ति नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ ।

३४. **लागू हुने कानून :-**

यो विधान र संघको हकमा नेपालको कानून लागू हुनेछ ।

अनुसूची-१

संघको प्रतिक चिन्ह :-

दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल्लो अर्ध वृत्तमा अंग्रेजी भाषाको ठूलो अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको चिन्ह नै संघको प्रतिक चिन्हको नमुना हुनेछ ।

प्रतिक चिन्हको नमुना :-

उदाउँदै गरेको सूर्यले गैरआवासीय नेपालीहरुको अभिलाषा, दुई हिमालयहरुले नेपाल, NRNA ले गैर आवासीय नेपालीहरु, FOR NEPALI BY NEPALI ले संघको मन्त्र र दुई अर्थ वृत्तहरुको घेराले पुथ्वीको प्रतिनिधित्व गर्छ ।

अनुसूची-२

कार्यालयको छाप :-

संघको अन्तर्राष्ट्रिय परिषद र राष्ट्रिय परिषदको कार्यालयको छाप गोलाकार, गोलाकार भित्र नेपाली र अंग्रेजी भाषामा संघको "नाम गैर आवासीय नेपाली संघ", "Non-Resident Nepali Association" लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA-ICC र NRNA NCC – (सम्बन्धित देशको नाम) लेखिएको अंग्रेजी ठूलो अक्षरको माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल अंग्रजी अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको वाक्य हुनेछ ।

अनुसुची - ३

कार्यालयको लेटर हेडको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

अनुसुची - ४

आवेदन फारमको नमुना

अनुसुची - ५

संघको परिचय पत्रको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

अनुसुची - ६

शपथ :-

म सत्यनिष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम, उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म गैर आवासीय नेपाली संघको मुल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताका साथ आत्मासात गर्ने मेरो प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु ।

॥समाप्त॥

NRNA CONSTITUTION
(2003-07)

NAME
The Association shall be called as:

'THE NON-RESIDENT NEPALI ASSOCIATION (NRN)"

OBJECTIVES
The objective of this Association shall be to foster closer relationship and cooperation among the NRN community spread all over the world and between the NRN community and Nepal. The Association shall strive to contribute to the overall development of Nepal. In this context, NRN refers to both people of Nepali origin who have acquired foreign citizenship and people of Nepali origin who currently hold Nepali passport but who have lived outside India and Bhutan for a period of more than 182 days by representing and promoting their interests both in Nepal and abroad. To this end, the Association shall:

a. Promote Nepal and generate support for its interest in countries of their residence and at international organizations;
b. Facilitate and attract NRN and foreign investment in Nepal;
c. Strive to create conditions conducive to investment by the NRN in Nepal and the utilisation in Nepal of the talents and skills of the NRN;
d. Foster closer co-operation among the NRN communities scattered in different parts of the world; and
e. Function as an international forum for the promotion and protection of the interests of the NRN communities both in Nepal and abroad.

MEMBERSHIP
There shall be two categories of the Members of the Association, to be called respectively:

A. GENERAL MEMBERS
General Members of the Association shall be NRN as described in Article 2 above. They will have voting rights and will be able to contest for elective positions.

B. **ASSOCIATE MEMBERS**
Associate Members shall be the people and companies of non- Nepali origin with an interest in promoting and helping Nepal. They will be able to attend the general meetings and all activities of the Association but will have no voting and contesting rights for the membership of the ICC.

THE FUNDS OF THE ASSOCIATION
The Funds of the Association shall comprise of the donation by the members, contribution from National Co-ordination Council (NCC), voluntary contributions and funds received through various activities of the Association.

MANAGEMENT OF THE FUNDS

a. All donations, funds and materials received for the purposes of the Association shall be managed by the Treasurer under the supervision of the International Coordination Council (ICC). The ICC shall have the power to direct or approve the expenditure of the association's funds in such manner as deemed appropriate in the interest of the Association.
b. The ICC shall keep its Funds in Bank account under the name of the Association and shall authorise (A) the Treasurer and (B) the President or any Official authorized by the President on his behalf to draw cheques thereon.

INTERNATIONAL CO-ORDINATION COUNCIL (ICC)
The affairs of the Association shall be managed by an executive body known as the International Co-ordination Council (ICC), consisting of the Officials of the Association referred to in Article 7, and elected Members of the ICC under the provisions of this Constitution. Subject to the control of the General convention, the ICC shall be entitled to take any action on behalf of the Association, which it shall deem to be conducive to the interests of the Association. It shall be the duty of the ICC to present at each general meeting a printed report of its proceedings of the previous year(s). The decision of the ICC shall be taken by majority members present at the meetings.

OFFICIALS
The Officials of the Association shall comprise of a President, two Vice-Presidents, an International Co-ordinator, a Joint Co-ordinator and a Treasurer.

ELECTION PROCEDURE

a. Officials and Members of the ICC shall in each instance, be elected for a period of 2 (two) years only.
b. The election of the Officials and Executive Members of the ICC shall take place among the general members in attendance at the General Convention.
c. Officials shall not be eligible for re-election to the same position for more than three consecutive terms. They shall be elected by the General Convention by majority vote.
d. Each general member in attendance in the General Convention shall elect a Country Representative as a member of the ICC to represent the country of residence. The said Representative shall be the resident of the same country in which the electing members reside.
e. Any casual vacancy occurring among the officials and Members of the ICC may be provisionally filled by the ICC until the next general meeting or election of the ICC respectively.

DUTIES OF OFFICIALS

a. The President shall function as the Association's Chief Executive Officer and preside over the meetings of the ICC as well as the Association; shall appoint Committees, except as otherwise determined by the ICC; and shall perform other duties as the ICC may assign to the President. In the absence of the President the duties of that office shall be performed by one of the Vice-Presidents.
b. The International Co-ordinator shall keep the records and conduct the correspondence of the Association and shall perform such other duties as may be assigned to him/her by the Association or by the ICC. In the absence of the International Co-ordinator the duties of that office shall be performed by the Joint Co-ordinator. The Treasurer shall receive and shall have the custody of the Funds of the Association and shall invest and disburse them subject to the rules of Association and under the direction of the ICC. The Officials shall also perform any duties elsewhere prescribed by Association Rules.

CO-OPTED MEMBERS OF THE ICC

The ICC may appoint from time to time up to 15 (fifteen) Co-opted Members, for any period not exceeding 2 (two) years, but within the term-period of the ICC.

SPECIAL COMMITTES

The Association or the ICC at its meeting, may decide to establish Special Committes as it may, from time to time, deem desirable and may prescribe the duties and powers of such Committees, including the power to take executive action; provided that no such special Committees shall be empowered to undertake any of the functions hereby specifically entrusted to the ICC.

GENERAL CONVENTIONS

a. The General Convention of the Association shall be held at least once in two years on a date fixed by the ICC. The President shall have power to convene a special general meeting whenever he/she deem it advisable to do so; and he/she shall do so on being thereto requested in writing by twenty-five percent Members of the ICC. The President shall take the chair of the General Convention but in his/her absence the meeting shall be chaired by one of the two Vice-Presidents.
b. The registration fee for the General and Special Convention shall be fixed by the ICC from time to tome.

PROCEEDINGS OF THE ICC MEETING

a. The meetings of the ICC shall take place at least once a quarter by electronic link and once in six months in person.

b) The proceedings at the general meeting shall include the following unless otherwise decided by the meetings:
   i. An appropriate welcome address;
   ii. Reason for absence of any member(s);
   iii. Minutes of the last general meeting; and
   iv. Specific agenda items.

EXPULSION

Any Official and Member of the ICC who may be guilty of any conduct which in the opinion of the ICC renders his/her membership detrimental to the interests of the Association may be requested to resign, if refuses to do so, may be expelled, by a resolution of the ICC, subject to an opportunity given to him/her or to explain him/her conduct. Any such resolution

shall require a majority vote of minimum two-thirds of the ICC members present and voting.

ALTERATIONS

Any Article(s) of this Constitution may be rescinded or amended by a resolution passed at any general or special convention of the Association by a two-thirds majority of the General Members present and voting; provided that:

a. Notice of such resolution, stating the nature of the proposed alteration and the names of the proposer and seconder, shall have reached the International Co-ordinator at least sixty (60) days before the date fixed for the general meeting.
b. In the event of a resolution being passed to rescind or amend any part of the Articles 1 to 3, Article 6 or this Article, such resolution shall be effective only after six months of the date of the adoption of such a resolution.

ACCOUNTS

The Officials of the Association shall comply with the accounting and audit requirements of the law of the Kingdom of Nepal relevant to the income/ expenditure level of the Association, with regard to:

The keeping of accounting records of the Association;
The preparation of annual financial statements for the Association;
The auditing or independent examination of the financial statement of the association; and
The preparation of an annual report and sending it together with the financial statement to an appropriately appointed official agency.

BANK ACCOUNT

The bank account in which the assets of the Association are deposited shall be operated by the ICC in the name of the Association. All cheques or orders for the payment of money from such account shall be signed by two persons as specified in Article 5(b) above (Treasurer and President or any officials authorized by the President on his behalf).

THE SEAT

The seat of the Association shall be in the Kingdom of Nepal. It will be registered with His Majesty's Government of Nepal as a non-profit and non-political international organization.

PERSONAL INTERESTS

Except with the prior written approval of the official agency in the country concerned no member of the ICC may:

a. Receive any benefit in cash or in kind from the Association except for reasonable expenses incurred in carrying out the duties of the Association or the events sponsored by the Association; or
b. Have a personal interest in the supply of goods or services to the Association; or
c. Acquire or hold any personal interest in the property of the Association (except as authorized by the ICC).

CO-OPERATION WITH OTHER ORGANISATIONS

The Association may co-ordinate with other Nepali and non-Nepali associations and organisations in different parts of the world to achieve the objectives as stipulated in Article 2.

PATRONS, HONORARY MEMBERS AND ADVISERS

The ICC may from time to time decide to nominate people of high standing or those with a long outstanding record of contribution to the development of Nepal or any other person deemed deserving by the ICC as Patrons, Honorary Members and Advisers of the Association.

NATIONAL COORDINATION COUNCIL (NCC)

a. When there are at least ten General Members (NRN/PNO) of the Association residing in a country, they may, if they so wish, establish a National Co-ordination Council (NCC) of the Association. The NCC shall consist of a President, two Vice-Presidents, a Co-ordinator, a joint Co-ordinator, a Treasurer and in between 5 to 15 elected members, depending upon the size of NRN in that country. All General and Associate Members in the country shall ipso facto become members of the NCC.
b. The President and Co-ordinator of NCC shall be entitled to attend the meetings of the ICC. They shall be notified of the meetings well in advance by the International Co-ordinator of the ICC.
c. The NCCs shall enjoy maximum autonomy in carrying out their Objectives in matters relating to the country concerned, provided that their activities remain within the broad framework of this Constitution and the major decisions of the ICC.
d. The rules of this Constitution and those relating to the ICC shall apply, mutatis mutandis, to the activities of the NCCs.

e. The Officials and Members of the ICC shall be entitled to attend the meetings of the NCCs but without voting rights. They shall also not be eligible to become the President of the NCC. They shall be notified of the meetings well in advance by the Co-ordinator of the NCCs.

DISSOLUTION

The ICC may be dissolved or disbanded by a resolution passed at any General or Special Convention of the Association by a two-thirds majority of the General members present and voting. While counting the majority, no more than 25 percent vote of the General Members shall be allowed from a single country.

LOGO

The Association shall have its own logo as approved by the ICC.

APPLICABLE LAW

The governing law of the Kingdom of Nepal shall apply to the matters relating to the NRN Association.

गैरआवासीय नेपालीका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना: नेपाली मूलका विदेशी नागरिक तथा नेपाल अधिराज्य वाहिर बसोबास गरेका नेपाली नागरिकको नेपालप्रतिको सामिप्यता प्रबर्द्धन गरी त्यस्ता व्यक्तिलाई नेपालको सर्वाङ्गिण विकासमा सहभागी गराउन तथा निजहरुलाई नेपालमा लगानी गर्न उत्पेरित गर्ने सम्बन्धमा तत्काल कानुनी व्यवस्था गर्न वान्छनीय भएको र हाल संसद्को अधिवेशन नभएकोले, श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव बाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस अध्यादेशको नाम **'गैरआवासीय नेपाली सम्बन्धी अध्यादेश, २०६२'** रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) 'गैरआवासीय नेपाली' भन्नाले नेपाली मूलको विदेशी नागरिक सम्झनु पर्छ र सो शब्दले विदेशमा बस्ने नेपाली नागरिकलाई समेत जनाउंछ ।

(ख) 'विदेशमा बस्ने नेपाली नागरिक' भन्नाले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का सदस्य मुलुक बाहेक अन्य कुनै मुलुकमा कुनै पेसा, व्यवसाय वा रोजगारी गरी एक आर्थिक वर्षमा एक सय त्रियासी दिन वा सो भन्दा बढी अवधि नेपाल अधिराज्यमा बसोबास नगरेको नेपाली नागरिक सम्झनु पर्छ र सो शब्दले श्री ५ को सरकारले अन्य मुलुकमा काममा खटाएको नेपाली नागरिक वा कुनै सरकारी सेवामा रहेको बहालवाला कर्मचारी बाहेक नेपाल सदस्य भएको कुनै अन्तर्राष्ट्रिय संघ-संस्थामा कार्यरत रही अन्य कुनै मुलुकमा काममा खटिएको नेपाली नागरिक समेतलाई जनाउंछ ।

(ग) 'नेपाली मूलको विदेशी नागरिक' भन्नाले साविकमा आफू स्वयं वा निजको बाबु वा आमा वा बाजे वा बज्यै नेपालको नागरिक रही पछि सार्क मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्ति सम्झनु पर्छ ।

(घ) 'परिवार' भन्नाले पति, पत्नी, आफूले पालन-पोषण गर्नु पर्ने बाबु-आमा, नाबालक वा आश्रित छोरा-छोरी सम्झनु पर्छ ।

(ङ) 'नजिकका नातेदार' भन्नाले आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ब) मा उल्लिखित नातेदार सम्झनु पर्छ ।

(च) 'परिवर्त्य विदेशी मुद्रा' भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २ को खण्ड (ठ) बमोजिमको परिवर्त्य विदेशी मुद्र सम्झनु पर्छ ।

(छ) 'तोकिए वा तोकिएबमोजिम' भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियमावलीमा तोकिए वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. **गैरआवासीय नेपालीको अभिलेख राख्ने** :

(१) गैरआवासीय नेपालीले सो हैसियतले आफ्नो नाम दर्ता गराउन चाहेमा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक छानबिन गरी तोकिएको अधिकारीले तोकिए बमोजिम गैरआवासीय नेपालीको अभिलेख खडा गर्नेछ ।

४. **परिचयपत्र जारी गर्ने** :

(१) दफा ३ को उपदफा (२) बमोजिमको अभिलेखमा नाम समावेश भएको व्यक्तिले गैरआवासीय नेपालीको हैसियतमा परिचयपत्र लिन चाहेमा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक छानबिन गरी तोकिएको अधिकारीले तोकिए बमोजिमको ढाँचामा गैरआवासीय नेपालीको हैसियत खुल्ने गरी परिचयपत्र जारी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको परिचयपत्र नेपाली मूलको विदेशी नागरिक भए निजले दफा ९ बमोजिम प्राप्त गरेको भिसा अवधिको अधीनमा रही बढीमा दस वर्षसम्म र अन्य गैरआवासीय नेपाली भए बढीमा दुई वर्षसम्म बहाल रहनेछ ।

(४) उपदफा (३) बमोजिमको अवधि समाप्त हुनु अगावै सम्बन्धित परिचयपत्र बालाले तोकिएको अधिकारी समक्ष आफ्नो परिचयपत्र नवीकरणका लागि निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम नवीकरणका लागि निवेदन प्राप्त भएमा तोकिएको अधिकारीले उपदफा (३) को अधिनमा रही तोकिए बमोजिमको दस्तुर लिई निजको परिचयपत्र नवीकरण गरी दिन सक्नेछ ।

(६) उपदफा (२) बमोजिम परिचयपत्र प्राप्त नेपाली मूलको विदेशी नागरिकले नेपाल अधिराज्य भित्र नेपाली नागरिक सरह आवतजावत गर्न सक्नेछ ।

५. **परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न पाउने** :

गैरआवासीय नेपालीले दफा ४ बमोजिम प्राप्त गरेको परिचयपत्रको आधारमा विदेशमा विदेशी मुद्रामा आर्जन गरेको रकम नेपाल राष्ट्र बैंकबाट वित्तिय कारोवार गर्ने इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंक वा वित्तिय संस्थामा परिवर्त्य विदेशी मुद्रामा खाता खोली सञ्चालन गर्न सक्नेछ ।

६. **गैरआवासीय नेपाली परिवर्त्य विदेशी मुद्रामा लगानी गर्न सक्ने** :

(१) प्रचलित कानुन बमोजिम विदेशी लगानीका लागि खुला गरिएको क्षेत्र र श्री ५ को सरकारले समय-समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गैरआवासीय नेपालीका लागि लगानी गर्न खुल्ला गरिएको अन्य कुनै क्षेत्रमा त्यस्तो नेपालीले विदेशमा विदेशी मुद्रामा

आर्जन गरेको रकम वा गैरआवासीय नेपालीको पचास प्रतिशत वा सोभन्दा बढी सेयर लगानी भएको कुनै विदेशी कम्पनीले नेपालमा परिवर्त्य विदेशी मुद्रामा लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकम प्रचलित कानुन बमोजिम नेपाल राष्ट्र बैंकबाट वित्तिय कारोवार गर्न इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंक वा वित्तिय संस्था मार्फत नेपाल अधिराज्यमा प्राप्त भएको हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त गरेको रकमको कानुन बमोजिम श्रोत खुलाउनु पर्ने अवस्था बाहेक श्रोत खोल्न बाध्य पारिने छैन् ।

७. **रकम फिर्ता लैजान सक्ने** :

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेश बमोजिम गैरआवासीय नेपालीले आफूले गरेको लगानी र त्यसबाट प्राप्त भएको लाभ बराबरको रकम परिवर्त्य विदेशी मुद्रामा तोकिए बमोजिम फिर्ता लैजान सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा लगानी गर्ने गैरआवासीय नेपाली नेपालमा स्थायी रुपमा बसोबास गर्न सुरु गरेमा वा निजले गैरआवासीय नेपालीको हैसियत गुमाएमा निज नेपालमा स्थायी बसोबास गर्न सुरु गर्नु अघि वा गैरआवासीय गैरआवासीय नेपालीको हैसियत कायम रहँदाका बखतसम्म गरेको लगानी र सोबाट प्राप्त लाभ बराबरको रकममा मात्र उपदफा (१) बमोजिमको सुविधा पाउनेछ ।

८. **नेपाली मूलका विदेशी नागरिकलाई सुविधा तथा सहुलियत** :

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको सर्त पुरा गर्ने नेपाली मूलका विदेशी नागरिकलाई निजको जीवनकालसम्म निजकै स्वामित्वमा रहने र निजको मृत्युपछि प्रचलित कानुन बमोजिम हुने गरी नेपाल अधिराज्यभित्र तोकिए बमोजिमको क्षेत्रफलसम्मको जग्गा खरिद गरी आवास गृह निर्माण गर्न वा साही बराबरको क्षेत्रफल भएको जग्गामा निर्माण भएको आवास गृह खरिद गरी आफू र आफ्नो परिवार बसोबास गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आवास सुविधा गैरआवासीय नेपाली स्वयंले प्रयोग गर्ने देखि बाहेक अन्य कुनै व्यक्तिलाई भाडामा दिन वा अन्य कुनै व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाउने छैन ।

९. **भिसा सम्बन्धी सुविधा** :

(१) नेपालमा लगानी गर्ने नेपाली मूलका विदेशी नागरिक र निजको परिवारलाई नेपाल अधिराज्यमा बसोबास गर्न वा उद्योग व्यवसाय सञ्चालन गर्न प्रचलित कानुन बमोजिम दस्तुर लिई निजको राहदानीको बहाल अवधिको अधिनमा रही एकपटकमा दस वर्षसम्मको अवधिको लागि गैरआवासीय भिसा जारी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको भिसाको अवधि आवश्यकता अनुसार थप गर्न सकिनेछ ।

१०. **कर नलाग्ने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि :

(क) गैरआवासीय नेपालीले नेपालमा लगानी गर्दाका बखतको सुरु पूँजी रकममा कुनै कर लाग्ने छैन ।

(ख) गैरआवासीय नेपालीले निजका नजिकको नातेदार नेपाली नागरिकलाई निजी प्रयोगका लागि एकै पटक वा पटक पटक गरी एक आर्थिक वर्षमा दस लाख रुपैयाँमा नबढ्ने गरी नेपाल राष्ट्र बैंकबाट वित्तिय कारोवार गर्न इजाजतपत्र प्राप्त हुने बाणिज्य बैंक वा वित्तिय संस्था मार्फत नेपाल अधिराज्यमा भुक्तानी हुने गरी पठाएको रकममा त्यस्तो रकम प्राप्त गर्दाको बखत कुनै कर लाग्ने छैन ।

(ग) गैरआवासीय नेपालीले नाफा आर्जन नगर्ने गरी खडा भएको कुनै सामाजिक, धार्मिक, शैक्षिक, सांस्कृतिक, परोपकारी, खेलकुद वा दैवीप्रकोपको उद्धार सम्बन्धी कार्यसंग सम्बन्धित कुनै संस्थाले प्राप्त गर्ने गरी नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैंक वा वित्तिय संस्था मार्फत पठाएको रकममा त्यस्तो रकम प्राप्त गर्दाका बखत कुनै कर लाग्ने छैन ।

११. **नेपाली नागरिक सरह व्यवसाय सञ्चालन गर्न पाउने** :

यस अध्यादेश बमोजिम परिवर्त्य विदेशी मुद्रामा लगानी गर्ने नेपाली मूलको विदेशी नागरिकले सो लगानीको अवधिभर नेपाली नागरिक सरह व्यवसाय सञ्चालन गर्न पाउनेछ ।

१२. **प्रचलित कानुन बमोजिमको सुविधा पाउने** :

प्रचलित कानुन बमोजिम कुनै विदेशी नागरिकले परिवर्त्य विदेशी मुद्रामा नेपालमा लगानी गरेवापत पाउने सुविधा यस अध्यादेश बमोजिम लगानी गर्ने नेपाली मूलका विदेशी नागरिकले पनि पाउनेछ ।

१३. **नियम बनाउने अधिकार** : यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

लालमोहर मिति : २०६२।५।१७।६
श्रोत : खण्ड ५५, अतिरिक्तांक ३४,
नेपाल राजपत्र भाग २, मिति : ०६२।५।१७

नेपाल राजपत्र
भदौ १० २०६४
गैर आवासीय नेपालीका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : गैर आवासीय नेपालीहरुमा नेपालप्रतिको सामिप्यता अभिवृद्धि गरी त्यस्ता व्यक्तिलाई नेपालको सर्वाङ्गिण विकासमा सहभागी गराउन उत्प्रेरित गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "गैर आवासीय नेपाली" भन्नाले नेपाली मूलको विदेशी नागरिक सम्झनु पर्छ र सो शब्दले विदेशमा बस्ने नेपाली नागरिक समेतलाई जनाउछ ।

(ख) "नेपाली मूलको विदेशी नागरिक" भन्नाले कुनै व्यक्ति साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्ति सम्झनु पर्छ ।

(ग) "विदेशमा बस्ने नेपाली नागरिक" भन्नाले सार्कको सदस्य मुलुकमा बसोवास गरेको, नेपाल सरकारबाट खटीई विदेशस्थित कुटनैतिक नियोग वा महावाणिज्य दुतावासमा बहाल रहेको र विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक बाहेक कुनै पेशा, व्यवसाय र रोजगारी गरी विदेशी मुलुकमा कम्तीमा दुई वर्ष बसोवास गरेको नेपाली नागरिक सम्झनु पर्छ ।

(घ) "परिचयपत्र" भन्नाले दफा ४ बमोजिम दिइएको गैर आवासीय नेपालीको परिचयपत्र सम्झनु पर्छ ।

(ङ) "लगानी" भन्नाले मुनाफा आर्जन गर्ने उद्देश्यले नेपालको कुनै उद्योग वा व्यवसायमा गरेको लगानी सम्झनु पर्छ र सो शब्दले उद्योग वा व्यवसाय र गैर आवासीय नेपालीका बीच सम्झौता गरी कुनै विदेशी उत्पत्तिको प्रविधि सम्बन्धी अधिकार, विशिष्टता, फर्मुला, प्रक्रिया, पेटेण्ट, ट्रेडमार्क वा प्राविधिक सीप वा ज्ञानको हस्तान्तरण गर्ने वा प्राविधिक सल्लाहकार वा व्यवस्थापन सेवा उपलब्ध गराउने कार्य समेतलाई जनाउछ ।

(च) "परिवार" भन्नाले पति, पत्नी, बाबु, आमा, छोराछोरी, बाजे बज्यै र सासू वा ससुरा सम्झनु पर्छ ।

(छ) "नजिकका नातेदार" भन्नाले आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ब) मा उल्लिखित नातेदार सम्झनु पर्छ ।

(ज) "परिवर्त्य विदेशी मुद्रा" भन्नाले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (ठ) बमोजिमको परिवर्त्य विदेशी मुद्रा सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **गैर आवासीय नेपालीको अभिलेख खडा गर्ने** : (१) कुनै गैर आवासीय नेपाली वा निजको परिवारले गैर आवासीय नेपालीको सो हैसियतमा आफ्नो नाम दर्ता गराउन चाहेमा तोकिए बमोजिमको दस्तुर सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक छानबिन गरी तोकिए बमोजिम गैर आवासीय नेपालीको अभिलेख खडा गर्नेछ ।

४. **परिचयपत्र दिने** :

(१) दफा ३ बमोजिम अभिलेखमा नाम समावेश भएको गैर आवासीय नेपालीले परिचयपत्र लिन चाहेमा तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक छानबिन गरी तोकिए बमोजिमको दस्तुर लिई निवेदकलाई गैर आवासीय नेपालीको परिचयपत्र दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको परिचयपत्रको अवधि नेपाली मूलको विदेशी नागरिक भए निजले प्राप्त गरेको भिसाको अधीनमा रही बढिमा दश वर्ष र विदेशमा बस्ने नेपाली नागरिक भए दुई वर्षसम्म बहाल रहने छ ।

तर दुई वर्षभन्दा बढी विदेशमा बसोवास गर्न पाउने अनुमतिपत्रप्राप्त विदेशमा बस्ने नेपाली नागरिकलाई सो अवधिभरको लागि परिचयपत्र दिन सकिनेछ ।

(४) परिचयपत्र नवीकरण गराउन चाहने गैर आवासीय नेपालीले परिचयपत्रको अवधि समाप्त हुनु अगावै तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम परिचयपत्र नवीकरणको लागि निवेदन परेमा तोकिएको अधिकारीले उपदफा (३) को अधीनमा रही तोकिए बमोजिमको दस्तुर लिई परिचयपत्र नवीकरण गरिदिनु पर्नेछ ।

५. **गैर आवासीय नेपालीको हैसियत कायमै रहने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लगानी गरेको विदेशमा बस्ने नेपाली नागरिक कुनै उद्योग वा व्यवसाय सञ्चालनको सिलसिलामा त्यस्तो उद्योग वा व्यवसायको सञ्चालक वा उच्च व्यवस्थापकीय पदाधिकारीको हैसियतले नेपालमा बसोवास गरेमा पनि निजको गैर आवासीय नेपालीको हैसियत कायमै रहनेछ ।

६. **परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न पाउने** : परिचयपत्रप्राप्त गैर आवासीय नेपालीले परिवर्त्य विदेशी मुद्रामा आर्जन गरेको रकम नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रामा खाता खोली सञ्चालन गर्न सक्नेछ ।

७. **परिवर्त्य विदेशी मुद्रामा लगानी गर्न सक्ने** :

(१) गैर आवासीय नेपालीले वा गैर आवासीय नेपालीको पचास प्रतिशतभन्दा बढी शेयर लगानी भएको कुनै विदेशी कम्पनीले प्रचलित कानून बमोजिम विदेशी लगानीको लागि खुला गरिएको उद्योग वा व्यवसाय वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गैर आवासीय नेपालीको लागि लगानी गर्न खुला गरेको अन्य कुनै उद्योग वा व्यवसायमा विदेशमा विदेशी मुद्रामा आर्जन गरेको रकम नेपालमा परिवर्त्य विदेशी मुद्रामा लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको गैर आवासीय नेपाली वा कम्पनीले नेपालमा लगानी गर्ने रकम प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तिय संस्था मार्फत प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त गरेको रकमको कानून बमोजिम स्रोत खुलाउनु पर्ने अवस्थामा सोको स्रोत खुलाउनु पर्नेछ ।

८. **जानकारी दिनु पर्ने** : कुनै गैर आवासीय नेपालीले नेपालमा लगानी गरेमा तोकिएको विवरण खुलाई तोकिएको अधिकारी समक्ष सोको जानकारी दिनु पर्नेछ ।

९. **रकम फिर्ता लैजान सक्ने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गैर आवासीय नेपालीले दफा ७ बमोजिम गरेको लगानी र त्यसबाट प्राप्त भएको लाभ बराबरको रकम निजले परिवर्त्य विदेशी मुद्रामा तोकिए बमोजिम फिर्ता लैजान सक्नेछ ।

१०. **नेपाली मूलका विदेशी नागरिकलाई सुविधा तथा सहुलियत** :

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली मूलका विदेशी नागरिकले नेपालभित्र बसोवास गर्नको लागि आफ्नो वा आफ्नो परिवारको निमित्त तोकिएको शर्तको अधीनमा रही तोकिएको क्षेत्रफलको जग्गा वा अन्य सम्पत्ति खरिद गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाली मूलको विदेशी नागरिकले खरिद गरेको सम्पत्ति प्रचलित कानूनको अधीनमा रही बिक्री गर्न सक्नेछ ।

(३) नेपाली मूलको विदेशी नागरिकको मृत्यु भई अपुताली परेमा र निजको नेपालमा सम्पत्ति भएमा त्यस्तो सम्पत्ति निजको हकवाला परिचयपत्रप्राप्त नेपाली मूलको विदेशी नागरिक भए निजले पाउनेछ र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिम हुनेछ ।

११. **भिसा सम्बन्धी सुविधा** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा बसोवास गर्ने वा लगानी गर्ने परिचयपत्रप्राप्त नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारलाई दश बर्षसम्मको गैर आवासीय भिसा दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको भिसाको अवधि आवश्यकता अनुसार थप गर्न सकिनेछ ।

१२. **कर नलाग्ने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा देहाय बमोजिम हुनेछ :-

(क) गैर आवासीय नेपालीले लगानी गर्दाको पूजी रकममा कुनै कर लाग्ने छैन,

(ख) गैर आवासीय नेपालीले निजको नजिकको नातेदार नेपाली नागरिकलाई निजी प्रयोगको लागि एक आर्थिक वर्षमा पन्ध्र लाख रुपैयामा नबढ्ने गरी नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था मार्फत पठाएको रकममा त्यस्तो रकम प्राप्त गर्दाको बखत कुनै कर लाग्ने छैन,

(ग) गैर आवासीय नेपालीले नाफा आर्जन नगर्ने गरी खडा भएको कुनै सामाजिक, धार्मिक, शैक्षिक, साास्कृतिक, परोपकारी, खेलकूद वा दैवी प्रकोपको उद्धार कार्यसाग सम्बन्धित संस्थालाई नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्रप्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था मार्फत पठाएको रकममा त्यस्तो रकम प्राप्त गर्दाको बखत कुनै कर लाग्ने छैन ।

१३. **उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउने** : यस ऐन बमोजिम लगानी गर्ने नेपाली मूलको विदेशी नागरिकले नेपाली नागरिक सरह नेपालमा उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउनेछ ।

१४. **प्रचलित कानून बमोजिमको सुविधा पाउने** : प्रचलित कानून बमोजिम कुनै विदेशी नागरिकले परिवर्त्य विदेशी मुद्रामा नेपालमा लगानी गरे बापत पाउने सुविधा यस ऐन बमोजिम लगानी गर्ने नेपाली मूलका विदेशी नागरिकले पनि पाउनेछ ।

१५. **सल्लाहकार बोर्ड गठन गर्न सक्ने** :

(१) विदेशी लगानी सम्बन्धी नीति वा कानूनलाई समयानुकूल बनाउन, गैर आवासीय नेपालीलाई नेपालमा लगानी गर्न उत्प्रेरित गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन तथा गैर आवासीय नेपालीहरुबीच सुमधुर सम्बन्ध कायम गर्नको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी गैर आवासीय नेपाली संस्थाको समेत प्रतिनिधित्व हुने गरी बढीमा सातजना रहेको एक सल्लाहकार बोर्डको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सल्लाहकार बोर्डको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१६. गैर आवासीय नेपाली संघ सम्बन्धी व्यवस्था :

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गैर आवासीय नेपालीहरुबीच पारस्परिक सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले गैर आवासीय नेपालीहरुले नेपालभित्र गैर आवासीय नेपाली संघ खोल्न पाउने छन् ।

(२) गैर आवासीय नेपाली संघको दर्ता तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. परिचयपत्र रद्द हुने :

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा बस्ने नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता लिएमा निजले यस ऐन बमोजिम प्राप्त गरेको परिचयपत्र स्वतः रद्द हुने छ ।

(२) उपदफा (१) बमोजिम परिचय पत्र रद्द भएमा विदेशमा बस्ने नेपाली नागरिकले सो हैसियतमा यस ऐन बमोजिमको कुनै सुविधा तथा सहुलियत पाउने छैन ।

१८. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

प्रमाणीकरण मिति : २०६४/५/१०

आज्ञाले,

बाबुराम रेग्मी

नेपाल सरकारको निमित्त सचिव

गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६

गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "नियोग" भन्नाले विदेशमा रहेका नेपाली राजदूतावास सम्झनु पर्छ र सो शब्दले संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोग वा विदेशमा रहेका नेपाली महावाणिज्य दूतावास समेतलाई जनाउनेछ ।

(ग) "नियोग प्रमुख" भन्नाले नियोगमा प्रमुख भई काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजको अनुपस्थितिमा निजको कार्य गर्न तोकिएको कर्मचारी समेतलाई जनाउनेछ ।

(घ) "मन्त्रालय" भन्नाले परराष्ट्र मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ ।

(च) "संघ" भन्नाले नियम १२ बमोजिम दर्ता भएको गैर आवासीय नेपाली संघ सम्झनु पर्छ ।

(छ) "विधान" भन्नाले संघको विधान सम्झनु पर्छ ।

परिच्छेद-२

दर्ता तथा परिचयपत्र सम्बन्धी व्यवस्था

३. **नाम दर्ता गराउन निवेदन दिनु पर्ने:** (१) कुनै गैर आवासीय नेपाली वा निजको परिवारले गैर आवासीय नेपालीको हैसियतमा आफ्नो नाम दर्ता गराउन चाहेमा विदेशमा भए कुनै नियोग प्रमुख समक्ष र नेपालभित्र भए सचिव समक्ष अनुसूची-१ बमोजिमको ढाचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा अनुसूची-२ बमोजिमको दस्तुर संलग्न गर्नु पर्नेछ ।

४. **नाम दर्ता गरी परिचयपत्र दिनु पर्ने:** (१) नियम ३ बमोजिम पर्न आएको निवेदन उपर नियोग प्रमुख, सचिव वा निजले तोकेको अधिकारीले छानबिन गर्दा निवेदन तथा सोसाथ संलग्न कागजातबाट निवेदकको नाम दर्ता गर्न मनासिब देखिएमा निवेदन परेको सात दिनभित्र गैर आवासीय नेपालीको रुपमा नाम दर्ता गरी अनुसूची-३ बमोजिमको ढाचामा सोको अभिलेख खडा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नाम दर्ता गरी अभिलेख खडा गरिसके पछि त्यस्तो गैर आवासीय नेपालीलाई अनुसूची-४ बमोजिमको दस्तुर लिई अनुसूची-५ बमोजिमको ढाचामा परिचयपत्र दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम छानबिन गर्दा निवेदकको नाम गैर आवासीय नेपालीको रुपमा दर्ता गर्न मिल्ने नदेखिएमा सोको कारण खुलाई निवेदकको नाम दर्ता गर्न इन्कार गर्न सकिनेछ ।

(४) उपनियम (३) बमोजिम बमोजिम नाम दर्ता गर्न इन्कार गरिएकोमा सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

५. **परिचयपत्रको अवधि र नवीकरण:** (१) नियम ४ बमोजिम दिईएको परिचयपत्र ऐनको दफा ४ को उपदफा (३) को अधीनमा रही नेपाली मूलको विदेशी नागरिक भए बढिमा दश वर्ष र विदेशमा बस्ने नेपाली नागरिक भए दुई वर्षसम्म बहाल रहनेछ ।

(२) परिचयपत्र नवीकरण गराउन चाहने गैर आवासीय नेपालीले परिचयपत्रको बहाल अवधि समाप्त हुनु अगावै अनुसूची-६ बमोजिमको ढाचामा नियोग प्रमुख वा सचिव समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा नियोग प्रमुख वा सचिवले एक पटकमा ऐनको दफा ४ को उपदफा (३) को अवधिमा नबढ्ने गरी अनुसूची-४ बमोजिमको दस्तुर लिई परिचयपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम परिचयपत्र नवीकरण गर्दा नियम ४ को उपनियम (१) बमोजिम खडा गरिएको अभिलेखमा समेत परिचयपत्रको नम्बर तथा परिचयपत्र वहाल रहने अवधि जनाई अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

६. **परिचयपत्र रद्द हुने:** (१) देहायको अवस्थामा परिचयपत्र स्वतः रद्द भएको मानिनेछ :-

(क) ऐनको दफा १७ बमोजिम स्वतः रद्द भएमा,

(ख) परिचयपत्रको बहाल अवधि समाप्त भएमा ।

(२) झुठ्ठा विवरण पेश गरी परिचयपत्र लिएको पाइएमा परिचयपत्र जारी गर्ने अधिकारीले जुनसुकै बखत परिचयपत्र रद्द गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै परिचयपत्र रद्द गर्नु अघि सम्बन्धित गैर आवासीय नेपालीलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

७. **विवरण परिवर्तन भएमा जानकारी गराउनु पर्ने:** (१) नियम ४ को उपनियम (१) बमोजिम नाम दर्ता भएको गैर आवासीय नेपालीको नाम दर्ताको लागि दिएको निवेदनमा संलग्न विवरणमा कुनै परिवर्तन भएमा त्यस्तो गैर आवासीय नेपालीले सो कुराको जानकारी तीन महिनाभित्र नियोग प्रमुख वा सचिवलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त जानकारी नियोग प्रमुख वा सचिवले नियम ४ को उपनियम (१) बमोजिम खडा गरिएको अभिलेखलाई अद्यावधिक गरी राख्नु पर्नेछ ।

परिच्छेद-३

लगानी तथा सुविधा सम्बन्धी व्यवस्था

८. **लगानीको बारेमा जानकारी गराउनु पर्ने** : (१) नेपालमा लगानी गर्ने गैर आवासीय नेपालीले आफूले गरेको लगानीको बारेमा अनुसूची-७ बमोजिमको ढाचामा मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम प्राप्त जानकारी नियम ४ को उपनियम (१) बमोजिम खडा गरिएको अभिलेखमा जनाई त्यस्तो लगानीको जानकारी उद्योग विभागलाई दिनु पर्नेछ ।

९. **पूजी भित्र्याएको प्रमाण पत्र लिन सक्ने** : ऐनको दफा ७ बमोजिम लगानी गर्नको लागि नेपालमा पूजी भित्र्याएका गैर आवासीय नेपालीले सोको प्रमाण लिन चाहेमा त्यस्तो पूजी नेपालमा स्थानान्तरण गर्ने नेपाली बैंकले अनुसूची-८ बमोजिमको ढाचामा सम्बन्धित व्यक्तिलाई प्रमाणपत्र दिनेछ ।

१०. **रकम फिर्ता लैजाने सम्बन्धी व्यवस्था** (१) नेपालमा गरेको लगानी रकम र त्यसबाट प्राप्त भएको लाभ बराबरको रकम ऐनको दफा ९ बमोजिम फिर्ता लैजान चाहने गैर आवासीय नेपालीले देहायको विवरण तथा कागजात संलग्न गरी सचिव समक्ष निवेदन दिनु पर्नेछ:-

(क) ऐन बमोजिम लगानी गर्न लिएको स्वीकृतिको प्रतिलिपि,

(ख) लगानी फिर्ता लैजाने सम्बन्धमा सम्बन्धित कम्पनी वा संस्थाको सञ्चालक समितिबाट भएको निर्णय,

(ग) कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,

(घ) रकम फिर्ता लैजान निवेदन दिएको आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षसम्मको अन्तिम लेखा परीक्षण भएको बासलात,

(ङ) कुनै व्यक्ति वा संस्थाको ऋण वा दायित्व भएमा सो चुक्ता गरेको प्रमाणको प्रतिलिपि,

(च) रकम फिर्ता लैजान प्रयोग गर्ने बैंकको नाम, शाखा र ठेगाना ।

(छ) नेपालमा कुनै प्रकारको राजस्व वा कसैलाई तिर्नु बुझाउनु पर्ने ऋण वा अन्य दायित्व तिर्न बुझाउन बाकी छैन भन्ने व्यहोराको सपथ-पत्र (एफिडेभिट) ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सचिवले गैर आवासीय नेपालीले परिवर्त्य विदेशी मुद्रामा नेपालमा गरेको लागानीको हकमा एकैपटक वा पटकपटक गरी पूर्ण वा आंशिक रुपमा र त्यस्तो लगानीबाट प्राप्त भएको लाभको हकमा लाभ बराबरको रकम एकै पटकमा ऐनको अधीनमा रही फिर्ता लैजान स्वीकृति दिनेछ ।

११. **नेपाली मूलका विदेशी नागरिकलाई प्रदान गरिने सुविधा तथा सहुलियत:** (१) उपनियम (३) र (४) को अधीनमा रही नेपाली मूलका विदेशी नागरिकले नेपालभित्र बसोबास गर्नका लागि आफ्नो वा आफ्नो परिवारको निमित्त देहायका कुनै एक क्षेत्रमा देहाय बमोजिमको क्षेत्रफलमा नबढ्ने गरी जग्गा वा अन्य अचल सम्पत्ति खरिद गर्न सक्नेछ:-

(क) काठमाडौं उपत्यकाभित्र बढीमा दुई रोपनी,

(ख) तराईका जिल्लाका नगरपालिका क्षेत्रभित्र बढीमा आठ कठ्ठा,

(ग) खण्ड (क) र (ख) बाहेकका अन्य जिल्लाका नगरपालिका क्षेत्रभित्र बढीमा चार रोपनी,

(घ) खण्ड (ख) बाहेकका तराईका जिल्लाका गाउा विकास समिति क्षेत्रभित्र बढीमा एक विगाहा, वा

(ङ) खण्ड (क), (ख), (ग) र (घ) बाहेकको अन्य क्षेत्रमा बढीमा दश रोपनी ।

(२) कुनै नेपाली मूलका विदेशी नागरिकले नेपाली नागरिकको हैसियतले नेपालमा कुनै अचल सम्पत्ति प्राप्त गरेको भए उपनियम (१) को व्यवस्था लागू हुने छैन ।

(३) ऐनको दफा १० तथा उपनियम (१) बमोजिम नेपालभित्र जग्गा वा अन्य सम्पत्ति खरिद गर्न चाहने नेपाली मूलका विदेशी नागरिकले आफूले वा आ^नो परिवारको नाममा खरिद गर्न चाहेको जग्गा रहेको स्थान, क्षेत्रफल तथा खरिद गर्न तय भएको मूल्य खुलाई स्वीकृतिको लागि सचिव समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन पर्न आएमा सचिवले जाचबुझ गरी ऐन तथा यस नियमावलीको प्रतिकूल नहुने गरी निवेदक वा निजको परिवारको नाममा नेपालभित्र जग्गा तथा अन्य अचल सम्पत्ति खरिद गर्नको लागि स्वीकृति दिनेछ ।

(५) उपनियम (४) बमोजिमको स्वीकृति प्राप्त भएपछि जग्गा रजिष्ट्रेशन पास गर्ने सम्बन्धित कार्यालयले जग्गा तथा अन्य सम्पत्ति खरिद गर्न चाहने नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारको नाममा ऐन तथा यस नियमावलीको अधीनमा रही जग्गा रजिष्ट्रेशन पारित गरिदिनु पर्नेछ ।

६) ऐन र यस नियमावली बमोजिम परिचय पत्र पाउने व्यक्तिले प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि भिसा शुल्क बुझाउनु पर्ने छैन ।

७) यस नियमावलीमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि ऐन र यस नियमावली बमोजिम अचल सम्पत्ति खरीद गरेकै कारण ऐन र यो नियमावलीले प्रदान गरे वाहेकको अन्य कुनै हक अधिकार प्राप्त हुने छैन ।

८) यस नियमाली वमोजिम अचल सम्पत्तिको जग्गाधनी प्रमाण पत्र प्रदान गर्दा सम्वन्धित मालपोत कार्यालयले नीलो रङको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

परिच्छेद-४

संघ सम्बन्धी व्यवस्था

१२. **संघ दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा १६ को उपदफा (१) को प्रयोजनको लागि गैर आवासीय नेपाली संघ दर्ता गर्न चाहनेले कम्तीमा पच्चीस मुलुकका कम्तीमा पचास जना गैर आवासीय नेपालीले देहायको विवरण खुलाई दर्ता दस्तुर वापत पाँचहजार रुपैया संलग्न गरी मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संघको उद्देश्य,
(ख) संघ दर्ता गराउन चाहने गैर आवासीय नेपालीको नाम, थर, ठेगाना,
(ग) खण्ड (ख) बमोजिमका गैर आवासीय नेपाली परिचयपत्रको प्रतिलिपि,
(घ) संघका कार्यकारिणी समितिका पदाधिकारीहरुको विवरण,
(ङ) संघको आर्थिक स्रोत,
(च) संघको कार्यालय रहने स्थान,
(छ) संघ दर्ता गराउन चाहने गैर आवासीय नेपालीहरुको दस्तखत भएको प्रस्तावित संघको तीन प्रति विधान ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन तथा विधान मन्त्रालयले जाचबुझ गर्दा संघ दर्ता गर्न मनासिव देखेमा दर्ता गरी मन्त्रालयले निर्धारण गरेको ढाचामा दर्ताको प्रमाणपत्र दिनेछ ।

(३) यस नियम बमोजिम संघ दर्ता भएमा दर्ता प्रमाणपत्र दिंदाका वखत विधानको एक प्रति प्रमाणित गरी निवेदकलाई दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको दस्तुर तिरी प्रत्येक दश वर्षमा संघको दर्ता नवीकरण गराउनु पर्नेछ ।

१३ **संघको साधारणसभा:** (१) संघको साधारणसभा कम्तिमा दुई वर्षको एक पटक बस्ने गरी विधानमा व्यवस्था गर्नु पर्नेछ ।

(२) संघको अन्य सभा तथा साधारणसभा सम्बन्धी अन्य व्यवस्था संघको विधानमा व्यवस्था भए बमोजिम हुनेछ ।

१४. **संघको लेखा र लेखापरीक्षण:** (१) संघको आय व्ययको हिसाब नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(२) संघको लेखाको लेखापरीक्षण संघको साधारण सभाले नियुक्त गरेको इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको लेखापरीक्षकले प्रत्येक वर्ष संघको लेखाको लेखापरीक्षण गरी दिएको प्रतिवेदनको एक प्रति मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१५. **संघको विघटन र त्यसको परिणाम:** (१) संघको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणबाट संघ विघटन भएमा संघको सम्पूर्ण सम्पत्ति नेपाल सरकारमा सर्नेछ ।

(२) उपनियम (१) बमोजिम विघटन भएमा संघको दायित्वको हकमा संघको सम्पत्तिले खामेसम्मको दायित्व नेपाल सरकारले व्यहोर्नेछ ।

१६. **अनुगमन गर्न सक्ने:** (१) संघको लेखा तथा काम कारबाहीको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा संघको काम कारबाहीमा कुनै सुधार गर्न आवश्यक देखिएका मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु संघको कर्तव्य हुनेछ ।

परिच्छेद-५

विविध

१७. **सल्लाहकार बोर्डको काम, कर्तव्य र अधिकारः** (१) ऐनको दफा १५ को उपदफा (१) बमोजिम गठन हुने सल्लाहकार बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गैर आवासीय नेपालीको सम्बन्धमा अवलम्बन गर्नु पर्ने नीतिका विषयमा नेपाल सरकारलाई सल्लाह र सुझाव दिने,

(ख) गैर आवासीय नेपालीले लगानी गर्ने आकर्षक लगानीका क्षेत्रहरु पहिचान गरी त्यस्ता क्षेत्रमा गैर आवासीय नेपालीलाई लगानी गर्न उत्प्रेरित गर्न सुझाव दिने,

(ग) पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन र नेपालको समग्र विकासमा गैर आवासीय नेपालीले निर्वाह गर्न सक्ने भूमिकाका क्षेत्रहरु पहिचान गरी निजहरुको लगानी तथा सहयोगलाई प्रवर्द्धन तथा प्रोत्साहन गर्ने,

(घ) गैर आवासीय नेपालीको लगानीलाई सुरक्षित, दिगो तथा दीर्घकालिन गराउनको लागि अबलम्बन गर्नु पर्ने कानूनी, नीतिगत र संस्थागत सुधारका विषयमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) ऐन तथा यस नियमावलीको कार्यान्वयनका सम्बन्धमा आइपरेका बाधा तथा कठीनाईको समाधानको लागि अवलम्बन गर्नु पर्ने उपायका बारेमा नेपाल सरकारलाई सुझाव दिने,

(च) गैर आवासीय नेपालीहरुबीच सुमधुर सम्बन्ध कायम गर्ने सम्बन्धमा गर्नु पर्ने कामहरुको सम्बन्धमा आवश्यक सिफारिस गर्ने,

(छ) विदेशमा गैर आवासीय नेपालीको सांस्कृतिक एकता कायम राख्नको लागि नेपाल सरकारले अवलम्बन गर्नु पर्ने नीतिका सम्बन्धमा सुझाव दिने ।

(२) ऐनको दफा १५ को उपदफा (१) बमोजिमको सल्लाहकार बोर्डको बैठक तथा सो सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) ऐनको दफा १५ को उपदफा (१) बमोजिमको सल्लाहकार बोर्डको प्रत्येक वर्ष आफूले सम्पादन गरेको कार्यको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नेछ र त्यस्तो प्रतिवेदन नेपाल सरकारले आवश्यकता अनुसार सार्वजनिक गर्नेछ ।

१८. **केन्द्रीय अभिलेख राख्नु पर्नेः** (१) प्रत्येक नियोगले गैर आवासीय नेपालीको नाम दर्ता, परिचयपत्र वितरण तथा सोको नवीकरण सम्बन्धी विवरण समय समयमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम प्राप्त विवरण तथा नियम ८ बमोजिमको लगानी सम्बन्धी विवरण समेत समावेश गरी गैर आवासीय नेपालीको एकीकृत तथा केन्द्रीय अभिलेख खडा गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

१९. **अनुसूची हेरफेर तथा थपघट गर्न सक्नेः** मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

अनुसूची-१
(नियम ३ को उपनियम (१) साग सम्बन्धित)

गैरआवासीय नेपालीको हैसियतमा नाम दर्ता गराउन दिने निवेदनको ढाचा

खण्ड-क
विदेशमा बस्ने नेपाली नागरिकहरुको प्रयोजनको लागि

श्री नियोग प्रमुख/सचिवज्यू
..... ।

म देहायको विवरण तथा कागजात संलग्न गरी गैर आवासीय नेपाली सम्वन्धी ऐन,२०६४ को दफा ३ को उपदफा (१) तथा गैर आवासीय नेपाली सम्बन्धी नियमावली,२०६६को नियम ३ को उपनियम (१) बमोजिम गैर आवासीय नेपालीको रुपमा नाम दर्ता गराउनको लागि यो निवेदन गरेको छु ।

१. निवेदकको,-
   - (क) नाम, थर:
   - (ख) नेपालको स्थायी ठेगाना:
   - (ग) बाबु/आमाको नाम, थर र ठेगाना:
   - (घ) उमेर:
   - (ङ) नागरिकता प्रमाणपत्र नं., जारी भएको जिल्ला र मिति:
   - (च) नेपाली राहदानी नम्बर:
   - (छ) राहदानी जारी गर्ने कार्यालयको नाम, स्थान र मिति:
२. बसोबास गरिरहेको विदेशी मुलुकको,-
   - (क) नाम र ठेगाना:
   - (ख) सो मुलुकमा बसोबास गर्न शुरु गरेको मिति: (*एकभन्दा बढी मुलुक भए क्रमश: उल्लेख गर्ने*)
३. विदेशमा कुनै पेशा व्यवसाय गरी बसोबास गरिरहेको भए,-
   - (क) पेशा व्यवसायको विवरण (*विदेशमा बस्दा गरेको पेशा व्यवसाय क्रमश: उल्लेख गर्ने*):
   - (ख) हालको पेशा व्यवसाय दर्ता भएको मुलुक र स्थान:
   - (ग) औसत वार्षिक कारोबार *(अमेरिकी डलरमा):*
४. विदेशमा कुनै रोजगार गरी बसेको भए,-
   - (क) रोजगार सम्बन्धी विवरण (*विदेशमा रहादा गरेको रोजगार क्रमश: उल्लेख गर्ने*):
   - (ख) हालको रोजगार दिने संस्था:
   - (ग) हाल रोजगार गरिरहेको ठाउाको ठेगाना:
   - (घ) हाल रोजगार गरिरहेको संस्थामा कहिलेदेखि कार्यरत भएको हो र कहिलेसम्म कार्यरत रहने हो सो अवधि:
   - (ङ) मासिक/वार्षिक पारिश्रमिक तथा अन्य सुविधा:
५. कुनै अन्तर्राष्ट्रिय संघ संस्थामा कार्यरत रहेको भए,-
   - (क) संघ, संस्थाको नाम:
   - (ख) कार्यरत रहेको मुलुक:
   - (ग) कार्यरत रहेको स्थान:
   - (घ) कार्यरत रहेको अवधि र कहिलेसम्म कार्यरत रहने हो सो अवधि:
   - (ङ) संघ संस्थाबाट प्राप्त गर्ने पारिश्रमिक:
६. विदेशमा हासिल गरेको ज्ञान, अनुभव वा शीप:
७. नेपालमा लगानी गर्न इच्छा गरेको क्षेत्र र अनुमानित लगानी:

निवेदकको,-
सही:.....
मिति:.....

संलग्न कागजात:

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. नेपाली राहदानीको प्रतिलिपि,
३. विदेशमा कुनै व्यवसाय गरी बसेको भए सो व्यवसाय दर्ता सम्बन्धी कागजात,
४. विदेशमा पेशा वा रोजगारी गरी बसेको भए सो पुष्टि गर्ने कागजात,
५. कुनै अन्तर्राष्ट्रिय संघ संस्थामा कार्यरत रहेको भए सो संस्थाको नियुक्तिपत्र तथा हाल कार्यरत रहेको भन्ने व्यहोरा खुल्ने कागजात,
६. हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो ।

खण्ड (ख)

Theme: ----------Connecting Nepali's for Prosperous Nepal
In the Chair:---------H.E. Dr. Bhekh Bahadur Thapa, Ambassador at Large
0930hrs ----------Opening Remarks from the Chair
Speakers:
0935hrs----------Dr. Harka Bahadur Gurung, Former Minister of State and Vice Chairman of National Planning Commission (NPC)
0950hrs----------Dr. Shankar Prasad Sharma, Vice Chairman, NPC
1000hrs----------Prof. Surya Subedi, Professor of International Law, UK
1010hrs----------Mr. Bhim Udas, Coordinator of NRN ICC
Panel:
1020hrs ----------Dr. Raghav P. Dhital, President of Yeti Nepali Association in UK
1030hrs----------Dr. Shyam D. Karki, Past President, ANA
1040hrs----------Mr. Deepak K. Khadka, Managing Director of Pacific-Crown Engineering Ltd, Hongkong
1050hrs----------Dr. D.K. Dangol, President of Nepalese Welfare Association, Doha
1100hrs----------Floor Discussion
1130hrs----------Chairman's concluding remarks
1200–1330hrs. ------Parallel Sessions with Lunch
A. Tourism
In the Chair: --------Mr. Narayan Singh Pun, Former Minister
Speakers/Presentation Tourism Opportunities in Nepal
1200hrs ----------Opening Remarks from the Chair
1205hrs----------Presentation by Mr. Tek Bahadur Dangi CEO NTB
1225hrs----------Mr. Lalit Bikram Shah, Regional Director, ICAO, Bangkok

1235hrs----------Mr. Sharda J. Thapa, Independent Business Consultant, USA
1245hrs----------Kiran Krishna Shrestha, MD event nepa~laya pvt.ltd.
1255hrs----------Presentation on Lumbini Development Initiatives-
Mr. Ratna Man Shakya, Director LDT
1305hrs----------Floor Discussion
1315hrs Chairman's Concluding Remarks

B. Infrastructure

In the Chair:------ Mr. Bharat Mohan Adhikary, (Former Finance Minister)
1200hrs ---------- Opening Remarks from the Chair
Speakers/ Presentation on Infrastructure Opportunities in Nepal
1205hrs---------- Mr. Narayan Silwal, Secretary, MOLTM
1215hrs---------- Mr. Naresh Koirala, USA - Canada Delegation
1225hrs---------- Dr. Suresh Raj Sharma, Vice Chancellor of Kathmandu University
1225hrs---------- Mr. Janak Basnet, MD, Marr Group, UK
1235hrs---------- Floor Discussion
1315hrs---------- Chairman's concluding remarks

1400 – 1630 hrs. Plenary Session II
Theme:---------- Nepal's Culture and Heritage
In the chair: ------ Honorable Minister of Culture, Tourism and Civil Aviation
---------- Mr. Sarvendra Nath Shukla
1400hrs ---------- Opening Remarks from the Chair
Speaker:
1405hrs---------- Mr. Prabhakar SJB Rana, Chairman Emeritus, Soaltee Group
1420hrs---------- Ms. Manisha Koirala, Renowned Actress, India
1435hrs---------- Mr. Kosh Acharya, Joint Secretary, Culture, Tourism & Civil Aviation

Panel:
1450hrs---------- Prof. Tulasi Diwasa, Professor of Folklore and Literature TU
1500hrs---------- Mr. Karna B. Sakya, Chairman of Sakya Corporate Holding
1510hrs---------- Mr. Nima Lama
1520hrs---------- Ms. Meena Giri, USA- Canada Delegation
1530hrs---------- Floor Discussion
1600-1615hrs------ Chairman's concluding remarks

1815 hrs. ---------- CULTURAL PROGRAM "The Fusion"
Venue :---------- Birendra International Convention Centre
1815hrs---------- Presentation on Pashupati Area Development initiatives-
Basanta K. Chaudhary, Member Secretary PADT
1900hrs Cultural Show

Day 3 : 13th October 2003 (26 Aswin, 2060) Monday
7:00-9:00---------- Special Pashupati Nath Darshan
---------- *(Pick up at Hotel Soaltee at 6:45 A.M. Sharp)*
Venue: Soaltee Crown Plaza, Megha Malhar Hall
0900hrs Registration/ Tea Coffee
0915 – 1200hrs Plenary Session III
Theme: Policies and Legislations
In the Chair: Honorable Dr.Prakash Chandra Lohani, Minister of Finance
0915hrs Opening remarks from the Chair
Launching of Everest ICT Journal
Speakers/ Presentation
0920hrs Presentation on Investment Opportunities and Policies Challenges
By Mr. Radhesh Pant, Managing Director, Bank of Kathmandu

0935hrs Remarks by Mr. Dinesh C. Pyakurel, Secretary, Ministry of Industry, Commerce and Supplies
0950hrs Legal Environment for Investment by Mr. Bharat Raj Upreti, Advocate
1005hrs Property Holding by Mr. Pawan Ojha, Professor of Law, TU
1020hrs Floor Discussion
1055 Remarks by Mr Shushil Pant, Attorney General
1005hrs Foreign Exchange and Repatriation by Mr. Ram P. Thapa
1115hrs Remarks by Mr. Uday Nepali Shrestha, Vice Chairman, Nepal Law Reform Commission
1125hrs Remarks by Honorable Dr. Yubaraj Khatiwada, Member, National Planning Commission
1140hrs Chairman's concluding Remarks
1200-1240 Lunch
1215 – 1405hrs Parallel Sessions with Lunch
A. Hydropower
In the Chair: Dr. Bimal Prasad Koirala, Chief Secretary, HMG/N
1245hrs ----------Opening Remarks from the Chair
1255hrs----------Mr. Lekh Man Singh, Director General, Electricity Development Department
1315hrs----------Dr. Janak Lal Karmacharya, Managing Director, Nepal Electricity Authority
1325hrs----------Mr. Guru Prasad Neupane, Managing Director, Arun Valley Hydropower Development Company
----------Mr. Dev Man Hirachan, Japan
----------Mr. Ganes Bahadur Rana, Advisor, Malaysia
1400hrs----------Floor Discussion
1410hrs Chairman's concluding Remarks
B. Information and Communication Technology (ICT)
In the Chair:-------H. E Dr. Rameshananda Vaidya,
----------Royal Nepalese Ambassador Designate
1245hrs ----------Opening Remarks from the Chair
1250hrs----------Mr. Lochan L. Amatya, President of Computer Association of Nepal
1300hrs----------Mr. Suresh Ojha, Visiting Faculty at Tribhuvan University from USA
1310hrs----------Mr. Bijay Niroula, COO, America 2000
1320hrs----------Mr. Bal Krishna Joshi, Cofounder, Thamel.com
1330hrs----------Mr. Purushottam Subedi, USA – Canada Delegation
1340hrs----------Mr Surendra Bhandari, Kumari Bank Limited
1350hrs----------Floor Discussion
1400hrs----------Chairman's concluding Remarks

1445 – 1650 hrs. Plenary Session IV
Theme:----------Linking Nepali Business to the Global Economy
In the Chair:-------Honorable Mr. Ram Saran Mahat, Former Minister of Finance
1445hrs ----------Opening Remarks from the Chair
Speakers:
1445hrs----------Dr. Mohan Man Sainju, Former Vice Chairman of National Planning
----------Commission
1405hrs----------Mr. Ram Binod Bhattarai, Former Secretary of Ministry of Finance

1520hrs----------Mr. Padma Jyoti, President,
----------SAARC Chamber of Commerce and Industry
1535hrs----------Mr. Marvin Brustin, Honorary Consul, Chicago, USA

Panel:
1550hrs----------Mr. Ganesh B. Thapa, Former Governor of Nepal Rastra Bank
1605hrs----------Mr. Himalaya SJB Rana, Former Governor of Nepal Rastra Bank
1520hrs ----------Mr. Madhukar SJB Rana, Senior Economic Advisor,
----------Ministry of Finance
1635hrs----------Mr. Krishna Sivakriskul, Chairman, Thai-Nepal Chamber of
Commerce ----------& Industry, Bangkok
1550hrs----------Mr. Anthony Wieler, Acting President Britain-Nepal
----------Chamber of Commerce, London
1705----------Mr Keshav Sthapit, Mayor Kathmandu Metropolitan City
1725hrs----------Floor Discussion
1735hrs----------Chairman's concluding Remarks

1830hrs DINNER (Venue to be Informed)
Day 4 : 14th October, 2003 (27 Aswin, 2060) Tuesday

Venue:	**Le Meridian, Gokarna Forest Golf Resort**
0900hrs.	**Tea/Coffee**
1000-1300hrs.	**CLOSING SESSION with Rt. Honourable Prime Minister**
Chief Guest:	**Rt. Honorable Mr. Surya Bahadur Thapa, Prime Minister**
In the Chair:	**Dr. Prakash Chandra Lohani**
	Convenor, First NRN Conference Organizing Committee
1000hrs	Welcome By Binod Bahadur Shrestha, President, FNCCI First NRN Conference Working Committee
1010hrs	Presentation of the summary of the conference by Mr. Yogendra Sakya, Moderator of the Conference Session Steering Committee
1040hrs	Signing of the MOU between FNCCI and NRN-ICC
1115hrs	Address by the Chief Guest
1130hrs	Chairman's Remarks
1145hrs	Vote of Thanks by Mr. Badri P. Ojha, Member Secretary First NRN Conference the Organizing Committee
1155hrs	Votes of Thanks by Mr. Suraj Vaidya, Coordinator NRN Conference Working Committee

* * * * *

"Golf Tournament"

* * * * *

Meeting of NRN-ICC members will be held from 1415 to 1615 hrs
(Venue to be informed)

* * * * *

Reception followed by dinner in honour of NRN delegates by
Mr. Keshav Kumar Sthapit,
Mayor Kathmandu Metropolitan City at 1800hrs

<u>Parallel Session C</u>

	Topic: <u>Role of NRNs in Education and Skill Development (Venue: Regency 'C')</u>
1430 –1530 hrs	**Sub Session I – Linking Nepali and Foreign Educational Institutions**
	In the Chair: Dr. Kedar Bhakta Mathema, Former Vice Chancellor, Tribhuvan University

Speakers:
Prof. Jagat B. K.C., Vice Chancellor, Purbanchal University
Prof. Dr. Mahendra Singh, Rector, Tribhuvan University
Mr. Naresh Koirala, Member, NRN ICC (Canada)
Discussion and Summing up by the Chair

1545-1700 hrs **Sub Session II – Education: A Potential Area of Cooperation**
In the Chair: Dr. Suresh Raj Sharma, Vice Chancellor, Kathmandu University
Presentations
Management – Dr. Bijay KC, South Asian Institute of Management
Med (Manipal) - Dr. Satish Kumar Dham (Dean)
Mr. Kush Kumar Joshi, Second Vice President, FNCCI
Discussion and Summing up by the Chair

17:15-19:00 hrs **Plenary Session 4**
Topic: NRN Movement and its Future
(Discussion on NRN Ordinance and presentation by NCC representative)
In the Chair: Mr. Bhim Udas, International Coordinator, NRN-ICC
***Speakers: NCC Representatives**: Austria, Australia, Belarus, Belgium, Cyprus, France, Germany, Hong Kong, Japan, Myanmar, New Zealand, Qatar, Russia, Thailand, UAE, UK)*
Representatives of other remaining countries
Panelists:
Mr. Punya Prasad Neupane, Joint Secretary, Ministry of Industry, Commerce and Supplies Mr. Narayan Prasad Bhattarai, Joint Secretary, Ministry of Finance
Mr. Dev K. Dangol, Vice President, NRN ICC (Middle East)
Mr. Chiranjibi Dhakal, Joint Coordinator, NRN ICC (United Kingdom)
Mr. Dev Man Hirachan, Treasurer, NRN ICC (Japan)
Mr. Suraj Vaidya, Coordinator of Working Group
Closing remarks by the Chair

1930 hrs **Dinner hosted by FNCCI at Radisson**

Sunday, 9th October 2005 (23 Asoj, 2062)

0900- 1100 hrs **Plenary Session 5**
Topic: Contributing to the peace building process
In the Chair: Nayan Bahadur Khatri, Chairman, National Human Rights Commission
Speakers:
Prof. Surya P Subedi (UK)
Mr.Sharda J. Thapa (USA)
Mr. Padma Ratna Tuladhar
Mr. Padma Jyoti, Nepal Business Initiative
Ms. Durga Pokhrel
Mr. Bidhyadhar Mallik, Secretary, Peace Secretariat, HMG/N

1115-1400 hrs **Annual General Meeting of Non Resident Nepali Association**

1400-1500 hrs **Lunch**

1500-1615 hrs **Valedictory Session**
Address by Chairman of High Level Committee and Finance Minister Hon'ble Mr. Madhukar S.J.B. Rana,
Report of the conference by Mr. Sanjay Shah, Moderator
Remarks by NRN-ICC
Concluding Remarks and Words of thanks by Mr. Suraj Vaidya, Coordinator of the Working Group

1615 hrs **Continuation of Annual General Meeting of Non Resident Nepali Association**
(Continuation of the discussion on Ordinance, NRNA Constitution, Election of ICC)

गैरआवासीय नेपाली विश्व सम्मेलनका घोषणापत्रहरु

पाचौं गैरआवासीय नेपाली विश्व सम्मेलनद्वारा जारी
काठमाडौं घोषणा पत्र
अक्टोवर १२-१४, २०११

सम्माननीय प्रधानमन्त्रीज्यू, उपप्रधानमन्त्रीज्यू, मन्त्रीज्यूहरु, संविधानसभाका माननीय सदस्यज्यूहरु, कुटनीतिक नियोगका प्रमुखहरु, नेपाल सरकारका उच्च पदाधिकारीहरु, नेपाल उद्योग वाणिज्य महासंघका कार्यवाहक अध्यक्षज्यू लगायतका पदाधिकारीहरु, गैरआवासीय नेपाली संघका अध्यक्षज्यू, प्रमुख संरक्षकज्यू, संरक्षकहरु तथा पदाधिकारीहरु एवं ४५ देशका ९८० भन्दा बढी गैरआवासीय नेपाली प्रतिनिधिहरुको उपस्थितिमा **"हाम्रो संजाल - हाम्रो पहिचान : समवृद्ध नेपाल"** को मुल नाराका साथ काठमाडौंमा १२-१४ अक्टोवर २०११ मा आयोजित पाचौं गैरआवासीय नेपाली विश्व सम्मेलन भव्यतापूर्वक सम्पन्न भएको छ । नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा सम्पन्न भएको यस सम्मेलनलाई सम्माननीय प्रधानमन्त्री, माननीय उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, मन्त्रीहरु, विभिन्न राजनीतिक दलका शीर्षस्थ नेताहरु, सभासदहरु, नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरु, निजी क्षेत्रका प्रतिनिधिहरु, राष्ट्रिय जीवनका विविध क्षेत्रका व्यक्तित्वहरु र गैरआवासीय नेपाली संघका प्रतिनिधिहरुले सम्वोधन गर्नु भएको थियो । पाचौं गैरआवासीय नेपाली विश्व सम्मेलनमा व्यक्त विचारलाई समेट्दै यो सम्मेलन निम्न प्रतिवद्धता सहितको काठमाडौं घोषणा जारी गर्दछ:

१. मुलुकको सार्वभौमसत्ता, स्वतन्त्रता, राष्ट्रिय एकता र अखण्डता अक्षुण्ण राख्दै, लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास सहितका उपलब्धीहरु संस्थागत गर्दै मानव अधिकार र मौलिक स्वतन्त्रताको प्रत्याभूति गर्ने र नेपाली जनताको चाहना अनुसारको परिवर्तन सम्वोधन गर्ने, संविधान बनाउन र शान्ति प्रकृयालाई सकारात्मक निष्कर्षमा पुयाउन यो विश्व सम्मेलन सम्पूर्ण राजनीतिक दलहरुमा हार्दिक आग्रह गर्दछ ।

२. नेपाल सरकारले सन् २०१२/१३ लाई लगानी वर्षका रुपमा गरेको घोषणाको गैरआवासीय नेपाली संघ स्वागत गर्दछ । गैरआवासीय नेपाली संघ, नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघ वीचको सहकार्यमा सामुहिक लगानीका माध्यमबाट देशमा सरकारले तोकेका प्राथमिकताका क्षेत्रहरुमा उल्लेख्य लगानी भित्र्याईने छ । यसको शुरुवातका रुपमा १०० मेघावाटसम्मको मध्यमस्तरीय जलविद्युत आयोजना गैरआवासीय नेपालीको लगानीमा संचालन गर्ने प्रतिवद्धता प्रकट गर्दै यसमा नेपाल सरकारको सकारात्मक सहयोगको अपेक्षा गर्दछ ।

३. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गराउन तथा मध्यपूर्व र मलेसिया लगायत मुलुकहरुमा वैदैशिक रोजगारमा गएका नेपाली कामदारहरुका व्यक्तिगत र रोजगार सुरक्षाका सन्दर्भमा देखा परेका विविध समस्या समाधानका लागि गैरआवासीय नेपाली संघले विभिन्न अवसरमा दिएको सुझावलाई समेत ध्यानमा राखि यथाशिघ्र वैदेशिक रोजगार नीतिमा परिमार्जन गर्न आवश्यक भएकोले नेपाल सरकार र गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघ वीच सहकार्य गरिने छ ।

४. नेपालको दैवी प्रकोप, विशेष गरी सम्भावित भुकम्पमा सतर्कता तयारी आवश्यक रहेको र यसमा गैरआवासीय नेपालीले विभिन्न मुलुकले अपनाउँदै आएका सतर्कता तथा तयारीको जानकारी एकिकृत रुपमा उपलब्ध गराउने संयन्त्र तयार गर्ने आवश्यक भूमिका निभाउने कुरामा यस सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ ।

५. गैरआवासीय नेपाली अभियानमा महिला, युवा र विदेशमा जन्मिएका पुस्ताको नेपालको विकासमा सहभागिता अपरिहार्य छ । नेपालको विकासमा गैरआवासीय महिला र युवा पुस्ताले खेल्न सक्ने भूमिकाको यो सम्मेलन उच्च मुल्यांकन गर्दछ र तिनलाई नेपालको आर्थिक र सामाजिक जीवनमा अझ बढी सहभागी हुन प्रोत्साहन गरिने छ ।

६. मुलुकको सर्वाङ्गिण विकासको लागि मानव संसाधानको विकास महत्वपूर्ण हुने भएकोले यो सम्मेलन ज्ञान, सीप र प्रविधिको हस्तान्तरणलाई उच्च महत्वका साथ अघि बढाउने निर्णय गरेको छ । विज्ञान तथा प्रविधि हस्तान्तरणको क्षेत्रमा गैरआवासीय नेपालीहरुबाट शुरु भैसकेका कार्यलाई निरन्तरता दिन एक स्थायी प्रकृतिको संरचना निर्माण गरिने छ ।

७. नेपालमा उच्च तहको जनशक्ति उत्पादन कार्यलाई सघाउन खुल्ला विश्वविद्यालय अति जरुरी भइसकेको छ । नेपालमा खुल्ला विश्वविद्यालय स्थापनाको लागि चाहिने प्राविधिक सहयोग गर्न अन्तर्राष्ट्रिय खुल्ला तथा दूर शिक्षा परिषद र अन्य ख्याति प्राप्त विश्वविद्यालयहरुले गरेको प्रतिवद्धताको यो सम्मेलन स्वागत गर्दछ र यस सम्बन्धमा आवश्यक कानूनी व्यवस्था मिलाउन नेपाल सरकारमा अनुरोध गर्दछ । नेपाल सरकार, विदेशमा रहेका नेपालीहरु र विकासमा साझेदारहरुको स्रोत परिचालन गरी खुल्ला विश्वविद्यालयको स्थापना गर्ने कार्य अघि बढाइने छ ।

८. "एक पटकको नेपाली सँधैको नेपाली" भन्ने भावनलाई सार्थक बनाउन विदेशी नागरिकता लिए पनि नेपाली नागरिकता त्याग्नु नपर्ने गरी आगामी संविधानमा व्यवस्था हुने कुरामा सम्मेलनका सहभागीहरु विश्वस्त छन् । गैरआवासीय नेपाली सम्बन्धी ऐनमा गैरआवासीय नेपालीको परिभाषा लगायतका सम्बन्धमा गैरआवासीय नेपालीहरुले राख्दै आएका सुझावहरु समेटी सम्बन्धित ऐन नियमहरुमा परिमार्जन गर्न नेपाल सरकार लगायत सम्बन्धित सबैसंग आग्रह गर्दछ ।

९. नेपालीपनलाई जीवन्त राख्नका लागि गैरआवासीय नेपालीहरुलाई नेपालको भाषा, साहित्यक एवं मौलिक संस्कृति र कलासंग जोडि राख्नु अपरिहार्य भएकोले नेपाली कला, साहित्य, भाषाको प्रवर्द्धनको क्षेत्रमा योगदान गर्न सबैमा यो सम्मेलन आग्रह गर्दछ ।

१०. विश्वभरी छरिएर रहेका नेपालीहरुलाई आ-आफ्नो मातृथलोको आर्थिक सामाजिक विकासमा सहभागी हुन यो सम्मेलन आव्हान गर्दछ । एक जिल्ला एक उत्पादन जस्तो स्थानीय साधन स्रोतको सदुपयोग गरी आर्थिक सामाजिक विकास गर्ने अभियानमा नेपाल सरकार एवं नेपाल उद्योग वाणिज्य महासंघसंग सहकार्य गरिने छ ।

११. पहिलो र दोस्रो विश्वयुद्धमा मारिएका हजारौं गोर्खा सैनिकहरुको सम्झना र सम्मानमा स्याङ्जाको फेदीखोला गाविस वडा नं. ८ स्थित साल्मेडाँडामा ऐतिहासिक "गोरखा स्मारक" निर्माण गर्ने योजनाको यो सम्मेलन स्वागत गर्दछ ।

१२. नेपालको पर्यटन प्रवर्धनमा गैरआवासीय नेपालीहरुको विशेष भूमिका रहनु पर्दछ भन्ने कुरा आत्मसात गर्दै पर्यटन प्रवर्धनका लागि हरसम्भव भूमिका बढाइने छ ।

१३. नेपालको निकासी व्यापारमा योगदान दिन नेपाल सरकारका सम्बन्धित निकाय र नेपालका व्यवसायिक संघ संस्थाहरुको सहकार्यमा नेपालमा उत्पादित वस्तुहरुको गैरआवासीय नेपालीहरुद्वारा सम्बन्धित मुलुकमा प्रवर्धनमा गरिने छ । यसका लागि सम्भाव्यताका आधारमा नेपाल गृहको स्थापना गर्दै लगिने छ ।

१४. गैरआवासीय नेपाली संघका प्रत्येक राष्ट्रिय समन्वय परिषदलाई नेपालमा कम्तिमा एउटा कल्याणकारी योजना संचालन गर्न यो सम्मेलन आव्हान गर्दछ ।

१५. गैरआवासीय नेपाली संघका विगतका सम्मेलन र यस सम्मेलनका घोषणामा उल्लेखित विषयहरुको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्न आवश्यक भएकाले यस सम्बन्धमा त्रीपक्षीय पहल कदमी बढाइने छ ।

१६. पाचौं गैरआवासीय नेपाली विश्व सम्मेलनलाई भव्य रुपमा सफल पार्न सहयोग गर्नु हुने सम्पूर्ण सौजन्यकर्ता तथा सहयोगी संघ/संस्था र व्यक्ति प्रति यो सम्मेलन कृतज्ञता व्यक्त गर्दछ ।

१७. छैठौं गैरआवासीय नेपाली विश्व सम्मेलन सन् २०१३ को अक्टोबरमा काठमाडौंमा आयोजना गरिने छ ।

चौथो गैरआवासीय नेपाली विश्व सम्मेलनद्वारा जारी
काठमाडौं घोषणा पत्र
अक्टोबर १३–१५, २००९

नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन असोज २७ देखि २९, २०६६ (अक्टोबर १३–१५, २००९) मा काठमाडौमा सम्पन्न भयो। सम्मेलनलाई सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, माननीय उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, विभिन्न राजनीतिक दलका शीर्ष नेताहरु, नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरु, निजी क्षेत्रका प्रतिनिधिहरु, राष्ट्रिय जीवनका विविध क्षेत्रका व्यक्तित्वहरु र गैरआवासीय नेपाली संघका प्रतिनिधिहरुले सम्वोधन गर्नु भएको थियो। सम्मेलनमा अभिव्यक्त विचार र धारणाहरुलाई समावेश गर्दै चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन २०६६ काठमाडौं घोषणापत्र जारी गरिएको छ।

१. मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, राष्ट्रिय एकता, क्षेत्रीय अखण्डताको संरक्षण, दिगो शान्ति, लोकतान्त्रिक एवम समावेशी गणतन्त्रको संस्थागत विकास, मानवअधिकार र मौलिक स्वतन्त्रताको प्रत्याभूति, देश भित्र र वाहिर रहेका सम्पूर्ण नेपालीहरुको साझा चाहना र जिम्मेवारी हो भन्ने सम्मेलन उद्घोष गर्दछ।

२. हरेक नेपालीको प्रतिष्ठा नेपालको प्रतिष्ठासंग अभिन्नरुपमा गांसिएको हुंदा नेपाललाई शान्त र समृद्ध मुलुक बनाई अन्तर्राष्ट्रिय जगतमा नेपाल र नेपालीको इज्जत उच्च बनाइराख्न देश भित्र र वाहिर रहेका सम्पूर्ण नेपालीको सहकार्य आवश्यक छ भन्नेमा यो सम्मेलन जोड दिन्छ।

३. जारी शान्ति प्रक्रियालाई तार्किक एवम् सकारात्मक निश्कर्षमा पुऱ्याउन, निर्धारित समयभित्र संविधानसभाबाट लोकतान्त्रिक संविधान तयार गरी लागू गर्न र मुलुकको सामाजिक आर्थिक रुपान्तरणका लागि सहकार्य गर्न राजनीतिक दलका शीर्ष नेताहरुबाट सम्मेलनका क्रममा व्यक्त प्रतिवद्धतालाई स्वागत गर्दै मुलुकको समसामयिक राजनीतिक परिस्थितिले शीघ्र निकास पाउनेमा यो सम्मेलन विश्वस्त छ।

४. गैरआवासीय नेपालीको पहिचान र उनीहरुको मुलुकको आर्थिक र सामाजिक रुपान्तरणमा सहभागी हुने आकांक्षालाई मूर्तरुप दिन नेपाल सरकारले ल्याएको गैरआवासीय नेपाली सम्बन्धी ऐन २०६४ तथा नियमावली २०६६ को यो सम्मेलन स्वागत गर्दै यसको कार्यान्वयनमा जोड दिन्छ। साथै, गैरआवासीय नेपालीको परिभाषा लगायत अन्य विषयमा सम्मेलनमा उठेका समसामयिक सुझावलाई सम्वोधन गर्न राष्ट्रिय सहमतिका आधारमा उपयुक्त कदम चाल्न आव्हान गर्दछ।

५. यो सम्मेलन गैरआवासीय नेपालीले उठाउँदै आएको दोहोरो नागरिकताका लागि सबै राजनीतिक दलहरुबीच आपसी समझदारीको आधारमा सकारात्मक ढंगमा सम्वोधन गर्ने सरकारको प्रतिवद्धताको पूर्ण समर्थन गर्दछ।

६. नेपाल सरकारले सन् २०१० जनवरी भित्र नेपालमा परराष्ट्र मन्त्रालय तथा विदेशमा नेपाली नियोग मार्फत गैरआवासीय नेपाली परिचयपत्र वितरण गर्ने प्रतिवद्धताको यो सम्मेलन स्वागत गर्दछ।

७. नेपाल सरकारले आर्थिक कूटनीतिलाई आफ्नो परराष्ट्र नीतिको एक अभिन्न अंगको रुपमा अघि सारेको परिप्रेक्षमा विदेशस्थित नेपाली नियोगहरुले नेपालको पर्यटन, व्यापार, लगानी तथा वैदेशिक रोजगार प्रवर्द्धन जस्ता आधारभूत क्षेत्रमा गैरआवासीय नेपालीको संलग्नता सशक्त र दिगो पार्दै लैजाने सरकारको नीतिको यो सम्मेलन पूर्ण समर्थन गर्दछ। नेपालको आर्थिक कूटनीतिलाई सफल बनाउन गैरआवासीय नेपाली संघको संजाललाई पूर्णरुपमा परिचालन गरिनेछ। मुलुकको दिगो विकासका लागि ज्ञान र सीपको पूर्वाधार विकास गर्न विज्ञान र प्रविधिको महत्वपूर्ण भूमिका हुने भएकाले राष्ट्रिय योजना तर्जुमा गर्दा यस क्षेत्रलाई उचित प्राथमिकता दिन यो सम्मेलन जोड दिन्छ।

८. गैरआवासीय नेपाली समुदायले नेपालमा निरन्तर गर्दै आएको विभिन्न विकासमूलक, सामाजिक एवं परोपकारी कार्यमा गरेको आर्थिक सहयोगको स्वागत गर्दै यो सम्मेलन यस क्षेत्रमा थप सहयोग गर्न गैरआवासीय नेपाली समुदायलाई आव्हान गर्दछ। यसै परिप्रेक्षमा गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले हालै गर्नु भएको पशुपतिक्षेत्र अन्तर्गत कृयापुत्री भवन परिसरको जिर्णोद्वार एवं पुनर्निर्माण, तराईका ४ र पहाडका २ गरी ६ जिल्लामा समता शिक्षा निकेतनका लागि भवन निर्माणका साथै सिराहामा परोपकार अस्पताल निर्माणमा आर्थिक सहयोग गर्ने घोषणाको स्वागत गर्दछ।

यसका अतिरिक्त, राष्ट्रिय समन्वय परिषदहरुका तर्फबाट विभिन्न स्थानमा संचालित परोपकारी योजनाको स्वागत गर्दै यो सम्मेलन गैरआवासीय नेपाली समुदायलाई नेपालको ग्रामीण तथा द्वन्द प्रभावित क्षेत्रमा विभिन्न विकासमूलक एवं परोपकारी कार्यहरु संचालन गर्न आव्हान गर्दछ। गैरआवासीय नेपाली संघका विभिन्न देशमा रहेका राष्ट्रिय समन्वय परिषदद्वारा नेपालमा लोककल्याणकारी सामाजिक क्षेत्रमा कम्तिमा एक/एक परियोजना सुरु गर्ने विषयमा तेस्रो विश्व सम्मेलनमा व्यक्त प्रतिवद्धतालाई स्मरण गर्दै यो कार्यलाई अघि बढाउन अभिप्रेरित गर्दछ। जलवायु परिवर्तनवाट उत्पन्न समस्यासंग जुध्न, खाद्य सुरक्षा प्रत्याभूत गर्न र वातावरणीय संरक्षण गर्न नेपाल सरकारले चालेका प्रयासमा गैरआवासीय नेपाली समुदायको सक्रिय सहयोग रहनेछ।

९. वैदेशिक रोजगारवाट प्राप्त विप्रेषणले नेपालको अर्थतन्त्रमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै त्यस क्षेत्रमा रहेका विसंगती र चुनौतीको अध्ययन गर्न नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त पहलमा यथाशीघ्र एक कार्यदल बनाई सुझाव संकलन गर्ने प्रक्रिया शुरु गर्ने प्रतिवद्धता यो सम्मेलन व्यक्त गर्दछ । चालु आर्थिक बर्षको बजेटमा उल्लेखित वैदेशिक रोजगार बचतपत्रको अवधारणालाई स्वागत गर्दै विप्रेषणवाट प्राप्त रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण तयार गरी देशभित्र रोजगारीका अवसरहरु बृद्धि गर्दै समग्र अर्थतन्त्रको विकासमा परिचालन गर्ने आवश्यकतामा यो सम्मेलन जोड दिन्छ ।

१०. गैरआवासीय नेपाली संघले दोस्रो विश्व सम्मेलनमा प्रस्तावित १० करोड अमेरिकी डलरको नेपाल लगानी कोष गैरआवासीय नेपाली संघ दर्ता भएको एक बर्षभित्र स्थापना गरी कार्यान्वयन प्रक्रियामा लैजान यो सम्मेलन पुनः प्रतिवद्धता व्यक्त गर्दछ । यसवाट गैरआवासीय नेपालीलाई व्यक्तिगत र सामूहिकरुपमा लगानी गर्ने अवसर प्राप्त हुने कुरामा यो सम्मेलन विश्वस्त छ ।

११. नेपालले सन् २०११ लाई नेपाल पर्यटन बर्षको रुपमा मनाउने घोषणा गरेको परिप्रेक्षमा यसलाई सफल बनाउन गैरआवासीय नेपाली संघबाट पूर्ण सहयोग र समर्थन व्यक्त गर्दै एउटा साथी घर पठाउ अभियानलाई विगतको सम्मेलनमा दिइएको समर्थनको निरन्तरताका लागि आव्हान गर्छ ।

१२. काठमाडौ तराई जोड्ने द्रुत मार्ग, जलस्रोत योजना लगायत पूर्वाधार विकासमा सरकार निजी साझेदारी ९एएए० को अवधारणा अनुसार निजी क्षेत्र तथा गैरआवासीय नेपाली संघ समेतको सहकार्य र सहभागितामा अगाडि बढ्न यो सम्मेलन जोड दिन्छ ।

१३. यो सम्मेलन सरकार निजी क्षेत्र साझेदारी ९एएए० को अवधारणा अनुसार संचालित एक गाउं एक उत्पादनलाई समावेशी व्यवसायको रुपमा विकास र विस्तार गर्नका लागि गैरआवासीय नेपाली समुदायको संजाल परिचालनमा जोड दिन्छ ।

१४. रोजगारी तथा सीप विकासको उद्देश्यले स्थापित इलम प्रशिक्षण केन्द्रहरुको विस्तार एवं प्रभावकारी संचालनका लागि तीनवटै पक्षको सहकार्यलाई यो सम्मेलन जोड दिन्छ । वैदेशिक रोजगारीलाई श्रमिकको दक्षता बृद्धि र सीप विकाससंग आवद्ध गर्दै लैजानु पर्छ भन्ने कुरामा यो सम्मेलन जोड दिन्छ ।

१५. राष्ट्रिय गौरवको रुपमा रहेका बुद्धको जन्मस्थल लुम्बिनी, पवित्र धार्मिकस्थल जनकपुर, संसारकै अग्लो शिखर सगरमाथा लगायत अन्य धार्मिक, प्राकृतिक तथा मौलिक सांस्कृतिक सम्पदालाई सम्बन्धित देशमा परिचित गराउन विदेशस्थित नेपाली नियोगहरु र गैरआवासीय नेपाली संघका इकाईहरुले संयुक्त रुपमा पहल गर्ने छन् ।

१६. नेपालको मौलिक पहिचानलाई बढवा दिन केही राष्ट्रिय समन्वय परिषदको प्रयासमा भइरहेको नेपाल गृह निर्माण गर्ने कार्यको सराहना गर्दै अन्य राष्ट्रिय परिषदले पनि यस कार्यको अनुकरण गर्न यो सम्मेलन अभिप्रेरित गर्दछ ।

१७. विगतका सम्मेलन र यस सम्मेलनको घोषणामा उल्लेखित विषयहरुको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्न एवं सुधारका पक्षहरु सिफारिस गर्न नेपाल सरकार, परराष्ट्र मन्त्रालयको संयोजकत्वमा नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको प्रतिनिधित्व रहेको एक अनुगमन समितिको गठन गरिनेछ

।

१८. चौथो गैरआवासीय नेपाली विश्व सम्मेलनलाई भव्यरुपमा सफल पार्न सहयोग गर्नु हुने सम्पूर्ण सौजन्यकर्ता तथा सहयोगी संघ/संस्था र व्यक्तिप्रति यो सम्मेलन कृतज्ञता व्यक्त गर्दछ ।

१९. पाचौं गैरआवासीय नेपाली विश्व सम्मेलन सन् २०११ को अक्टोवरमा काठमाडौमा आयोजना गरिने छ ।

सुजाता कोइराला	*कुशकुमार जोशी*	*देवमान हिराचन*
उपप्रधानमन्त्री तथा	*अध्यक्ष*	*अध्यक्ष*
परराष्ट्र मन्त्री	*नेपाल उद्योग वाणिज्य महासंघ*	*गैर आवासीय नेपाली संघ*

२०६६ असोज २९ गते, काठमाडौं ।

तेस्रो गैरआवासीय नेपाली विश्व सम्मेलनद्वारा जारी
काठमाडौं घोषणा पत्र
१५-१७ अक्टोबर २००७

मुलुकको दीर्घकालीन शान्ति, लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता, व्यक्तिगत सम्पत्ती लगायतका मौलिक अधिकारप्रति प्रतिबद्धता व्यक्त गर्दै आज मिति ३० असोज २०६४ (१७ अक्टोबर २००७) मा नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा सफलतापूर्वक सम्पन्न भएको तेस्रो गैरआवासीय नेपाली विश्व सम्मेलनद्वारा जारी काठमाडौं घोषणापत्र:

१. मुलुक शान्तिको बाटोमा अग्रसर भइरहेको पृष्ठभूमीमा नेपालको आर्थिक सामाजिक रुपान्तरणका लागि नेपाल सरकार, गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघबीचको सहकार्यको स्वागत गर्दै यो सम्मेलन नेपाली जनताको परिवर्तन प्रतिको चाहना, त्यसका लागि गरिएका संघर्ष र लिइएका निर्णय प्रति अनवरत ऐक्यवद्धता राखिराख्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

२. गैरआवासीय नेपालीहरुले उठाउदै आएको दोहोरो नागरिकता सम्बन्धि विषयमा केन्द्रित रहेर तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनका क्रममा सम्माननीय प्रधानमन्त्री लगायत प्रमुख राजनीतिक दलका शिर्ष नेताहरुद्वारा देखाइएको सकारात्मक धारणालाई यो सम्मेलन हार्दिकतापूर्वक स्वागत गर्दछ ।

३. गैरआवासीय नेपालीहरुको मातृभूमि प्रतिको भावानात्मक सम्वन्धको उच्च मुल्याँकन गर्दै सरकार, राजनीतिक दल, नागरीक समाज तथा अन्य सबै पक्षबाट नेपालको सर्वाङगिण विकासमा गैरआवासीय नेपालीहरुको ज्ञान, सीप र बौद्धिक पूँजीको समुचित उपयोगका लागि गरिएको आव्हानलाई यो सम्मेलन स्वागत गर्दछ । यसका लागि आवश्यक सबै प्रकारको सहयोग गर्न गैरआवासीय नेपाली संघ प्रतिवद्धता व्यक्त गर्दछ ।

४. अन्तरिम-व्यवस्थापिका संसदवाट स्वीकृत गैरआवासीय नेपाली सम्वन्ध ऐन २०६४ को स्वागत गर्दै गैरआवासीय नेपालीको परिभाषा लगायतका बिषयमा सम्मेलनमा उठेका समसामयिक सुझावहरु समेटेर अझ परिमार्जन गर्न पहल गरिनेछ ।

५. मुलुकको राजनीतिक गतिरोध अन्त्य गर्नका लागि अविलम्ब संविधानसभाको निर्वाचन हुनु पर्छ भन्ने हाम्रो मान्यता छ । गैरआवासीय नेपालीलाई संविधान सभाको निर्वाचनमा मताधिकार दिनका लागि सम्मेलनले दिएका सुझावहरुको कार्यान्वयन गर्न सकारात्मक पहल गरिनेछ ।

६. विदेशमा कार्यरत नेपालीहरुवाट प्राप्त रेमिटेन्सले अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएको यथार्थका सन्दर्भमा यसलाई अझ विस्तार गर्न विकसित मुलुकहरुमा वैदेशीक रोजगारीका संभावित थप अवसरहरुको खोजी गरिनेछ । बैदेशीक रोजगारमा रहेका नेपालीहरुको हितका लागि कल्याणकारी कोष स्थापना गर्न प्रतिवद्धता व्यक्त गरिन्छ । जीवन बीमाको प्रकृयालाई सरल बनाउँदै हाल कायम बीमांक रकममा बृद्धि गर्ने लगायतका वैदेशिक रोजगारका क्रममा नेपालीहरुले भोगिरहेका विविध समस्या निराकरणका लागि पहल गरिनेछ ।

७. बिदेश जाने र विदेशमा काम गरेर फर्किएकाहरुले आर्जन गरेको सीप र ज्ञानलाई राष्ट्रिय विकासमा बढी भन्दा बढी उपयोग गर्नका लागि आवश्यक पहलहरु गरिनेछ ।

८. आर्थिक कुटनीतिको अवधारणा बमोजिम बैदेशीक रोजगारी तथा लगानी, पर्यटन प्रबर्द्धन एवं नेपाली उत्पादनको निर्यात बृद्धिका लागि विदेशमा रहेका नेपाली कुटनीतिक नियोगहरुलाई प्रभावकारी बनाइनेछ । नेपालीहरुको संख्या बढ्दै गएका मुलुकहरुमा कुटनीतिक नियोग स्थापना गर्ने तथा दुतावास नै खोल्न नसकिएका मुलुकहरुमा महावाणिज्य दुतावास खोल्नका लागि पहल गरिनेछ । थोरै संख्यामा नेपाली नागरिकको बसोबास रहेका मुलुकहरुमा आवश्यक सेवा सुविधा प्रदान गर्न पायक पर्ने नजिकको मुलुकको नेपाली नियोगलाई जिम्मेवारी दिलाइने छ ।

९. गैरआवासीय नेपाली संघका विभिन्न देशमा रहेका राष्ट्रिय समन्वय परिषदद्वारा नेपालमा लोककल्याणकारी सामाजिक क्षेत्रमा कम्तिमा एक/एक परियोजना शुरु गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । यस क्रममा यस्ता परियोजनाहरुको कार्यान्वयन गर्न आर्थिक र सामाजिक रुपमा पिछडिएको र द्वन्द प्रभावित क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ ।

१०.देशको सर्वांगीण विकासमा स्वदेश र विदेशमा रहेका नेपाली महिला तथा युवाहरुको सहभागिता आवश्यक रहेकाले सो वर्गको संजाललाई विस्तार गर्दै लैजाने प्रतिवद्धता जाहेर गर्दछ । यससंगै विश्वका विभिन्न शहरमा नेपाली संस्कृतिक केन्द्र निर्माणका लागि गैरआवासीय नेपाली समुदायद्वारा पहल गरिनेछ ।

११. यसअघि दोस्रो विश्व सम्मेलनमा प्रस्तावित एक सय मिलियन अमेरीकी डलरको "नेपाल लगानीकोष"को अवधारणालाई गैरआवासीय नेपाली संघ दर्ता भएको एक वर्षभित्रमा कार्यान्वयनको प्रकृयामा लगिने प्रतिवद्धता व्यक्त गर्दछौं । यससंगै राष्ट्रिय पूर्वाधार विकासको क्रमलाई गति दिन व्यक्तिगत तथा सामुहिक रुपमा हुने लगानीलाई प्रोत्साहित गरिनेछ ।

१२. पर्यटन प्रवर्द्धनका लागि सरकारद्वारा घोषणा गरिएको एउटा साथी नेपाल पठाउ कार्यक्रमलाई समर्थन गर्दै सो अभियानलाई सफल बनाउन गैरआवसीय नेपाली समुदायलाई परिचालन गरिनेछ ।

१३. राष्ट्रिय गौरवका रुपमा रहेका बुद्धको जन्मस्थल लुम्बिनी, संसारकै अग्लो शिखर सगरमाथा लगायतका धार्मिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुलाई सम्बन्धित मुलुकहरुमा परिचित गराउन सिंगो गैरआवासीय नेपाली समुदाय नै परिचालन हुनेमा प्रतिवद्धता व्यक्त गरिन्छ ।

१४. नेपालको पर्यावरण संरक्षण, प्राकृतिक सम्पदा, संस्कृति जगेर्नामा सम्वद्ध निकायसंग गैरआवसीय नेपालीले सहकार्य गरी संलग्नता वढाइने छ ।

१५. गैरआवासीय नेपाली संघको सकृयतामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विद्यमान सेवा सुविधाको स्तरलाई बढाउन सहयोग गरिने छ ।

सहाना प्रधान	*चण्डीराज ढकाल*	*डा. उपेन्द्र महतो*
(परारास्ट्र मन्त्री)	*(अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ)*	*(अध्यक्ष, गैरआवासीय नेपाली संघ)*

दोस्रो गैरआवासीय नेपाली विश्व सम्मेलनद्वारा जारी
काठमाडौं घोषणा पत्र
७-९ अक्टोबर २००५

दुइ बर्ष अघि सम्पन्न पहिलो गैरआवासीय नेपाली विश्व सम्मेलनका उपलब्धीहरुबाट प्रेरणा लिई दोस्रो बिश्व सम्मेलन आज मिति २३ असोज २०६२ - ९ अक्टुवर २००५) मा सफलतापूर्वक सम्पन्न भई काठमाडौं घोषणा-पत्र जारी गरिएको छ ।

१. श्री ५ को सरकारबाट नेपालको सर्वाङगिण विकासमा गैरआवासीय नेपालीहरुको योगदानकालागी सबै प्रकारको सहयोग गर्ने प्रतिवद्धताको यो सम्मेलन स्वागत गर्दछ ।

२. गैरआवासीय नेपाली सम्बन्धी अध्यादेश-२०६२" जारी गरिएकोमा सम्मेलन त्यसको स्वागत गर्दछ । सम्मेलनका सुझाब समेतको आधारमा आवश्यक सुधार गर्ने श्री ५ को सरकार प्रतिवद्धता व्यक्त गर्दछ ।

३. गैरआवासीय नेपालीको दोस्रो बिश्व सम्मेलनले नेपालको आर्थिक बिकासमा प्रत्यक्ष सहयोग पुऱ्याउन १०० मिलियन अमेरिकी डलरको "नेपाल इन्भेष्टमेन्ट फण्ड"को अवधारणा सविकृत गरेको छ ।

४. नेपालको समष्टिगत बिकास र नेपालीको आत्मसम्मान बढाउन स्थायी शान्ति अपरिहार्य छ । तसर्थ गैरआवासीय नेपाली दोस्रो बिश्व सम्मेलन शान्ति बहालीका लागि गरिने सबै प्रयासलाई समर्थन गर्ने र शान्ति प्रकृयाको निरन्तरताका लागि ठोस भुमिका निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

५. बैदेशीक रोजगारीबाट नेपालले प्राप्त गरेको विप्रेषण (रेमिटेन्स) अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको स्विकार्दै बैदेशीक रोजगारका सम्वन्धमा यो विश्व सम्मेलनमा उठेका बिभिन्न समस्यालाई सम्बोधन गर्नका लागि छिटो भन्दा छिटो एक त्रिपक्षिय कार्यदल गठन गरी सुझाव पेश गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

६. देशको सर्वाङगिण विकासकोलागी स्वदेश र विदेशमा रहेका नेपाली महिला तथा युवा वर्गको सहभागिता अपरिहार्य रहेकाले आगामी दिनमा यो सञ्जाललाई बिस्तार गर्दै लैजाने प्रतिवद्धता जाहेर गर्दछ ।

७. विश्वभर छरिएर रहेका गैरआवासीय नेपालीहरु नेपालका अनौपचारिक राजदुतका रुपमा रहेको परिप्रेक्षमा अन्तर्राष्ट्रिय समुदायमा नेपालको छवि उच्च बनाउने दिशामा गैरआवासीय नेपालीको ठूलो भुमिका रहन्छ । तर्सथ नेपालको छविलाई उच्च पार्दै संस्कृती, पर्यटन लगायतका क्षेत्र प्रवर्धन गर्ने प्रतिवद्धता व्यक्त गरिन्छ ।

८. बैदेशीक रोजगारमा गएका नेपालीहरुको भविष्य सुनिश्चित होस् भन्ने उद्देश्य साथ उनीहरुको आम्दानीको केही अंशलाई दिर्घकालीन लगानी योजना कोषका रुपमा स्थापना गरिनेछ । यो कोषलाई १० मिलियन अमेरिकी डलरसम्म पुऱ्याउने लक्ष राखिएको छ ।

९. भौतिक पूर्वाधारको विकासमा संयुक्त पहलका लागि श्री ५ को सरकार, गैरआवासीय नेपाली अन्तर्राष्ट्रिय समन्वय परिषद र नेपाल उद्योग बाणिज्य महासंघ बीच साझेदारी उपयोग गरिनेछ ।

१०. गैरआवासीय नेपालीमा रहेको ज्ञान/सीपलाई नेपालको बिकासमा उपयोग गर्न "नलेज बैंक" को रुपमा उनीहरुको बिश्वव्यापी अभिलेख तयार गरिनेछ ।

११.श्री ५ को सरकार, नेपाल उद्योग बाणिज्य महासंघ, गैरआवासीय नेपाली अन्तर्राष्ट्रिय समन्वय परिषदले संयुक्त रुपमा सम्वद्ध संघ/संस्थासंग समन्वय गरी बैदेशीक रोजगारीमा जानेहरुको दक्षता अभिबृद्धि गर्न "दक्षता अभिबृद्धि केन्द्र"को स्थापना गर्नेछ ।

११. नेपालमा उत्पादित वस्तुहरुको विदेशमा उपयोग बढाउन गैरआवासीय नेपालीको बिशेष पहल हुनेछ ।

१२. विदेशबाट नेपालमा पैसा (रेमिटेन्स) पठाउँदा औपचारिक माध्यमबाट पठाउन प्रोत्साहित गरिनेछ ।

१३. स्थानिय समुदाय समेतको सहभागितामा ७५ वटै जिल्लामा शिक्षा र स्वास्थ्य जस्ता आधारभुत क्षेत्रमा कम्तिमा एक/एक परियोजना संचालन गर्ने प्रतिवद्धता व्यक्त गरिन्छ ।

१४. नेपालमा राष्ट्रिय स्तरको सार्वजनिक पुस्तकालयको आवश्यकता रहेको कुरालाई हृदयंगम गर्दै सार्वजनिक पुस्तकालय स्थापना गर्ने प्रतिवद्धता व्यक्त गरिन्छ ।

१५. श्री ५ को सरकार तथा नेपाल उद्योग बाणिज्य महासंघका प्रतिनिधि मण्डल बिदेश भ्रमणमा जाँदा गैरआवासीय नेपाली अन्तर्राष्ट्रिय समन्वय परिषदसंग समन्वय गरी सम्वन्धित मुलुकमा बसोबासरत नेपालीलाई पनि प्रतिनिधिमण्डलमा समावेश गर्ने नीति लिइनेछ ।

(मधुकर सम्शेर जबरा)
अर्थमन्त्री

(चण्डिराज ढकाल)
अध्यक्ष, ने. उ. बा. महासंघ

(डा. उपेन्द्र महतो)
अध्यक्ष,
गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय परिषद

First NRN Conference » Objective

11-14 October 2003

The main objective of the special program (conference) was to increase the sentimental and material attachment of the Nepali towards Nepal and Nepali people and make them active partner in the economic and social transformation of Nepal. The program was also meant to promote Nepali culture and arts the world over. Within this broad objective the program was intended to attain the following specific objectives.

- Promote networking of Nepali communities in various parts of the world with Nepal and among themselves.
- Motivate the NRN / PNO to be the active participants in the economic transformation of Nepal through investment and promotion of Nepali business especially in Tourism, Hydropower, Information Technology and Infrastructure Development.
- Prepare implementable suggestions on the basis of deliberations on problems and issues faced by NRN/PNO while coming and going to Nepal and investing in Nepal.
- Acquaint the NRN/PNO's about the existing laws, rules and policies of Nepal on economic industrial, trade, investment fields.
- Facilitate expansion of Nepali culture and arts through NRN / PNO's and promote Nepal as a tourism destination through the NRN network.
- Initiate expansion of Nepalese exports through the use of NRN / PNO communication channel.

क्षेत्रिय सम्मेलनहरूद्वारा जारी घोषणा-पत्रहरू

सातौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनद्वारा जारी

सिड्नी घोषणापत्र २०१२

सातौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन २०६९ भाद्र १४ देखी १६ (३० अगष्ट - १ सेप्टेम्बर २०१२) सम्म अष्ट्रेलियाको सिड्नी शहरमा भव्य रुपमा सम्पन्न भयो । **समृद्ध नेपालका लागि लगानी र सृजनशीलता** भन्ने मुल नारा रहेको यस सम्मेलनमा सहभागी अष्ट्रेलियन सरकारका अध्यागमन तथा नागरिकता मन्त्री क्रिस बावेन लगायतका उच्चपदस्थ अधिकारीहरु, नेपालका माननीय शिक्षा मन्त्री दिनानाथ शर्मा तथा उद्योग मन्त्री अनिल कुमार झा, भूतपूर्व गृहमन्त्री भिम रावल, नेपाल राष्ट्र बैंकका गर्भनर डा. युवराज खतिवडा, राष्ट्रपतिका सल्लाहकार, प्रधानमन्त्रीका सल्लाहकार, अष्ट्रेलियाका लागि नेपाली राजदुत रुद्र कुमार नेपाल, नेपालका उच्च सरकारी अधिकारीहरु, नेपाल उद्योग बाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष भाष्करराज राजकर्णिकार लगायतका पदाधिकारीहरु, नेपाली व्यवसायीहरु, सञ्चारकर्मीहरु तथा गैरआवासीय नेपाली संघका १८ देशका झण्डै ५ सय प्रतिनिधिहरुका बिचारहरुलाई सम्मान गर्दै यो सम्मेलन निम्न प्रतिवद्धता सहितको सिड्नी घोषणापत्र-२०१२ जारी गर्दछ ।

१. नयाँ संविधान जारी नगरी संविधानसभा भंग भएको यस जटिल अवस्थालाई हृदयगंम गर्दै निरन्तर संवाद, सहमति र सहकार्यको बाटोबाट नेपाल राष्ट्रको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डता, लोकतन्त्र एवं गणतन्त्रको संस्थागत विकास, मानव अधिकार र मौलिक अधिकारको प्रत्याभुति गर्ने संविधान जारी गर्न र शान्ति प्रक्रियालाई सकारात्मक निष्कर्षमा पुर्याउन यो सम्मेलन सम्पूर्ण राजनीतिक दलहरुलाई आग्रह गर्दछ ।

२. नेपाल सरकारले सन् २०१२ र १३ लाई लगानी वर्षका रुपमा गरेको घोषणाको स्वागत र सम्मान गर्दै गैरआवासीय नेपालीहरुद्वारा सय मेघावाटसम्मको जलविद्युत आयोजना निर्माण गर्न रकम संकलन गर्ने काम भइरहेको छ । यस अभियानमा सामेल हुन विश्वभरका सम्पुर्ण नेपालीहरुलाई यो सम्मेलन हार्दिब आहृवान गर्दछ । साथै सरकारले तोकेका अन्य प्राथमिकताका क्षेत्रहरुमा समेत सामुहिक लगानीका माध्यमबाट गैरआवासीय नेपालीको लगानी भित्र्याउने प्रतिबद्धता व्यक्त गर्दछ ।

३. गैरआवासीय नेपाली संघको योगदानको कदर गर्दै खुला विश्वविद्यालय निर्माण पुर्वाधार विकास समितिमा संघको प्रतिनिधिलाई समावेश गरेकोमा यो सम्मेलन नेपाल सरकारलाई धन्यवाद ज्ञापन गर्दछ । संघ र समिति वीच यसै सम्मेलनमा हस्ताक्षर गरिएको सझौंतापत्रले दुवै पक्षको सहकार्यलाई अझ अगाडि बढाउने र खुला विश्वविद्यालय निर्माणमा गैरआवासीय नेपालीहरुको समान अवसर र निर्णायक भूमिका रहने विश्वास यस सम्मेलन गर्दछ ।

त्यस्तै नेपालमा खुला विश्वविद्यालय निर्माणमा प्राज्ञिक, प्राविधिक र भौतिक पुर्वाधार निर्माणमा सहयोग गर्न गैरआवासीय नेपाली संघको मध्यस्थतामा खुला विश्वविद्यालय पुर्वाधार निर्माण विकास समिति र आथाबास्का विश्वविद्यालय क्यानाडा (ब्तजबदबकअब ग्लष्खभचकष्तथ ऋबलबमब० वीच यस सम्मेलनमा हस्ताक्षर भएको समझदारीपत्र र सम्मेलनमा उपस्थित भएर नेपालमा खुला विश्वविद्यालय स्थापन गर्न सहयोगको प्रतिबद्धता गर्नु हुने अष्ट्रेलिया, क्यानाडा तथा बेलायतका खुला विश्वविद्यालयका प्रतिनिधिहरु प्रति यो सम्मेलन हार्दिक आभार व्यक्त गर्दछ । नेपाल सरकारले खुलाविश्वविद्यालयको स्थापनालाई छिटो अगाडि बढाउन भौतिक संरचना प्रदान गर्न गरेको प्रतिवद्धताको यो सम्मेलनले स्वागत गरेको छ ।

४. नेपालको विज्ञान र प्रविधि क्षेत्रको विकासमा सहयोग पुऱ्याउन एक एनआरएन विज्ञान तथा प्रविधी स्थायी समितिको स्थापना गर्न र त्यस समिति अन्तर्गत एक साइन्स फाउण्डेशनको स्थापना गर्न यो सम्मेलन निर्णय गर्दछ । यस फाउण्डेसनका लागि आर्थिक सहयोग गर्नेहरु प्रति हार्दिक आभार व्यक्त गर्दै नेपालको विज्ञान तथा प्रविधि क्षेत्रसंग सम्बन्धित विभिन्न निकायहरुसंगको सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछ ।

५. गैरआवासीय नेपाली संघका विभिन्न देशमा रहेका राष्ट्रिय समन्वय परिषदद्वारा नेपालमा लोककल्याणकारी र सामाजिक क्षेत्रमा यस वर्ष दुई करोड भन्दा बढीको योगदान गर्ने राष्ट्रिय समन्वय परिषदहरु तथा सहयोगदाताहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछ । साथै आफ्नो कार्यकालमा कम्तिमा एक सामजिक तथा लोककल्याणकारी परियोजना सम्पन्न गर्न सबै राष्ट्रिय समन्वय परिषदहरुलाई अपील गर्दछ । यहि आउदो अक्टोवर महिनामा गैरआवासीय नेपाली दिवस मनाउने क्रममा नेपालका पाचै विकास क्षेत्रमा सामाजिक र कल्याणकारी कार्यक्रमहरु घोषणा गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

६. नेपाल लगानी बोर्ड, गैरआवासीय नेपाली सल्लाहकार बोर्ड, प्रधानमन्त्रीको आर्थिक सल्लाहकार परिषद् लगायतमा यस संघका अध्यक्षलाई सदस्यको रुपमा मनोनित गर्ने नेपाल सरकारको निर्णयलाई यो सम्मेलन हार्दिक स्वागत गर्दछ ।

यस्तो भुमिकाले संसारभरि छरिएका गैरआवासीय नेपालीहरुलाई समृद्ध नेपाल बनाउने अभियानमा सामेल हुन थप हौसला मिलेको ठहर गर्दै देशले दिएको यो सम्मानलाई सार्थकतामा परिणत गर्ने प्रतिवद्ध व्यक्त गर्दछ ।

७. देश बाहिर बस्ने नेपालीहरुका लागि नेपालको निर्वाचनमा विदेशी भुमीबाटै मतदानको व्यवस्था गर्ने संभावनाको अध्ययन गर्न निर्वाचन आयोगले थालेको पहलको स्वागत गर्दै यो सम्मेलन उक्त कदमलाई पूर्ण रुपले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछ र उक्त संभावनाको अध्ययन गर्न बनेको समितिमा संघको अध्यक्षलाई सदस्यमा मनोनित गर्ने आयोगको निर्णायको लागि धन्यवाद व्यक्त गर्दछ ।

८. नेपाल सरकारले आर्थिक कुटनीतिलाई आफ्नो परराष्ट्र नीतिको एक अभिन्न अंगको रुपमा अघि सारेको परिप्रेक्षमा विदेश स्थित नेपाली नियोगहरुले नेपालको पर्यटन, व्यापार, लगानी तथा वैदेशिक रोजगार प्रवर्द्धन जस्ता क्षेत्रमा गैरआवासीय नेपालीको संलग्नता सशक्त र दिगो पार्दै लैजान निर्वाह गरिरहेको भुमिकाको यो सम्मेलन हार्दिक प्रशंसा गर्दछ । नेपालको आर्थिक कुटनीतिलाई सफल बनाउन गैरआवासीय नेपाली संघको संजाललाई पूर्णरुपमा परिचालन गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

९. नेपालको पर्यटन प्रवर्धनमा गैरआवासीय नेपालीहरुको विशेष भुमीका रहने कुरालाई आत्मसात गर्दै गैरआवासीय नेपाली संघका शाखा रहेका सबै देशमा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम गर्न र नेपालको पर्यटन बिकासमा सहयोग गर्न सबैमा यो सम्मेलन आहृवान गर्दछ । यसै क्रममा यस सम्मेलन पछि सिड्नीमा सम्पन्न हुन गइरहेको नेपाल महोत्सवको सफलताका लागि शुभकामना व्यक्त गर्दै यो सम्मेलन अन्य देशहरुमा पनि यस्तै खालका कार्यक्रमको आयोजना गर्न संघका राष्ट्रिय समन्वय परिषद्हरुलाई आग्रह गर्दछ ।

१०. वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिट्यान्सले नेपाली अर्थतन्त्रको गतिशिलतालाई कायम राख्नुका साथै मुलुकको गरिवी निवारणमा समेत उल्लेख्य योगदान दिइरहेता पनि अल्पकालीन रोजगारीकालागि विदेश जाने र पठाउने प्रकृया अव्यवस्थित रहेको तथा महिला दिदीबहिनीहरु विदेशमा विभिन्न खाले शोषणको शिकार हुनुपरिरहेका घटनाहरुप्रति यो सम्मेलन गम्भीर चासो र चिन्ता व्यक्त गर्दछ । गैरआवासीय नेपाली संघले विदेशमा अलपत्र परेका, ठगिएका नेपालीहरुको उद्धारमा सक्दो भुमिका निर्वाह गर्दै आईरहेको र विशेषतः आफु जाने देशका बारेमा आवश्यक सूचनाको अभावमा नै धेरै नेपालीले विदेशमा दुःख पाएको देखिएकाले त्यस्तो समस्याको न्युनिकरणका लागि संघले तयार गरेको वैदेशिक रोजगारी गाइडबुक नेपालका सबै गाविसहरुमा निःशुल्क वितरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

११. वैदेशिक रोजगारका क्षेत्रमा नीतिगत सुधारका लागि नेपालीहरु ठूलो संख्यामा रोजगारीमा जाने सबै देशसंग दुईपक्षीय श्रम सम्झौताको लागि सरकारसंग पहल गर्नुकासाथै राज्यको कुनै योगदान बिना नै विदेशको अल्पकालीन रोजगारीबाट सीप आर्जन गरेर फर्किएको दक्ष जनशक्तिको उचित उपयोग गर्ने वातावरण बनाउन यो सम्मेलन नेपाल सरकारसंग आग्रह गर्दछ र नेपालीहरुको संख्या धेरै भएका देशमा आवासीय कुटनीतिक नियोगको स्थापना गर्ने सरकारको प्रतिवद्धता स्मरण गराउदै गैरआवासीय नेपाली सम्बन्धी विषयहरु हेर्न सबै दुतावासमा "एनआरएन डेक्स" बनाउने परराष्ट्र मन्त्रालयको कदमलाई हादिर्क स्वागत गर्दछ ।

१२. विश्वभरिका नेपाली समुदायको आग्रह बमोजिम अन्य मुलुकको नागरिकता लिंदा नेपालको नागरिकता खारेज हुने अहिलेसम्मको कानुनी प्रावधान अन्त्य गरी संबैधानिक रुपमानै एक पटकको नेपाली सधैको नेपाली रहने व्यवस्था गर्न यो सम्मेलन सम्पुर्ण राजनीतिक दलहरुलाई पुनः आग्रह गर्दछ ।

१३. गैरआवासीय नेपाली अभियानलाई दिगो बनाई राख्न दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरुलाई समेटिने गरी गैरआवासीय नेपाली संघको युवा संयोजक मार्फत कार्यक्रमहरु अघि बढाउन सबै राष्ट्रिय समन्वय परिषदहरुलाई अनुरोध गर्दछ ।

१४. अष्ट्रेलियन सरकारका अध्यागमन तथा नागरिकता मन्त्री क्रिस बावेनले यस सम्मेलनमा उपस्थित भई अष्ट्रेलियामा रहेका नेपाली समुदाय प्रति देखाउनु भएको सद्भावको प्रसंसा गर्दछ।

१५. यस सम्मेलनलाई भव्यतापुर्वक सम्पन्न गर्न मुख्य भुमिका निर्वाह गर्ने गैरआवासीय नेपाली राष्ट्रिय समन्वय परिषद अष्ट्रेलिया तथा स्थानीय नेपाली समुदायप्रति यो सम्मेलन हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछ ।

धन्यवाद ।

१ सेप्टेम्वर २०१२

छैठौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनद्वारा जारी

मस्को घोषणा पत्र २०११

नेपालका माननीय उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, राष्ट्र बैकका गर्भनर, परराष्ट मन्त्रालयका पदाधिकारीहरु युरोप क्षेत्रका कुटनीतिक नियोगका प्रमुखहरु, संविधानसभाका माननीय सदस्य, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष लगायतका पदाधिकारीहरु तथा गैरआवासीय नेपाली संघका २५ देशका प्रतिनिधिहरुको उपस्थितिमा *गैरआवासीय नेपाली सञ्जालको सम्वर्द्धन नेपालको प्रवर्द्धन* को मुल आह्वानकासाथ नेपाल रुस दौत्य संबन्धको ५५ औं वर्ष मनाईरहेको रुस महासंघको राजधानी मस्कोमा २३ देखि २४ जुलाई २०११ सम्म भव्यतापुर्वक सम्पन्न छैटौं गैर आवासीय नेपाली क्षेत्रीय सम्मेलनमा व्यक्त विचारलाई सवोधन गर्दै यो सम्मेलन निम्न प्रतिवद्धता सहितको मस्को घोषणा जारी गर्दछ ।

१. नेपाल राष्ट्रको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डता, लोकतन्त्र एवं गणतन्त्रको संस्थागत विकास, मानव अधिकार र मौलिक अधिकारको प्रत्याभूति गर्ने संविधान वनाउन र शान्ति प्रक्रिया सकारात्मक निष्कर्षमा पुऱ्याउन यो संम्मेलन सम्पूर्ण राजनीतिक दलहरुवीच निरन्तर संवाद, सहमती र सहकार्य जारी राख्दै छिटो निष्कर्ष निकाल्न हार्दिक आग्रह गर्दछ ।

२. वैदेशिक रोजगारको सिलसिलामा दुर्घटनामा परी अपांग भएका व्यक्तिका परिवारको कुनै एक सदस्यको सिप वृद्धि गर्न सहयोग गर्ने उदेश्यले फूलकुमारी महतो मेमोरियल ट्रष्टका अध्यक्ष एवं गैरआवासीय नेपाली संघका प्रमुख संरक्षक डा उपेन्द्र महतोद्धारा ५ करोड रुपैयाको अक्षय कोष खडा गर्ने घोषणाको उच्च प्रशंसा गर्दै उक्त कोष वृद्धिमा योगदान गर्न यो सम्मेलन सम्पूर्ण गैर आवासीय नेपाली समुदायलाई हार्दिक आह्वान गर्दछ ।

३. विश्वभरिका नेपाली समुदायको आग्रह बमोजिम संविधानमा अन्य मुलुकको नागरिकता लिदा नेपालको नागरिकता खारेज हुने अहिलेसम्मको कानुनी प्रावधान अन्त्य गरी नयाा संविधानमा एक पटकको नेपाली सधैंको नेपाली रहने व्यवस्था गर्न यो सम्मेलन संविधानसभा र सम्पूर्ण राजनीतिक दलहरुलाई पुनः आग्रह गर्दछ ।

४. नेपाल सरकारद्धारा गैर आवासीय नेपाली समुदायलाई जलविद्युत आयोजनामा लगानी गर्न गरिएको आह्वानलाई हार्दिक स्वागत गर्दै संयुक्त लगानी मोडेलमा जलविद्युत आयोजनाको निर्माणका लागि सहजकर्ताको भुमिका निर्वाह गरेर गैर आवासीय नेपाली समुदायलाई परिचालन गर्न यो सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ ।

५. मध्यपूर्व, मलेशिया लगायत अन्य मुलुकहरुमा बैदेशिक रोजगारमा गएका नेपाली कामदारहरुका व्यक्तिगत र रोजगार सुरक्षाका सन्दर्भमा देखपरेका विविध समस्या समाधानका लागि नेपाल सरकार, उद्योग बाणिज्य महासंघ तथा अन्य सरोकारवाला संघसंस्थाहरुसंग निरन्तर सहकार्य गर्ने यो सम्मेलन प्रतिवद्धता व्यक्त गर्दछ ।

६. पर्यटन वर्ष २०११ लाई सफल बनाउने सन्दर्भमा नेपाल भवनको निर्माण गरी नेपालको सांस्कृतिक प्रचारप्रशार गर्नृ कार्यमा रुसको गैर आवासीय नेपाली समुदायले पुऱ्याएको योगदानको यो सम्मेलन उच्च प्रशंसा गर्दै संसारभरि छरिएर रहेका नेपाली समुदायलाई यस्तै किसिमका नेपाल चिनाउने संरचनाको निमार्ण गर्न आह्वान गर्दछ ।

यसैगरी वेल्जियम, वेलायत, अष्ट्रेलिया, जर्मनी र जापान लगायतका देशमा हरेक वर्ष आयोजना गरिने नेपाल फेस्टिवल जस्ता नेपालको उत्पादनहरु तथा पर्यटन प्रवद्धनमा सहयोग पुऱ्याउने महोत्वहरुको आयोजना गर्न यो सम्मेलन आह्वान गर्दछ ।

७. गैरआवासीय नेपाली संघको संयन्त्रभित्र महिला, युवा र विदेशमै जन्मिएको पुस्ताको सहभागितालाई अझ बढि प्रोत्साहन गर्न यो सम्मेलन आग्रह गर्दछ ।

८. गैर आवासीय नेपाली संघको दल निरपेक्ष, मृनाफारहित, नेपालको शान्ति र संम्वृद्धिप्रति समर्पित, स्वयसेवी संस्थाको छवीलाई निरन्तरता दिने किसिमका क्रियाकलपामा केन्द्रित हुन संघका सम्पूर्ण राष्ट्रिय समन्वय परिषदहरुलाई यो सम्मेलन आग्रह गर्दछ ।

९. यस सम्मेलनलाई भव्यता पुर्वक सम्पन्न गर्न मुख्य भुमिका निर्वाह गर्ने गैर आवासीय नेपाली राष्ट्रिय समन्वय परिषद रुस तथा स्थानीय नेपाली समुदायप्रति यो सम्मेलन हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

पाचौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनद्वारा जारी

दुवई घोषणा पत्र २०११

माननीय उपप्रधान तथा परराष्ट्रमन्त्री, माननीय श्रम तथा यातायात व्यवस्था मन्त्री, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार, राष्ट्र बैंकका गभर्नर, संविधानसभाका सदस्य, मध्यपुर्व क्षेत्रका नेपाली कुटनीतिक नियोग प्रमुखहरु, नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरु तथा गैरआवासिय नेपाली संघका २१ देशका प्रतिनिधिहरुको उपस्थितिमा सामुहिक लगानी एवं सुरक्षित आप्रवासनको मुल नाराका साथ संयुक्त अरब इमिरेटसको दुवईमा जनवरी १४-१५, २०११ मा सफलतापूर्वक सम्पन्न पाँचौ गैरआवासिय नेपाली क्षेत्रिय सम्मेलनमा अभिव्यक्त बिचारलाई सम्बोधन गर्दै यो सम्मेलन निम्न प्रतिवद्धता सहितको दुवई घोपणापत्र जारी गर्दछ ।

१. नेपाल राष्ट्रको सार्वभौम सत्ता, राष्ट्रिय एकता र अखण्डता, दिगो शान्ती, लोकतान्त्रिक एवं समावेशी गणतन्त्रको संस्थागत बिकास, मानव अधिकार र मौलिक स्वतन्त्राताको प्रत्याभूति हुनुपर्ने देश भित्र र बाहिर रहेका सम्पूर्ण नेपालीहरुको भावना बमोजिम जारी शान्ति प्रक्रियालाई तार्किक एवं सकारात्मक निष्कर्षमा पुऱ्याउन र निर्धारित समयभित्र संविधान बनाउन यो सम्मेलन सम्पूर्ण राजनीतिक दलहरुबीच निरन्तर सम्वाद, सहमति र सहकार्य जारी राख्न हार्दिक आग्रह गर्दछ ।

२. वैदेशिक रोजगारीमा जाने नेपालीहरुको सूचनाको आवश्यकतालाई पहिचान गरि नेपाल सरकार र निजी क्षेत्रसंगको सहकार्यमा नेपालका सबै गाउँ बिकास समिति र नगरपालिकाहरुमा वैदेशिक रोजगार सम्बन्धी सूचना पुस्तिका वितरण गर्ने गैरआवासिय नेपाली संघ प्रतिवद्धता व्यक्त गर्दछ । त्यसका लागि आवश्यक सूचना संकलन गर्न राष्ट्रिय समन्वय परिषदलाई परिचालित गरिने छ र यसमा लाग्ने सम्पूर्ण खर्च गैरआवासिय नेपाली संघले जुटाउने छ । साथै गाउँ बिकास समिति र नगरपालिकाहरुमा क्रमशः वैदेशिक रोजगार सेवा केन्द्रको स्थापना गर्न सरकारसंग आग्रह गर्दछ । गैरआवासीय नेपाली संघको काठमाडौंस्थित केन्द्रिय सचिवालयले समेत वैदेशिक रोजगारका सरोकारवाला संघसंस्थासंग सहकार्य गरि सूचना सम्प्रेषण तथा उद्धार कार्यमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

३. वैदेशिक रोजगारले मुलुकको गरिबी निवारण र मानव संसाधनको बिकासमा पुऱ्याएको योगदानको उच्च मुल्यांकन गर्दै यसलाई सुरक्षित, मर्यादित र व्यवस्थित गराउन गैरआवासिय नेपाली संघले बिभिन्न अवसरमा दिएको सुझावलाई समेत समावेश गरि यथाशिघ्र वैदेशिक रोजगार नीति ल्याउन नेपाल सरकारसंग यो सम्मेलन आग्रह गर्दछ ।

४.मध्यपूर्व क्षेत्रमा रहेका कामदारहरु विशेष गरि महिलाहरुको व्यक्तिगत र रोजगार सुरक्षाको बिषय जटिल वनिरहेको निष्कर्ष निकाल्दै कामदारको आवश्यक सिप प्रवर्द्धन गर्ने लगायत सुरक्षित आप्रवासनका लागि गरिने सम्झौता सहित तत्कालका समस्या समाधान गर्न कुटनीतिक नियोगसंग सहकार्य गर्ने गैरआवासीय नेपाली संघ प्रतिवद्धता व्यक्त गर्दछ । उल्लेख्य संख्यामा नेपालीहरु रोजगारमा रहेका तर नेपाली नियोग नभएका विशेषगरि मध्यपूर्वी राष्ट्रहरुमा दुतावासको स्थापना गर्नुका साथै त्यस क्षेत्रमा महिला कामदारको संख्या निरन्तर वृद्धि भइरहेकोले सबै कुटनीतिक नियोगमा अनिवार्य महिला कर्मचारीको व्यवस्था गर्न यो सम्मेलन नेपाल सरकारलाई आग्रह गर्दछ ।

५. वैदेशिक रोजगार बजार अनुसन्धान, पहिचान, विविधिकरण र प्रवर्द्धनमा नेपाल सरकार, निजी क्षेत्र तथा गैरआवासिय नेपाली संघबीच सहकार्य र समन्वय हुनुपर्ने आवश्यकता बोध गर्दै त्यस्तो किसिमको संयन्त्र निर्माण गर्न गैरआवासिय नेपाली संघले पहल गर्नेछ र नेपाल सरकारबाट आवश्यक सहयोग रहनेमा विश्वास व्यक्त गर्दछ ।

६. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र सम्मानित गराउन विदेशमा रहेका नेपाली संघसंस्थाहरुको सक्रिय सहयोग अपेक्षित रहेको सन्दर्भमा संस्थागत संरक्षण लिएर हुने गरेका गैर कानुनी कामलाई पुर्णत निषेध गर्नुपर्ने आवश्यकतालाई मनन गर्दै गैरआवासिय नेपाली संघको सम्मानित पहिचानलाई यसका सदस्यहरुबाट दुरुपयोग हुन नदिन यो संघ आफ्ना सम्पूर्ण इकाइहरुलाई निर्देशन जारी गर्दछ । साथै अधिकांश गैरआवासिय नेपालीहरु विदेशमा नेपालका अवैतनिक दूतको रुपमा रहेको भावनालाई हृदयंगम गरि स्थानिय गैरआवासिय नेपाली समुदायसंग सौहार्दपूर्ण सहकार्य गर्न नेपाली कुटनीतिक नियोगहरुलाई हार्दिक अनुरोध गर्दछ ।

७. वैदेशिक रोजगारमा जान र स्वदेश फर्केपछि आवश्यक पर्ने सम्पूर्ण बैंकिग आवश्यकता पुरा गर्न बैंकहरुले देखाएको सहयोगको तत्परतालाई स्वागत गर्दै सस्तो र झन्झटमुक्त वैदेशिक रोजगार बैंकिग सेवा उपलब्ध गराउन नेपालको वित्तीय क्षेत्रसंग यो सम्मेलन आग्रह गर्दछ ।

८.गैरआवासीय नेपाली सामुहिक लगानी कोष स्थापनाका लागि बिगतमा भएका प्रतिवद्धतालाई मूर्तरुप दिन नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, बैंकिग क्षेत्र र गैरआवासिय नेपाली संघका प्रतिनिधि सहितको सात सदस्यीय कार्यदल यथासिघ्र गठन गर्ने प्रस्ताव अनुसार यसको संयोजनका लागि नेपाल राष्ट्र बैंकलाई अनुरोध गरिनेछ ।

९. सामुहिक लगानीका बिभिन्न आयामहरुको अध्ययन, अनुसन्धानलाई जारि राख्दै हाल गैरआवासिय नेपाली समुदायले नेपालमा निश्चित कम्पनीहरुको माध्यमबाट विभिन्न परियोजनामा गर्दै आएको आर्थिक लगानीको माडेलको प्रयोगलाई निरन्तरता दिने र गैरआवासिय नेपाली सम्बन्धि ऐन २०६४ तथा नियमावली २०६६ ले प्रदान गरेको सुविधालाई अझ व्यापकताका साथ उपयोग गर्न सम्पूर्ण गैरआवासिय नेपालीहरुलाई यो सम्मेलन आव्हान गर्दछ । साथै गैरआवासिय नेपालीको परिभाषा लगायत अन्य बिषयमा संघले दिएको सुझावलाई यथासिघ्र सम्बोधन गरि ऐनको समयानुकल परिमार्जन गर्न नेपाल सरकारलाई आग्रह गर्दछ ।

१०.नेपाली मुलका विदेशी नागरिकलाई सिमित अधिकार सहितको गैरआवासिय नेपाली नागरिकता प्रदान गर्ने उच्चस्तरिय राजनीतिक संयन्त्रले गरेको सहमतिको स्वागत गर्दै अब बन्ने संविधानमा गैरआवासिय नेपाली समुदायको अपेक्षा बमोजिम **एक पटकको नेपाली संधैको नेपाली** रहने व्यवस्था गर्न यो सम्मेलन आग्रह गर्दछ ।

११. गैरआवासिय नेपाली समुदायले नेपालमा बिकासमूलक, सामाजिक एवं परोपकारी कार्यमा गर्दै आएको आर्थिक सहयोगलाई स्वागत गर्दै यस क्षेत्रमा अझ प्रतिवद्ध भएर थप सहयोग गर्न सम्पूर्ण गैरआवासिय नेपालीहरुलाई आग्रह गर्दछ ।

१२.यस सम्मेलनलाई भव्यतापूर्वक आयोजना गर्न मुख्य भूमिका निर्वाह गर्ने गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद युएइ तथा स्थानिय नेपाली समुदायप्रति हार्दिक आभार प्रकट गर्दछ ।

चौथौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनद्वारा जारी

ह्युस्टन घोषणा पत्र २०१०

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको आयोजना र राष्ट्रिय समन्वय परिषदहरु संयुक्त राज्य अमेरिका एवंम क्यानाडाको आथित्यमा **"नेपालको द्रुदतर विकासका लागि ज्ञान र लगानी प्रवाह"** को मुल नारा सहित टेक्सास राज्यको ह्युस्टन शहरमा सम्पन्न यो चौथो गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन २०१० ले निम्न बुदा सहित यो घोषणा पत्र जारी गरेको छ ।

१. नेपालको ऐतिहासिक परिवर्तन पछि निर्वाचित संविधान सभाले निर्धारित समयमा संविधान बनाउँने प्रकृया पुरा गर्न नसकी, संविधान निर्माणको कार्य पुरा गर्नको लागि १ वर्षको समय अवधि थपिएको परिप्रेक्ष्यमा नयाँ निर्धारित समयमा लोकतान्त्रिक मुल्य मान्यता सहितको संविधान निर्माण होस भन्ने यो सम्मेलन कामना गर्दछ ।

२. विश्वभरि छरिएर रहेका नेपालीहरु नेपालमा दीर्घकालिन शान्ति, मुलुकको राष्ट्रिय एकता, क्षेत्रीय अखण्डता, विश्वव्यापी रुपमा सर्वस्वीकार्य मानव अधिकार सुनिश्चित गर्ने लोकतान्त्रिक संविधानको निर्माणको पक्षमा रहेको कुरा यो सम्मेलन जाहेर गर्दछ । साथै आम नेपालीको चाहना अनुरुप नयाँ निर्धारित समयमा नै संविधान सभालाई आफ्नो सबै कार्य पुरा गर्नलाई यो सम्मेलन आव्हान गर्दछ ।

३. भारतको मेघालयमा भएको जातिय हिंसा प्रति यो सम्मेलनको ध्यान आकृष्ट भएको छ र अल्प संख्यक नेपाली भाषीहरुको मानव अधिकार रक्षाका लागि संवन्धित सरकारहरु संग आग्रह गर्दछ ।

४. गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष एवम प्रमुख संरक्षक डा. उपेन्द्र महतो **"सुप्रवल जनसेवाश्री"** द्वारा सम्मान हुनु भएकोमा डा. महतोलाई बधाई ज्ञपना गर्दै नेपाल सरकार प्रति धन्यवाद व्यक्त गर्दछ ।

५. गैरआवासीय नेपाली विश्व सम्मेलनहरुमा प्रमुख राजनीतिक दलका नेताहरुले गैरआवासीय नेपाली सम्वन्धि ऐनमा गैरआवासीय नेपाली संघको सुझाव अनुरुप सुधारका लागि गरेको प्रतिवद्धता प्रति ध्यान आकृष्ट गर्दै गैरआवासीय नेपालीको परिभाषा लगायत अन्य विषयमा ऐनमा यथासिघ्र सुधार गर्न नेपाल सरकार र व्यवस्थापिका संसदलाई आग्रह गर्दछ ।

६. नयाँ बन्ने संविधानमा **एक पटकको नेपाली सधैंको नेपाली** को अवधारणा अनुरुप दोहोरो नागरिकताको प्रष्ट व्यवस्था गर्न संविधान सभालाई आग्रह गर्दछ । साथै यस अभियानमा बल पुयाउन सबै राष्ट्रिय समन्वय परिषदहरुलाई आव्हान गर्दछ ।

७. नेपालको आर्थिक समाजिक रुपन्तरणका लागि सामुहिक लगानिको अपरिहार्यतालाई मनन गरी सामुहिक लगानिको अवधारणालाई अगाडि बढाइने छ । सामुहिक लगानिको प्रयास केही राष्ट्रिय समन्वय परिषदबाट शुरु भइसकेको परिप्रेक्ष्यमा अन्य राष्ट्रिय समन्वय परिषदलाई पनि यस्तो कार्यमा प्रोत्साहित गरिने छ ।

८. मुलुकको सर्वाङ्गिण विकासको लागि मानव संसाधानको विकासको महत्वलाई ध्यानमा राखि यो सम्मेलनले ज्ञान, सीप, प्रविधिको हस्तान्तरणलाई उच्च महत्वका साथ अघि बढाउँने निर्णय गरेको छ । नेपालमा उच्च तहको जनशक्ति निर्माणलाई सघाउन एक खुल्ला विश्वविद्यालय अति जरुरी भइसकको छ । अन्तर्राष्ट्रिय खुल्ला तथा दुर शिक्षा परिषद र अन्य ख्याति प्राप्त विश्वविद्यालयहरुबाट नेपालमा खुल्ला विश्वविद्यालय स्थापनाको लागि चाहिने प्राविधिक सहयोग गर्ने प्रतिवद्धताको यो सम्मेलन स्वागत गर्दछ । नेपाल सरकार, नेपाल र विदेशमा रहेका नेपाल संग संवन्धित संघ संस्था र दातृ निकायसंग मिलेर खुल्ला विश्वविद्यालयको स्थापना गर्ने कार्य अघि बढाउने प्रतिवद्धता यो सम्मेलन जाहेर गर्दछ ।

९. यो सम्मेलन नेपालमा लोककल्यणकारी परियोजनाहरुमा अझै दत्त चित्त भएर लाग्न सबै गैरआवासीय नेपालीहरुलाई आव्हान गर्दछ । साथै प्रत्येक राष्ट्रिय समन्वय परिषदद्वारा कम्तिमा एउटा लोककल्याणकारी परियोजना संचालन गर्ने पुर्व प्रतिवद्धता दोहो्याउदै अन्तर्राष्ट्रिय समन्वय परिषदद्वारा स्वीकृत परियोजनाहरुमा योगदानका लागि राष्ट्रिय समन्वय परिषदहरुलाई आव्हान गर्दछ ।

१०. विश्वका आधा जनसंख्याको प्रतिनिधित्व गर्ने महिलाको सशक्तिकरण बिना मुलुकको रुपान्तरण संभव नहुने भएकोले गैरआवासीय नेपाली महिला लगायत महिला सशक्तिकरणको अभियानमा लाग्न यो सम्मेलन प्रण गर्दछ ।

११. नेपाल पर्यटन वर्ष २०११ लाई सफल पार्न सबै गैरआवासीय नेपाली संघका राष्ट्रिय समन्वय परिषदहरुलाई नेपालका पर्यटकीय स्थानहरुको परिचय गराउने कार्यक्रमहरु गर्न प्रोत्साहित गर्दछ । बुद्धको जन्मस्थल लुम्बिनी नेपालको अभिन्न अङ्ग भएको तथ्य विश्व भरी फैलाउने अभियान राष्ट्रिय समन्वय परिषद मार्फत संचालन गरिने छ ।

१२. हाम्रो नेपालीपनलाई जिवन्त राख्नका लागि गैरआवासीय नेपालीहरुलाई नेपालको मौलिक भाषा, साहित्य, संस्कृति र कला संग जोडि राख्नु अपरिहार्य भएकोले नेपाली कला, साहित्य, भाषाको प्रवर्धनका लागि प्रण गर्दै यस क्षेत्रमा योगदान गर्ने सबैको यो सम्मेलन उच्च कदर गर्दछ ।

१३. प्रत्येक वर्षको २८ मे लाई नेपाल दिवसका रुपमा मनाउने ह्युस्टन नगर प्रशासनको निर्णयको स्वागत गर्दै मेयर सुश्री अनिस पार्कर लगायत संबन्धित सबैलाई यो सम्मेलन आभार व्यक्त गर्दछ । अन्य शहरहरुमा पनि यस्तै प्रकारको नेपाल दिवसको औपचारिक मान्यता प्राप्त गर्नका लागि काम गरिने छ ।

१४. यस सम्मेलनका लागि विश्वभरका नेपालीहरुलाई यस सुन्दर नगरी ह्युस्टनमा स्वागत गर्ने ह्युस्टनबासी नेपालीहरुलाई गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद आभार व्यक्त गर्दछ । साथै यस सम्मेलनलाई विभिन्न किसिमबाट सफल पार्न उपस्थित भई दिनुभएका अमेरिकी, क्यानाडी र अन्य नेपालका मित्रहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषद धन्यवाद ज्ञापन गर्दछ । सम्मेलन सफल पार्न सहयोग गर्ने सबै व्यक्ति तथा संस्थालाई एवंम सहभागिहरुलाई यो सम्मेलन कृतज्ञता ज्ञापन गर्दछ ।

तेस्रो गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनद्वारा जारी

बैंकक घोषणा-पत्र २००८

नेपालको ऐतिहासिक परिवर्तनले मुलुकमा दीर्घकालीन शान्ति, लोकतन्त्र, व्यक्तिगत स्वतन्त्रता, मानव अधिकार जस्ता मौलिक अधिकारलाई सुनिश्चित गरी स्वदेश र विदेशमा बस्ने सबै नेपालीको भविष्य उज्जवल हुने संविधानको निर्माण गर्नेछ भन्ने विश्वास गर्दै गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको आयोजना र राष्ट्रिय समन्वय परिषद थाइल्याण्डको आतिथ्यमा यही २४-२५ मई २००८ मा बैंककमा आयोजित गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनले यो घोषणा जारी गरेको छ -

१. गैरआवासीय नेपाली नागरिकहरुले आफू बसेकै मुलुकवाट ऐतिहासिक संविधानसभामा मतदान गर्ने अवसरवाट वन्चित हुनु परे पनि संविधानसभालाई सफल बनाउन गैरआवासीय नेपाली संघ आवश्यक प्राविधिक सल्लाह र सबै किसिमको सहयोग गर्ने प्रतिवद्धता एवं नयाँ बन्ने संविधानमा नेपालीमूलका गैरआवासीय नेपालीलाई दोहोरो नागरिकताको व्यवस्था गर्न सभासद्हरु र नेपाल सरकारलाई अपिल गर्दछ ।

२. गैरआवासीय नेपाली सम्वन्धी ऐन २०६४ मा रहेको गैरआवासीय नेपालीको परिभाषा लगायतका विषयमा विश्वभरि छरिएर रहेका नेपालीहरुबाट प्राप्त सुझावका आधारमा ऐनमा आवश्यक परिमार्जन गर्न नेपाल सरकारलाई आग्रह गर्दछ ।

३. राष्ट्रको सर्वाङगीण विकासमा गैरआवासीय नेपालीहरुको भूमिका अझ उच्च बनाउनकालागि वैदेशिक रोजगार, विप्रेषण, विदेशमा बस्ने नेपालीबाट हुने आर्थिक तथा बौद्धिक लगानी जस्ता क्षेत्रलाई संवोधन गर्ने एउटा छुट्टै उच्चस्तरीय सरकारी निकायको व्यवस्थाकोलागि नेपाल सरकारसँग यो सम्मेलन अनुरोध गर्दछ ।

४. समृद्ध नेपाल निर्माणकालागि विश्वभरि संगठित हुँदै गएको गैरआवासीय नेपाली संघसँग उपलव्ध बौद्धिक र आर्थिक स्रोतको समुचित उपयोग गर्न तथा गैरआवासीय नेपाली संघले विभिन्न समयमा गरेका प्रतिवद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्नकालागि नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघवीच सूचनाको आदानप्रदान र सहकार्यलाई अझ व्यापक बनाउन आवश्यक देखिएकोले एउटा त्रिपक्षीय कार्यदलको गठन गर्न सरकारसँग आग्रह गर्दछ ।

५. राष्ट्रिय जीवनको अभिन्न अंग बनेको वैदेशिक रोजगारीका संभावनाहरुको समुचित प्रयोग गर्दै यसलाई व्यवस्थित र मर्यादित बनाउन गैरआवासीय नेपाली संघले विगतमा गरेका प्रतिवद्धताको कार्यान्वयन कै निरन्तरताको रुपमा **Taking Foreign Employment to a Higher Plain** भन्ने नारा सहित आयोजित यस बैंकक सम्मेलनले निम्नलिखित निर्णय गरेकोछ :

५.१ वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हितका लागि कल्याणकारी कोष स्थापना, जीवन बीमा प्रकृयाको सरलिकरण, बीमांकमा बृद्धि,, न्युन व्याजदरको बैंक ऋण लगायत तेस्रो गैरआवासीय नेपाली सम्मेलनमा व्यक्त भएका प्रतिवद्धतालाई यथाशिघ्र पुरा गर्न नेपाल सरकारको सहयोगकालागि पहल गर्ने ।

५.२ धेरै संख्यामा नेपाली कामदार भएका मुलुकहरुसँग श्रम सम्झौता गर्ने प्रक्रियालाई अझ तिव्र पार्न नेपाल सरकारलाई आग्रह गर्ने ।

५.३ सरकारी उच्च-स्तरीय विदेश भ्रमणहरुको संख्यामा बृद्धि गर्न र यस कार्यमा सम्वन्धित मुलुकमा रहेका गैरआवासीय नेपाली संघका संयन्त्रको उपयोग गर्न सरकारलाई अनुरोध गर्ने ।

५.४ नेपाललाई दक्ष जनशक्ति स्रोत मुलुकको रुपमा विकसित गर्न नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघसँग सहकार्य गरी गुणस्तरीय सीपमूलक तालिमहरुको संख्यामा बृद्धि गर्ने, चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने र त्यस्ता कार्यक्रममा विदेशमा हासिल गरेको सीप र अनुभव लिएर नेपाल फर्केका नेपालीलाई स्रोत व्यक्तिको रुपमा उपयोग गर्ने ।

६. अन्तर्राष्ट्रिय समुदायमा नेपालको छवि उच्च पार्दै मुलुकको आर्थिक विकास, पर्यटन र संस्कृती लगायतको प्रवर्द्धनमा गैरआवासीय नेपालीले खेल्न सक्ने भुमिकालाई आत्मसात गरी नेपाली दूतावास एवं गैरआवासीय नेपाली राष्ट्रिय समन्वय परिषदहरु बिच जीवन्त औपचारिक सम्वन्धको विकास गर्दै आर्थिक कुटनीतिलाई तिव्रता दिन नेपाल सरकारलाई यो सम्मेलन आह्वान गर्दछ ।

७. स्वदेशी र गैरआवासीय नेपालीबाट हुने जलस्रोत लगायत नेपालको आर्थिक-सामाजिक रुपान्तरणका महत्वपूर्ण क्षेत्रहरुमा लगानी अनुमति दिँदा समयसीमा सहितको सरलिकृत 'फास्टट्रयाक' पद्दति निर्धारण गर्न नेपाल सरकारलाई आग्रह गर्दछ ।

८. पर्यटन प्रवर्द्धनका लागि नेपाल सरकारद्वारा घोषणा गरिएको 'क्भलम ज्फभ ब ाचष्भलम' कार्यक्रम लागु गर्ने क्रममा अनुभव गरिएका समस्याबारे सरकारलाई अवगत गराउँदै सो अभियानलाई सफल बनाउन गैरआवासीय नेपाली समुदायलाई परिचालन गरिने प्रतिवद्धतालाई पुनः दोहोऱ्याउँछ ।

९. गैरआवासीय नेपाली संघले नेपालमा आफ्नो संस्थागत उपस्थितिलाई सुदृढ गर्दै लगेको परिप्रेक्षमा संघको काठमाण्डौमा आफ्नै भवन हुनु आवश्यक देखिएकोले भवन निर्माणकालागि चाहिने आर्थिक स्रोत जुटाउन विभिन्न मुलुकमा रहेका राष्ट्रिय समन्वय परिषदहरुलाई यो सम्मेलन हार्दिक आह्वान गर्दछ ।

१०. गैरआवासीय नेपालीहरु समेतको सहयोगमा प्रथम समावेशी महिला सगरमाथा आरोहण दल गैरआवासीय नेपाली संघको लोगो अंकित झण्डा सहित सफलतापूर्वक शिखर पुग्न सफल भएकोमा यो सम्मेलन आरोही सदस्यहरुलाई हार्दिक वधाई दिंदै त्यसकालागि पहल गरिदिने नेपाल आर्थिक पत्रकार समाजलाई समेत धन्यवाद दिन चाहान्छ ।

११. यस क्षेत्रीय सम्मेलनलाई सफलतापूर्वक आयोजना गर्नका लागि सहयोग गर्नुहुने सम्पूर्ण प्रायोजक, सहयोगी राष्ट्रिय समन्वय परिषद्हरु थाईल्याण्डका गैरआवासीय नेपालीहरु र राष्ट्रिय समन्वय परिषद् थाइल्याण्डलाई विशेष धन्यवाद दिइन्छ ।

May 25, 2008

Bangkok

दोस्रा गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनद्वारा जारी

बोन घोषणा-पत्र २००६

जर्मनी, नेपाल, अमेरिका, अष्ट्रेलिया, अष्ट्रिया, कतार, क्यानडा, बेलायत, बेलारुस, बेल्जियम, जापान, दक्षिण कोरिया, पोर्चुगल, फ्रान्स, म्यानमार, नेदरल्याण्ड, साइप्रस, हङकङ, रुस, संयुक्त अरब एमिरात लगायत २० देशका करिब १ सय ७० नेपालीहरुको उपस्थिति रहेको जर्मनीको बोन सहरमा ३ र ४ जून २००६ (२० र २१ जेष्ठ, २०६३) मा सफलतापूर्वक सम्पन्न दोस्रो गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन एवं गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्को वैठकले निम्न अनुसारका निर्णयहरु गरेको छ :

१. नेपालमा हालै भएको ऐतिहासिक राजनीतिक परिवर्तनको हार्दिक स्वागत गर्दै देशको सर्वाङगीण विकास, स्थायी शान्ती र संविधान सभाको सफलताको कामना एवं यसका लागि सम्पूर्ण गैरआवासीय नेपालीहरुबाट आवश्यक सबै प्रकारका सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त ।

२. संविधान सभामा विश्वभरका १४ लाख नेपालीहरुको भावनाको उचित प्रतिनिधित्व हुनु पर्ने सम्मेलनका सहभागीहरुको चाहना अनुसार संविधान सभा निर्वाचनमा गैरआवासीय नेपालीहरुलाई समेत मतदान गर्न पाउने व्यवस्थाका लागि पहल गरिने ।

३. दोस्रो गैरआवासीय नेपाली सम्मेलनले दिएका सुझावहरुलाई समेटेर सरकारले यथाशीघ्र गैरआवासीय नेपाली सम्बन्धी कानून ल्याउन अनुरोध ।

४. वैदेशिक रोजगारका क्षेत्रको समस्या र संभावनाको अध्ययन गर्न ९ सदस्यीय कार्यदल स्थापना गर्ने । कार्यदलले विदेशमा रोजगारीका नयाँ संभावनाको खोजी, वीमा र सुरक्षासम्बन्धी चेतना अभिवृद्धि, सहुलियत ब्याजदरमा वाणिज्य बैंकबाट ऋणका लागि पहल र वैदेशिक रोजगारमा रहेका नेपालीहरुको समस्या समाधानका लागि सुझाव तयार गर्ने ।

५. दोस्रो गैरआवासीय नेपाली विश्व सम्मेलनद्वारा जारी घोषणापत्रमा उल्लेखित प्रतिबद्धताहरुको प्रगतिको मुल्यांकन गर्दै कार्यान्वयन अझ प्रभावकारी बनाउन :

- देशका ७५ जिल्लामा स्थानीय समुदायको सहभागितामा शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभुत क्षेत्रमा कम्तीमा एक-एक परियोजना संचालन गर्ने कार्यक्रम अन्तर्गत प्रारम्भिक चरणमा २० जिल्लामा परियोजना संयोजक तोकिएको छ । संयोजकहरुले तीन महिनाभित्र परियोजनाको विस्तृत विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) समक्ष पेश गर्नु पर्ने ।

- नेपाल लगानी कोष स्थापनाका लागि पहिलो चरणमा गैरआवासीय नेपाली दिवस (११ अक्टुबर २००६) भित्र दश मिलियन अमेरिकी डलर बराबरको पब्लिक कम्पनी दर्ता गरी कम्पनीको विधान र व्यवसायिक योजना विश्वभरका नेपालीहरुमाझ पुऱ्याएर एक सय मिलियन अमेरिकी डलर बराबरको कोष बनाउन पुर्वाधार तयार गरिने ।

- काठमाडौं पुस्तकालयको पूर्वाधार विकासकालागि आर्थिक तथा प्राविधिक सहयोग दिने ।

- नेपालीहरुले विदेशमा आर्जेको शीप र ज्ञानलाई स्वदेशको विकासमा उच्चतम उपयोगका लागि नलेज बैंक स्थापना गर्ने निर्णय भए अनुसार राष्ट्रिय समन्वय परिषद्हरुको सहयोगमा स्कील डाइरेक्टरीलाई अझ प्रभावकारी बनाइने ।

- जापान सरकारले विश्वका अतिकम विकसित ५० भन्दा बढी मुलुकमा एक गाउँ एक उत्पादन कार्यक्रम संचालन गर्न दिने आर्थिक सहयोग नेपालमा ल्याउन सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र जापान सरकारसँग समेत समन्वयका लागि संयोजक नियुक्त ।

६. नेपालको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउने गैरआवासीय नेपाली संघको उद्देश्य अनुरुप देशको विद्युत मागलाई पूति गर्न आंशिक सहयोग पुग्ने गरी करिब तीन अर्ब रुपैंयाको लगानीमा पूर्वी नेपालको इलाम जिल्लामा २० मेगावाट क्षमताको माइखोला जलविद्युत आयोजना निर्माण हुने ।

७. पूर्व गोर्खा सैनिकहरुले बेलायती नागरिकता पाउन थालेपछि दोहोरो नागरिकता सम्बन्धी कानूनी प्रावधान नहुँदा नेपालमा भएको सम्पत्ति बिक्री गरी विदेशमा बसोबास गर्दा भौतिक र भावनात्मक सम्बन्धमा ह्रास आउनुका साथै विप्रेषण पनि घट्ने भएकाले दोहोरो नागरिकताका लागि पहलका लागि समिति गठन ।

८. औपचारिक माध्यमबाट विप्रेषण प्रवाहका लागि धेरै गैरआवासीय नेपाली भएका देशहरुमा नेपाली बैंकहरुको विस्तार गर्नुका साथै हुण्डी निरुत्साह तथा बैंकिङ प्रणाली प्रोत्साहनका लागि सरकारलाई सुझाव दिइने ।

९. फपिर्डमा प्रख्यात गायिका आनी छोइङ डोल्माद्वारा संचालित बौद्ध भिक्षुणी सेवा संघलाई दश लाख रुपैंया सहयोग ।

१०. दोस्रो गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनलाई सफलतापूर्वक संचालन गर्नका लागि सहयोग गर्नु हुने सम्पूर्ण प्रायोजक, समर्थक राष्ट्रिय समन्वय परिषद्हरु र मुख्य गरी राष्ट्रिय समन्वय परिषद् जर्मनीलाई विशेष धन्यवाद दिइएको छ ।

४ जून २००६

बोन, जर्मनी

पहिलो गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलनद्वारा जारी

दोहा घोषणा पत्र २००५

गैरआवासीय नेपालीहरुको अन्तर्राष्ट्रिय समन्वय परिषद, नेपाल उद्योग वाणिज्य महासंघ र कतार स्थित गैरआवासीय नेपालीहरुको राष्ट्रिय समितिद्वारा आयोजित खाडी क्षेत्रका गैरआवासीय नेपालीहरुको क्षेत्रीय सम्मेलन कतारको राजधानी दोहामा जनवरी २१ देखी २२, २००५ सम्म सम्पन्न भयो ।

सम्मेलनमा कतार, साउदी अरेवीया, युएई, संयुक्त राज्य अमेरिका, क्यानाडा, जर्मनी, रुस, वेलारुस, साइप्रस, म्यानमार, अष्ट्रेलिया लगायतका देशमा बसोबास गर्ने २ सयभन्दा बढी नेपालीहरुले भाग लिनु भएको थियो । सम्मेलनमा श्री ५ को सरकार तर्फबाट श्रम तथा यातायात व्यवस्था मन्त्री श्री रघुजी पन्त, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री इश्वर पोखरेलको सहभागीता रहेको थियो ।

सम्मेलनमा वैदेशिक रोजगारको क्रममा कामदारले भोग्नु परेको समस्याहरु, उद्योग व्यवसाय प्रवर्द्धन तथा गैरआवासीय नेपालीहरुको लगानी नेपालमा आकर्षित गर्ने लगायतका आर्थिक समृद्धि, उन्नती र प्रगतिका बारेमा व्यापक छलफल भयो । सम्मेलनले छलफल पश्चात गैरआवासीय नेपालीहरुको प्रगतिका लागि महत्वपूर्ण, रचनात्मक एवं ठोस सुझावहरु पहिचान गऱ्यो । सम्मेलन समाप्तीको अवसरमा सहभागी प्रतिनिधिहरुले वैदेशिक रोजगारका सम्बन्धमा यो घोषणा पत्र जारी गरेको छ ।

१. विदेशमा रोजगारमा रहेका अधिकांश अदक्ष र अर्धदक्ष कामदारहरुले रोजगारदातासंग सम्झौताको शर्त विपरित अनेकौं शोषणको शिकार हुनु परेको, प्रचलनमा रहेको न्युनतम भन्दा कम पारिश्रमिक पाएको, विदेशमा दुःख पाएका कामदारले शाही नेपाली नियोग बाट प्रभावकारी सहयोग नपाएको र उद्धार नभएको, वैदेशिक रोजगारमा आउनु पूर्व नै शोषणमा परेका, सरकारले प्रभावपूर्ण ढंगबाट वैदेशिक रोजगार प्रवर्द्धन नियमित र व्यवस्थित गर्न नसकेको जस्ता अनेकौ समस्याहरु विदेशमा भोग्नु परेको जस्ता विषयमा सम्मेलनमा व्यापक र गम्भिर छलफल भयो ।

२. वैदेशिक रोजगारलाई प्रवर्द्धन, नियमित र व्यवस्ति गर्ने, विदेशमा कार्यरत कामदारको असुरक्षा एवं शोषण रोक्न सरकार, राजदूतावास, वैदेशिक रोजगार व्यवसायी सबैले आआफ्नो जिम्मेवारी पुरा गर्न सकेका छैनन् भने रोजगारमा आउने कामदार पनि धेरै हदसम्म यसका लागि जिम्मेवार रहेको भन्ने निष्कर्ष रह्यो ।

३. सम्मेलनमा उपस्थित हुनु भएका उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री ईश्वर पोखरेल एवं श्रम तथा यातायात व्यवस्था मन्त्री श्री रघुजी पन्तले गैरआवासीय नेपालीहरुका लागि सुरक्षा, सुविधा एवं मर्यादा बढाउनको लागि उपयुक्त वातावरण निर्माण क्रम जारी रहेको, गैरआवासीय नेपाली सम्बन्धी ऐन ल्याउने प्रकृया अन्तिम चरणमा पुगेको, निजी क्षेत्रको सहभागीतामा श्रम ऐन परिमार्जन गर्न लागिएको जानकारी दिनु भएकोमा सम्मेलन सहृाना व्यक्त गर्दछ । त्यस्ता सुधारहरु तदारुकताका साथ छिटो सम्पन्न गर्न सम्मेलन सरकारसंग अनुरोध गर्दछ ।

४. वैदेशिक रोजगार तथा गैरआवासीय नेपालीहरुको जीवनलाई मर्यादित एवं प्रतिष्ठित बनाउन र नेपाल एवं नेपालीको उन्नती, प्रगतीका लागि कार्यरत रहन यो सम्मेलन, वैदेशिक रोजगार व्यवसायी, विदेश स्थित गैरआवासीय नेपालीहरुका संघ संस्था तथा स्वयं हरेक गैरआवासीय नेपालीहरुले आआफ्नो क्षेत्रबाट प्रतिबद्ध हुनु जरुरी छ ।

५. वैदेशिक रोजगारमा रहेका कामदारहरुको सुरक्षा, प्रतिष्ठा र स्तर बृद्धिका लागि यो सम्मेलन श्री ५ को सरकार तथा सम्बन्धित निकाय समक्ष यो घोषणा पत्र मार्फत निम्न सुझावहरु प्रस्ताव गर्दछ:

- वैदेशिक रोजगारसम्बन्धी नीति निर्माण तथा कानूनमा सुधार गर्ने
- शाही नेपाली राजदूतावासहरुलाई आवश्यक थप जनशक्ति, स्रोत, साधन, कानूनी, सल्लाहकार उपलब्ध गराई कामदारलाई सहयोग गर्ने ।
- पाँच हजारभन्दा बढी नेपाली कार्यरत रहेको मुलुकमा श्रम सहचारी नियुक्त गर्ने
- वैदेशिक रोजगारसम्बन्धी सरकारी कार्यलयहरुमा सम्बन्धीत देशको भाषाको जानकार कर्मचारी नियुक्त गर्नुपर्ने
- वैदेशिक रोजगारमा जानेलाई सहुलियत दरमा ऋण उपलब्ध गराउनु पर्ने
- ठूलो संख्यामा कामदार जाने मुलुकहरुसंग अविलम्ब श्रम सम्झौता गर्नुपर्ने । त्यस सम्झौतामा न्यूनतम तलव, कामका शर्त, सुरक्षा तथा सुविधा बढाउन आवश्यक व्यवस्था गर्ने ।
- विदेशी रोजगारदातासंग कामदारले गरेका सम्झौताका शर्त कार्यन्वयन गराउन विदेशी नियोगहरुले प्रभावकारी भूमिका खेल्नुपर्ने
- नेपालमा वैदेशिक रोजगारका लागि आवश्यक र पर्याप्त शीप दिलाउनका लागि श्री ५ को सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको साझेदारीमा तालिम केन्द्र अविलम्ब स्थापना गर्ने । विदेशमा आवश्यक पर्ने विभिन्न प्रकारका कामदारको संभावना अध्ययन गरी सो अनुकूलका कामदार उत्पादन गर्ने ।

- विदेशमा पठाउनुपूर्व जीवन तथा स्वास्थ्य विमा गर्नुपर्ने । मेनपावर एजेन्सीहरुले जुन देशमा कामदार पठाएका छन, त्यही देशमा समेत अनिवार्य रुपमा विमा गराउनु पर्ने ।

- कामदारको कल्याणका लागि विशेष कल्याणकारी कोष स्थापना गर्ने

- मेनपावर एजेन्सीका कामलाई नियमित गर्दै कानून विपरित र ठगी गर्ने व्यवसायी तथा व्यक्तिमाथि कडा कानुनी कारवाही गर्ने । यस्ता एजेन्सीले कामदार पठाएका देशमा आफ्नो प्रतिनिधि राख्नुपर्ने ।

- वैदेशिक रोजगारदाताबाट प्राप्त मागपत्र, अधिकार पत्र, प्रवेशाज्ञा र सम्झौतापत्र सम्बन्धीत देशको श्रम विभाग र शाही नेपाली राजदुतावासबाट प्रमाणित भएकोलाईमात्र मान्यता दिने गरेमा वैदेशिक रोजगारमा हाल देखिएका कतिपय समस्या निराकरण गर्न सकिने भएकाले यो प्रणाली तुरुन्त शुरु गर्ने ।

- महिला कामदारलाई खाडी लगायत अन्य देशमा समेत सुरक्षित रुपमा वैदेशिक रोजगारमा पठाउन वेग्लै स्पष्ट र प्रबर्द्धनात्मक नीति ल्याउनु पर्ने ।

- वैदेशिक रोजगारमा जाादा र छुट्टीमा घर फर्कदा अध्यागमन कार्यलयले झन्झटरहित निकास र प्रवेश सुविधा दिनुपर्ने । गैरआवसीय नेपालीको सुविधाका लागि अन्तर्राष्टिय विमानस्थलमा छुटै डेस्कको व्यवस्था गर्ने ।

- विदेशी कामदारले बसाईको अवधीमा आर्जन गरेको रकममध्ये कूल विदेशी मुद्राको ८० प्रतिशतले हुन आउने रकमको सामानमा लाग्ने भन्सार महशुल छुट हुनुपर्ने ।

- गैरआवसीय नेपालीको पहिचानका लागि परिचय पत्रको व्यवस्था गर्नुपर्ने

- नेपाली कामदार भएका खाडी तथा मध्यपूर्वी देशका मुद्रा सटहीका लागि नेपाल राष्ट्र बैंकले स्वीकृति प्रदान गरी विनिमय सूचिमा राख्नु पर्ने ।

- गैरआवासीय नेपाली कामदारका लागि सरकारले सहुलियतपूर्ण वण्ड, डिभेन्चर र शेयर जारी गरी राष्ट्र निर्माणमा सहभागी गर्नुपर्ने ।

२२ जनवरी २००५, दोहा, कतार

पांचौ गैरआवासीय नेपाली विश्व सम्मेलनको उद्घाटन सत्रमा दिनु भएको सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराइको भाषणको सारांश

कार्यक्रममा बोल्दै सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराइले गैरआवासीय नेपालीको लगानीलाई आकर्षित गर्न सरकारले विशेष कार्यक्रम ल्याउन लागेको जानकारी दिनुभयो । उनले आगामी वर्ष सन् २०१२/१३ लाई 'नेपाल लगानी वर्ष' घोषणा गर्न लागिएको बताउनुभयो । गैरआवासीय नेपाली र विदेशीलाई लक्षित गर्दै लगानी वर्ष घोषणाको तयारी भएको जानकारी भट्टराईले दिनुभयो ।

'लगानी वर्षमा एनआरएनलाई हामीले विशेषरुपमा समेट्छौं,' उहाले भन्नुयो, 'मैले प्रधानमन्त्री कार्यालयमै आर्थिक सेल बनाएर यसको तयारी गरिरहेको छु ।' भट्टराईले एनआरएनको अनुभव, सीप र पुजी नेपाल भित्र्याउन सरकारले आवश्यक सबै काम गर्ने बताउनु भयो ।

आर्थिक-सामाजिक विकास विना शान्ती कायम गर्न नसकिने भएकाले नेपालीहरुको प्रतिव्यक्ति आय ३ हजार डलर पुऱ्याउने महत्वकांक्षी लक्ष्यका साथ लगानी आह्वान गर्ने उहाले बताउनुभयो । भट्टराइले नेपालीको समृद्धी र विकासका लागि कुल ग्राहस्थ उत्पादन(जिडिपी)को ४५ प्रतिशत लगानी गर्नुपर्ने र वार्षिक ५ लाखलाई रोजगारी सृजना गर्नुपर्ने आवश्यकता औल्याउनु भयो । नेपालमा गणतन्त्र स्थापना पश्चात वातावरण बन्दै गएकाले आर्थिक विकासका लागि लगानी भित्र्याउन भट्टराईले गैरआवासीय नेपालीसाग आग्रह गर्नुभयो । 'लगानी सुरक्षा र वातावरणका लागि आवश्यक सबै पहल गर्छु,' उहाले भन्नुभयो, 'तपाइहरुले निश्चन्त भएर लगानी गर्नुस् ।' बाहिरिरुपमा लगानी वातावरण छैन भनेर हल्ला भएपनि नेपालको स्थिती त्यस्तो नरहेको भट्टराईको दावी थियो । प्रधानमन्त्रीले अहिलेको सरकारको मुख्य प्राथमिकता शान्ती र संविधान भएपनि आर्थिक विकासलाई संगसंगै लाने आश्वासन दिनुभयो । आर्थिक विकासमा सकारात्मक सन्देश देखिएकाले नेपाललाई लगानी गन्तव्य बनाउन भट्टराईले एनआरएनलाई आग्रह गर्नुभयो । 'पहिलो पुस्ता भएकाले तपाइहरु नेपालमा नभएपनि हृदय चाही नेपालमै हुन्छ,' उहाले भन्नुभयो, 'यसलाई आत्मसाथ गर्दै लगानी गर्नुस्, सरकारले सक्दो सहयोग गर्छ ।' भट्टराईले आफुले फरक बाटो नरोजेको भए आफुपनि एनआरएन बनेर नेपाल आउने अवस्था आउनसक्थ्यो भन्दै यसले एनआरएनप्रति आफ्नो धेरै लगाव रहेको बताउनु भयो ।

उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनको उद्घाटन सत्रमा दिनुभएको मन्तव्यको सारांश

आफ्नो सीप, ज्ञानको विकास गर्न वा रोजगारीको सिलसिलामा तपाइहरु विदेशिएपनि अहिलेको विज्ञान प्रविधिले साघुऱ्याएको जमानामा तपाइहरु हामीभन्दा टाढा हुनुहुन्न । नेपालमा नबसे पनि तपाइहरुको नेपालप्रति साच्चि नै माया छ भन्ने देखिएको छ । तर कतिपय तपाइहरुका आकांक्षा र माग पुरा हुन सकेका छैनन् होल । त्यसलाई सरकारले पुरा गर्ने प्रतिबद्धता व्यक्त गर्छ । यसका लागि ऐन कानुन बनाउने काम सरकारले गरिरहेको छ ।एनआरएनलाई सजिलो पार्नका लागि नै हामीले परिचय पत्रको व्यवस्था गरेका हौ । यसको कार्यन्वयन भइरहेको छ । यसले गर्दा एनआरएनको लगानी भित्र्याउन सहज हुन्छ । एनआरएनको लगानी नेपालमा भित्र्याउन सरल वातावरण बनाउन पनि हामी पहल गरिरहेका छौ ।

वैदेशिक रोजगारीमा जाने नेपालीले पनि उचित काम र उचित पारिश्रमिक पाउनु पर्छ भन्ने हाम्रो मान्यता हो । यसका लागि पनि सरकारले पहल गरिरहेकै छ । एनआरएनहरुको संघ दर्ताका लागि हामीले प्रकृया अघि बढाएका छौ । त्यसका लागि आवश्यक व्यवस्था हुन्छ । एनआरएन र मातृभुमी बिचको सम्बन्ध स्थापित गर्न यस्ता संस्थाहरुको भुमिका हुन्छ ।

एनआरएन भनेका विदेशस्थित अनौपचारिक राजदुत हुन् । उनीहरुले विदेशमा नियोगकोरुपमा काम गर्न सक्छन् । नेपालसाग व्यापार विस्तार गर्न र पर्यटन प्रवर्धन गर्न एनआरएनको भुमिका महत्वपूर्ण हुन्छ । तपाइहरुले बाहिर बसेर जुन भुमिका निभाउनु हुन्छ, त्यसले नेपालको प्रतिष्ठा र इज्यत बढाउनु पर्छ । हामी अहिलेको संक्रमणकाललाई छिटोभन्दा छिटो समाप्त गर्ने प्रयासमा छौ । यसका लागि पनि एनआरएनको सहयोग आवश्यक छ । शान्ति स्थापना पश्चात हाम्रो लक्ष्य भनेकै आर्थिक विकास हो । आर्थिक सामाजिक विकास विना दिगो शान्ती सम्भव छैन । यसका लागि हामी सबै मिलौ र अघि बढौ ।

अध्यक्ष देवमान हिराचनले पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनमा दिनुभएको भाषणको सारांश

गैरआवासीय नेपाली संघ गठन भएको छोटो समयमा नै हामीले विश्वभर हाम्रा सञ्जाल विस्तार गर्न सफल भएका छौं । अहिले हामीले ५७ देशमा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् गठन गरिसकेका छौं ।

हामी विश्वका कुनै पनि मुलुकमा बस्ने नेपालीहरु चाहेर पनि नचाहेर पनि नेपालका प्रतिनिधी रहेका छौं । हामीले आफु बस्ने मुलुकमा नेपालको प्रतिष्ठा बढ्ने काम गरिरहेका छौं र गर्नु हाम्रो दायित्व पनि हो । कर्मथलोमा मात्र होइन हामी नेपालमा आएर पनि केही गर्न चाहन्छौं । देशको विकास र समृद्धिका लागी हामी लगानी गर्न चाहन्छौं । लगानीका लागि राजनितीले गर्दा कठिनाई छ । अफ्ट्यारो भएपनि हामीले केही गर्नुपर्छ । अरु केही गर्न नसकेपनि नेपालीलाई एक आपसमा बाध्ने काम गर्न भने हामी सबै अघि बढ्नुपर्छ । हामीले आफ्नो कर्मथलोमा गरेजस्तै लगानी नेपालमा गर्न चाहन्छौं ।

नेपाललाई राम्रो बनाउन चाहन्छौं । मातृभुमीबाट टाढा भएपनि हामी नेपालीहरुले सम्मानपुर्वक बाच्न पाउनु पर्छ । तर, जीविकोपार्जनका लागि नै विदेशिनु पर्ने बाध्यता भने मुलुक र हाम्रा लागि राम्रो होइन, यसलाई कम गर्न सरकार र एनआरएनले मिलेर काम गर्नु जरुरी छ । हामी मिलेर काम गर्न तयार छौं ।

सरकारले एनआरएनका पक्षमा गरेका कामहरु स्वागत योग्य छन् । एनआरएन ऐन बनाएर परिचयपत्र दिने व्यवस्था गर्नु सकारात्मक पहल हुन् । हामीले स्थापनाकादेखि उठाउदै आएको दोहोरो नागरिकताको कुरा भने अहिलेसम्म पुरा हुन सकेको छैन । यसलाई संविधानमै उल्लेख गरेर व्यवस्था गर्नुपर्छ । दोहोरो नागरिकताको व्यवस्था भएमा मात्र हामी नेपाली नेपाली भएर बाच्न पाउने अवस्था आउथ्यो । अहिले विदेशबाट विप्रेषण पठाउनेले नै दुःख पाउने अवस्था छ । रोजगारमा जानेले नै दुःख पाइरहेका छन् । यसलाई अन्त्य गर्न सरकारले पहल गर्नुपर्छ ।

Speech delivered by the Minister for Foreign Affairs Honb'le Sahana Pradhan on the occasion of Third World Conference of Non-Resident Nepalis in Kathmandu on October 15, 2007.

Mr. Chairman
Rt Hon'ble Prime-Minister
Rt. Hon'ble Speaker of the Legislative Parliament
Hon'ble Ministers
Excellencies
NRN Participants, who have come from different parts of the world
Ladies and gentlemen
It is my great pleasure to be here with you in this inaugural occasion of the Third World C0nference of N0n-Resident Nepalis. At this joyful occasion, I would like to extend my hearty congratulations to all NRNs living around the globe. As the chairperson of the high level organizing committee of the conference, I welcome all the dignitaries and participants present at this Conference.
At present, Nepal is standing at the crossroad of a great transformation. I feel deeply humble to remember those heros who went to the frontline and lost their lives during the Jana Andolan 2. I would like to take this opportunity to extend sincere gratitude to the Nepali Diaspora for their strong support to defeat the autocratic regime and to establish Loktantra in Nepal making people the real source of state power. Nepali people have been doing their best to ensure a just and fair working environment through political and economic transformation.

We have noticed the trend that Nepali Diaspora is getting larger and wider everyday. It is the fact that every one living far away from their motherland bears the affection and great sentiments to the home country. I hope that this forum would be instrumental to bring them together for the common goal to serve the interest of Nepal and Nepalis.

Nepal, indeed, needs a speedy economic and social development for which meaningful support of the international community including Nepali Diaspora is desirable. Acknowledging the high value to the contributions and enthusiasm of Non-Resident Nepalis to serve the motherland, the Government of Nepal is committed to work in close collaboration with NRNs. You have set objectives to mobilise human and capital resources for the betterment of Nepal and Nepalese people. I am fully confident that this joint effort along with Nepalese entrepreneurs will give a significant leap in the economic development of Nepal.

We all know that in recent years the Nepali expatriates have also become an important source of remittance for the country. It shows their love and attachment towards Nepal. This may be appropriate to mention here that economic diplomacy with emphasis on foreign trade, foreign direct investment, technology transfer, foreign employment and tourism has been an important dimension of our foreign policy. This has also increased the role and responsibility of our Missions abroad. The government of Nepal is effortful to join the hand with non-resident Nepalis to promote these areas of economic diplomacy on a sustainable basis.

The government has recently promulgated a new act on NRNs, which has opened the door to engage the NRNs in Nepal in diverse activities and a draft regulation on NRNs is also underway to ensure a meaningful implementation of the law. To facilitate the NRNs and safe guard their rights and interest aboard, Nepalese missions are being upgraded and strengthed to cater the services matching the needs of NRNs. The time has come for the government of Nepal, NRNs, business community, as development partners, to play a proactive role to materialise the goal envisaged by the law. I am

optimistic that the conference would come out with practical inputs so that bond between Nepal and NRNs would be further consolidated in the days ahead.

I, once again, congratulate Non-Resident Nepalis Association and FNCCI for dedication with which they have contributed to organize such a great event. I would like to seize this opportunity to express the best wishes for the grand success of the conference.

Thank you.

अध्यक्ष, डा. उपेन्द्र महतोले तेस्रो गैरआवासीय नेपाली विश्व सम्मेलनको उदेघाटन शत्रको भाषण

सम्माननीय प्रधानमन्त्री ज्यू,
सम्माननीय सभामूख ज्यू,
माननीय परराष्ट्रमन्त्री ज्यू,
उपर्सथित सज्जनबृन्दहरु,

तेस्रो गैरआवासीय नेपाली विश्व सम्मेलनलाई सफल बनाउन स्वदेश र विदेशबाट पाल्नु भएका सबै नेपाली साथीहरु एवं यहाँ उपस्थित पाहुनाहरुलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।
ऐतिहासिक जनआन्दोलन पछि हुन लागेको यो सम्मेलनमा नयाँ नेपाल निर्माणमा आफ्नो तर्फबाट कसरी योगदान गर्न सकिन्छ भन्ने चिन्तन लिएर अत्यन्त उत्साह साथ गैरआवासीय नेपाली काठमाण्डौ आएका छन् । मातृभूमि ठूलो परिवर्तनको संघारमा उभिएको यो ऐतिहासिक क्षणमा अहिलेको राजनैतिक संक्रमणलाई सरल र छोटो बनाउँदै मुलुकलाई सामाजिक, आर्थिक र राजनैतिक रुपान्तरणको वाटोमा चाँडो भन्दा चाँडो अग्रसर गराउने अभिभारा हरेक सचेत नेपालीको काँधमा आएकोछ । आज स्वदेश र विदेशका सबै नेपालीले शान्ति, सद्भाव र देशप्रेमको आदर्श प्रस्तुत गरी आ-आफ्नो क्षमता अनुरुपको योगदान गर्दै हातेमालो गरेर अगाडि बढ्ने प्रण गर्ने हो भने यो रुपान्तरणले विकासका सम्पूर्ण आधारहरु भएको हाम्रो मुलुकलाई छोटो समय मै समृद्ध बनाउन सक्ने कुरामा आशावादी हुन सकिन्छ । त्यही उत्साह, भावना र चिन्तन लिएर विश्वका ४० देशबाट करिव ४०० गैरआवासीय नेपालीहरु यो सम्मेलनमा भागलिन आएका छन् । सम्माननीय प्रधानमन्त्री ज्यू र अन्य नेतागणको उपस्थितिले सम्मेलनको गरिमा बढेको छ र हामीलाई अझ गम्भिर भएर राष्ट्र निर्माणमा संलग्न हुन प्रेरणा मिलेको छ ।

आज संसारभरि सबै डायास्पोराहरुमा आ-आफ्ना जन्मभूमिलाई समृद्ध र सबल बनाउन संगठित हुने क्रम बढेकोछ । गैरआवासीय नेपाली जागरण पनि विश्व डायास्पोरिक चेतनामा आएको त्यही प्रवृत्तिको एउटा प्रतिनिधि घटना हो । अरु डायास्पोरा झैं हामीलाई पनि सुन्दर, शान्त र समृद्ध मातृभूमि चाहिएकोछ । व्यक्ति विशेषको मात्र समृद्धिले समग्र नेपाली जातिको आत्म सम्मानमा बृद्धि हुँदैन भन्ने कुरा राम्ररी बुझेकाले नै नेपाललाई सुदृढ बनाउन केही सहयोग गर्नु हाम्रो पनि कर्तव्य हो भनेर गैरआवासीय नेपालीहरु एकजुट हुने अभियान सुरु भएको कुरा मैलै पटक-पटक दोहोर्याउने गरेको छु । सन् २००३ मा आयोजित पहिलो विश्व सम्मेलनको अवसरमा गैरआवासीय नेपाली अभियानलाई संस्थागत गर्ने उद्देश्यले स्थापित गैरआवासीय नेपाली संघ अब ३८ भन्दा बढि देशमा फैलिएको एउटा बृहत संगठनमा परिणत भएको छ । हाम्रो अभियानले विभिन्न मुलुकमा वसोबासरत नेपालीबीच अन्तरक्रिया, मित्रता र भाइचाराको भावना बढाएकोछ, गैरआवासीय नेपालीलाई नेपालसँग फेरि जोड्ने महत्वपूर्व काम गरेकोछ । विदेशमा बस्ने सबै वर्ग, क्षेत्र र समुदायका नेपालीहरुको साझा संस्थाको रुपमा गैरआवासीय नेपाली संघले आफूलाई स्थापित गर्दै लगेकोछ । यसलाई मैले हाम्रो अभियानको सबै भन्दा ठूलो उपलब्धि ठानेको छु । यी सबै उपलब्धिको श्रेय तपाईंहरु लगायत विश्वभरिका सबै गैरआवासीय अभियानप्रति समर्पित साथीहरुमा जान्छ । गैरआवासीय नेपाली अभियानलाई विश्वव्यापी बनाउन हामीलाई सँधै सहयोग गर्ने स्वदेश र विदेशका नेपाली मित्रहरु, नेपाल उद्योग वाणिज्य महासंघ, आइसीसी, एनसीसी र एनआरएन सचिवालयका सहकर्मी साथीहरु एवं हाम्रो अभियानका मुद्दालाई नेपाली समाजमा पुर्याएर गैरआवासीय नेपालीप्रति निरन्तर सद्भाव उत्पन्न गर्ने स्वदेश र विदेश स्थित नेपाली पत्रकार मित्रहरु सबैमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

आदरणिय साथीहरु,

यो अभियानलाई विस्तार गर्ने क्रममा मैले विश्वका चालिस देशका नेपालीहरुसँग भेटघाट र मित्रता गाँस्ने सौभाग्य पाएकोछु । कतिपय ठाउँमा हामी आफैं संघर्ष गरेर विदेशमा स्थापित भएकोले नेपालप्रति कुनै दायित्व छैन भन्ने साथीहरु पनि भेटिए । उहाँहरुलाई मैले भन्ने गरेकोछु नेपाली परिचय भएको कारण जीवनमा हाँसिल गरेका उपलब्धिहरुलाई उपेक्षा गर्ने हो भने पनि हाम्रा नेपाली माता-पिताका कारण नै यो संसारमा हाम्रो अस्तित्व छ भन्ने कुरा विर्सन सकिँदैन । नेपालको कल्याणका लागि केही गर्न त्यति नै कारण पर्याप्त छ । नेपालमा पनि एनआरएनले मुलुकलाई के दिन्छ र भनेर सोध्नेलाई म भन्ने गर्छु गैरआवासीय नेपालीले विदेशमा नेपाल राष्ट्रको परिचयलाई जीवन्त राखेका छन्, अवैतानिक राजदूतको रुपमा नेपालको भाषा र सांस्कृतिक वैभवको प्रचार गरी पर्यटनमा सघाएका छन्, नेपाली सामानको प्रयोग र प्रचार गरेर देशको व्यवसायलाई प्रवर्धन गरेका छन् र सबै भन्दा माथि प्रत्यक्ष आर्थिक लगानीका साथै ठूलो मात्रामा रेमिटेन्स पठाएर गरिवी निवारणको कारक बनेका छन् । र अब अझ संगठित भएर ठोस काम गर्न जुर्मुराएका छन् । अभूतपूर्व रुपले विश्वव्यापी हुँदै गएको गैरआवासीय नेपाली अभियानले त्यही चाहनालाई प्रकट गर्छ ।

हाम्रो अनुमानित तथ्याङ्क अनुसार सार्कराष्ट्र बाहिरका ५५ देशमा बसोबासरत गैरआवासीय नेपालीहरुको संख्या बीस लाख पुगेको छ । भारतमा रहेका नेपालीहरुसँगको सहकार्य पनि भविष्यमा बढ्दै जाने छ । यस अभियानको व्यापक विस्तारले हाम्रो गुणात्मक र संख्यात्मक बृद्धि भएको छ, जसले गर्दा संगठित भएर नेपालमा सार्थक कामहरु गर्न सकिन्छ भन्ने हाम्रो आत्मविश्वास पनि बढेकोछ । तर विभिन्न वर्गका गैरआवासीय नेपालीहरुका आ-आफ्नै कानूनी आवाश्यकता रहेका छन्, जसको उचित निराकरण नभई गैरआवासीय नेपाली समुदाय र मुलुकवीच अन्तरक्रिया संभव छैन भन्ने बोध गरेर प्रथम सम्मेलन देखि नै हामीले नेपाल सरकारलाई गैरआवासीय नेपाली सम्वन्धी कानुन ल्याउन आग्र गरेका हौं । लामो समयको हाम्रो अथक प्रयास पछि अन्तत : गैरआवासीय नेपाली सम्वन्धी विधेयकलाई पारित गरेर प्रतिनिधि सभाले यस सम्मेलनको पुर्वसंध्यामा हामीलाई महत्वपूर्ण उपहार दिएकोछ । जसकालागि सरकार, प्रतिनिधिसभा लगायत संलग्न सवै पक्षलाई गैरआवासीय नेपाली समुदायका तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । पारित ऐनले "गैरआवासीय नेपाली" को पहिचान वैधानिक गराई संगठनको दर्ताको बाटो खोलेको छ, । आर्थिक र बौद्धिक लगानीको मार्ग केही चौडा भएकोछ, नेपाली मूलका विदेशी नागरिकका समस्याहरु आशिंक रुपमा संवोधित भएका छन् तर भोलिको नेपाललाई चाहिने नयाँ प्रविधि, सिप र ज्ञान आर्जन गरिरहेको विद्यार्थीवर्ग र मुलुकको अर्थतन्त्रलाई विगत एक दशक देखि उल्लेखनीय योगदान दिइरहेको वैदेशिक रोजगार क्षेत्रका विविध समस्या निराकरणका प्रावधानमा मौन रहेर आएको ऐन अझै पनि अपूर्ण रहेको हाम्रो ठहर छ । गैरआवासीय नेपाली हुन दुई वर्ष विदेश बस्नु पर्ने प्रावधान त्रुटिपूर्ण देखिन्छ । यस सम्मेलनलाई हामीले सरकाससँग यिनै विषयवस्तुमा गहन छलफल गरी नियमावलीद्वारा ऐनमा रहेका कमीकमजोरिलाई सुधार्ने अबसरको रुपमा प्रयोग गर्नु पर्छ ।

नेपालको सन्दर्भमा द्वन्दले आक्रान्त अर्थतन्त्रलाई वैदेशिक रोजगारले मेरुदण्ड झैं टेवा पुर्याइरहेको दावी अतिशयोक्तिपूर्ण छैन । यस क्षेत्रका समस्याहरुको सुधार गरी कामदारहरुको हित संरक्षण गर्न नेपाल सरकारले रिक्रुटमेण्ट कम्पनीहरु माथिको अनुगमन देखि विदेश जाने कामदारलाई परिचयपत्र दिने, विदेशमा ठगिएका र अपमानित भएका नेपालीहरुलाई कानूनी परामर्श र सहयोग दिने जस्ता व्यवस्था तुरन्तै गर्नु पर्ने देखिन्छ । जीवन बिमाको विमाङ्कमा बृद्धि, कामदार वेलफेयर फण्डको स्थापना, हुण्डीलाई विस्तारै बिस्थापित गरी बैंक मार्फत पैसा पठाउने संरचनाको विस्तार, हुलाक सेवा मार्फत गाउँ-गाउँ सम्म पैसा पठाउने, कामदारहरुको दक्षता प्रवर्धन जस्ता दीर्घकालीन सुविधाहरुको व्यवस्था गर्न सके कामदारहरुको कल्याण मात्र नभई अदक्ष कामदारको रुपमा विदेश जाने प्रबृत्ति निरुत्साहित हुनेछ र राष्ट्रले भारत र फिलिपिन्स झैं ठूलो मात्रामा विदेशी मुद्रालाई औपचारिक च्यानलमा आकर्षित गर्न पनि सक्ने छ । नेपालीहरु ठूलो संख्यामा रोजगारीमा जाने सवै देशसँग द्विपक्षीय श्रम सम्झौताको लागि अविलम्ब पहल हुन जरुरी छ । वास्तवमा, रेमिटेन्स भन्दा ठूलो फाइदा राज्यको कुनै योगदान बिना विदेशबाट सीप सिकेर फर्किएको दक्ष जनशक्तिको उचित उपयोग हुन सकेमा प्राप्त हुन्छ भन्ने यथार्थलाई विर्सनु हुन्न । कामदार कल्याण कोष र दक्षता प्रवर्धन केन्द्रको स्थापनामा सरकारसँग माग गर्ने मात्र हैन गैरआवासीय नेपाली संघको पनि उर्ततिकै दायित्व रहेको महसुस गरी हामीले पनि पहल गरिरहेको जानकारी सम्माननीय प्रधानमन्त्री ज्यू मा जाहेर गर्न चाहान्छु ।

मातृभूमिको विकासमा गैरआवासीय नागरिकको भूमिका अहिले विश्वभरि नै अन्वेषणको विषय भएकोछ । नेपालको सन्दर्भमा पनि हामीबाट शिक्षा, स्वास्थ्य, संचार, जलस्रोत जस्ता क्षेत्रमा प्रत्यक्ष आर्थिक लगानी भएकोछ । क्रियापुत्री भवन, बृद्धाश्रमको निर्माण, छात्रबृत्ति वितरण जस्ता परोपकारका काम भएका छन । भरखरै आयोजित एनआरएन म्याराथनको ठूलो सफलताले खेल क्षेत्रमा पनि लगानी गर्ने उत्साह बढेकोछ । आ-आफ्ना जिल्ला वा स्थानीय तहमा लोककल्याणका काम गर्ने उद्देश्यले विभिन्न देशमा जिल्लावासीहरुका संगठनहरु सकृय छन् । नेपालको राजनैतिक विकासमा वैचारिक र वौद्धिक योगदान गर्ने चाहना र हैसियत भएका राजनैतिक दलका भातृसंगठनहरु विभिन्न देशमा खुलेका छन् । राजनैतिक दलले त्यो बहुमूल्य श्रोतको सदुपयोग गर्नु पर्छ । तर सवै भन्दा महत्वपूर्ण, नेपाली डायास्पोरामा भएको गुणात्मक परिवर्तनले विभिन्न राष्ट्रको नागरिकता लिएका नेपाली मूलको ठूलो बौद्धिक जमात तयार भएकोछ, नेपालको सामजिक र आर्थिक रुपान्तरणमा त्यस वर्गको योगदान अमूल्य हुन सक्छ ।

गैरआवासीय समुदायमा दोहोरो नागरिकताको एजेण्डा पटक-पटक उठ्ने गरेकोछ । विकसित मुलुकमा पुगेपछि समयक्रममा स्वेच्छाले वा बाध्यताबस भरसक उतैको नागरिकता लिएर बस्न चाहने शिक्षित नेपालीको संख्या बढिरहेको हुँदा त्यो विस्तारित परिबारको अमूल्य ह्युमन क्यापिटललाई नगुमाउन दोहोरो नागरिकता नेपालको संदर्भमा अत्यावश्यक छ भन्ने गैरआवासीय नेपाली संघको धारणा छ । गैरनागरिकलाई देशभित्र सम्पत्ति राख्ने अधिकार नभएकाले पूर्वगोर्खा सैनिकलाई बेलायतको नागरिकता दिन थालिएपछि बाध्य भएर नेपालको घरबार बेचेर पलायन हुनुपर्ने दुर्भाग्यपूर्ण परिस्थितिको सृजना भएपछि दोहोरो नागरिकताको कुराले पछिल्लो समयमा निकै चर्चा पाएकोछ । तर दोहोरो नागरिकता संवैधानिक विषय भएकोले त्यसमा लामो राष्ट्रिय छलफल हुनु पर्छ भन्ने कुरामा हाम्रो समझदारी छ । नयाँ संविधान बन्ने प्रकृयामा मुलुक

अगाडि बढिसकेकाले दोहोरो नागरिकतामा बहसको सुरुआत भने आजैदेखि हुनुपर्छ । वास्तवमा, यो विषय आगामी संविधानसभाको एउटा प्रमूख एजेण्डा हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

सम्माननीय प्रधानमन्त्री ज्यू,

संविधानसभाको निर्वाचन चाँडै सम्पन्न भई शान्त, समृद्ध र समावेशी राज्यको निर्माण हुने र नेपालको शान्तिपूर्ण आर्थिक रुपान्तरणको सुरुआत हुने कुरामा स्वदेश-विदेश सबैतिरका नेपालीहरु आशावादी थिए । तर संविधानसभाको निर्वाचन अनिर्शचितकालकालागि रोकिँदा नेपाली जनताको भविष्य नै अनिर्शचित बनेकोछ । आवासीय नेपाली झैं गैरआवासीयहरुको पनि अविलम्ब निर्वाचनको तिथी तोकिनु पर्छ भन्ने धारणा छ । तर यस पटक मुलुकको भविष्य निर्माण गर्ने एउटा महत्वपूर्ण अवसर भएकोले विदेशमा बस्ने नेपाली नागरिकले पनि निर्वाचनमा भाग लिउन् भन्नेकुरामा राज्यले विशेष पहल गर्नु पर्छ । विदेशमा निर्वाचन सम्पन्न गराउन आवश्यक आर्थिक र प्राविधिक सहयोग गर्न गैरआवासीय नेपाली संघ सधैं तत्पर रहेको कुरा अवगत गराउन चाहान्छु ।

विश्व भरिवाट भेला हुनु भएका साथीहरु,

गैरआवासीय नेपाली अभियान जसरी विस्तारित भएकोछ यसले त्यही अनुरुपको संगठित स्वरुप अझै पाएको छैन । हामीले धेरै काम हतारमा तदर्थ ढङगले गर्नु परेकोछ । त्यसैले यति ठूलो संस्थालाई आफ्नो निर्धारित उद्देश्यबाट विचलित नभई अगाडि बढ्ने चुस्त संरचनाको आवश्यकता छ । तेस्रो विश्व सम्मेलनले मुख्यत : त्यही विषयमा चिन्तन गर्नेछ भन्ने हामीलाई विश्वास छ ।

अन्तमा, लोकतन्त्र, मानव अधिकार, प्रेस स्वतन्त्रता र व्यक्तिका मौलिक अधिकार राज्यले सुनिश्चित गरेमा मात्र मुलुकको वास्तविक आर्थिक र सामाजिक रुपान्तरण संभव छ भन्ने गैरआवासीय नेपाली संघको मान्यता रहेको दोहोर्याउँदै गैरआवासीय नेपाली अभियानप्रति यहाँहरु सबैको निरन्तर सहयोग र सद्भावकालागी हार्दिक धन्यवाद दिन चाहान्छु !

अध्यक्ष, डा. उपेन्द्र महतोले दोस्रो गैरआवासीय नेपाली विश्व सम्मेलनको उदेघाटन शत्रको भाषण

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकार, श्री ५ बडामहारानी सरकार, माननीय मन्त्रिज्यूहरु, महामहिम राजदुतज्यूहरु, सम्मेलनमा भागलिन पाल्नुभएका सम्पूर्ण गैरआवासीय नेपाली साथीहरु, नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्षज्यू तथा अन्य पदाधिकारी साथीहरु, आमन्त्रित सज्जनबृन्दहरु,

गैरआवासीय नेपाली संघका अन्तराष्ट्रिय समन्वय परिषद्को अध्यक्षको हैसियतवाट सर्वप्रथम श्री ५ महाराजाधिराज सरकारका जुनाफमा सभक्ति हार्दिक स्वागत अभिवादन एवं कृतज्ञता टकाउन चाहान्छु। प्रथम सम्मेलन झैं गैर आवासीय नेपालीहरुको यो दोस्रो विश्व सम्मेलनको समुद्घाटन मौसुफवाट अत्यन्त निगाहसाथ सम्पन्न भएवाट हाम्रो हौसला अभिवृद्धि भएको व्यहोरा समेत सरकारका जुनाफमा जाहेर गर्न चाहान्छु।

आज भन्दा ठीक दुई बर्ष अघि प्रथम गैर आवासीय नेपाली विश्व सम्मेलनको अवसरमा यसै मञ्चवाट हामीले विश्व भरि छरिएर बसेका नेपालीहरुलाई मुलुकको सर्वाङ्गिण रुपान्तरणको लागि तन, मन र धन दिई संलग्न हुन आग्रह गर्दै 'नेपालीका लागि नेपाली' भन्ने भावनात्मक संदेश सहित एउटा संगठित अभियानको थालनी गरेका थियौं। नेपाली समुदायहरु बीचको अन्तरक्रियालाई अझ तीब्र र संगठित गर्दै एउटा संस्थागत स्वरुप दिने हाम्रो प्रमुख उद्धेश्य थियो। आज हामी गर्वका साथ भन्न सक्छौं हाम्रो आह्वानलाई नेपाली डायास्पोराले अभूतपूर्व उत्साहका साथ ग्रहण गरेर यो अभियानलाई विश्वको कुना कुना सम्म पुचाएकोछ। मैले संसारका बिभिन्न देशहरुको भ्रमण गरी त्यहाँका नेपाली साथीभाइहरुसँग भेट गरी मुलुकको बिकासमा हामीले गर्न सक्ने वा गर्नु पर्ने योगदानबारे ब्यापक छलफल गर्ने सौभाग्य पाएको छु। गैरआवासीय नेपाली अब ब्यक्तिवाट संस्था हुँदै एउटा विश्वब्यापी अभियान बनेकोछ। बिदेशमा बस्ने नेपालीहरुबीच बिकसित भएको सौहार्दता र एकता तथा थुप्रै समस्याले ग्रस्त मातृभूमीप्रति बढेको उत्तरदायित्वबोधले प्रथम सम्मेलनको औचित्यलाई पुष्टि गरेकोछ। मुलुक भित्र र बाहिरका धेरै समर्पित नेपाली साथीहरुको सत्प्रयास र प्रतिबद्धतावाट नै यो संभव भएको हो।

यसैबीच अष्ट्रिया, अष्ट्रलिया, बेलारुस, बेल्जियम, साइप्रस, फ्रान्स, जर्मनी, हङ्गकङ्ग, जापान, म्यानमा, न्युजिल्याण्ड, कतार, रुस, थाइल्याण्ड, बेलायत, संयुक्त अरब इमिरेट्स, आदि १६ वटा देशमा गैरआवासीय नेपाली राष्ट्रिय समन्वय परिषद्को गठन भैसकेकोछ भने अन्य धेरै देशमा गठनको प्रकृया अगाडि बढेकोछ। हरेक देशमा नेपालीहरुले यो अभियानप्रति देखाएको अविष्मरणीय उत्साह हाम्रालागि प्रेरणाको ठूलो श्रोत बनेकोछ। आज यस मञ्चवाट यी सवै संस्थाहरु र साथीहरु एवं नेपाल र नेपाली प्रतिको आत्मीय भावनालाई मुखरित गर्दै संख्यात्मक र गुणात्मक रुपमा बढ्दै गएको नेपाली डायास्पोरालाई संगठित गर्ने चुनौतिपूर्ण काममा ठूलो उत्साहकासाथ समर्पित अन्तराष्ट्रिय समन्वय परिषद्का मेरा मित्रहरुलाई हाम्रो संयुक्त प्रयासले यो दुई बर्षमा जे जति उपलब्धि हाँसिल भएको छ त्यसकालागि हार्दिक धन्यवाद दिन चाहान्छु।

सार्क राष्ट्र बाहेकका मुलुकमा बसोवास गर्ने नेपालीहरुको संख्या करीव १४ लाख पुगेको नयाँ अनौपचारिक तथ्यांङ्क प्राप्त भएकोछ। द्वन्दग्रस्त मुलुकप्रतिको माया र शान्तिको चाहना संसारको जुनसुकै कुनामा रहेका नेपालीमा पनि उत्तिकै प्रवल छ। नेपाली डायास्पोरा मूलतः पहिलो पुस्ताको बिकासोन्मुख समुदाय भएकोले अहिले नै हामीवाट ठूलो योगदानको अपेक्षा गर्नु सान्दर्भिक नभए पनि संयुक्तरुपमा अब बिदेशमा बस्ने नेपालीहरु बिस्तारै सक्षम हुँदै गएको देखापर्न थालेकोछ। नेपाली समुदाय भित्र बढ्दै गएको पश्चिमी राष्ट्रका उत्कृष्ट विश्वविद्यालयमा उच्च शिक्षा हाँसिल गरेका पहिलो र दोस्रो पुस्ताका सक्रिय नेपाली युवाहरुको नयाँ जमात एवं बिदेशका ठूला ठूला सरकारी, गैर सरकारी एवं ब्यापारिक संस्थाहरुमा उच्च पदमा कार्यरत नेपालीहरुको कारण हाम्रो गुणात्मक बृद्धि भएकोछ। बौद्धिक गैर आवासीय नेपालीहरुको मुलुकसँगको अन्तरक्रियामा ब्यापक बृद्धि भएकोछ भने विदेशमा बस्ने दोस्रो पुस्ताका नेपालीहरुमा समेत नेपालका भाषा र सस्कृति प्रतिको अभिरुची अझ गहिरिएको आभाष हुन्छ।

मुलुकको सर्वाङ्गिण बिकासमा विभिन्न वर्ग र समूहका गैर आवासीय नेपालीहरुको सम्पूर्ण क्षमताको परिचालन हुनलाई भारत, चीन, मेक्सिको, फिलिपिन्स, पाकिस्तान आदि राष्ट्रका सरकारले गरे झैं श्री ५ को सरकारले केही नीतिगत सुधार गर्नु अत्यन्त जरुरी छ। यस बारे हामीले श्री ५ को सरकारलाई प्रथम सम्मेलन मै बिभिन्न सुझाव दिएका थियौं। दुई वर्षको अथक प्रयास पछि अन्ततः सरकारले गैरआवासीय नेपालीहरुको कानूनी परिभाषा स्पष्ट गर्दै दोस्रो सम्मेलनको पूर्व संध्यामा 'गैरआवासीय नेपाली सम्वन्धी अध्यादेश, २०६२' जारी गरेकोछ, जुन आफैंमा स्वागतयोग्य कुरा हो। यसकालागि सरकार एवं संलग्न संस्था र ब्यक्तिहरु धन्यवादका पात्र छन्। अध्यादेशले बैदेशिक मुद्रामा लगानी गर्न पाउने, लगानी

भएको पूँजिको रिपेट्रिएसन र दोहोरो कर नलाग्ने व्यवस्था गरेर विदेशी र गैरआवासीय नेपाली लगानीकर्ता वीचको बिभेदलाई केही हद सम्म हटाउने प्रयास गरेकोछ, तर नेपाली मूलका बिदेशी नागरिक र बैदेशिक रोजगारमा गएका गैर आवासीय नेपालीका कानूनी समस्याको भने निरुपण गर्न सकेको छैन । विदेशमा बस्ने नेपालीलाई लगानीसँग जोडेर हेर्ने आम प्रवृत्तिलाई अध्यादेशले पनि आत्मसात गरेको देखिन्छ, जसले गर्दा प्रविधि र ज्ञानको हस्तान्तरण जस्तो आर्थिक लगानी भन्दा धेरै महत्वपूर्ण पक्ष उपेक्षित हुन पुगेको छन् । त्यसैले राष्ट्रको विकासमा वौद्धिक योगदान दिन सक्ने ठूलो वर्गलाई अध्यादेशले सम्बोधन गर्न सकेको छैन ।

त्यस्तै, वैदेशिक रोजगारीबाट नेपाललाई प्राप्त हुने रेमिटेन्स मुलुकको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको सर्व विदीतै छ । राष्ट्रको बर्तमान अप्ठ्यारो राजनैतिक र आर्थिक परिस्थितिमा पनि बार्षिक एक सय अर्ब रुपियाँको दरले आइरहेको र निरन्तर बढिरहेको रेमिटेन्सले मुलुकको गरिबी निवारणमा प्रमुख भूमिका खेलेको कुरा भरखरै प्रकाशित सरकारी अध्ययनले नै देखाएकोछ । मुलुकको आर्थिक क्षेत्रमा यति ठूलो योगदान दिने यो वर्गका गैर आवासीय नेपालीहरुका कानूनी समस्यालाई समेत अध्यादेशले पूर्ण रुपले उपेक्षा गरेकोछ । गैरआवासीय नेपालीहरुको अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा गत जनवरी २१ एवं २२ मा कतारको राजधानी दोहामा आयोजित खाडी क्षेत्रका गैरआवासीय नेपालीहरुको क्षेत्रीय सम्मेलनले जारी गरेको घोषणापत्रमा वैदेशिक रोजगारीमा गएका नेपालीहरुको सुरक्षा, प्रतिष्ठा र स्तर बृद्धिका लागि अत्यावश्यक एवं रचनात्मक सुझावहरु दिएको थियो । तर अध्यादेशले ती सुझावहरुलाई समावेश गरेको छैन ।

दोस्रो सम्मेलनले अध्यादेशले समेट्न नसकेका यीबिषयबस्तुहरु माथि बिषद् छलफल गरी श्री ५ को सरकारलाई परिमार्जनका उपाय देखाउनेछ, जसलाई सरकारले अबिलम्व कार्यान्वयन गर्नुपर्छ भन्ने हाम्रो धारणा छ । सरकार जो हुकुम ।

शान्त र समृद्ध नेपालको परिकल्पना साकार पार्न क्षमता अनुरुपको सहयोग गर्ने कुरामा गैर आवासीय नेपालीहरु बीच कुनै द्विविधा छैन । प्रथम गैरआवसीय नेपाली सम्मेलन पश्चात डायास्पोरा भित्र आएको नौलो जागरणले त्यसलाई पुष्टि गर्छ । आर्थिक लगानी, तथा परोपकारको क्षेत्रमा मुलुकसँग पारस्परिक हित हुने अन्तरक्रिया भई नै रहेकोछ । विदेशमा बस्ने नेपालीहरुले परिवारको स्वरोजगारीका लागि गरेको व्यक्तिगत लगानी बाहेक पनि शिक्षा, स्वास्थ्य, मिडिया, संचार, बैङ्क, जलबिद्युत जस्ता बिभिन्न व्यवसायीक परियोजनामा करीब चार अर्ब रुपिँया लगानी गरिसकेका छन् । तर गैरआवसीय नेपालीको लगानीमा निर्मित कान्तिपूर टिभी, मेरो मोबाइल आदि जस्ता ठूला परियोजनाको बिकास र सफलताकोलागि श्री ५ को सरकारले आवश्यक सहयोग गर्न सकेको छैन, जसले गर्दा अन्य गैरआवसीय नेपाली र बिदेशी लगानीकर्ताहरु हतोत्साहित हुने सम्भावना बढ्न सक्छ ।

यससम्मेलनमा नेपालमा लगानी आकर्षित गर्न र मुलुकलाई अन्तरराष्ट्रिय ब्यापार ब्यवसायको केन्द्रको रुपमा बिकास गर्न आवश्यक आर्थिक नीति माथि छलफल हुनेछ । हाम्रो डायास्पोराले नेपालमा उत्पादित कार्पेट, चिया, तरकारी, हेण्डिक्राफ्ट, पश्मिना, दैनिक उपयोगका गंजि, टावल आदि सामानको मात्र उपभोग गर्ने विशिष्ट नीति अँगालेर अरु विदेशीलाई पनि ती सामान प्रति बिस्तारै आकर्षित गर्दै विदेशी बजारमा तिनको माग बढाउन प्रभावशाली भूमिका निर्वाह गर्न सक्छ । हामीले यस बिषयमा बिशेष चासो राखेकाछौं । महिला र युवाहरुको उत्साहजनक सहभागिता नभई गैर आवासीय नेपाली अभियानले न पूर्णता पाउँछ, न त यसलाई अझ अगाडि बढाउने उर्जा नै थपिन्छ । तसर्थ यस सम्मेलनले स्वदेश र बिदेशका युवा एवं महिला बीचको आदान प्रदानमा अभिबृद्धि एवं सञ्जाल निर्माणलाई विशेष महत्व दिएकोछ ।

हामीले जतिसुकै प्रयास गरे पनि शान्ति विना बिकसित देशको परिकल्पना साकार हुन सक्तैन । बिदेशमा हुने नेपालीका प्राय सवै भेलाहरु स्वदेशमा झैं शान्ति मैं केन्द्रित हुने गरेका छन् । दोस्रो सम्मेलनले पनि मुलुकमा शान्ति स्थापनाका लागि हामीले खेल्न सक्ने भूमिकाको खोजिलाई सवै भन्दा महत्वका साथ छलफलको एजेण्डा बनाएकोछ ।

यसरी,स्वदेश र विदेशका अनुभवी नेपाली बिज्ञहरुको उपस्थिति र गम्भिर एजेण्डाले भरिएको दोस्रो गैर आवासीय नेपाली सम्मेलन द्वन्दग्रस्त मातृभूमीलाई नौलो संदेश दिँदै गैरआवासीय नेपाली अभियानको कोशे ढुङ्गा साबित हुने हाम्रो अपेक्षा छ ।

अन्त्यमा, बिदेशमा हामीले बहुदलीय प्रजातन्त्र, मानव अधिकारको संरक्षण तथा स्थायी शान्तिको राष्ट्रको बिकाससँग अन्योन्यास्रित सम्बन्ध हुन्छ भन्ने देखेकाछौं । नेपाल पनि त्यही बाटोलाई अँगाल्दै सुन्दर र सम्मुन्नत राष्ट्र बनोस् भन्ने

सम्पूर्ण गैरआवासीय नेपालीको चाहना छ। यस पटकको बिजया दशमी मुलुकमा यही संदेश बोकेर आओस्। यहाँ उपस्थित सबै महानुभावहरुमा बिजया दशमी तथा दीपावलीको उपलक्षमा हार्दिक मंगलमय शुभकामना टक्र्याउन चाहान्छु।
धन्यवाद।

1st Global Conference

Address by Rt. Honorable Mr. Surya Bahadur Thapa, Prime Minister

- Sincere thanks to His Majesty the King for inaugurating the first such event and inspiring each and very Nepali anywhere in the world to contribute to the development of the country.

- Expect this event to bring a positive development in the country in participation of all NRNS and PNOs
- Warm welcome to all the Nepalis coming from abroad

Since the last five decades along with Nepal, many developing countries have been strongly striving to move ahead. Many developing countries have succeeded in this too. Nepal has made some remarkable development over the years, but its topography and geographical conditions, undeveloped situation of proper infrastructure and economic opportunities have not made it easy**.** There has been some amount of infrastructure development even with its difficult topographical diversity.

With success, there are obviously new challenges coming all the time.

The economic policies have encouraged active private sector involvement

The current budget has accommodated and applied many policies for private sector involvement.

The current government believes that the country can get some fruitful results in its development and that of its people through good governance, Corruption control, Economic and administrative discipline, participation from regional authorities and mass public, infrastructure development, involvement of civil society, and transparency.

Nepal has shown effective improvement in infrastructure development and its overall development.

Its political approach has some drawbacks.

The solution can be reached only through democracy, union and common interest of the political parties. The government has been very trying in these matters.

A country's problem, is each and every citizen's problem

For the solution, it is necessary to have the participation of each one of us

For any external and internal conflicts, we can reach the solution only through peaceful dialogues and common consensus**.** We have always kept doors open for exchange of ideas and views, talks and proper discussions with any group.

We are ready to hand over the governance to a publicly elected representative.

Today the country is going through an immense catastrophe, and we have challenges in each step. The country which finds the solution to its conflict survives. This is shown by the history itself. We have to work for our future generation.

The participation of our NRN friends shows their love and commitment towards the country.

The only two major intentions I can see at present are peace and development.

They have skills and they have the knowledge as to how to use the skills for the development of the country. The NRNs are aware of the roles of the non residential citizens have played in other countries.

The HMG/N is determined to provide a friendly atmosphere for them**.**

We are not expecting changes overnight or any kind of dramatic changes, but this shows a constructive step towards those changes.

There is a need for more involvement from the private sector, which will prove very effective

I request the NRNs to perform their role for the betterment of the country.

It is a praiseful that such an event has been organized for the first time in Nepal

For the Nepalis working outside, time is very important, and taking some time from work for the country is highly appreciated.

NRN perspective by Dr. Upendra Mahato, Chairman of NRN-ICC – 1st Global Conference:

